नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुर

# गुँला धर्मदेशना सँगालो

## २०७६



प्रकाशक

उपासकोपासिका

Downloaded from http://www.dhamma.digital

नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुर

# गुँला धर्मदेशना सँगालो
## २०७६

**धम्मानुशासक**
श्रद्धेय भिक्षु तिस्स स्थविर

**संकलन एवम् सम्पादन**
पूर्णमान महर्जन (सह-प्राध्यापक)
वीरेन्द्र श्रेष्ठ "दिपंकर"

Dhamma.Digital

**विशेष सहयोग**
जगदिश महर्जन (कार्यक्रम व्यवस्थापन)
शंकर महर्जन (धर्मदेशना टाइपिङ्ग)
उमा श्रेष्ठ (धर्मदेशना संकलन)
निरज महर्जन (धर्मदेशना संकलन)

**प्रकाशक**
उपासकोपासिका

Downloaded from http://www.dhamma.digital

# यस कृति बारे


नामः गुँला धर्मदेशना सँगालो २०७६

संकलन/सम्पादनः पूर्णमान महर्जन (सह-प्राध्यापक)
वीरेन्द्र श्रेष्ठ (दिपंकर)

प्रकाशकः उपासकोपासिका

प्रकाशनः १५०० प्रति

प्रकाशन मितिः बु.सं. २५६३
ने.सं. ११३९
वि.सं. २०७६
इ.सं. २०१९

आवरण पृष्ठः नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुरस्थित चारधाम, उपोषथागार र संवेजनीय चैत्य


मूल्यः धम्मदान

मुद्रणः मल्टि प्रिन्टिङ्ग प्रेस
नयाँबजार, कीर्तिपुर
०१४३३५५९४



Downloaded from http://www.dhamma.digital

# समर्पण



**दिवंगत श्रद्धेय भिक्षु सुदर्शन महास्थविर**
(जन्मः- १७ आषाढ १९९१ साल
दिवंगतः- ५ श्रावण २०५९ साल)

जसले नेपालमा थेरवाद, बुद्धशासन, बुद्ध र बुद्धधर्म, बौद्ध संस्कृति, नेपालभाषा र साहित्य, इतिहासको साथै पुरातत्वका लागि आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नुभयो, उहाँ अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बुद्धशासनिक बहुआयामिक व्यक्तित्व दिवंगत श्रद्धेय भिक्षु सुदर्शन महास्थविरको निर्वाण कामनार्थ सादर समर्पण ।

गुँला धर्मदेशना सँगालो परिवार

Downloaded from http://www.dhamma.digital

# सुभाषिश

"चरथ भिक्खेवे चारिकं बहुजन हिताय बहुजन सुखाय " अर्थात भगवान् बुद्धले ६० जना अरहन्त भिक्षुलाई सम्बोधन गरि आज्ञा गर्नुभयो - "भिक्षु हो ! गाउँ गाउँमा नगर नगरमा गएर धेरै प्राणीको हित सुखका लागि चारिका गर्नुहोस् ।" साथै एउटा गाउँमा दुई जना नजानको लागि भिक्षुहरुलाई आदेश गर्नुभयो । भगवान् बुद्धको आदेश पालन गरेर भिक्षु ठाउँ ठाउँमा धर्म प्रसारको लागि जानुभयो । स्वयं भगवान् बुद्ध पनि रजगहनुवर(राजगृह) मा प्रचारको लागि पाल्नुभयो ।

जम्बुद्विपमा वर्षा ऋतु (मनसुन) सुरु भए पनि भिक्षुहरु एक ठाउँमा नबसि बुद्धको आज्ञानुसार धर्म प्रचारको लागि खटि राखेको थिए । उहाँहरु वर्षा समयमा बाहिर प्रचारको लागि जाँदा वर्षा पानीले भिज्ने, साना किट पतङ्ग कुल्चिएर मर्ने र नयाँ घाँसपात कुल्चिने कारणले बिनाश भएको देखेर अन्य आगमिकहरुले भिक्षुहलाई दोषारोपण गरे । "भगवान् बुद्धका शिष्यहरुसँग केही विनय र दया माया छैन । वर्षा समयमा पनि एउटा ठाउँमा बास नबसि यताउता हिड्छन । वर्षा हुँदा त पशु पक्षिहरु पनि केही नगरि आफ्नो वासस्थानमा पानीबाट जोग्न एउटै ठाउँमा बस्छन् । कस्तो सोभन नभएको भिक्षुहरु भनेर दोषारोपण गरेको श्रद्दालु उपासक उपासिकाको कानमा परे ।

Dhamma.Digital

उहाँहरुले एक दिन भगवान् बुद्धका गएर दोषारोपण बारेमा उजुर गरे । त्यो कुरा सुनेर भगवान बुद्धले भिक्षुहरु बोलाएर आज्ञा गर्नुभयो । "अनुजानामि भिक्खवे वस्सं उपेतुं" वर्षासमयको तीन महिना वर्षाबास बस्न भिक्षुहरुलाई आज्ञा गर्नुभयो । वर्षा समयमा तीन महिना एउटा ठाउँमा बसेर शील, समाधि र प्रज्ञा निरन्तर रुपमा अभ्यास गरेर दुःखबाट मुक्त हुन र उपासक उपासिकाहरुलाई पनि जीवन राम्रो हुने अनि निर्वाण जान बाटो धर्म उपदेश दिनको लागि र दोषारोबाट बच्न र भिक्षुहरुलाई सुभ साधनको लागि बर्षाबास बस्न नियम बनाउँनु भयो । वर्षाबास बस्ने नियम आजसम्म पनि चलिराखेको छ ।

त्यही नियमको पालना गरेर वर्षाको तीन महिनामा भिक्षुहरु वर्षाबासको लागि अधिष्ठान गर्नुहुन्छ । उपासक र उपासिकाहरुले भिक्षुलाई वर्षाबासको लागि निमन्त्रणा गरे पनि नगरेपनि वहाँहरु वर्षाबासको लागि कुनै निश्चित विहार, आवास, आराम या कुनै ठाउँमा बस्ने अधिष्ठान गर्नुहुन्छ । पुरिमिका र पश्चिमिका भनेर दुई प्रकारका वर्षाबास छन् । अधिष्ठान

Downloaded from http://www.dhamma.digital

गरेपनि यदि भिक्षु केही कामको लागि विहारबाट वाहिर जानु अगाडि "सप्ताहकरण" गरी सात रात बित्नु अगाडि आफूले अधिष्ठान गरेको विहारमा फर्किन्छ । यो नियम भिक्षुहरुलाई वर्षाबासको तीन महिनामा मात्र लागु हुन्छ । अरु समयमा लागु हुदैन ।

वर्षाबासको तीन महिनामा पुण्य र कुशल संचय गर्न विविध विहार, बहाः, गुम्बा र अरु ठाउँमा धर्मसम्बन्धी कार्यक्रमको आयोजना गरिन्छ । बिशेषतः नेपालमा वर्षाबास सुरु भएपछिको प्रथम प्रतिपदामा गुँलाको सुरुवात हुन्छ । "गुँला" महिनामा ठाउँ ठाउँमा गएर धर्म कर्म गर्ने चलन छ । "गुँ" भनेको गुणधर्म सञ्चय गर्ने र "ला" भनेको समय वा महिना हो । यो महिना विहार, बहाः, गुम्बा र ठाउँ ठाउँमा गुँला धर्मदेशना गरिन्छ ।

नेपालमा जन्मेर सिद्धार्थ गौतमले भारतमा बुद्धत्व प्राप्त गर्नुभयो । म पनि भारतमा गएर श्रामणेर भएँ र भगवान बुद्ध तीन चोटि प्रस्थान गरेको श्रीलंकामा उपसम्पदा भएर यस बर्ष पनि नेपालमा वर्षाबासको रुपमा नगरमण्डप श्रीकीर्ति विहारमा बस्ने सौभाग्य प्राप्त भयो । आफूले सिकेका र अनुभव गरेका बुद्धधर्मसम्बन्धी ज्ञान नेपालमा बस्ने उपासक र उपासिकाहरुलाई उद्धार गर्न मनसाय थियो । त्यसको प्रतिफल अनुसार यो विहारमा एक महिनाको गुँला धर्मदेशना सुरु गरे । कीर्तिपुर नगरपालिकामा यो पहिलो एक महिने गुँला धर्मदेशना हुनुपर्दछ मेरो विश्वासमा ।

श्रद्धेय भिक्षु एवम् गुरुमाँहरुले गर्ने सबै धर्मदेशनाहरु सँगालेर एउटा सानो धर्म पुस्तक बनाउने र नेवारी भाषाबाट हुने धर्म उपदेशहरु गैर नेवारीहरुले पनि पढेर धर्म बुझेर आफ्नो जीवन सफल पार्न मद्दत होस् भनेर नेपाली भाषामा परिवर्तन गर्न इच्छा थियो र मातृभुमिमा भन्दा विदेशमा धेरै समय बिताएको हुनाले मेरो लागि धेरै चुनौतिको कुरा थियो । मेरो मनको कुरा उपासकहरुको अगाडि राख्दा वहाँहरुले मेरो कुरालाई कदर र प्रशंसा गरेर पुस्तक लेख्न सहयोग र साथ दिन्छौं भन्नुभएकोले "गुँला धर्मदेशना सँगालो २०७६" शीर्षक सानो धर्म पुस्तक तपाईको हातमा पर्न सम्भव भएको हो ।

सर्वप्रथम गुँला धर्मदेशना र यो पुस्तकको लागि अनुमति दिई सहयोग गर्नुभएका भिक्षु डा. चन्द्रकीर्ति महास्थविर र अनागारिका मीनालाई धेरै कृतज्ञता व्यक्त गर्न चाहन्छु । मेरो विनम्र निमन्त्रणा स्वीकारी धर्मदेशनाको लागि पाल्नुभएका श्रद्धेय भिक्षुहरु एवम् गुरुमाहरुलाई धेरै साधुवाद सँगै कृतज्ञता व्यक्त गर्न चाहन्छु । धर्म उपदेशहरु संकलन, भाषा रुपान्तरण एवम् सम्पादनका लागि विषेश सहयोग गर्नुभएका सह-प्राध्यापक पूर्णमान महर्जन र विरेन्द्र श्रेष्ठ,

Downloaded from http://www.dhamma.digital

धर्मदेशना संकलनका लागि उमा श्रेष्ठ र निरज महर्जन अनि कार्यक्रम व्यवस्थापनमा सहयोग गर्ने जगदिश महर्जन र धर्मदेशना टाइपिङ्गमा सहयोग गर्ने शंकर महर्जन र साथै उक्त पुस्तकको प्रकाशन कार्यलाई सफल पार्न सहयोग गर्नुहुने सबैमा सुभाषिश/साधुवाद व्यक्त गर्दछु ।

आज यो संसार एक 'Global Village' हो भनेमा अत्युक्ति नहोला । यस समयमा नगरमण्डप श्रीकीर्ति विहारमा देशना भएका सबै धर्म देशनाहरु टि.भी, इन्टरनेट र मोवाइलबाट पनि हेर्न र सुन्न मौका प्रदान गरेकोमा बोधि च्यानल र क्यामेराम्यान मनोजलगायत सम्बन्धित सबैलाई साधुवाद दिन चाहन्छु । टि.भी प्रसारणको लागि दाता हुनु भएका सुवर्ण वज्राचार्य, विमला वज्राचार्य र मैया डंगोललाई पनि साधुवाद छ ।

अन्तमा मलाई यो संसारमा जन्माएर, हुर्काएर बुद्धशासनको लागि परित्याग र पूजा गर्नुभएका प्यारो बुबा बाबुकाजी महर्जन, आमा सुनकेशरी महर्जनलगायत सबै परिवारप्रति कृतज्ञता र साधुवाद दिन चाहन्छु । प्रव्रजित हुन मलाई प्रोत्साहन गर्नुभएका अनागारिका सुजाता, मेरो प्रवज्या गुरु भिक्षु गलयये पियदस्सि नायक थेरो, भिक्षु अकुरटिये नन्द नायक थेरो, अनि मेरो सबै आचार्यहरुलाई पनि मेरो कृतज्ञता व्यक्त गर्न चाहन्छु । श्रीलंका, यु.के. र नेपाललगायतका सबै उपासक उपासिकाहरुलाई पनि यो समयमा साधुवाद व्यक्त गर्न चाहन्छु । साथै गुँला धर्मदेशना कार्यक्रम "गुँला धर्मदेशना सँगालो" पुस्तक प्रकाशन, कार्यक्रम प्रचार प्रसारलगायत कार्यमा साथ दिने सम्पूर्ण महानुभावहरुलाई बुद्ध, धर्म र संघको आनुभावले सुख, शान्ति र निरोगी रहुन् अनि भगवान् बुद्धको शिक्षा अभ्यास गरेर जन्म, जरा व्याधि र मरणरहित परम सुख निर्वाण प्राप्त गर्न सकुन् भनी सुभाषिश व्यक्त गर्दछु ।

चिरं तिट्ठतु सद्धम्मो

भिक्षु तिस्स स्थविर
नगरमण्डप श्रीकीर्ति विहार
कीर्तिपुर

Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

दिवंगत श्रद्धेय भिक्षु सुदर्शन महास्थविरले अनेकन दु:ख कष्ट गरेर यस नगरमण्डप श्रीकीर्ति विहारको स्थापना गर्नुभएको व्यहोरा कसैबाट छिपेको छैन । उहाँ भिक्षु सुदर्शन महास्थविर यस विहारमा पहिलो पल्ट २०३२ सालमा वर्षाबास बस्नु भएको र उहाँको इच्छा अनुरुप सो वर्षाबास कार्य सुसम्पन्न भएको उपलक्ष्यमा एकै दिनमा कपासबाट धागो बनाउने कार्यदेखि चीवर वस्त्र तयार गर्ने काम सबै सम्पन्न गरी श्रद्धेय भिक्षुमहासंघलाई २०३२ कार्तिक २९ गते दुर्लभ महाकथिन चीवरदान कीर्तिपुर, नगाउँका उपासकोपासिकाको विशेष सहयोगमा सुसम्पन्न भएको कुरा उल्लेखनीय छ । उहाँले यस विहारलाई एउटा नमुना विहार अनि नेपालकै एक उदाहरणीय बौद्ध अध्ययन केन्द्र स्थापना गर्ने दृढ संकल्पका साथ रहनुभई २०५९ साल श्रावण ५ गते उहाँ दिवंगत हुनुभयो । आज नगरमण्डप श्रीकीर्ति विहारको जुन भौतिक स्वरुप छ, त्यो उहाँको विशेष योगदानको कारणले संभव भएको हो भन्नुमा अत्युक्ति नहोला ।

बुद्धशासनिक बहुआयामिक व्यक्तित्व दिवंगत श्रद्धेय भिक्षु सुदर्शन महास्थविरको कार्यलाई पछ्याउँदै यस विहारमा रहनु भएका श्रद्धेय भिक्षु तिस्स स्थविरको सदिच्छा अनुसार यस नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुरमा पहिलो पल्ट एक महिना लामो गुँला धर्मदेशना कार्यक्रम गत २०७६ श्रावण १७ गते देखि प्रारम्भ भएर भाद्र १४ गते श्रद्धेय भिक्षुसंघको समुपस्थितिमा सम्पन्न भएको थियो । करिब एक महिनासम्म श्रद्धेय भिक्षु एवम् गुरुमाहरुबाट भएको उक्त धर्मदेशनालाई संकलन गरेर एउटा पुस्तक तयार गरी यसै विहारमा हुने कथिनोत्सवमा विमोचन गरेर उपस्थित सबैलाई धम्मदानको रुपमा वितरण गर्ने सोच अनुरुप यो सानो पुस्तक "गुँला धर्मदेशना सँगालो २०७६" तयार भएको हो । यसमा श्रद्धेय भिक्षु एवम् गुरुमाँहरुको धर्मदेशनालाई शुभारम्भ मिति श्रावण १७ गतेदेखि क्रमश: मिलाएर राखेका छौं । नेपाल भाषा (नेवारी) मा भएको धर्मदेशनालाई गैर नेवारहरुले पनि बुद्धशिक्षा ग्रहण गर्न प्रेरणा मिलोस् भन्ने हेतुले नेपालीमा प्रकाशित गरिएको छ । यसरी भाषागत परिवर्तन भएतापनि

Downloaded from http://www.dhamma.digital

धर्मदेशनाको सार विषयवस्तुमा अदलाबदला भएको छैन । कहीं कतै कमी कमजोरी देखिएमा हामी क्षमा प्रार्थी छौं ।

'सब्बदानं धम्मदानं जिनाति' भन्ने तथागतको अमृतवचनलाई मनन गरी विहारमा उपस्थित हुनेलाई मात्र नभई अन्य महानुभावहरुले समेत सत्य, तथ्य, यथार्थ धर्मको ज्ञान प्राप्त गरेर जीवन सुधार्न सहयोग मिलोस् भन्ने मनशायले यो पुस्तक तयार भएको हो । यो पुस्तक प्रकाशनका लागि स्वेच्छाले सहयोग गर्ने अनि एक महिना लामो गुँला धर्मदेशना कार्यक्रममा श्रद्धेय भिक्षु एवम् गुरुमाँहरुलाई धर्मपूजा राखी हाम्रो कार्यलाई उत्साह प्रदान गर्ने सबैमा हार्दिक धन्यवाद/साधुवाद व्यक्त गर्दछौं । साथै उहाँहरुको नाउँ पुस्तकको अन्ततिर समावेश गर्ने प्रयास गरेका छौं ।

एक महिने गुँला धर्मदेशना कार्यक्रममा श्रद्धेय भिक्षु एवम् गुरुमाँहरुबाट भएको धर्मदेशनालाई संकलन गरेर पुस्तकको रुप दिनु एउटा नयाँ कार्यको थालनी हो जस्तो हामीलाई लाग्दछ । बुद्धको शिक्षा, ज्ञान र उपदेशलाई प्रचार प्रसार गर्ने यो एक फरक अनि उदाहरणीय प्रयास हुने छ भन्ने हामीले आशा लिएका छौं । यो हाम्रो पहिलो अभ्यास र जमर्को भएको हुनाले पुस्तकमा कमी कमजोरी र अपर्याप्तता नहोला भन्न सकिन्न । यहाँहरुको सर सुझावलाई चिन्तन् मनन गरी आउने कार्यमा उर्जाको रुपमा सदुपयोग गर्ने वचनवद्ध भई यस कार्यका लागि प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने र साथै एक महिने धर्मदेशनालाई यत्रतत्र प्रचार प्रसार गर्न बोधि च्यानल (मनोज) ले पुऱ्याएको योगदानलाई उच्च कदर गर्दै सबैमा हार्दिक धन्यवाद/साधुवाद व्यक्त गर्दछौं । अन्तमा तथागत सम्यक्सम्बुद्धको आजको २१ औं शताब्दीमा पनि निकै समयसापेक्ष, सान्दर्भिक र व्यवहारिक ज्ञानलाई आत्मसात् गरी हामी आफ्नो जीवन सदैव सुखमय बनाउन सकौं र अरुलाई पनि प्रेरणा दिन सकौं भन्ने मंगल मैत्रीको कामना गर्दछौं ।

भवतु सब्ब मंगलं ।

Downloaded from http://www.dhamma.digital

# विषयसूची



| विषय | धर्मदेशक | पृष्ठ |
|---|---|---|
| १. चूलगोसिङ्गसुत्त | श्रद्धेय भिक्षु शारद स्थविर | १ |
| २. सल्लसुत्त | श्रद्धेय भिक्षु सुधिरो स्थविर | ६ |
| ३. चार दुर्लभ धर्महरु | श्रद्धेय भिक्षु सुमंगल | १० |
| ४. कर्म र कर्मको विपाक | श्रद्धेय भिक्षु भद्दिय महास्थविर | १४ |
| ५. असेवणा च बालानं पण्डितानञ्च सेवना | श्रद्धेय भिक्षु पियदस्सि स्थविर | १९ |
| ६. पञ्च नीवरण | श्रद्धेय भिक्षु सोरत | २४ |
| ७. त्रि-लक्षण | श्रद्धेय भिक्षु पञ्ञासार स्थविर | ३० |
| ८. महापदुम जातक | श्रद्धेय अनागारिका केशावती | ३३ |
| ९. सुवण्णहंस जातक | श्रद्धेय भिक्षु उपसिस्स महास्थविर | ३७ |
| १०. लोकोत्तर सम्पत्ति | श्रद्धेय अनागारिका कुसुम | ४१ |
| ११. वेस्सन्तर जातक | श्रद्धेय भिक्षु सुमेध महास्थविर | ४४ |
| १२. सत्पुरुषमा हुने गुणहरु | श्रद्धेय अनागारिका अग्गञाणी | ४९ |
| १३. चूलसच्चकसूत्र | श्रद्धेय भिक्षु पञ्ञारत्न स्थविर | ५४ |
| १४. पुग्गलपञ्ञति | श्रद्धेय भिक्षु धर्मगुप्त महास्थविर | ५८ |
| १५. पुण्य सञ्चय गरौं | श्रद्धेय भिक्षु पञ्ञामुर्ति महास्थविर | ६३ |
| १६. सत्य पारमिता | श्रद्धेय भिक्षु कोण्डन्य महास्थविर | ६७ |
| १७. सद्धर्म | श्रद्धेय भिक्षु धम्मसोभन महास्थविर | ७२ |
| १८. पूर्वजन्मको आधारमा मानिसको स्वभाव | श्रद्धेय अनागारिका मेत्तावती | ७७ |
| १९. बुद्धले भोगेका कर्म विपाक | श्रद्धेय भिक्षु सरणंकर स्थविर | ८२ |


Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| २०. तेमिय जातक | श्रद्धेय अनागारिका मिना | ८६ |
| २१. पञ्चकामगुणको आसक्ति र मृत्युराज | श्रद्धेय भिक्षु समित स्थविर | ९० |
| २२. क्रोध ईर्ष्याप्रति सजग होऔं | श्रद्धेय अनागारिका उपेक्खा | ९४ |
| २३. प्रत्येकबुद्ध | श्रद्धेय भिक्षु पियरतन | ९८ |
| २४. देवदूतसूत्त | श्रद्धेय भिक्षु पुण्ण स्थविर | १०३ |
| २५. शीलवान भएर एक दिन बाँच्नु उत्तम | श्रद्धेय अनागारिका पुण्यवती | १०७ |
| २६. आफ्नो मालिक आफै | श्रद्धेय भिक्षु अशोक महास्थविर | ११२ |
| २७. शिल्प विद्या आर्जन गर्नु उत्तम मंगल | श्रद्धेय अनागारिका डा. अनोजा | ११६ |
| २८. मातापितु गुणो अनन्तो | श्रद्धेय भिक्षु विमलो स्थविर | १२० |
| २९. बुद्धानुस्सति भावना | श्रद्धेय भिक्षु तिस्स स्थविर | १२५ |


Downloaded from http://www.dhamma.digital

# चूलगोसिङ्गसूत्त



**भिक्षु शारद स्थविर**
नमुना बुद्ध विहार
डल्लु

भगवान् बुद्ध जेतवनमा बस्नु भएको बेला अनिरुद्ध, किम्बिल र नन्दिय भिक्षुहरु तीनै जना गोसिङ्ग भन्ने सालवनमा बसेका थिए। भगवान् बुद्ध आफ्नो तीनै जना शिष्यलाई भेट्नु पर्‍यो भनेर गोसिङ्ग सालवनमा जानुभयो। गोसिङ्ग जंगलमा हेरविचार गर्ने एक जना वनपाले थियो। भगवान् बुद्धलाई त्यो पालेले सालवनमा जानबाट रोकेर भने- "महाश्रमण ! यस वनमा भित्र नजानुस्। यहाँ तीन जना कुलपुत्र अघिबाटै आएर साधना गरिरहेका छन्। त्यहाँ गएर उनीहरुलाई अलमलमा नपार्नु होला।" भिक्षु अनिरुद्धले वनपाले भगवान्संग कुरा गरिरहेको सुनेर वनपालेलाई भने- "उहाँ हाम्रा शास्ता हो, उहाँलाई नरोक।"

अनिरुद्ध भिक्षुले भगवान् बुद्धलाई साथमा लिएर जानुभयो। त्यस बेला किम्बिल भिक्षु र नन्दिय भिक्षु ध्यान गरेर बस्नु भएको थियो। अनिरुद्ध भिक्षुले किम्बिल भिक्षु र नन्दिय भिक्षुलाई भगवान् बद्धको उपस्थितिको खबर गर्नुभयो र तीनै जना भिक्षु मिलेर भगवान् बुद्धलाई हार्दिक स्वागत गर्नुभयो। एक जनाले चिवर समाते, अर्कोले पात्र समाते र अर्कोले त्यस्तै आदर गौरब राखेर स्वागत गरे। भगवान् बुद्धलाई आसन दियो। नन्दि भिक्षुले पात्रमा जल ल्याएर खुट्टा पखाली सम्मान गर्नुभयो। तीनै जनाले भगवान्लाई अभिवादन गरी एक छेउमा बसे।

भगवान् बुद्धले सोध्नु भयो कि तपाईहरुलाई कस्तो छ ? खानपिन कस्तो छ ? मिलजुल भई प्रशन्नताका साथ बसिरेका छौं, दूध र पानी जस्तै मिलेर बसिरेहेका छौं ?



Downloaded from http://www.dhamma.digital

सबैभन्दा ज्येष्ठ अनिरुद्ध भिक्षुले भन्नु भयो कि भगवान् शास्ता हामीलाई ठिक छ । खानपिन पनि राम्रो छ । जंगल संगै गाउँ पनि छ । अनि हाम्रो साथीहरुको बिचमा पनि झगडा नगरिकन मिलजुल गरी प्रशन्नताका साथ बसिरहेका छौं । दूध र पानी जस्तै मिलेर बसेका छौं ।

अनि तपाईहरु कसरी मिलेर बस्नु भयो ? भनेर भगवान् बुद्धले सोध्नु भयो ।

अनिरुद्ध भिक्षुले भन्नु भयो - "मेत्तं काय कम्मकं, मत्तं वची कम्मकं, मेत्तं मनो कम्मकं" अर्थात जे गरे पनि कायिक, वाचिक र मानसिक रुपले मैत्रीपूर्वक काम गर्छौं ।

## १. मेत्तं काय कम्मकं

अनिरुद्ध भिक्षुले भगवान्लाई भन्नुभयो कि नन्दिय र किम्बिलसंग मेरो कायिक कर्म, भित्री र बाहिरी तवरले पनि मित्रतापूर्वक चलिरहेका छन् । जसरी तीनैजना भिक्षुहरु मैत्रीपूर्वक रहेका थिए, हामी पनि शरीरबाट कार्य गर्ने बेला मैत्री भावपूर्ण गर्नुपर्दछ । छोरा, बुहारी, सासु ससुरो छोरी ज्वाइँ सबैले आफ्नो शरीरबाट गर्ने कार्य मैत्रीभाव अथवा मिलेर कार्य गर्नुपर्दछ । सबै भन्दा पहिला आफ्नो कार्य आफै गर्नुपर्दछ । घरमा कार्य गर्दा पनि आफै कार्य गर्नु परे पनि रिस, राग राखेर कार्य गर्नु हुँदैन । आफूले जति कार्य गर्ने हो, त्यसमा पूर्णत मैत्रीभाव राखेर कार्य गर्नुपर्दछ । कार्य गर्दा आजै सकाउनु पर्ने, अहिल्यै सकाउनु पर्ने जस्तो तनावपूर्वक कार्य गर्नुहुँदैन । जति कार्य गर्ने हो, त्यसमा आफैले आफैलाई चिनेर पूर्ण मैत्रीयुक्त भएर अरुलाई दुःख नदिने गरी कार्य गर्नुपर्दछ । अरुलाई दुःख हुन्छ कि भनेर सोच्नुपर्दछ ।

आफूले धेरै कार्य गर्नु पर्ने, मैले नै गर्नु पर्ने, यति पनि गरेन, त्यति पनि कार्य गरेन भनेर अरु माथि दोषारोपन गरेर रिसाउने, रीस उठाउने जस्तो कार्यले सुख उपलब्ध हुँदैन । मैत्री भावले कार्य गरेमा छोराछोरीहरुले जानेर, बुझेर, सम्झेर हामीले पनि त्यो कार्य गर्नुपर्दछ भनेर बोध हुन्छ ।



Downloaded from http://www.dhamma.digital

छोराछोरी, बुहारीबाट पनि आमाबुबालाई विहारमा जान, कथा सुन्नको लागि प्रेरणा मिल्दछ। यसले गर्दा परिवारमा सुख उपलब्ध हुन्छ र पारिवारीक शान्ति स्थापना हुन्छ।

सबैभन्दा पहिला आफ्नो मनलाई नै शुद्ध गर्नुपर्दछ भनेर भगवान् बुद्धले उपदेश गर्नुभएको छ। आफूले कति गर्न सकिन्छ त्यति मात्र कार्य गर्न सिक्नुपर्दछ। आज कार्य गर्न सकेन भने भोलि कार्य गर्न सकिन्छ। आफूले मैत्री भावयुक्त आफ्नो कार्य सम्झेर सक्दो कार्य आफै गर्दछु भन्ने भावनाका साथ कार्य गर्नुपर्दछ। अरुको आशा, भरोसा नलिकन कार्य गर्न सकेको खण्डमा आफ्नो मन ढुक्क भएर बस्न सकिन्छ। यसरी कार्य गर्नाले एक आपसमा सहयोगको भावना जागृत हुन्छ।

**२. मेत्तं वची कम्मकं**

वाचिक कर्म पनि भित्री र बाहिरी तवरले पनि मित्रतापूर्वक चलिरहेका छन्। भगवान् बुद्धलाई अनिरुद्धले फेरि भन्नुभयो कि हामी कुरा गर्दा एक अर्कामा हानी नोक्सानी, बाधा नहुने गरी गर्नुपर्दछ। यसरी नै हामीले पनि मन आनन्द हुने कुरा गर्नुपर्दछ। यसरी संगै भएका सबैको हित हुने गरी कुरा गर्नुपर्दछ। हामीमा पनि यस्तै गुण छ कि छैन जाँच्नुपर्दछ। कहीं हामीले आफ्नो नजिकको साथी संगिनीहरुलाई त अहित हुने गरी कुरा गरेको छैन ? यो कुरा बुझ्नु अति आवश्यक छ। यदि होस्पूर्वक कुरा गरेको खण्डमा अरुलाई हित हुने नै हुनेछ। बोली वचनमा पनि मैत्री भावना राखी अन्य व्यक्तिहरुलाई हित हुने कुरा गर्नुपर्दछ।

बोली वचनमा नै मैत्री भावना राख्न सकेन भने विहारमा आएर भगवान् शरण भने पनि त्यसले खास महत्व राख्दैन। विहार र घरमा आमाबुबा, छोराछोरी एक आपसमा कुरा गर्दा मैत्री भावयुक्त कुरा गर्नु पर्दछ। मैत्री भाव भन्नाले अरुको मन नबिगार्नु हो। विहारमा गएर धर्मको कुरा सिक्ने र ध्यान भावनाको अभ्यास हुने हुनाले वची कर्ममा सुधार हुन्छ। मैत्रीयुक्त वचन प्रयोग गर्नमा प्रेरणा मिल्दछ।



Downloaded from http://www.dhamma.digital

## ३. मेत्तं मनो कम्मकं

भिक्षु अनिरुद्धले भगवानलाई भन्नुभयो कि मनो कर्म पनि भित्री र वाहिरीतवरले मित्रतापूर्वक चलिरहेका छन्। हामीले पनि सबैलाई मैत्रीभावमा कुरा गर्नुपर्दछ। मनै देखि आफूलगायत परिवारमा बस्ने, गाउँमा बस्ने सबैलाई मैत्री भावना गर्नुपर्दछ। सबैको भलो होस्, निरोगी होस्, उन्नति होस्, कल्याण होस्, मानसिक दु:ख नहोस्, दु:ख पीडा नहोस् भनेर कामना गर्नाले अरुलाई मात्र होइन आफ्नो पनि भलो हुन्छ।

भिक्षु अनिरुद्धको कुरा सुनेर भगवान्ले फेरि "अनिरुद्ध ! तिमीहरु कसरी अप्रमादी भईकन विहार गर्दछौं ?" भनेर प्रश्न राखे। अनि भिक्षु अनिरुद्धले भने- "भन्ते ! यहाँ हामीहरु मध्ये जो पहिले गाउँबाट भिक्षा लिएर फर्कन्छ, उसले आसन बिछ्याउँछ, पिउने पानी ल्याउँछ, जुठो भाँडा माझ्छ। जो भिक्षाटनबाट पछि फर्कन्छ, उसले मन लागे बाँकी भोजन खान्छ, मन नलागे त्यसलाई हरियो घाँसपात नभएको ठाउँमा वा जीवरहित पानीमा फाल्छ। उसले ओछ्यान उठाउँछ, पिउनका लागि पानी भर्छ, जुठा भाँडाहरु उठाउँछ। उसले भोजन सकिएपछि त्यस ठाउमा बढार्छ, पिउने पानीको घडा, हातखुट्टा धुने पानीको भाडाँ आदि भर्छ। यस्तो काम ऊ एक्लैले गर्न नसक्ने भएमा हातको इसाराले अर्कोलाई डाकी मद्दत माग्छ। भन्ते ! यसो गर्न हामीहरुलाई बोल्नै पर्दैन। हरेक पाँच पाँच रातभर हामीहरु धर्मबारे चर्चा गरिरहन्छौं। यसरी हामीहरु प्रमादरहित, सावधान र लगनशील भई साधना गर्दछौं।" भगवान्ले साधुकार व्यक्त गर्दै के यसरी प्रमादरहित, सावधान र लगनशील भएर साधना गर्दा तिमीहरुलाई सजिलैसंग उत्तरीय मनुष्य धर्म प्राप्त भएको छ ? प्रश्न राखे। अनिरुद्धले "किन नहुन भन्ते।" भन्दै हामीहरुलाई सजिलैसंग उत्तरीय मनुष्य धर्म प्राप्त भएको छ भन्ने व्यहोरा भगवान्लाई जाहेर गरे।

पछि दीर्घपरिजन नाउँ गरेको एक यक्ष देवता भगवान् रहनु भएको ठाउँमा आएर भगवान्लाई निवेदन गऱ्यो कि वज्जीहरुलाई लाभ हो, वज्जी जनताहरुलाई सुलाभ हो, जहाँ तथागत सम्यक्सम्बुद्ध रहनु भएको छ। फेरि आयुष्मान अनिरुद्ध, किम्बिल र नन्दिय जस्ता कुलपुत्र रहेका छन्। दीर्घपरिजनले बोलेको शब्द सुनेर भूमिवासी देवताहरु, चातुर्महाराजिक, त्रायस्त्रिंश, यामा,



Downloaded from http://www.dhamma.digital

तुसित, निर्माणरति, परनिर्मित, ब्रह्मकायिक देवताहरु सबैले वज्जीहरुलाई लाभ हो, सुलाभ हो भन्ने कुरा व्यक्त गर । भगवान्ले पनि आज्ञा गर्नुभयो-"यस्तै हो, दीर्घ ! यी तीन जना कुलपुत्रहरु जुन कुलबाट, जुन कुलसमुदायबाट अनि जुन जनपदबाट घरबार त्यागी अनागारीय भई प्रव्रजित भए, त्यस कुलले त्यस कुलसमुदायले अनि त्यस जनपदले प्रसन्न चित्तले यी कुलपुत्रहरुको अनुसरण गरे, उनीहरु सबैको चिरकालसम्म हित र सुख हुनेछ ।" यसै गरी "यदि ब्राह्मण, क्षेत्रि, वैश्य एवम् शूद्र भनिनेहरुले यी तीन जना कुलपत्रहरुको अनुसरण गरेमा सबैको चिरकालसम्म सुख र हित हुनेछ ।" भन्ने कुराको आज्ञा गर्नुभयो । दीर्घपरिजनले भगवान्लाई अभिनन्दन गरी आफ्नो ठाउँमा लागे ।

यस चुलगोसिङ्ग सुत्र अनुसार हामी घर परिवार, कार्यालय, विहार वा जुनसुकै ठाउँमा भए पनि शारीरिक, वाचिक र मानसिक त्रिद्वारबाट मैत्रीपूर्वक कार्य गरेमा सुख शान्ति मेलमिलाप पाउने कुरा तीनजना भिक्षुहरुको व्यवहारबाट प्रष्ट हुन्छ । त्यसैले हामी आफूले गर्ने हरेक काम मैत्रीपूर्वक गर्न सक्यौं भने हामी आफ्नो नै कल्याण र हित हुन्छ भन्ने कुरा नबिर्सौं ।


भवतु सब्ब मंगलं ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# सल्लसूत्त



भिक्षु सुधिरो स्थविर
जितापुर गन्धकुटी विहार
खोकना

सल्ल भनेको काँडा हो । काँडाले कहीं पनि घोच्दा वेदना दुःख हुन्छ । शरिरमा घोच्दा त रगत नै बग्छ । मनमा घोच्दा असह्य पीडा हुन्छ । वेदना हुन्छ । बुद्ध भाषित ८२ हजार धर्मस्कन्ध र बुद्धका श्रावकहरुले देशित, जुन बुद्धले अनुमोदन गर्नु भएको २ हजार धर्मस्कन्ध, मिली ८४ हजार धर्मस्कन्ध रहेको उल्लेख छ । सल्ल सूत्र भगवान बुद्धले भाषित सूत्र होइन । यो अग्रश्रावक सारिपुत्र महास्थविरले देशित सूत्र हो ।

एक दिन अग्रश्रावक सारिपुत्र ५०० जना भिक्षुहरु सहित बन्धुल मल्लिकाको घरमा भोजन निमन्त्रणामा जानुभयो र त्यस बन्धुल मल्लिकालाई दिनु भएको उपदेश हो सल्ल सूत्र । यो कथाको मर्म बुझ्न बन्धुल मल्लिका को हो भन्ने बुझ्नु आवश्यक छ ।

बुद्ध कालमा गुरुकुलमा बसेर विद्या आर्जन गर्ने प्रचलन थियो । एउटा गुरुकुलमा महाप्रसेनजित राजकुमार (कोशल राज्यका), श्रावस्तीका राजकुमार बन्धुलसहित अरु विभिन्न राज्यका राजकुमारहरु विद्या आर्जन गर्दै थिए । ती गुरुकुलमा बन्धुल राजकुमार हरेक विद्यामा निपुण र दक्ष थिए । राजकुमारहरु आ-आफ्नो विद्या आर्जन गरेर आ-आफ्नो राज्यमा फर्केर गए । कौशलका राजकुमारलाई बैशाली पुग्ने वित्तिकै राज्याभिषेक गरी राजा बनाए । तर बन्धुल राजा हुन पाउने पुस्ताका राजकुमार होइन । त्यसैले जति राम्रो र दक्ष तवरले विद्या आर्जन गरी फर्के पनि उनलाई राजा बनाएन । उनको युद्ध कला कौशल देखेर अचम्मित भएका कुशीनगरका मल्ल राजकुमारहरु उनी देखि जल्न थाले । उसको युद्ध कौशल केही पनि होइन भनी देखाउन उनलाई विभिन्न कला देखाउन लगाए । ती मल्ल



Downloaded from http://www.dhamma.digital

राजकुमारहरुले बाँसभित्र डण्डी छिराई बाँसका मुठा बनाई ती सवै बाँस जमिनबाट उफ्रेर एकपटकमै सवै बाँस छिन्न लगाउने प्रपञ्च साँधे । बन्धुल राजकुमारले पनि जमिनबाट माथि उठी एकै प्रहारमा ती बाँसका मुठा काटेर छिनाएर देखाए । त्यस वखत राजकुमारहरुले बाँस भित्र डण्डी पनि राखेको र त्यस बारे कसैले पनि चुइक नवोलेकाले उसले चित्त दुखाए । यहाँ मेरो आफ्नो भन्ने कोही रहेनछ भनी उनी मल्ल राज्यलाई छोडी कौशल राज्यका राजा प्रसेनजित कहाँ गए । आफ्ना गुरुकुलका सहपाठी बन्धुल, आफ्नो राज्य छोडी आफूकहाँ आएकोले खुसीसाथ स्वागत गरी उनलाई प्रधान सेनापतिको जिम्मेवार पनि दिए । बन्धुलको युद्ध कौशल बारे जानकार भएका प्रसेनजित राजालाई प्रधान सेनापति पद दिन कुनै अप्ठ्यारो भएन । तर जहाँ पनि अरुको प्रगति देखेर जलन गर्नेहरु हुँदो रहेछ । बन्धुल राजकुमार आफ्ना भार्या मल्लिकासहित मल्ल राज्य छोडी कौशल राज्यमा बस्न थाले ।

धेरै बर्ष वित्दा पनि मल्लिकाको कोखबाट बच्चा जन्मेन । यसको पीडाबाट एक दिन बन्धुलले मल्लिकालाई अब तिमी माइति गएर बस भने । श्रीमानको घर छोड्ने आदेश पाएका मल्लिकाको अरु विकल्प नै रहेन । भगवान् बुद्धप्रति असीम श्रद्धा भएका मल्लिका माइति जानु अघि बुद्धको दर्शन गरेर जानु उपयुक्त हुने सोचे । अनि श्रावस्तीको जेतवन विहारमा बसी राख्नुभएका भगवानलाई भेट्न गइन् । बुद्धलाई साष्टाङ्ग दण्डवत प्रणाम गरी आफू माइति(कुशीनगर) जाने विन्ति चढाइन् । भगवान् बुद्धले किन, के कारणले जानु पर्‍यो भन्ने जिज्ञासा राखेपछि, बन्धुललाई मेरो कोखबाट बालबच्चा दिन सकेन त्यसैले वहाँले मलाई माइत गएर बस्नु भन्नुभयो । बुद्धले त्यही कारणले हो भने उपासिका अहिले माइत जानु पर्दैन भने । बुद्धको आदेश शिरोधार्य गरी घर फर्की बन्धुल प्रधान सेनापतिलाई बुद्धले तत्काल माइत नजानु भन्ने आदेश पाएको खवर सुनाए । भगवान् बुद्धप्रति श्रद्धा र आस्था भएका बन्धुल सेनापतिले पनि केही कारण होला भनी सोची मल्लिकालाई घरमा बस्न अनुमति दिए । केही समय पछि मल्लिका गर्भवती भइन् । दुई जिउ भएपछि महिलाहरुलाई विभिन्न इच्छा जागे । ती मल्लिकालाई पनि राज्याभिषेक गर्ने बेलामा राजा नुहाउने पोखरीको पानी खाने इच्छा भएछ । बन्धुलले ती सबै इच्छाहरु पुरा गरि दिए । पछि मल्लिकाले जुम्ल्याहा बच्चा पाए । उनीले पटक पटक गरी १६ पटकसम्म जुम्ल्याहा बच्चाहरु पाए । पछि गएर उनीहरु सबै एक से एक



Downloaded from http://www.dhamma.digital

सक्षम निपूण र दक्ष लडाकु बनाए बन्धुलले ।

बन्धुल सेनापति न्याय प्रेमी व्यक्ति भएकोले उनले सबैलाई सही तरिकाले न्याय दिंदै गए। उनको जय जयकार चौतर्फी फैलिन थाले। बन्धुलको जय जयकार प्रति जलन भएका व्यक्तिहरु उनी विरुद्ध षडयन्त्र गर्न थाले र प्रसेनजित राजाकहाँ चुकली गर्न पुगे । बन्धुलले जनताको सहयोग र मन जीती कौशल राज्य हडप्ने षडयन्त्र गरी रहेको कुरा लगाए । प्रसेनजित राजा पनि आफ्नो राज्य गुम्ने डरले सत्यतथ्य सोधखोज नगरी ती कुरामा विश्वास गरी बन्धुललाई मार्ने षडयन्त्र रचे। राजा आफैले प्रचान्त प्रदेशमा कोलाहल मच्च लगाई बन्धुल सेनापति र उनका ३२ जना छोराहरुको दलबल सहित त्यहाँ पठाई प्रचान्त प्रदेशमा उत्पन्न युद्ध निमिट्यान्न गर्ने आदेश दिए । बन्धुल सेनापति पनि आफ्ना छोराहरु ३२ जनाको दलबल लिएर त्यहाँ गए । बन्धुल सेनापति आएका खबर सुनेर प्रचान्त प्रदेशमा उत्पन्न कोलाहल शान्त भए। कौशल राज्य फर्किने बेलामा बीच बाटोमा षडयन्त्र गरी प्रसेनजित राजाले बन्धुल र उनका ३२ जना छोराहरुलाई मारिदिए ।

मल्लिकाले आफ्नो घरमा सारिपुत्र अग्रश्रावक लगायत अरु ५०० जना भिक्षुहरुलाई भोजन दानको लागि तम्तयार गर्दै थिइन् । त्यही बेला प्रसेनजित राजाको सन्देश पत्र आइपुगे । जस्मा बन्धुल र छोराहरुको हत्या बारे उल्लेख थियो । मल्लिकाले पत्र पढिन र चुपचाप त्यस पत्रलाई पटुकी भित्र राखिन् र भोजनको लागि तयार गरी रहिन्। त्यही बखत उनकी दासीले माटाका भाडामा घ्यू लिएर आइरहेकी थिइन् र हात चिप्लेर माटाका भाडा भुइँमा खस्यो र घ्यू सबै पोख्यो । त्यतिखेर अग्रश्रावक सारिपुत्र भिक्षुले माटोका भाडा फुट्ने खालको हो । फुटी सकेको, पोखी सकेको घ्यूबारे विलाप नगर्नु नै बेश हुन्छ भने। त्यतिखेर नै मल्लिकाले प्रशेनजीत राजाले पठाएको पत्र देखाउँदै मेरा श्रीमान र छोराहरु सबैको मृत्युको खबरले त मेरो मन विक्षिप्त भएन भने माटोका भाडा र घ्यू पोख्दैमा म विलाप गरौंला र भन्ते ? भनी जवाफ फर्काइन्। त्यसैले

**'फलानमिव पक्कानं-पातो पतनतो भयं**
**एवं जातानं मच्चानं-निच्चं मरणतो भयं'**

रुखमा फलफूल जति पाक्छ ती खस्ने सम्भावना बढी हुन्छ। पाकेको फल खस्ने भय बढी हुन्छ। त्यस्तै सबै प्राणीहरु पनि हरक्षण हरपल मरण भयले ग्रसित



Downloaded from http://www.dhamma.digital

छन् । मृत्युको नजिक पुगिरहेको हुन्छन् । मृत्युले धनी गरिव, पढ अनपढ, राम्रा नराम्रा, ठुलो सानो भनी भेदभाव गर्दैन । मृत्युको अगाडि सबै समान छन् । यो संसारमा मृत्यु निश्चित छ । कोही ढिलो त कोही चाँडो आखिर मृत्युको वसमा सबै पुग्नै पर्छ । मृत्युलाई जित्न सकिंदैन । मृत्युलाई टार्न सकिंदैन । विभिन्न औषधोपचार गरी केही दिन मृत्युलाई टाढा राख्न सकिएता पनि अन्त्यमा उसैको जीत हुन्छ । हामीले लोभ, द्वेष, मोहले आर्जन गरेका घर, गाडी, श्रीसम्पत्ती र छोराछोरी बन्धु आदि पनि हाम्रो मृत्युसंगै आउँदैन ।

मृत्यु निश्चित र सत्य छ भनी थाहा हुँदै पनि हामी बाँचुञ्जेल रीस, दाहा, अभिमान, इर्ष्या, क्रोध आदिबाट प्रेरित भई मनमा अशान्त रोपी काँडाले घोच्न लगाई हामी आफै अय्या आत्था भन्दै कराउँदै बसेका हुन्छन् । जबसम्म मनमा विभिन्न थरिका काँडाहरु रोपेर बस्छन् तबसम्म हाम्रो जिन्दगी सुखमय हुँदैन । ती नराम्रा मनोभावका काँडाहरु निकाली मनलाई शुद्ध पारी पुण्यकर्म गरी जीवन विताएमा मात्र आनन्दको महशुस गर्न सकिन्छ । यसरी सारिपुत्र भिक्षुले बन्धुल मल्लिका उपासिकालाई धर्मोपदेश दिनुभयो । ती धर्मोपदेश सुनी मल्लिका उपासिका मन प्रफुल्ल गरी भिक्षुगणलाई भोजन दान गरी अन्य दानमानादि कर्म गरी आनन्दमनले भिक्षुहरुलाई विदा गरी पठाउँछिन् ।


पछि मल्लिका उपासिका आफ्नो माइत कुशीनगर गई भगवान बुद्धलाई आफ्नो महालतापसाधन ज्वाहरले पूजा र धर्मकर्म गरी मृत्युपरान्त देवलोकमा जन्म लिन गइन् । यस बन्धुल मल्लिका उपासिकोको कथाबाट हामीले के सिक्न सकिन्छ भने दु:ख कष्ट पीडा कुनै बेलामा पनि आउन सक्छ । दु:ख कष्ट पीडा आयो भन्दैमा त्यस माथि विचार गरी विलाप गर्दै बसेमा झन् झन् काँडाले बिझे जस्तै मनमा बिझदै जान्छ । त्यसले दु:ख नै दिएको हुन्छ । दु:ख कष्ट आएको बेला होश हवासका साथ बसी सही तवरले त्यसलाई सामना गर्दै जाँदा त्यो निर्मूल भएर जान्छ, अनि आनन्द महशुस हुन्छ । आफूले सकेको बेला दान धर्म र शील भावना गरी पुण्य सञ्चय गर्दै गएमा यस लोकमा मात्र होइन परलोकमा समेत भलो हुनेछ ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# चार दुर्लभ धर्महरू



भिक्षु सुमंगल
शुभ मंगल विहार
थानकोट

**"दुल्लभं च मनुस्सत्तं, बुद्धोत्पादो च दुल्लभा ।**
**दुल्लभा च खनसम्पत्ति, सद्धम्मो परम दुल्लभाति ।।"**

तथागत सम्यकसम्बुद्धले मानिसमा आफ्नो कर्म सुधार होस् अनि लोकोत्तर मार्गमा अग्रसर होउन् भन्ने हेतुले चार दुर्लभ धर्महरुको देशना गर्नु भएको पाइन्छ। ती चार दुर्लभ कुराहरु हुन् :

१. मनुष्य भएर जन्मनु
२. बुद्ध प्रार्दुभाव हुनु
३. मुनष्य भएर सम्पूर्ण अंग हुनु र
४. सद्धर्म श्रवण गर्न पाउनु।

हामीले संसारमा रहेको सम्पूर्ण प्राणीहरुलाई हेरेको खण्डमा, मध्यनजर गरेमा मानिसभन्दा अन्य पशुपंछि, किराफट्याङग्राहरु धेरैभन्दा धेरै पाउँछौं । अन्य प्राणीभन्दा मनुष्य सर्वश्रेष्ठ प्राणी हो । यस अर्थले पनि मनुष्य भएर जन्मन पाउनु दुर्लभ हो भन्ने तथ्य स्पष्ट गर्न उहाँले एउटा उपमा दिनु भएको पाइन्छ । एउटा सागरमा एक सय वर्षमा एकपल्ट पानीको सतहमा आउने एउटा कछुवाको उदाहरण दिनुभई भन्नुभएको छ- "भिक्षुहरु ! म एउटा उपमा दिन्छु । कुनै व्यक्तिले बीचमा प्वाल भएको जुवालाई एउटा महासमुन्द्रमा फालिदिन्छ । त्यसलाई हावाले/छालले कहिले पूर्वतिर, कहिले पश्चिमतिर, कहिले उत्तरतिर र कहिले दक्षिणतिर लैजान्छ । त्यो अन्धो कछुवा एक सय वर्षमा एकपटक सागरको सतहमा आउने बेला टाउको फुत्त उठाउँदा अनन्त कालपछि त्यो जुवामा अन्धो कछुवाको टाउको प्वालमा छिर्ने/पर्ने सम्भावना



Downloaded from http://www.dhamma.digital

हुन्छ, परन्तु मनुष्य लोकबाट च्युत भई अपाय दुर्गतिमा पतन भएका सत्व फेरि मनुष्य लोकमा आउने मौका साह्रै नै कठीन हुन्छ, दुर्लभ हुन्छ। त्यो अन्धो कछुवाको टाउको जुवाको प्वालमा पर्नुभन्दा सय गुणा, हजार गुणा अधिक कठीन छ।"

कसरी मनुष्य भाव दुर्लभ छ ? भन्ने सन्दर्भमा अर्को उदाहरण हेरौं। एउटा सानो सियो एकातिर सानो धागो राख्ने प्वाल र अर्कोतिर तीखो टुप्पो हुन्छ भन्ने कुरा सबैलाई जानकारी भएकै कुरा हो। त्यो सियोलाई प्वाल भएकोतिर जमिनमा र टुप्पो माथि आकाशतिर ठाडो पारेर राख्दा दिव्यलोक माथिबाट त्यस्तै अर्को सियोको टुप्पो पृथ्वीतिर फर्काएर खसालेको खण्डमा त्यो जमिनमा राखेको सियोको टुप्पोमा मिल्ने संभावना निकै कम हुन्छ। किनभने एक त सानो सियो, अर्कोतिर कहाँ महापृथ्वी कहाँ दिव्यलोक? सियोको टुप्पो टुप्पो मिल्ने संभावना छँदैछैन। तर अनन्तकालपछि यो पनि संभावना छ, तर अपाय दुर्गतिमा पतन भएका सत्व फेरि मनुष्यलोकमा आउने मौका साह्रै नै कठीन र दुर्लभ हुन्छ। त्यसैले मनुष्य जुनीको महत्वलाई बुझेर गृहस्थीहरुले सुखी जीवन यापनका लागि अनि लोकोत्तर सुखतिर अग्रसर हुन तथागत् सम्यक्सम्बुद्धले औंल्याउनु भएको पञ्चशीललाई पालन, धारण र आत्मसात् गर्नुपर्दछ। शील पालन विना धर्मको सिढीं चढ्न सकिंदैन भन्ने कुरा पनि बुझ्नु आवश्यक छ।

दोश्रो धर्म हो, बुद्धोत्पाद दुर्लभ। यस संसारमा असंख्य सत्व प्राणीहरु छन्, जसको गणना संभव छैन। सत्व प्राणी जस्तै बुद्धको प्रार्दुभाव सहज रुपमा हुँदैन। बुद्धको उत्पत्ति हुन १० पारमिता, १० उप-पारमिता र १० परमत्थपारमिता पुरा या पार गरेपछि मात्र बोधिसत्वले बुद्धत्व ग्रहण गर्ने हुन्छ। एक सत्व मनुष्य जन्म लिनु दुर्लभ हुनुभन्दा भगवान् बुद्धको उत्पन्न भएको शासन प्राप्त हुनु लाख, दश लाख गुणाभन्दा अधिक दुर्लभ हुन्छ। कल्पौं कल्प र महाकल्पहरु वितिसकेपछि मात्र बुद्धको उत्पत्ति हुने अवसर प्राप्त हुन्छ। एक योजन लम्वाई, एक योजन चौडाई अनि एक योजन उचाईको एउटा ढुङ्गाको पर्वतलाई एक सय वर्षमा एकपल्ट अत्यन्त नरम कपासले पुछ्दै जाँदा अनन्त कालपछि त्यो पर्वत खिइएर नाश हुन्छ। यसलाई एक महाकल्प भनिन्छ।



Downloaded from http://www.dhamma.digital

यस प्रकार सय, हजार महाकल्पहरु बितिसकेपछि मात्र बुद्धको प्रार्दुभाव हुन्छ। ग्रन्थमा उल्लेख भए अनुसार अहिलेसम्म २८ जना बुद्धहरुको प्रार्दुभाव भैसकेका छन् । तथागत् सम्यक्सम्बुद्ध/गौतम बुद्ध अन्तिम बुद्ध हो । बुद्धको प्रार्दुभाव भएको काल/शासनकालमा धेरैभन्दा धेरैले ज्ञान प्राप्त गरी दु:खबाट पार हुने अवशर प्राप्त गर्दछ । बुद्धको महापरिनिर्वाण पछि पनि उहाँको शिक्षा, ज्ञान र उपदेशलाई अभ्यास अनि आत्मसात् गरेर दु:खबाट मुक्त हुन सक्ने हुनाले बुद्ध शिक्षामा उल्लेख गरिएको छ -"जसले धर्मलाई देख्दछ, उसले मलाई (बुद्धलाई) देख्दछ ।" गौतम बुद्धपछि मैत्री बुद्धको प्रादुर्भाव हुन्छ ।

तेश्रो दुर्लभ धर्म हो, सम्पूर्ण अङ्ग प्रत्यङ्गहरु पूर्ण भई जन्मन पाउनु । हामीले ठाउँ ठाउँमा अपाङ्गहरु देखेका छौं । कसैको हात छैन, कसैको खुट्टा, कसैको आँखा आदि । यसरी कुनै न कुनै अङ्ग-प्रत्यङ्गहरु नभएका मानिस देखेमा आफैले आफूलाई भाग्यमानी सम्झन्छौं । हुन पनि हो भगवान् बुद्धको शिक्षा अनुसार जस्तो कर्म गरिन्छ त्यस्तै फल प्राप्त हुन्छ । पूर्वजन्ममा कुशल कर्म पुण्य कार्य गरेर आएको हुनाले हामीले यस जन्ममा अङ्ग-प्रत्यङ्ग सम्पूर्ण भई जन्मने मौका पाएका हौं । यस तथ्यलाई हामी सबै उपासक उपासिकाहरुले चिन्तन मनन गर्नु नितान्त आवश्यक छ । तर धर्म कर्म गर्ने, विहार विहार आएर धर्ममा सरिक हुने मानिस हेरेमा अधिकाँश ५० वर्ष नाघेका मात्र देखिन्छ । वास्तवमा जवान अवस्था या शारीरिक एवम् मानसिक रुपमा सबल भएको बेलामा नै गर्नुपर्ने कर्मलाई हामी वृद्धवृद्धा अवस्थामा मात्र गर्ने भनी वास्ता गर्दैनौ । वृद्धवृद्धा अवस्थामा स्मरण शक्ति, मानसिक शक्ति ह्रास भैसक्ने हुनाले सिक्ने, मनन् गर्ने र अभ्यास गर्ने काम आफूले चाहे पनि गर्न सकिँदैन । त्यसैले अङ्ग-प्रत्यङ्ग सबै पूर्ण भई जन्मेका हामी सबै उपासक उपासिकाहरुले के बुझ्नु आवश्यक छ भने धर्म भन्ने कुरा जवान अवस्थादेखि गर्नुपर्दछ । त्यसैले आफ्ना छोरा छोरी, नाती नातिनी आदि सबैलाई समयमा नै धार्मिक क्रियाकलापमा सरिक हुन प्रोत्साहन गर्नुपर्दछ ।

सद्धर्म श्रवण गर्न पाउनु अर्को दुर्लभ धर्म हो । हुनत: आजकाल विभिन्न पत्र-पत्रिका, विभिन्न च्यानल, फेसबुक, युट्यूवबाट धर्मका कुरा सिक्ने र ठाउँ ठाउँमा, विहार विहारमा श्रद्धेय भन्ते एवम् गुरुमाँहरुबाट धर्मका कुरा श्रवण गर्ने



Downloaded from http://www.dhamma.digital

हामीले सहज रुपमा अवसर पाइरहेका छौं । र पनि मानिसको स्वभाव के हो भने धर्ममा भन्दा मनोरञ्जन अनि साथीभाई आफन्त जम्मा भएर खानपानमा सरिक हुन अधिक मन पराउँदछ । आफ्नो टोलमा, नजिकै कहिं विहारमा धार्मिक कार्यमा जानु परेमा मेरो फलानो काम छ भनेर पन्छिने धेरै भन्दा धेरै मानिसको स्वभाव हो । आफैलाई कल्याण हुने "कालेन धम्मसवनं एतं मंगल मुत्तमं" अर्थात समय समय या बेलाबखत धर्म श्रवण गर्नु उत्तम मंगल हो भन्ने तथागत्को अमृत वचनलाई आत्मसात् गर्ने बहुत कम मात्र छन् ।


धेरै पहिले धर्म श्रवण गर्न पाउनु भन्ने कुरा अत्यन्त दुर्लभ थियो । धर्मशोभन राजाको समयमा राजाले चाहे तापनि धर्म श्रवणको अवसर मिलेको थिएन । त्यसैले राजा धर्मशोभनले आफ्नो राज्यमा यो घोषणा गरे कि यदि कसैले मलाई थोरै भएतापनि धर्मको कुरा सुनाउन आएमा उसलाई उसले चाहे अनुसार धन सम्पति दिन्छु । तर राजालाई धर्मका कुरा सुनाउन कोही पनि तपस्वी/ऋषि/व्यक्ति आएन । फलस्वरुप राजा आफ्नो राज्य त्यागेर ऋषि भई जंगल पसेपछि इन्द्रको आसन ताते र इन्द्रले थाहा पाए कि राजा धर्म खोज्ने क्रममा जंगल पसे भनेर । इन्द्रले राजालाई परीक्षा लिन राक्षस रुप लिएर सो जंगलमा पसेको राजाको अगाडि गएर खान तयार भए । ऋषि राजाले आफूलाई एउटा धर्मका कुरा सुनाएर मात्रै खानुहोस् भनी राक्षसलाई अनुरोध गरे । राक्षसरुपी इन्द्रले पनि हुन्छ भनी अलिमाथि अग्लो ठाउँबाट ऋषि राक्षसको मुखमा हाम्फाल्ने र त्यही बेला राक्षसले धर्मको कुरा सुनाउने गरी ऋषि राक्षसको मुखतिर हाम्फाल्दा राक्षसरुपी इन्द्रले "अनिच्चावत संखारा" अर्थात संस्कार अनित्य भन्ने तथागतको शिक्षा वाचन गरे । राक्षसरुपी इन्द्रको मुखभित्र पर्नु अघि नै ऋषिलाई समाएर आफू इन्द्र भएको र परीक्षा लिन मात्र आएको व्यहोरा ऋषिलाई अवगत गराएर इन्द्र आफ्नो लोकमा गए । यसबाट के कुरा स्पष्ट हुन्छ भने यथार्थ, सत्य र लोकोत्तर धर्म ज्ञानका लागि कोही कोही आफ्नो प्राण त्याग गर्न पनि पछि पर्दैन । धर्मकै लागि प्राण त्याग गर्न नसके तापनि सम्पूर्ण उपासक उपासिकाहरुले भगवान बुद्धको 'सुनाथ धारेथ चराथ धम्मे' अर्थात धर्मको कुरा सुन्ने, स्मरण गर्ने र अभ्यास गर्ने भन्ने उपदेशलाई सदैव सम्झनु आवश्यक छ ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# कर्म र कर्मको विपाक



भिक्षु भद्दिय महास्थविर
यम्पि विहार
ललितपुर

**"कम्मस्सकोम्हि, कम्मदायदो, कम्मयोनी, कम्म बन्धु, कम्मपटिसरणा यं कम्म करिस्सामि कल्याणं वा पापकं वा तस्स दायादो भविस्सामी"**

-दसधम्मसुत्त

मानिसले मृत्युपछि अर्को जन्ममा लिएर जाने सम्पत्ति भौतिक सम्पत्ति होइन । आफूले गरेको कुशल या अकुशल कर्म नै उसको सम्पत्ति हो । छायाँ जस्तै सदैव पछि पछि आउने सम्पत्ति भनेकै आफूले गर्ने कुशल या अकुशल कर्म हो । पूर्वजन्ममा राम्रो कर्म गरेर आएको छ भने उसको वर्तमान अवस्था पनि राम्रो हुन्छ । भौतिक सम्पत्ति पनि सम्पन्न हुन्छ । उ राम्रो आमाबुबाको कुलमा जन्मिन्छ । परिवार सम्पत्तिको पनि अभाव हुँदैन । सबै एक आपसमा मिलेर रहेको हुन्छ । आफ्ना छरछिमेक साथीभाई सबैले साथ दिएको हुन्छ । यथार्थ धर्मको शरणमा जाने सबै कुरामा सम्पन्न हुन्छ । यदि कसैले नराम्रो कर्म गरेर आएको छ भने उसको वर्तमान अवस्था पनि नराम्रो नै हुन्छ । गरिव भएर भौतिक सम्पत्तिको अभावमा जीवन गुजार्नु पर्ने हुन्छ । उसको आमाबुबा भए पनि नराम्रो हुन्छ । परिवार एक आपसमा प्रायः झै-झगडा, एकले अर्काको ईर्ष्या, दाहा आदि भई परिवारमा पनि विछोड हुन्छ । साथीभाइसंग मिलेर बस्न नसकिने र साथीभाई भएमा पनि व्यवहार अनि संगत गर्न लायकका हुँदैन । वास्तविक अनि यथार्थ धर्म अनुसार कर्म नहुने हुनाले जीवन जिउन चाहिने सबैको अभावमा बाच्नु पर्ने हुन्छ ।

त्यसैले तथागत सम्यक्सम्बुद्धले दशधम्मसुत्तमा भन्नु भएको छ- "म आफ्नो कर्मको फल भोग गर्ने हुँ, कर्म नै मेरो दायादा हो, कर्म अनुसार नै जन्म (कर्मयोनी) हुने हो, कर्म नै बन्धु हो, कर्म नै प्रतिशरण हो, जुन कर्म आफूले



Downloaded from http://www.dhamma.digital

गर्छु, असल या खराव, त्यो नै मेरो दायादा हो।" प्राणीले आफ्नो कर्म अनुसार विपाक भोग्नु पर्दछ भन्ने कुरालाई प्रत्यवेक्षण गर्नुपर्दछ। हामी पृथकजनको कुरा छाडौं, भगवान् बुद्धले पनि पूर्वजन्महरुमा गरेका नराम्रा कर्महरुको कारण आफ्नो जीवनकालमा १२ वटा विपाक भोग्नु भएको कुरा ग्रन्थहरुमा उल्लेख छ।

मानिसले जस्तो कर्म गर्दछ, त्यस्तै विपाक भोग्नुपर्दछ। यस सम्बन्धमा चिञ्चमाणविकाको उदाहरण हेरौं। भगवान बुद्ध र उहाँको भिक्षु संघलाई महान लाभसत्कार प्राप्त हुनु र तैर्थिकहरुको लाभसत्कारमा क्रमशः कमी हुन गएको कारणले बुद्ध र भिक्षु संघप्रति उनीहरुको ठूलो ईर्ष्या थियो। त्यसैले एउटी युवतीलाई बुद्धकोमा पठाएर उनको पेटमा बुद्धको बच्चा छ भन्न लगाई बुद्धको बदनाम र अपकीर्ति फैलाउन सक्यो भने भगवान् बुद्धप्रति विश्वास कम हुने कुरा सोचेर तैर्थिकहरुले एउटा चाल रचे। उनीहरुले चिञ्चमाणविका भन्ने युवतीलाई १८ स्वर्ण मुद्रा दिने लोभ देखाएर उनको पेटको आकारमा मिलेका काठका टुक्राहरु राखेर गर्भवती जस्तो बनाए। बुद्धको धर्मसभामा गएर के के भन्ने र कसरी प्रस्तुत हुने भन्ने कुरा सिकाए। उता बुद्ध आफ्ना उपासक उपासिकाहरुलाई शिक्षा दिइरहनुभएको बेला चिञ्चमाणविका गएर भनिन- "तिमी यति बेला मर्यादाको शिक्षा दिन छोड। किनभने मेरो पेटमा रहेको तिम्रो बच्चा जन्मने समय भैसक्यो। न मेरो लागि कुनै प्रसुति उपाय बताउँदछौ, न स्वयम् घ्यूतेल आदिको व्यवस्था गर्छौ। सक्दैनौ भने कोशलराज, अनाथपिण्डिक, विशाखा उपासिकालाई भन।" यसरी चिञ्चमाणविकाले धर्मसभामा गएर भगवान्लाई झुटो आरोप लगाइन् र यो कुरा जानेर इन्द्रले एउटा देवदुतलाई मुसाको भेषमा पठाएर चिञ्चमाणविकाले पेटमा बाँधेको डोरी काट्न लगायो र काठका टुक्राहरु सबै भुईंमा झरे। बुद्धलाई विनासित्ति अपमान गरी मिथ्या आरोप लगाएकी हुनाले उनलाई धर्मसभाबाट बाहिर निकाले। जेतवन विहारबाट भागेर जान खोज्दा जमीन फाटेर अवीचि नरकमा पतन भइन्।

एक पटक भगवान् बुद्ध र आनन्दसहित भिक्षाटनमा गईरहनु भएको बेला युद्धमा पराजित भएर सबै गुमाएर आँपको बोटमुनि बसेर ध्यान गरिरहेको राजा देखेर आनन्दले भगवान्संग जिज्ञासा राखे कि त्यो राजाको अहिले मृत्यु



Downloaded from http://www.dhamma.digital

भएमा कहाँ जन्मिन्छ ? भगवान्ले उत्तरमा आज्ञा भयो, अवीचि महानरकमा । ३ घण्टा पछि भगवान बुद्ध आनन्दसहित भिक्षाटनबाट फर्केर आउँदा पनि ध्यानमा लीन भएको देखर आनन्दले फेरि भगवान्संग सोधे कि अहिले त्यस्को मरण भएमा कहाँ जन्मिन्छ? भगवान्ले ब्रम्हलोकमा भनेर जवाफ फर्काए । भगवान बुद्ध र आनन्दले पहिले देख्दा राजा पराजित मानसिकताको कारणले उनमा क्रोध थियो, जलन थियो, बदला लिने भावना थियो । तर भिक्षाटनबाट फर्केर आइरहेको बेला शुद्ध मनले ध्यानमा लीन भएका थिए । त्यसैले भगवानले ब्रम्हलोकमा भनेर उत्तर फर्काउनु भएको थियो ।

तथागत सम्यक्सम्बुद्ध भएतापनि उहाँ भगवान्लाई टाउको दुख्ने रोग थियो । पूर्व कर्मको विपाकले उहाँले यस्तो समस्या भोग्नु परेको कुरा ग्रन्थमा उल्लेख छ । पूर्वजन्ममा बोधिसत्व छँदा एकपटक माझिलाई उसले अत्यन्त कुशल पूर्वक माछा मारिरहेको देखे । माझिको कुशलता देखेर बोधिसत्व खुसी भयो र माझिलाई टाउकोमा छोएर ३ पटकसम्म स्याबासी दिए । सह्रनीय काम भनेर धन्यबाद दिए । यसरी अकुशल या नराम्रो कर्मलाई प्रेरणा/प्रोत्साहन दिएको मात्रले पनि कर्मको विपाक भोग्नुपर्ने हुन्छ ।

एकपटक ७ जना भिक्षुहरु वर्षावास सकेपछि पवारणका लागि ३०० अरु मानिसहरु भएको जहाजमा चढेर गइरहेका थिए । एक्कासी जहाज रोकियो । जहाजको अवस्था सबै ठिक थियो । यसरी अकस्मात समुन्द्रमा जहाज रोकेको देखेर मानिसहरुले सोचे कि कोही एकजना महापापी यहाँ हुनुपर्दछ । तर महापापी भनेर कसरी छुट्याउने कुरामा गोलाप्रथाद्धारा जस्लाई महापापी लेखेको गोला ३ पटक सम्म पर्छ, उस्लाई बालुवा भरेको बोरामा बाँधेर सागरमा फाल्ने निधो गरे । सबैलाई क्रमशः गोला लिन लगाए । सबैमा आफूलाई महापापी भन्ने गोला पर्ने हो कि भनेर अत्यन्त डर त्रासमा थिए । ३ पटकसम्म गोलाप्रथाद्धारा महापापी छान्दा त्यही जहाज चलाउने व्यक्तिको श्रीमतीलाई पऱ्यो । महापापीलाई सागरमा फाल्ने सहमति भैसकेको हुनाले उनलाई बालुवा भरेको बोरामा डोरीले बाँधेर समुन्द्रमा फाले लगतै जहाज सर्र अगाडी बढे र गन्तव्यमा पुगेपछि सबै आ-आफ्नो ठाउँमा गए । ७ जना भिक्षुहरु पनि भगवान् कहाँ पुगेर यात्रा गर्दा भएका सबै घट्ना सुनाएर कारण बुझ्न खोजे । कर्मको



Downloaded from http://www.dhamma.digital

विपाकबारे आज्ञा गर्दै भगवान्ले भिक्षुहरुलाई भने कि पूर्वजन्ममा त्यस युवतीले एउटा कुकुर पालेकी थिइन् । मालिक्नी जहाँ जहाँ जान्थिन, कुकुर पनि संगसंगै जान्थे । एक दिन एक ठाउँ भोजमा जाँदा कुकुरले सिक्रिलाई चुँडाएर भोजमा समेत कुकुर पछिपछि आएको देखेर त्यस युवतीलाई अरुले खिज्याए र रीसले चुर भएर त्यस कुकुरलाई बालुवा भरेको बोरामा डोरीले बाँधेर कुकुरसंगै बालुवाको बोरा एउटा पोखरीमा फाले र फलस्वरुप कुकुरको मृत्यु भयो । यही कर्मको विपाकले गर्दा यस जन्ममा त्यो फल भोग्नु परेको हो भनि आज्ञा भयो ।

कर्म र कर्मका विपाकको अर्को उदाहरणलाई नजर राखौं । भगवान् बुद्धका शिष्यहरुमा सिवली भन्ते लाभीमा अग्र थिए । ७ वर्षको उमेरमा प्रवजित हुँदा त्यही दिन अर्हत भएका थिए । लाभीहरुमा अग्र, कम उमेरमै अर्हत्त हुनु, जन्मने वित्तिकै बोल्न र हिड्न सक्ने अपूर्व गुणले युक्त भएतापनि उहाँ सिवली भन्ते आमा सुप्पवासाको गर्भमा ७ वर्ष, ७ महिना, ७ दिन र ७ घण्टा सम्म बस्नु परेको थियो । कर्मको विपाक मेटेर मेटिदैन । पुछेर पछिदैन । पूर्वजन्ममा उनले आफू राजा भएको बेला ७ वटा राज्यहरुलाई ७ वर्ष, ७ महिना, ७ दिन र ७ घण्टा सम्म मालसामान ल्याउने लाने बाटो बन्द गरी अवरोध खडा गर्ने/नाकाबन्दी गर्ने महापाप गरेको हुनाले आमाको गर्भमा त्यसरी लामो समय सम्म रहनु परेको हो ।

Dhamma.Digital

पूर्वजन्महरुमा सिवलीले दानपारमिता पूर्ण गरेर आएको हुनाले उनलाई मात्र होइन उनको उपस्थितिमा भिक्षुसंघलाई पनि पर्याप्त भोजन लाभ नभएको दिन नै थिएन । सिवलीको आमाबुबाले आफ्नो छोरालाई यसरी सदावहाररुपमा मनग्य भोजनको लाभ भएको देखेर अचम्मित भई एक दिन परीक्षा लिनु पर्‍यो भनेर सिवलीलाई एक कोठाबाट अर्को गरी क्रमशः छिर्ने अन्तिम सातौं कोठामा थुनेर प्रत्येक कोठाको ढोकामा ताला लगाए । यो कुरा देवराज इन्द्रले जानी आफैले सिवली बसेको कोठामा आएर मिष्ठान मिष्ठान भोजन दान गरेर गए । पछि आमाबुबाले कोठा खोलेर हेर्दा इन्द्रले भोजन दान गरेर गएको कुरा थाहा पाए ।

सिवली आमा सुप्पवासाको गर्भमा आएदेखि परिवारमा कुनै कुराको



Downloaded from http://www.dhamma.digital

अभाव महसुस भएन। सुप्पवासालाई मांसाहारी भोजन पटक्कै रुचि भएन। माछा, मासु, अण्डा आदि खानेकुराबाट अलग भइन्। लामो पीडा भोगेर सिवलीलाई जन्म दिनु परेतापनि उनको जन्ममा अत्यन्त खुसी भई भगवान् सहित भिक्षुसंघलाई भोजन दान गरे। भोजनपछि तथागतले सुप्पवासालाई सोधे कि यसरी लामो समयसम्म गर्भमा राखेर पीडा सहेर बालकको जन्म दिंदा के तिमीलाई दुःख भएन? जवाफमा सुप्पवासाले भनिन् कि यस्तो बच्चा यो एक जनामात्र होइन, अरु १४ जनासम्म जन्म दिन पनि म तयार छु।

भगवान् बुद्धले भन्नु भएको छ-

**"यादिसं वपते बिजं, तादिसं हरते फलं।**
**कल्याणकारी कल्याणं, पापकारी च पापकं॥"**

अर्थात जस्तो बीउ रोपिन्छ/छरिन्छ, त्यस्तै फल फल्दछ। कल्याण गर्नेलाई कल्याण हुन्छ भने पाप गर्नेलाई पाप। त्यसैले सबै उपासक उपासिकाले आफूले गर्ने कर्मको फल आफैले भोग्नु पर्दछ भन्ने कुरालाई मनन गरी आफ्नो कर्ममा आचरणमा सुधार गरेर जानुपर्दछ। हरेक कर्ममा होस् पुऱ्याएर, सजक, सतर्क र स्मृतिमा रहे, अवश्य पनि वर्तमान र भावी जीवन सुखमय हुन्छ।


Dhamma.Digital

भवतु सब्ब मंगलं।



Downloaded from http://www.dhamma.digital

# असेवणा च बालानं पण्डितानञ्च सेवना



**भिक्षु पियदस्सि स्थविर**
एहिपस्सिको विहार
किपुल्चा

गुँला महिनाको उपलक्ष्यमा धर्म देशना गर्ने र धर्म श्रवण गर्नु गराउनु पुण्यको काम हो । 'कालेन धम्म सवनं' अर्थात बेलावखत धर्म श्रवण गर्नु मंगल कारण हो । नेपालको संस्कृति अनुसार गुँला एक महिनाभरी बहाः बही विहार हरुमा गई दानाधर्म गर्ने चलन छ । यस महिनामा खेतवारीका काम समाप्त भई खास काम नभएको फुर्सदको समयमा पुण्यकर्म पनि गर्नुपर्छ भनी यो एक महिना बहाः बही विहारहरु घुम्न जाने प्रचलन छ ।

धर्म श्रवण किन गर्नुपर्दछ ? धर्म श्रवण नगरिकन पनि जीवन चलेकै छ । खान लाउन पाएकै छ । धर्म श्रवण नगर्दा पनि गुजारा चलेकै हुन्छ । धर्म श्रवण गर्ने र नगर्नेहरुमा के फरक हुन्छ त । मनुष्य जीवन अर्थपूर्ण तवरले विताउनु पर्दछ । यदि राम्रो काम कर्तव्य गर्दैन भने पशु र हाम्रो भिन्नता नै कहाँ हुन्छ र । खाने काम पशुपंक्षीले पनि गरेकै हुन्छ । बच्चा जन्माउने, हुर्काउने, यताउता जाने, आहारको लागि भौतारिने काम पशुपंक्षीले पनि गर्छन् । हामी पनि गर्छौं । 'धम्मेन हीना पशु समाना' धर्म गर्न नजान्ने पशु सरह हुन्छ ।

'मनसा उच्चतिति मनुसा' मानिसमा उच्च चेतना हुन्छ । ठीक वेठीक, राम्रा नराम्रा, सही गलत मानिसले मात्र छुत्याउन सक्दछ । डल्फिन र मानिसमा चेतनाको स्तर एक समान भए पनि मानिसले जस्ता दान दिन, शील पालना गर्न, ध्यान गर्न डल्फीनले सक्दैन । मानिसले मन परे नरम र मन नपरे कडा रुपमा प्रस्तुत हुन सक्छ । दिव्यलोकमा देवीदेवताहरु पनि विचार गर्छ कि मानिसहरुले जस्तै हामीले पनि दान धर्म गर्न पाए कति राम्रो । देवीदेवताहरुले पुण्यकर्म गर्न सकिंदैन । नरकका यमराजले पनि विचार गर्छ कि मानव भएर



Downloaded from http://www.dhamma.digital

जन्मेका मनुवाहरुले किन अकुशल गरी नरकमा आउन लालायित भएको होला। यसबाट के बुझ्न सकिन्छ भने पुण्य कर्म र पाप कर्म मानिसले मात्र गर्न सकिन्छ। धर्म श्रवण गर्नाले पापकर्म के हो, पुण्यकर्म के हो भनी थाहा पाउन सकिन्छ। अनि पापकर्मलाई छोडेर पुण्यकर्महरु गर्दै यो हाम्रो जीवन सुखमय, आनन्दमय बनाउन सकिन्छ।

लोभ, द्वेष, मोहमा भुलेर जीवन बिताउँदा जानी वा नजानी हामीले समस्याहरु निम्त्याइरहेका हुन्छन्। हामी कसरी जीवन बिताइरहेका हुन्छौं भन्ने कुरा प्रष्ट पार्न उपमा कथा एउटा सुनाउछु। एक जना यात्री जंगलको बाटो भएर जाँदै थिए। अचानक उसले एउटा बाघ देखे। बाघ देखे पछि डरले दौडेर बच्न प्रयास गरे। बाघले पनि लखेट्दै लगे। बाघको आक्रमणबाट बच्न उसले उफ्रेर एउटा हाँगा समात्छ। तर अपशोच उसले समातेको हाँगा दुइटा कालो र सेतो मुसाहरुले काट्दै थियो। एकातिर समातेका हाँगा भाँचिने डर, तल बाघले खाने डर अनि माथितिर हेरेर हे भगवान् भने। दु:ख, कष्ट र अप्ठ्यारा परिस्थितिमा मात्र भगवान्लाई सम्झीने गर्छ। होइन त ? उनले पनि मुख खोलेको बेला माथिबाट माहुरीको मह चुहिएर उसको मुखमा पऱ्यो। अब महको मिठो स्वादमा रमाउन थाले। उसलाई बाघले लखेटेको पनि बिर्स्यो। कालो सेता मुसाहरुले हाँगा काटीरहेको पनि बिर्स्यो। यहाँ निर बाघ मृत्युलाई र कालोसेतो मुसाहरु दिनरातलाई उपमा दिइएको हो। हर दिन हरपल मृत्युले हामीलाई लखेटेकै हुन्छ। दिनरात गर्दै समय बितेकै हुन्छ। अनि महरुपी तृष्णामा भुलेर मेरो सम्पत्ति, छोराछोरी आदि भनी जप्दै दानादि कर्म गर्न छोडी समय बिताउछन्। एक दिन ती सबै श्रीसम्पत्ति र आफन्तहरु छोडेर जानुपर्छ।

"**कम्म विपाका कम्म दायदो कम्म पटिसरणो**" कर्मले संस्कार निर्माण गर्दछ। कर्म विपाक भोग्नु पनि पर्दछ। फेरि कर्मले गर्दा कर्मभोग गर्नु पर्ने हुनाले अर्को जन्म लिनु पर्दछ। कर्म, पुण्य र पाप दुई थरि हुन्छ। मृत्युपछि हामीसंगै जाने वा लैजाने भनेको यी पुण्य र पाप कर्महरु मात्र हुन्।

भगवान बुद्धले चार थरिका मानिसहरुबारे बताउनु भएका थिए।

१. तमो तमो परायण- अँध्यारोबाट अँध्यारो तर्फ जाने व्यक्ति/नराम्रा अकुशल



Downloaded from http://www.dhamma.digital

कर्म मात्र गरेर बस्ने ।

२. तमो ज्योति परायण- अँध्यारोबाट उज्यालो तर्फ जाने व्यक्ति/थाहा नपाएर वा अज्ञानताले पहिला गलत पापकर्म गर्दै बस्ने पछि ती आफूले गरेका कामहरु गलत छन्, गर्नु हुँदैन भनि छोडी राम्रा कुशल कर्म गर्न तर्फ अग्रसर हुने व्यक्ति ।

३. ज्योती तमो परायण- उज्यालोबाट अँध्यारो तर्फ जाने व्यक्ति । गलत संगतले गर्दा राम्रोबाट नराम्रा कामहरु गर्न तर्फ लाग्ने व्यक्ति । दानशील भावना जस्ता राम्रा काम गर्दै गरेका तर पछि अरु कसैको कुरा सुनी ती राम्रा काम गर्न छाडेर उल्टो धर्म र भन्ते गुरुमाहरुलाई गाली गर्दै जाने व्यक्तिहरु ।

४. ज्योती ज्योती परायण- राम्रो काम गरिरहेको, अझ राम्रा राम्रा काम गर्न तम्सिने र गर्दै जाने व्यक्ति अर्थात उज्यालोबाट उज्यालो तर्फ नै हिड्दै जाने व्यक्ति ।

अब आफै कल्पना गर्नु यी चार प्रकारका व्यक्ति मध्ये आफू कुन वर्गमा पर्दछ । सबैजना ४ नम्वरको वर्गमा पर्ने प्रयास गर्नुपर्दछ ।

बाल अर्थात मूर्खहरुको संगत नगरी सत्पुरुषहरुको संगत गर्नुपर्दछ । सद्विचारका व्यक्तिहरुको संगत गर्नु आफ्नो लागि मंगल अर्थात् भलोको कारण हो ।

**"चरं चे नाधि गच्छेय्य-सेय्यं सदिसमत्तनो ।**
**एकचरियं दळ्हं कयिरा- नत्थि बाले सहायता ।।"**

सकभर पाएसम्म, भ्याएसम्म आफूभन्दा उच्च विचारका व्यक्तिहरुको संगत गर्नु । उनीहरुबाट ज्ञान गुणका कुराहरु सिक्न सकिन्छ । यदि आफूभन्दा उच्च विचारका व्यक्तिहरुको संगत गर्न पाइदैन भने आफूसमान व्यक्तिको संगत गर्नु राम्रो । यदि आफूसमान व्यक्ति पनि छैन भने बरु एक्लै बस्नु राम्रो, मूर्खहरुको संगत नगर्नु भनेर उपदेश दिनु भएको छ ।



Downloaded from http://www.dhamma.digital

मूर्खहरुको संगतले गलत काम, पाप कर्म गर्न लम्किन्छ भन्ने कुरा देवदत्तको संगतले अजातशत्रुले आफ्ना बुबालाई समेत मार्न पुगेको कथाले प्रमाणित गर्दछ । संगतले विग्रेका थुप्रै जना हाम्रो समाज वरिपरि छन् । व्यभिचार गर्न, जाँड रक्सि खान, जुवा तास खेल्न, गाँजा, स्म्याक खान आदि गलत काममा लाग्नेहरु थुप्रै छन् । नराम्रा कुविचारका व्यक्तिहरुको संगतमा पुगेमा जीवन नरकतुल्य हुन जान्छ । दिनानुदिन आर्थिक, सामाजिक र शारीरिक रुपमा पतन हुँदै जान्छ ।

एक जुनीमा बोधिसत्व बाँदरको रुपमा जन्म लिए । उ हृष्टपुष्ट थिए । देवदत्त गोही भएर जन्म लिएका थिए । बाँदर एउटा पोखरी नजिकैको एउटा रुखमा बस्थे । पोखरीमा गोही जोडी बस्थे । हृष्टपुष्ट बाँदरलाई देखेर गोहीनीलाई बाँदरको फोक्सो खाने इच्छा भयो । गोहीनीले आफ्नो लोग्नेलाई आफ्नो इच्छा प्रकट गरिन । गोहीले यो असम्भव कुरा हामी पानीमा बस्छौ बाँदर रुखमा बस्छन्, कसरी म उसलाई मार्न सक्छु र ? तर गोहीनीले जिद्दि गर्दै गइन् । गोहीको केही सीप नलागे पछि गोहीले जुक्ति निकाले । पोखरीमा पानी खान आउने बाँदरसंग भलाकुसारी गर्दै मित्रता बढाए । एक दिन, हे मित्र तिमी यताको मात्र फल कति खान्छौ । पोखरी उता पनि मिठा मिठा फलफूलका रुखहरु छन् । उता गएर पनि खान जाउ । बाँदरले म पानीमा तरेर उता जान सक्दिन भने । तिमी जाने भए म उता लगिदिन्छु भनेर गोहीले भने । गोही मित्रको कुरा सुनेर बाँदर पनि पोखरी पारी जान मञ्जुर भए । गोहीले आफ्नो पिठ्यूमा बाँदरलाई चढाई पोखरीको बीच भागमा पुगे पछि आफ्नो भित्री मनको कुरा खोली हालेछ । हे बाँदर, मेरो पत्नीले तिम्रो फोक्सो खाने इच्छा व्यक्त गरेकोले तिमीलाई मेरो पत्नी कहाँ लग्दैछु । गोहीको कुरा सुनेर बाँदरले आफ्नो प्राण बचाउने जुक्ति निकाले । हे गोही मित्र, तिमीले यो कुरा पहिल्यै किन नभनेको? हामी एक रुखबाट अर्को रुखमा हाम्फाल्दै जानु पर्ने जनावर भएकोले हामीले हाम्रो फोक्सो निकालेर रुखको टुप्पामा झुण्ड्याएर राख्छौं । अहिले मसंग फोक्सो छैन त । अघि नै भनेको भए त्यो रुखमा झुण्ड्याएर राखेको फोक्सोको पोको पनि साथै लिएर आउन मिल्थ्यो । ल फर्क, म रुखबाट लिएर आउँछु अनि तिम्रो प्यारी श्रीमतीलाई खुवाउ भने । गोहीले पनि होला भन्ठानेर फेरि गोही जलबाट थल तर्फ लागे । जब गोही जमिन नजिक पुगे, बाँदर उफ्रेर



Downloaded from http://www.dhamma.digital

गएर भने । हे मूर्ख गोही, फोक्सो बिना पनि कोही प्राणी बाच्न सक्छ ! तिमी त मूर्ख हो । जाउँ अब तिम्रो पत्नीलाई गएर भन आफ्नो मूर्खताबारे ।

अनुहार हेरेर को सज्जन, को मूर्ख भनी चिन्न सकिदैन । संगत गर्दै गएपछि मात्र थाहा पाउँछ । जब मूखर्ता प्रकट गर्दै जान्छ तब त्यस्ता व्यक्तिहरुलाई छोड्न सक्नुपर्छ । त्यस्ता व्यक्तिहरुको संगत नछोडेमा यस लोक मात्र होइन परलोक पनि पीडादायि हुनेछ । त्यसैले असत् मूर्खहरुको संगतबाट टाढा रहौं । सत्पण्डितहरुको संगतमा लागौं । यो मंगल कारण हो । यसले हामीलाई भलो गर्छ ।

भवतु सब्ब मंगलं ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# पञ्च नीवरण



**भिक्षु सोरत**
**बौद्धशान्ति विहार**
**बुलु**

**तथागत सम्यक्सम्बुद्धले बोधिज्ञान प्राप्त गरेपछि सर्वप्रथम पञ्च भद्रवर्गीय भिक्षुहरुलाई चतुरार्य सत्यको बारे उपदेश गर्नुभएको थियो । बुद्धशिक्षाको मूल सार यही चतुरार्य सत्य हो । चतुरार्य सत्य भन्नाले दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य र दुःख निरोधगामिनी प्रतिपदा सत्य हुन् । जसरी एक कुशल चिकित्सकले कुनै व्यक्तिको रोग/समस्याको पहिचान गरेर रोगको कारण बताउँदछ, अनि जसरी रोग निको पार्न/निवारण गर्न उपाय र औषधी सेवनका कुरा सिकाउँदछ अर्थात रोग छ, रोगको कारण छ, रोग निवारण गर्न सकिन्छ र रोग निवारण गर्ने उपाय/औषधी बारे जानकारी दिन्छ, त्यसरी नै भगवान् बुद्धले मानिसको सबै दुःखलाई पार लगाउन चतुरार्य सत्यको आज्ञा गर्नुभएको हो ।**

**दुःख आर्यसत्य पहिलो सत्य हो । जन्मिनु, वृद्धवृद्धा हुनु, मृत्यु हुनु, रोगी हुनु, इच्छा गरेको प्राप्त नहुनु, प्रियसंग वियोग हुनु, अप्रियसंग संयोग हुनु अनि पञ्च स्कन्ध रुपी शरीर धारण गर्नु दुःख सत्य हो । कामतृष्णा, भवतृष्णा, विभवतृष्णा दुःखको कारण हो । तृष्णाको निरोध नै दुःखको निरोध हो र आर्य अष्टाङ्गिक मार्गका अनुसरण नै दुःख निरोधको मार्ग हो । परम् सुख प्राप्तिको उपाय हो ।**

**हामी आफ्नो जीवनमा कुशलता प्राप्त होस् भन्ने कुराको चाहना गर्दछौं । तर कुशल कर्म गर्न, कुशल कुरा गर्न र कुशल सोचाई राख्न हामीलाई सहज हुँदैन । कारण हाम्रा सञ्चित क्लेशहरुले कुशल कर्ममा बाधा/अवरोध हालिदिन्छन् । यसलाई अकुशल चित्तका साथै उत्पन्न हुने अकुशल चैतसिकहरु**



Downloaded from http://www.dhamma.digital

भनिन्छ। सुमार्ग, लोकोत्तर मार्ग अनि धर्ममा अगाडि बढ्ने बेलामा आउने यस्ता पाँचवटा अवरोध/बाधालाई पञ्च नीवरण भनिन्छ। पञ्च नीवरण मानिसको आन्तरिक शत्रु हो। सुल्झाउन गाह्रो आन्तरिक जटा पनि हो। भगवान् बुद्ध एक समयमा श्रावस्तीमा विहार गर्नुहुँदा रातमा कुनै देवपुत्रले आफ्नो शङ्का मेटाउनका लागि राखेको प्रश्न यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ-

**"अन्तो जटा बहि जटा, जटाय जटिता पजा।**
**तं तं गौतम ! पुच्छामि, को इमं विजटये जटं ?"**

-विशुद्धि मार्ग

उपरोक्त गाथामा भनेजस्तै प्रजा/मानिस विभिन्न जटा/जञ्जालले जकडिएको छ। यहाँ भित्रको जटा अर्थात पञ्च नीवरण मात्र संक्षेमा निम्नानुसार वर्णन गरिन्छ -

१. कामाच्छन्द (काम इच्छा/पञ्च सुख भोग इच्छा)
२. व्यापाद (कुविचार/कुइच्छा)
३. थीनमिद्ध (अल्छीपना)
४. उद्धच्च कुकुच्च (चञ्चल र पश्चाताप)
५. विचिकिच्छा (शंका उपशंका)

**१. कामाच्छन्द :-**

काम इच्छाप्रति सदैव आकर्षित हुनुलाई कामाच्छन्द भनिन्छ। पाँच इन्द्रिय द्वारहरु र मनोद्वार मार्फत अनुभव गर्न सकिने आलम्बनहरु प्रतिको लोभ नै कामाच्छन्द हो। आँखाले राम्रो रुप/स्वरुप देखेमा, कानले सुमधुर राम्रो आवाज सुनेमा, नाकले राम्रो बास्ना/सुगन्ध पाएमा, जिभ्रोले स्वादिष्ट/मिष्ठान स्वाद पाएमा, शरीरले नरम र आनन्द दिने बस्तु छोएमा र मनले चाहना गरेको कुराको प्राप्तिमा मानिस आकर्षित भइरहन्छ, लागिरहन्छ। यो पृथकजनको स्वभाव हो।

आर्थिक समुन्नति र प्राविधिक आविष्कारले गर्दा मानिसको जीवनमा बढी समृद्धि आएको छ। जीवनलाई रमणीय र सुखी बनाउन धेरै कुराहरु गर्न सक्दछ। तथापि यसले सन्तुष्टि भने ल्याएको छैन। आफूलाई उपलब्ध भएको



Downloaded from http://www.dhamma.digital

कुराप्रति असन्तुष्ट भई बढी सुख र आनन्दको निम्ति हेरिरहन्छौं। हाम्रा कायिक, वाचिक र मानसिक चिन्तन नै कामाच्छन्द हुन्। कामाच्छन्दले हामीलाई बेचैन र दुःखी बनाइदिन्छ। धर्म कर्ममा यसले बाधा पुऱ्याइरहेको हुन्छ। इन्द्रियहरुलाई संयम राख्न सकेमा मात्र कामाच्छन्दबाट बच्न सहयोग पुग्दछ। इन्द्रियलाई संयममा राख्न ध्यानाभ्यासको जरुरत पर्दछ। असुभानुस्सति, अनित्यानुस्सति भावनाको साथै सत्पुरुषको संगत गर्नु, भोजनमा मात्रा मिलाउनु, धर्म कर्ममा चिन्तन मनन गर्नु आदिले मोजमज्जा, सुखभोग अनि विलासिताको आसक्तिबाट बाहिर आउन सहयोग मिल्दछ।

**२. व्यापाद** :-

कुशल कर्ममा आउने अर्को बाधा/अवरोध व्यापाद हो। कुविचार या कुइच्छालाई व्यापाद भनिन्छ। यसलाई द्वेषवाला चैतसिक पनि भनिन्छ। नराम्रो विचार अनि नराम्रो इच्छाले कसैको भलो हुँदैन। क्रोध, ईर्ष्या, घमण्ड, अभिमान, वैर भावना आदि मिथ्यादृष्टि हुन्। यस्ता कुराले कसैको उन्नति प्रगति हुँदैन, कुशल कर्म अनि सुमार्गमा लाग्न सकिँदैन। एकले अर्कालाई खुट्टा तान्ने अनि बदला लिने भावनाले हामी माथि जान सक्दैन। उदाहरणको रुपमा दुई जना मानिस अकस्मात ठूलो खाल्डोमा खस्न पुग्छ। दुबै जना खाल्डोबाट बाहिर निस्कन खोज्दा एकले अर्कोलाई तानातान गऱ्यो भने दुबैलाई खाल्डोबाट निस्कन गाह्रो हुन्छ। तर सबभन्दा पहिले एउटा बलियो व्यक्तिलाई अर्कोले माथि चढ्न सहयोग गरेमा पछि त्यो खाल्डोबाट निस्केकोले अर्कोलाई पनि माथिबाट तानेर खाल्डोबाट निस्कन सहज हुन्छ। मित्रताले अगाडि बढ्न उर्जा प्रदान गर्दछ भने शत्रुताले मानिसलाई पछाडि धकेल्दछ। हाम्रो समाज अगाडि अग्रसर हुन नसक्नुको एउटा मूल कारण एक अर्कामा रहेको ईर्ष्या भावना हो। ईर्ष्याले मानिसमा क्रोध जगाउँछ। क्रोधले आफैलाई विनाश गर्दछ। धम्मपदमा भनिएको छ - "वैरभावले वैर कहिल्यै शान्त हुँदैन। अवैरभावले नै वैर शान्त हुन्छ। यही नै पहिलेदेखि चलिआएको धर्म हो।" त्यसैले कुशल कर्ममा अगाडि बढ्नका लागि प्रिय, मध्यस्थ र अप्रिय यी तीन थरीका सत्वप्राणी प्रति मैत्री भावना जगाउनु पर्दछ। अर्थात सत्वप्राणी प्रति मैत्री भावना जगाउनु पर्दछ।



Downloaded from http://www.dhamma.digital

अर्थात सबै प्राणी वैरभाव (शत्रुभाव) रहित होऊन् । सबै प्राणी क्रोधरहित होऊन् । सबै प्राणी दुःखरहित होऊन् । र सबै प्राणीले सुखपूर्वक आफ्नो जीवन व्यतीत गर्न सकून् भनी मैत्री भावना गर्नुपर्दछ ।

### ३. थीनमिद्ध :-

शरीर र मनको अल्छी एवम् आलस्य अर्थात जाँगर नभएको स्थितिलाई थीनमिद्ध भनिन्छ । कुनै न कुनै बहाना बनाएर/राखेर गर्नुपर्ने असल कुशल कामबाट पन्छिने मानिसको स्वभाव हो । यो हाम्रो एक आन्तरिक शत्रु हो अनि प्रगतिको बाधक पनि । कहिले गर्मि भयो भनेर, कहिले चिसो छ भनेर, कहिले पानी पर्‍यो भनेर, कहिले चर्को घाम लागे भनेर, कहिले भोक लाग्यो भनेर त कहिले पेटभरी खाएकोले उकुसमुकुस भयो भनेर कुनै कामलाई भोली पर्सि या पछि गर्छु भनेर पन्छिन्छ । विशेषतः ध्यानाभ्यासका निमित्त यो एउटा प्रमुख बाधक हो । कुशल कर्ममा यस्ता अल्छी/आलस्यलाई होसमा राखेर अगाडि बढ्नु आवश्यक छ ।

### ४. उद्धच्च कुकुच्च :-

इच्छा गरेको कुनै कुरा पुरा भएमा मानिस खुसी हुन्छ । मन चञ्चल हुन्छ । तर मानिसले केही खराब/नराम्रो काम गर्दा या गर्नुपर्ने राम्रो/असल कर्म नगर्दा यसका बारेमा बारम्बार सोचिरहने हुन्छ । यसरी गरिएका र नगरिएका कामको विषयमा शोक गर्नु पश्चाताप हो । यसमा हामी आफैले किन गरिएको होला अनि किन नगरिएको होला ? भनी सोधिरहने गर्दछौं, किन्तु बितिसकेको कुरालाई हामी परिवर्तन गर्न सक्तैनौं । चिन्तित रहँदा अकुशल चित्तले डेरा बसालेको हुन्छ । यसो गर्नुपर्ने, त्यसो गर्नुपर्ने आदि कुराले मनलाई अस्थिर बनाउँदछ ।

एउटा उदाहरण हेरौं । एक जना उपासिकाले आफ्नो मिल्ने साथीलाई ध्यानमा बस्नका लागि ध्यान शिविरमा संगै लगिन् । कारणवश त्यस साथीले



Downloaded from http://www.dhamma.digital

लगाई राखेको सुनको सिकी कहीं खस्यो । पछि छामेर हेर्दा सिकी नभएपछि मन अशान्त भयो । खोजिन् तर पाइनन् । कसैले अर्को त्यस्तै सुनको सिकी किनेर दिन्छु भन्दा पनि त्यस महिलालाई चित्त बुझाउन सकेन । आफूपनि ध्यानमा बसिनन् र अरुलाई पनि ध्यान भावनामा अवरोध पुऱ्याइन् । मानिसबाट गल्ती/भूल हुन्छ, तर त्यही कुरामा मात्र चिन्तित अनि पश्चाताप गरिरहनु बुद्धिमानी हुँदैन । त्यस गल्ती या भूलबाट सिकेर होस्पूर्वक/स्मृतिपूर्वक रहन सिक्नुपर्दछ ।

**५. विचिकिच्छा** -

विचिकिच्छा भनेको शंका हो, सन्देह हो । हर कुरामा शंका संदेह गर्नु उन्नति र प्रगतिको बाधक हो । दान धर्म गर्दा पुण्य प्राप्त हुन्छ कि हुँदैन ? ध्यानले निर्वाणगामी हुन्छ कि  हुँदैन ? आदि शंका उपशंका गर्न विचिकिच्छाले सघाउँदछ । शंकाले लंका जलाउँदछ भने जस्तै विचिकिच्छाले घर परिवारको सुख शान्ति अमनचयन सबै उदाईदिन्छ ।

बुद्ध, धर्म, संघ, शील, समाधि र प्रज्ञा, चतुरार्य सत्य, पूर्वजन्म, पुनर्जन्म, पटिच्च समुत्पाद आदि बारेमा शंका हुनुलाई विचिकिच्छा भनिन्छ । विचिकिच्छाले मानिसलाई गलत अनि मिथ्यादृष्टि तिर अग्रसर गराउँदछ । साधारण अशिक्षित मानिसमा शंका उत्पन्न हुनु स्वभाविक हो, तर शिक्षित व्यक्तिले यस्ता कुरामा शंका उपशंका गर्नु उन्नतिको बाधक हो । बुद्धको स्वतन्त्र चिन्तनलाई आत्मसात् गर्न नसक्नु नै शंका उपशंकालाई सघाउनु हो । विचिकिच्छा सम्वन्धमा एउटा उदाहरणलाई नजर राखौं । भगवान् बुद्धकहाँ एकजना उपासकले आफ्नो घरमा भोजन दानको लागि एउटा भिक्षु पठाउन आग्रह गरे । दुईवटा चीवरका साथ भोजन दान गर्ने इच्छाले गएको उक्त उपासकसंग भगवान्ले एक जना सात वर्षको श्रामणेर संगै पठाए । पाको भिक्षुको आशा गरेर गएको सो उपासकले सात वर्षको श्रामणेर देखेपछि एउटा चीवर मात्र दान गर्ने विचार गरे । बाटोमा संगै गइरहँदा हिलो देखेपछि श्रामणेर हिलोमा नटेकिकन उफ्रेर गए । त्यागी श्रामणेरको यो स्वभाव देखेर संगै गएको उपासकले चीवर दान नगरि भोजन



Downloaded from http://www.dhamma.digital

मात्र दान गर्ने विचार गरे। श्रामणेरले पछि बाटोमा फेरि हिलो देखे र सो हिलो कुल्चेर गए। पहिले हिलो पर्ला भनी उफ्रेर जाने श्रामणेर पछि हिलो भएर नै गएको देखेर संगै गईरहेको उपासक छक्क परे, अनौठो माने। पछि कुरा बुझ्न खोज्दा श्रामणेरले उपासकलाई भने- "पहिले दुईवटा चीवर र भोजन दान गर्ने सोचले आएका उपासकले म सानो श्रामणेरलाई देखेपछि एउटा चीवर मात्र दान गर्ने विचार गरे। हिलो लाग्ला भनी उफ्रेर गएको देखेर भोजन मात्र दान गर्ने सोच राखे पछि भोजन पनि प्राप्त नहोला भनी हिलो लागे लागोस् भनेर हिलोमा नै टेकेर गएको हुँ।" मनको सबै व्यहोरा शंका उपशंका श्रामणेरले व्यक्त भएको देखेर उपासकलाई लाजले भुटुक्कै बनायो।

नीवरणहरु सबै कुशल कर्मका बाधकहरु हुन्। यी बाधाहरु हटाउने उपाय भनेको समथ र विपश्यना भावना हुन्। समथ भावना नीवरणहरुलाई अस्थायी रुपमा हटाउने एउटा उपाय हो भने विपश्यना मार्फत नीवरणलाई आर्य मार्गफलका क्रमिक चरणहरुमा निर्मूल पार्दै जान्छन्। अन्तिम अरहन्तले सबै चित्त मलहरुलाई जरादेखि नै उखेलिसकेको हुन्छ।


भवतु सब्ब मंगलं।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# त्रि-लक्षण



भिक्षु पञ्ञासार स्थविर
सुमंगल विहार
ललितपुर

**'सब्बे सङ्खारा अनिच्चा ति, यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ।।'**

-धम्मपद (२७७)

बुद्ध शिक्षामा अनित्य, दुःख र अनात्मलाई त्रि-लक्षण भनिन्छ। यो नै मानिसले बुझ्नु पर्ने अँगाल्नु पर्ने अति आत्मसात् गर्नुपर्ने स्वभाव धर्म हो। जसको अनुसरण र अभ्यासविना दुःखबाट मुक्त हुन सक्दैन, भवसागरको जंजालबाट पार हुँदैन।

संसारिक स्वभाव धर्ममा पहिलो धर्म अनित्य हो। अनित्य भन्नाले स्थायी, नित्य, ध्रुव, शाश्वत, अविपरिणाम, स्थिर, यथावत, सदावहार नहुनु या अस्थिर, क्षणिक, परिवर्तनशील, अस्थायी अनि अविच्छिन्न रुपमा बदलिरहने उत्पत्ति विनाश भइरहने स्वभाव हो। उत्पत्ति विनाश भइरहने सांसारिक स्वभावबाट मानिसको जीवन पृथक हुन सक्दैन। त्यसैले जीवन अनित्य हो। अनित्य दुःख हो। सदैव असन्तुष्टि र तालमेल नहनु अवस्था नै दुःख हो। आफ्नो भन्ने कुरा केही नहुन अनि इच्छा पुरा भएमा सुखको अनुभव भएतापनि जीवनको प्रायः समयमा दुःखै दुःखले भरिएको हुन्छ। किनभने भगवान बुद्धले भन्नुभएको छ- "जन्मनु, वृद्धवृद्धा हुनु, रोग लाग्नु, मृत्यु हुनु, मन परेकाबाट वियोग हुनु, मन नपरेकासंग संयोग हुनु, इच्छा गरेका कुरा पुरा नहुनु र पञ्चस्कन्धरुपी शरीर धारण गर्नु दुःख हुन्।" जुन कुरा दुःखदायक हुन्छ, त्यो कहिले पनि मेरो हो, म हुँ र मेरो आत्मा हो भन्नु कहिल्यै पनि उचित हुँदैन। त्यसैले अनात्म तेस्रो स्वभाव धर्म हो।



Downloaded from http://www.dhamma.digital

माथि उल्लेखित धम्मपदमा 'सब्बे सङ्खारा अनिच्चाति' भनेको सबै संस्कार अनित्य, 'यदा पञ्ञाय पस्सति' भनेको प्रज्ञा या विपस्सना भावनाले जानिन्छ, 'अथ निब्बिन्दति दुक्खे' भन्नाले त्यस दुःख देखेर विरक्ति/बैराग भावना सृजना हुनु र 'एस मग्गो विसुद्धिया' भन्नाले यही विशुद्धि मार्ग हो । प्रज्ञा या विपश्यनाविना विशुद्ध मार्गको पहिचान संभव छैन । अनित्यको यथार्थ अनि वास्तविक स्वभाव किटान गर्न सकिदैन । पढेर, सुनेर, विविध च्यानल आदि हेरेर मात्र अनित्यलाई चिन्न बुझ्न सकिदैन । ध्यान अभ्यास नै यसको अन्तिम विकल्प हो ।

मानिस जुन वातावरणमा हुर्केको हुन्छ, त्यही वातावरण उसलाई प्यारो लाग्छ । त्यस अनुसार उसको कर्म हुन्छ अनि धर्म संस्कार हुन्छ । आफ्नो नराम्रो धर्म संस्कारलाई त्याग्न र परिवर्तन गर्न उसलाई ठूलो हिम्मत र त्याग चाहिन्छ । वास्तविकता बुझ्ने क्षमता हुनुपर्दछ । अरु धर्मको कुरा छाडौं, आफूलाई बौद्ध भन्नेहरु पनि धुप, दीप, पुष्प, जल, भोजन, अबिर आदि चढाएर मूर्तिलाई पूजा गर्दछन् । नुहाई धुवाई र चोखो बस्त्र लगाई मूर्तिको अगाडी रहेर घण्टौंसम्म मन्त्र जप अनि पाठ गर्दछन् । निधारमा ठुलठुला टीका लगाएर पूजा थाल बोकी धर्मात्मा बन्छन् । के यसरी पूजापाठ गरेर दुःखबाट मुक्त हुन्छ? भन्ने कुरामा उनीहरुको चासो हुँदैन । परम्परादेखि गरिआएको भनेर आँखा चिम्लेर स्वीकार गर्दछन् । यथार्थ धर्म अनि कर्मलाई अंगिकार नगरीकन दुःखबाट पार हुँदैन, वास्तविक गन्तव्यमा पुगिदैन । हिड्नु पर्ने बाटो छोडेर अर्को बाटो समात्यो भने उसले जान चाहेको स्थानमा पुगिदैन । जसरी एउटा डाक्टरले कुनै विरामीलाई उसंग रोग बारे सोधेर र रगत परिक्षण गरेर रोगको पहिचान गर्दछ । अनि यो रोग यसरी यसरी हुन्छ भन्ने कारण भन्छ, यो रोगलाई निराकरण गर्न सकिन्छ र यसका लागि बार्नु पर्ने खानेकुरा बारेर यो यो औषधि खानु भनेर लेखेर दिन्छ । जब त्यो विरामीले डाक्टरले भन्ने जस्तो बार्नु पर्ने बारेर औषधिको सेवन गर्दछ भने रोग निको हुन्छ । तर औषधिलाई "हे औषधि ! मेरो रोग चाँडै निको होस्" भनेर पूजापाठ गर्न थाल्यो भने उसको रोग कहिले पनि निको हुँदैन । उपरोक्त डाक्टरको उपमा जस्तै भगवान् बुद्धले दुःखको महासागरबाट पार हुन बार्नु/त्याग गर्नुपर्ने अकुशल, पाप या नराम्रा कर्मको अलावा सेवन या अवलम्बन गर्नु पर्ने निम्न तथ्यलाई जोड दिनुभएको पाइन्छ -

१. जन्म, जरा, ब्याधि र मरणबाट मुक्त हुन सबभन्दा पहिले अकुशल, नराम्रो या



Downloaded from http://www.dhamma.digital

पाप कर्मलाई त्याग्न सक्नुपर्दछ । विमार अवस्थामा रोग अनुसार भोजन बारे जस्तै यी शरीर, वचन एवम् मनले गर्नु अकुशल कर्मलाई बार्नु या त्याग्नु पर्दछ । शरीरले गर्ने प्राणी हिंसा, चोर्ने, परपुरुष परस्त्री गमन गर्ने, वचनले गर्ने झुटो कुरा, चुक्कील गर्ने, कडा बोली, कसैको भलो नहुने गफ र मनले गर्ने लोभ तृष्णा, द्वेषयुक्त संकल्प र मिथ्यादृष्टि जस्ता दश अकुशल कर्महरुबाट अलग नभई दुःखबाट पार हुने मार्गमा लाग्न संभव छैन । तथागतले यस अनि भावी जीवन सुखमय बनाउन गृहस्थीहरुलाई पञ्चशील पालन गर्ने कुरा आज्ञा गर्नु भएको छ । २०, ३०, ४० औं वर्ष अगाडी देखि विहार आएर पनि यदि पञ्चशील पालन गर्न सकेन भने उ बौद्ध हुँदैन । आफैले आफूलाई पञ्चशील पालन भएको छ कि छैन मूल्याङ्कन गर्नु आवश्यक हुन्छ, पञ्चशील पालन विना गृहस्थी कोही पनि दुःखबाट पार हुने मार्गमा पुगिदैन ।

२. मानिस आफूले आफैलाई चिन्नु अनि संसारिक स्वभावलाई जान्नु नै धर्म हो । मानिसले सारा दुनियालाई चिनेको हुन्छ, तर आफैलाई चिनेको हुँदैन । शरीरमा उत्पति हुने तरंग, क्रियाप्रतिक्रिया र उदय व्ययलाई जान्नु नै आफूले आफैलाई चिन्नु हो । समथ र विपश्यना भावना आफूले आफैलाई चिन्ने माध्यम हो ।


नदी, खोलामा अविच्छिन्न पानी बगिरहे जस्तै मानिसको आयू पनि उमेर चढ्दै गए अनुसार गईरहेको हुन्छ । यही अनित्य धर्म नै दुःखको जड हो । अनित्य आत्मसात् गर्न नसकेको कारणले मानिसमा लोभ, लालच, लालसा हुन्छ । त्याग भावनाको अभिवृद्धि गर्न नसक्नु, टाँसिने स्वभावबाट अलग रहन नसक्नु अनि आशक्ति/उपादानबाट पर नरहनु/नसक्नु सबै अनित्यताको स्वभाव धर्म नबुझ्नु हो । सिद्धार्थ गौतमले त्याग भावनाको विकाश नगरेको भए आफ्नो परिवार, दरवार अनि सुखसयल सबै त्याग्ने थिएन । उनले गृह त्याग गर्ने थिएन । हुनत राजा सुद्धोदनले सिद्धार्थलाई महाअभिनिस्क्रमणबाट रोक्न अनेक प्रयास नगरेको होइन । तथापि सिद्धार्थले ४ निमित्त वृद्ध, रोगी, मरण र भिक्षुलगायत संसार देखेर सबै अनित्य महसुस गरी दुःखको कारण निराकरणको मार्ग पहिल्याई संसारलाई उद्धार गर्न जलिरहेको संसारलाई शान्त पार्न अनि बैराग धर्मलाई शिरोपरी गरेर गृहत्याग गरे र सम्यक्सम्बुद्ध भए ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# महापदुम जातक



अनागारिका केशावती
धर्मकीर्ति विहार
नः घः

**"नादट्ठा परतो दोसं, अणुं थूलानिम सब्बसो ।**
**इस्सरो पणये दण्डं, सामं अप्पटिवेक्खिय ।।"**

(कसैको सानो ठुलो दोषलाई नचिनी जाँचबुझ नगरी दण्ड दिन्छ भने त्यस्ले कांडा या झिङ्गा भएको भोजना गरेसमान हुन्छ ।)

वन जंगलमा शान्त वातावरण हुने हुनाले ध्यान बस्नको लागि अनुकूल/उपयुक्त हुन्छ । त्यसैले धेरैजसो बुद्ध भगवान् एक्लै जंगलमा नै बस्नु हुन्थ्यो । एक दिन बुद्ध भगवान् र आनन्द भिक्षु जंगलतिर जानु भई ध्यान बस्नु भएको थियो । त्यसै बेलामा ५ जना ब्राह्मणहरु आएर भगवान् बुद्धको धर्मदेशना सुन्न आएका थिए । त्यस मध्ये एकजना ब्राह्मण ध्यान दिएर धर्मदेशना सुनिरहे, दोश्रो ब्राह्मण भुइँ कोट्याइरहे, तेश्रो ब्राह्मण निदाईरहे भने चौथो ब्राह्मण रुख हल्लाउँदै थियो र पाँचौ ब्राह्मण आकाशतिर हेरिरहेको थियो । अनि आनन्द भिक्षुले "भगवान् बुद्धले यस्तो राम्रो उपदेश दिइरहनु भएको छ । यी ब्राह्मणहरु ४ जना कति पनि धर्मदेशनामा ध्यान दिईरहेको छैन ।" किन होला भनि जिज्ञाशा राखे । भगवान् बुद्धले आज्ञा गर्नु भयो कि पहिलाको जुनीको संस्कार हो, जस्तो संस्कार लिएर आएको हुन्छ, सोही अनुसारको लक्षण हुन्छ । अहिले ध्यान दिएर धर्मदेशना सुनिरहेको ब्राह्मण पहिलाको जुनीमा पनि मानिस नै थिए । भुइँ कोट्याउने ब्राह्मण पहिलाको जुनीमा गड्यौला थिए । रुख मात्र हल्लाई रहने ब्राह्मण पहिलाको जुनीमा बाँदर थिए । जस्ले आकाश तिर हेरेर बसे, त्यो पहिला जुनीको ज्योतिष, पाँचौ ब्राह्मण पहिलाको जुनीमा अजिंगर थियो । यसरी भिन्न कर्म गरेर विभिन्न योनीबाट आएर यी अहिले मुनष्य जीवन



Downloaded from http://www.dhamma.digital

लिन आएका हुन । त्यसैले पहिलाको जुनीको लक्षणहरु लिएर आएका हुनाले ति ४ जना ब्राह्मणहरुले राम्रोसंग ध्यान दिएर धर्मदेशना सुन्न नसकेको भनेर भगवान् बुद्धले आनन्द भिक्षुलाई भन्नुभयो । त्यसैले मानिस भएर जन्मे पनि उनीहरुको पहिलाको संस्कार अनुसार नै क्रियाकलापहरु गरिरहेको हुन्छ ।

अब अर्को प्रसङ्ग हेरौं । हामी मानिसहरुले हरेक क्षणमा हरेक समाज, समुदायमा बस्दा क्रियाकलापहरु गर्दा एउटा बिर्सनु नहुने कुरा हो सहनशीलता । तर हामीलाई सहन भने अति गाह्रो कुरा हो, तैपनि सहनशीलतालाई प्राथमिकता दिनुपर्छ । त्यस्तै भगवान बुद्धले पनि अल्याख दुःख पीडा सहेर नै क्षान्ति पारमिता पुरा गर्नुभएको थियो । सहने शक्ति वृद्धी भयो भने घर, समाज देशमा नै शान्ति हुन्छ र झै-झगडा कम हुन्छ । हरेक व्यक्ति, समाज देशकै उन्नति सम्वृद्धि हुने मौका पाउँछ। त्यसैले हामीले पनि सहने बानीको विकास गर्नुपर्छ। भनिन्छ सहनु अति उत्तम गुण हो । सहन सक्ने मानिस जो सुकैलाई पनि मन पर्ने हुन्छ। हामीले पनि विहारमा आएर यसरी धर्म उपदेशहरु सुनेर, दान दिएर पञ्चशील पालना गरेर ध्यान भावना गरेर पुण्यकर्म गर्दागर्दै सहनशीलता गुणलाई पनि वृद्धि गर्दै लानुपर्दछ ।

धेरै पहिले बोधिसत्व वाराणसीमा एउटा राजाको छोरा भएर जन्मे । छोरा धेरै नै राम्रो भएको हुनाले राजा धेरै खुसी भएर छोराको नाम पद्म राखे । पद्म बोधिसत्वलाई राजाले धेरै नै सुख सुविधाहरु दिएर १७ वर्षसम्म राखेका थिए । आमाबुवा नै ब्रम्हा हो, किनभने आमाबुबामा मैत्री, करुणा, मुदिता र उपेक्षाका गुण हुन्छन् । पछि गएर राजकुमार १७ वर्ष हुँदा आमा (रानी) बित्नु भयो । राजाले अर्को कम उमेर भएकी केटीसंग विवाह गरे । केही समयपछि राज्यमा युद्ध गर्न आउने खवर आए । त्यसपछि राजाले युद्धमा जानको लागि छोरालाई नपठाइकन आफै जाने निर्णय गरे । यता छोराले बुबाको आज्ञा पालना गर्दै आमालाई राम्रोसंग हेरविचार गर्दै राज्य अनि सबै जनताहरुको इच्छा पूरा गरेर राजधर्म अनुसार राज्य संचालन गरिराखेको थियो । तर छोराले गरेको मायालाई उल्टो सम्झेर कान्छी आमा घरि घरि छोराको कोठामा जान थालिन् । छोराले कोठामा नआउन भनेतापनि बहाना बनाई कोठामा जाने गर्थिन् । सानी आमाले छोरालाई हेर्ने दृष्टिकोण, सोचाई, फरक व्यभिचारको



Downloaded from http://www.dhamma.digital

दृष्टिले हेरेकी थिइन् ।

यता युद्धमा गएका राजा विजय प्राप्त गरिकन राजदरवारमा फर्कदै थिए । राजकुमारले राजालाई दरवारमा भव्यताका साथ स्वागत गर्ने कार्यक्रम राखे । तर रानीको उपस्थिति थिएन । रानी कार्यक्रममा नहुनाका कारण के होला भनेर रानीको कोठा पुग्दा त छोराले आफूलाई नराम्रो व्यवहार गऱ्यो भनेर कुरा लगाइन् । रानीको कुरा सुनेर राजाले अलिकति पनि सोचविचार नगरिकन राजकुमारलाई मृत्युदण्ड दिने घोषणा गरे । यता प्रजाहरुले यति धेरै राम्ररी राज्य चलाउनु भएको राजकुमारलाई लाञ्छना लगाई यस्तो ठुलो दण्ड दिने घोषणा गरेको देखेर विरोध गरे । तैपनि प्रजाहरुको कुरामा विश्वास नगरिकन राजकुमारलाई नाङ्गै राखी जुत्ताको माला लगाउन दिई पहाडबाट खसाल्न लगे । राजकुमारले मनमनै आफ्ना बुबा र सानीआमाप्रति मैत्रीभाव राख्दै गए । राजकुमारलाई पहाडबाट खसाले । तर सहने शक्ति र अवगुण गर्नेलाई पनि मैत्री भावना राखेको हुनाले वनदेवी आएर आमाले आफ्नो बच्चालाई थापेर लिए जस्तै लिए र जंगलमा लगि छोडिन् । राजकुमार त्यही दुःख सहेर त्यहाँ भएका फलफूल खाएर ध्यान वसिरहेका थिए । एक दिन त्यही राज्यका मानिसहरु त्यहाँ गएको बेला राजकुमारसंग भेट भयो । राजकुमारलाई भेटेको कुरा राजालाई खवर गरे । राजा पनि अतिनै खुसी भए र छोरालाई लिन गए । तर छोरा फेरि दरवारमा नजाने कुरा गरे । छोराले भने “एक चोटी थुकेको थुक फेरि चाल्न मन छैन” भनेर राजालाई फर्काए । त्यस पछि राजकुमारको कुरा सुने पछि राजाले विचार गरे कि “सबै गल्ती त रानीकै रहेछ, भनेर थाहा पाए । अनि राजदरवारमा गएर रानीलाई पनि जसरी राजकुमारलाई गरेका थिए, त्यस्तै गरेर त्यही ठाउँमा लगेर पहाडबाट खसालि दिए । रीसले कसैलाई पनि भलो हुँदैन । रीसको आगोले सबैलाई विनाश गर्छ ।

अर्को प्रसंङ्ग पनि हेरौं । सारिपुत्र भिक्षु अति नै सहन सक्ने भिक्षु हो भनेर प्रायः सबैलाई थाहा थियो । एक जनाले सारिपुत्र भिक्षुको परीक्षा लिन गए । गएर पछाडीबाट भिक्षुलाई पिटेछ । तर जति चोटी पिटे पनि भिक्षुले वास्ता नै गर्नु भएन । तैपनि त्यस व्यक्तिले भिक्षुसंग घरि घरि सोधी रहे कि “तपाईलाई कसले पिट्यो ? भनेर ।” भिक्षुले भने “थाहै भएन, कसैले पिट्यो भनौ ?”



Downloaded from http://www.dhamma.digital

पछि त्यस उपासक आफैलाई लाज भएछ र भोजनको लागि उहाँ भिक्षुलाई निमन्त्रणा गरे । भिक्षु पनि उनको निमन्त्रणा स्वीकारेर भोजनको लागि जानु भयो । भिक्षुलाई पिटेको खबर सुनी अन्य उपासक उपासिकाहरु त्यस ठाउँमा आए । त्यसरी आएको देखेर त्यो भोजन दिने उपासक डराए, "अब मलाई यिनीहरुले बाँकी राख्दैन ।" तर भिक्षुले त्यस उपासकलाई पछाडि राखि आफु अगाडि बसेर भन्नु भयो कि "उपासक उपासिकाहरु मलाई केही भएको छैन । तपाईहरु आ-आफ्नो बाटो लाग्नुस् ।" यसरी सारिपुत्र भिक्षुले आफूलाई पिटे पनि सहेर पिट्ने व्यक्तिको मन जिती भोजन पनि प्राप्त गरे ।

त्यसैले राजकुमार(बोधीसत्व)ले सहेर उल्टो आमाबुबाप्रति मैत्रीभावना राख्नु भएको हुनाले पहाडबाट खसाल्दा खेरि पनि देवताले बचाउन आए । त्यसैले भगवान् बुद्धले सहन शक्तिलाई जोड दिनु भएको हो । सहने कुरा जुनसुकै अवस्था र ठाउँहरुमा पनि लागु गर्न सक्नुपर्छ । हामीले आफूले आफूलाई हेर्नुपर्छ । आफ्नो मूल्याङ्कन आफैले गर्नुपर्छ । हामी मरेपछि कहाँ जाने भनेर विचार गर्नुपर्छ । त्यसैले निरन्तर रुपमा कुशल कामहरु गरिरहनु पर्दछ । अविरल रुपमा काय, वाक, चित्तलाई शुद्ध गर्न तम्तयार हुनुपर्दछ ।

Dhamma.Digital

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# सुवण्णहंस जातक



भिक्षु उपतिस्स महास्थविर
संघाराम विहार
ढल्को

**"यं लद्धं तेन तुट्ठब्बं, अतिलोभो हि पापको ।
हंसराजं गहेत्वान, सुवणा परिहायथाति ।।"**

\- जातक (१३६)

बोधिज्ञान प्राप्तिपछि तथागत सम्यक्सम्बुद्धले महापरिनिर्वाण नभएसम्म ४५ वर्षसम्म गाउँ गाउँ, नगर नगरमा बहुजन हिताय बहुजन सुखायका लागि ज्ञान प्रचार प्रसार गरे। त्यसबेला एकाग्र भई भगवान्को धर्मदेशना श्रवण गरेर धेरै भिक्षु, भिक्षुणी, उपासकोपासिकाले मार्गफल प्राप्त गरे। धर्मदेशना श्रवण गरेर सहजरुपमा मार्गफल प्राप्त गर्न नसके पनि यसका धेरै आनिशंसहरु छन्। जस्तो :-

१. नसुनेको सुन्न पाउने (असुतं सुणाति)
२. सुनेर बिर्सेका कुराको फेरि स्मरण हुने (सुतं परियोदपेति)
३. शंका निवारण हुने (कंखं वितरति)
४. मिथ्यादृष्टि भएकालाई सम्यक्दृष्टि मिल्ने (दिट्ठिं उजुं करोति) र
५. मन प्रशन्न हुने (चित्तं पसिदति)।

बुद्ध हुने व्यक्ति/प्राणीलाई बोधिसत्व भनिन्छ। सुमेघ ऋषिदेखि सिद्धार्थ गौतमसम्मको ४ असंख्य र १ लाख कल्पसम्मको असंख्य जुनीमा पारमिता पूरा नभएसम्म उहाँ बोधिसत्व भएर जन्मे। सम्पूर्ण ३० पारमिता पूर्ण गरेर सिद्धार्थ गौतम ३५ बर्षको उमेरमा सम्यक्सम्बुद्ध भए। बोधिज्ञान प्राप्तिका लागि संसार



Downloaded from http://www.dhamma.digital

बन्धनबाट मुक्त भएको निर्वाण प्रार्थना गरी कुशलचर्या गर्नुलाई पारमी/पारमिता भनिन्छ । अङ्ग प्रत्यङ्गको मतलव/वास्ता नगरी कुशलचर्या गर्नु उपपारमिता हो भने ज्यानको समेत बन्धकी राखी या ज्याननै जाओस् भनी कुशलचर्या नछोड्नुलाई परमत्थ पारमिता भनिन्छ। अर्को रुपमा आफूसंग भएको भौतिक वस्तु त्याग्न सक्नु दानपारमिता हो। शरीरको अङ्ग त्याग्नु दानउपपारमिता हो भने त्याग्नका लागि मर्न पनि तयार हुनु दानपरमत्थपारमिता हो । उपरोक्त सबै पारमिताहरु पूर्ण गरेर बुद्ध भइसकेपछि सबैको उद्धार र कल्याणका लागि उपदेशको क्रममा उहाले ५५० वटा पूर्वजन्म/बोधिसत्वको घटना (जातक) उल्लेख गर्नुभएको कुरा ग्रन्थमा पाइन्छ । कही कहीं ५४७ जातक (३ वटा लोप भएको हुनाले) भनी उल्लेखित छ। प्रत्येक जातकमा ३ वटा कुरा उल्लेख भएको हुन्छ -

१. वर्तमान

२. अतीत र

३. वर्तमान र अतीतको सम्वन्ध ।

तथागत सम्यक्सम्बुद्धले बोधिज्ञान प्राप्तिपछि सर्वप्रथममा ॠषिपतन मृगदावनमा पञ्च वर्गीय भिक्षुहरुलाई चतुरार्य सत्यको बारे धर्मदेशना गर्नुभएको थियो। जस्लाई धर्मचक्रप्रर्वतन सुत्र पनि भनिन्छ। दु:ख सत्य हो, दु:खको कारण छ, दु:खलाई निरोध गर्न सकिन्छ र दु:खलाई निरोध गर्ने मार्ग छ, यो नै बुद्धको उपदेशको सार हो ।

अव सुवण्णहंस जातकलाई नजर राखौं । तथागत सम्यक्सम्बुद्धले उपरोक्त गाथा 'यं लद्धं तेन तुट्ठब्बं ........' जेतवन विहारमा रहनु भएको समयमा चुल्लनन्दा भिक्षुणीको सम्बन्धमा आज्ञा गर्नुभएको थियो । त्यस समयमा श्रावस्तीमा रहने एक उपासकले भिक्षुणीसंघलाई लसुनको आवश्यक भएमा लिन आउनका लागि आमन्त्रण गरे । एक पटक चाडपर्व/उत्सवको दिनमा चुल्लनन्दासहित अरु भिक्षुणीहरु लसुन लिन उक्त उपासकको घरमा पुगे। उपासकले खेतबाट ल्याईराखेको लसुन सक्यो, त्यसैले खेतमा नै गएर लिन जानु भए हुन्छ भनी उपासकले भिक्षुणीलाई भने । चुल्लनन्दासहित भिक्षुणीहरु खेतमा गई मनपरी अन्धाधुन तरिकाले लसुन उखेलेर लगिन् । यो देखेर काम गरिरहेको एक कृषकले भने-"यो के तरिका हो ? भिक्षुणीहरु ! लोभी



Downloaded from http://www.dhamma.digital

भएर लसुन सबै उखेलेर लगे ।" यो कुरा थाहा पाएर अल्पेच्छ भिक्षुणी सबै असन्तुष्ट भइन् । भिक्षुहरुले यो व्यहोरा भगवानकहाँ बिन्ति गरे । भगवान्ले भिक्षुहरुलाई आज्ञा गर्नु भयो कि लोभी भयो भने आमालाई पनि छोराछोरी मन पर्दैन । लोभीले अप्रशन्नलाई प्रशन्न बनाउन सक्दैन, प्रशन्नलाई अधिक प्रशन्न बनाउन सक्दैन । अल्पेच्छले अप्रशन्नलाई प्रशन्न बनाउन सक्छ, प्रशन्नलाई झन प्रशन्न पार्नसक्छ । त्यसलाई प्राप्त नभएको वस्तु पनि सहजै प्राप्त हुन्छ । "भिक्षुहरु ! चुलनन्दा अहिले मात्र लोभी होइन, पूर्वजन्ममा पनि लोभी थिइन्" भनेर पूर्वजन्मको कुरा आज्ञा भयो ।

धेरै पहिले वाराणसीमा ब्रह्मदत्त राजाले राज्य गरेको समयमा बोधिसत्व एउटा ब्राह्मण कुलमा जन्मेको थियो । ठुलो भएपछि आफूसमान कुलकी एक कन्यासित विवाह भयो र नन्दा, नन्दावती र नन्द सुन्दरी गरी ३ जना छोरीहरु भए । छोरीहरुको विहे गर्नु अघि नै बोधिसत्वको मृत्यु भएर पशु योनी सुवर्णहाँस भएर जन्मे । सुवर्णहाँससंग पूर्वजन्मको स्मृति भएको हुनाले कहाँबाट सुवर्णहाँस भएर यहाँ जन्म लिन आएको होला भनी विचार गर्दा पहिलेको मनुष्य जुनीको कुराको याद आयो । श्रीमती र छोरीहरुले भौतिक सम्पत्तिको अभावमा जीवन जिइरहेको थाहा पाएर आफ्नो सुननै सुनको प्वाँखले सु-सज्जित शरीरको एउटा एउटा प्वाँख समय समयमा दिने सोचले ब्राह्मणीको घरमा गए । सुवण्णहंसले उनीहरुलाई सबै कुरा अवगत गराएर एउटा सुनको प्वाँख दिएर गए । एवम् रितले समय समयमा सुवण्णहंसले सुनको एउटा एउटा प्वाँख दिएर जान्थ्यो । त्यो बेचेर उनीहरु खुसी साथ जीवन यापन गरिरहिन् । एक दिन ब्राह्मणीले छोरीहरुलाई भनिन् कि त्यो सुवण्णहंस पछि नआउन पनि सक्छ । पशुपंछीको विश्वास गर्नु हुँदैन । अव आयो भने सबै सुनको प्वाँख उखेलिनु पर्दछ । पहिले जस्तै सुवण्णहंस ब्राह्मणीको घरमा आए । ब्राह्मणीले देख्ने वित्तिकै सुवण्णहंसलाई समातेर सबै प्वाँख/भुत्ला उखेले । बोधिसत्वको इच्छा विपरित पीडा कष्ट दिएर उखेलेको हुनाले सुनको प्वाँख नभई सामान्य सेतो प्वाँख मात्र भएको देखेर ब्राह्मणी खिसिक्क र हिस्स परिन् ।

तथागतले आज्ञा गर्नुभयो कि चुल्लनन्दा अहिले मात्र होइन, पहिले पनि लोभी थिइन् । लोभी भएकै कारणले लाभ भइरहेको सुन पनि लाभ



Downloaded from http://www.dhamma.digital

भएन । यसरी चुल्लनन्दा भिक्षुणीको निन्दा गरेर लसुन उपयोग गर्नु नहुने पाचित्तिय (दोष) नियम बनाउनु भयो र भन्नुभयो- "जति छ त्यस्मा सन्तुष्ट हुनु, अतिलोभ गर्नु पाप हो । हंसराजलाई समातेर इच्छा विपरित काम गरेको कारणले सुन सबै नाश गराएर रहनु पऱ्यो ।"

अन्तमा भगवान् बुद्धले वर्तमान र अतीतको सम्बन्ध उल्लेख गर्दै भन्नुभयो- "उहिलेकी ब्राह्मणी अहिलेकी चुल्लनन्दा हो, सुवण्णहंस बोधिसत्व म नै हुँ ।"

भवतु सब्ब मंगलं ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# लोकोत्तर सम्पत्ति




अनागारिका कुसुम
बसुन्धरा कीर्ति विहार
बसुन्धरा


**'यो चे वस्ससतं जीवे, अपस्सं धम्ममुत्तमं ।**
**एकाहं जीवितं सेय्यो, पस्सतो धम्ममुत्तमं ।।'**

(उत्तम, सत्य, लोकोत्तर धर्म नजानी एक सय वर्ष जिउनु भन्दा उत्तम, सत्य, लोकोत्तर धर्म जानेर एक दिनमात्र जिउन बेस हो ।)

-धम्मपद (११५)

जीवन जिउनका लागि मानिसलाई सम्पत्ति चाहिन्छ । सम्पत्ति भएन भने जीवन कठीन हुन्छ । सम्पत्ति भन्ने वितिकै हामी सोच्छौं, भौतिक या लौकिक सम्पत्ति भनेर । अधिकाँश मानिसले भन्ने सम्पत्ति भौतिक/लौकिक सम्पत्ति नै हो । स्थावर अनि जङ्गम सम्पत्ति नै हो । घर, जग्गा, गरगहना, नगद लगायत जिउनका लागि चाहिने विविध वस्तुहरु आदि लौकिक सम्पत्ति हनु । मल, मूत्र त्यागे जस्तै मानिसको मृत्युपछि छाडेर जानुपर्ने सम्पत्ति हो ।

परिवर्तन प्रकृतिको नियम हो । उत्पत्ति हुनु, विनाश हुनु, बढ्नु घट्नु आदि सांसारिक स्वभाव हो । भौतिक/लौकिक सम्पत्तिमा पनि यो नियम लागु हुन्छ । प्रत्येक व्यक्तिका कोही न कोही कुभलो चिताउने शत्रु अवश्य हुन्छ । त्यस्तै लौकिक सम्पत्तिको पनि पञ्च वैरीहरु छन् । सम्पत्ति नाश गराउने पञ्च वैरीहरु हुन् :

१. सरकारीकरण भएर व्यक्तिको लौकिक सम्पत्ति नाश हुन सक्छ,
२. आगो लागेर या आगोको कारणले पनि विनाश हुन सक्छ,
३. भारी वर्षाको कारणले बाढी पहिरो (भूस्खलन) आएर पनि लौकिक सम्पत्ति




Downloaded from http://www.dhamma.digital

नासिन्छ,

४. चोरी, डकैती भएर पनि कसैको लौकिक सम्पति विनाश हुन सक्छ र

५. कुलतमा परेर पनि कुनै व्यक्तिले आफ्नो लौकिक सम्पत्ति नाश गर्न सक्छ।

व्यक्तिको मृत्यूपरान्त कुनै पनि लौकिक सम्पत्ति पछि पछि आउँदैन। मल मूत्र जस्तै छोडेर जानु पर्नु स्वभाव धर्म हो। तर छायाँ जस्तै पछिपछि आउने, जन्मौं जन्मसम्म पछ्याईरहने सम्पत्ति भनेको लोकोत्तर सम्पत्ति हो। लोकोत्तर सम्पत्ति भनेको बहुजन हिताय बहुजन सुखायको लागि भगवान्ले औल्याउँनु भएको शिक्षा हो। जन्म, जरा, व्याधि र मरणरहित निर्वाणमा पुऱ्याउने ज्ञान हो। अर्को रुपमा शील, समाधि र प्रज्ञा हो। शील भनेको अनुशासन हो, नियम हो अनि धर्मको प्राथमिक आधार अनि माथि चढ्ने खुड्किला/सिंढी हो। गृहस्थीहरुले पालन गर्नुपर्ने/अवलम्वन गर्नुपर्ने मार्ग हो। बौद्ध उपासकोपासिकाले मात्र नभई सम्पूर्ण मानवले अभ्यास गर्नुपर्ने नियम हो। मानिसलाई सच्चा मानिस बनाउने, आचरण र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने, सभ्य र आदर्श नागरिक बनाउने आभूषण हो। समाधि चित्तलाई एकाग्रह बनाउने माध्यम हो। वर्तमान जिउन प्रेरणा गर्ने कला हो। प्रज्ञा भनेको ज्ञान हो। आफ्नै अनुभूतिले प्राप्त गर्ने शिक्षा हो।

सामान्य मानिसको के सोचाई छ भने धर्मकर्म भनेको बृद्धवृद्धा अवस्थामा गर्ने हो। यथार्थमा वृद्धवृद्धा अवस्थामा शारीरिक अनि मानसिक रुपमा कमजोर भैसकेको हुन्छ। सहज रुपमा उपरोक्त लोकोत्तर सम्पत्ति आर्जन गर्न गाह्रो हुन्छ। यसैले समयमा नै यो सम्पत्तिको आर्जन गर्नुपर्दछ। भवसंसारको जंजालबाट मुक्त हुन आफू अग्रसर भई अरुलाई पनि प्रेरणा दिनुपर्दछ।

धम्मपद अट्ठकथामा उल्लेखित एउटा उदारहणलाई नजर राखौं। भगवान् बुद्धको समयमा श्रावस्तीमा एक धनाढ्य परिवार थियो। परिवारमा ७ जना छोरा, ७ जना छोरीहरु सहित आमाबुबा थिए। लौकिक एवम् परिवार सम्पत्तिमा सम्पन्न भएका हुनाले उनीहरुको जीवन सुखमय तरिकाले व्यतित् भइरहेको थियो। आमा सोणा आफ्ना सन्तान सबैको मुख हेरेर आनन्दले जीवन बिताईरहेकी थिइन्। एक दिन अकस्मात लोग्नेको मृत्यु भयो। लोग्नेको मृत्युपछि सोणाले सबै सम्पत्तिको जिम्मा लिई आफ्नो कर्तव्य निभाईरहिन्।



Downloaded from http://www.dhamma.digital

केही समयपछि छोराहरुले भन्न थाले कि आमा हाम्रो सम्पत्ति अंशबण्डा गरौं, हामी अलग अलग रहेपनि तपाईलाई पालै पालो गरी हामीबाट हेर विचार र आवश्यक सेवा हुने नै छ, तपाईले चिन्ता मान्नु पर्दैन भनी बृद्ध आमा सोणालाई चित्त बुझाए र सोणाले पनि हो भनी आफूलाई केही सम्पत्ति नलिई सबैलाई अंशबण्डा गरी दिइन् । अंशबण्डा पछि आमा चाहि सबैभन्दा पहिला जेठो छोराको घरमा बस्न गइन् । केहि समयपछि जेठो छोरा बुहारीले भन्न थाले कि हामी सबै दाजुभाईले बराबर सम्पत्ति लिएका छौं । त्यसैले हामीले मात्र तपाईलाई पाल्नु पर्दछ भन्ने छैन, अन्य भाईहरुको घरमा पनि बस्न जानु भनेर अनादर गरेपछि आमा माहिलो छोराकोमा बस्न गइन् । सातै जना छोरा र बुहारीको उही व्यवहारले वृद्ध आमा सोणा आजित भइन् । आफ्ना सबै सन्तानलाई आफ्नो जीवन भन्दा पनि अधिक माया गरेर हुर्काउँदा आमा सोणालाई कठीन भएन, तर सातजना छोराले एक जना आमालाई पाल्न र आवश्यक सेवा गर्नुपर्दा व्यक्त गरेको पीडादायी बचन अनि अनादरले सबैलाई त्यागेर सोणा भिक्षुणी भइन् । वृद्धा भैसकेको हुनाले उनीलाई अरु भिक्षुणी सरह भिक्षाटनमा सरिक हुन सहज थिएन । त्यसैले अरु भिक्षुणीहरुले उनलाई विहारमा गर्नुपर्ने कामहरु अह्राई भिक्षाटनमा जाने, भिक्षाटनबाट प्राप्त भोजन उनीलाई पनि दिने गर्दथिइन । शारीरिक अवस्था कमजोर भईसकेकी हुनाले अन्य भिक्षुणीहरुले अह्राएर गएका केही काम गर्न सकिनन् भने उनी माथि गाली बर्सिन्थे । लोग्नेको मृत्युपछिको गृहस्थी जीवन जस्तै भिक्षुणी जीवन पनि उनीलाई भारी भयो । छोरा बुहारीको व्यवहारले आँशु बगाउन थालेकी सोणाले प्रव्रजित अवस्थामा पनि आँशु बगाईरहिन् । पछि बहुपुत्रिके थेरी सोणाले आफूले आफैलाई अप्रमाद हुनुपर्‍यो भनी अनुशासन गराई श्रमण धर्ममा मन लगाई चिन्तन् मनन अनुस्मरण अनि अवलम्बन गरिरहिन् । यो कुरा थाहा पाउनु भई भगवान् शास्ताले गन्धकुटीबाट प्रकाश फैलाएर “बहु पुत्रीक, मैले आज्ञा गरेको धर्मलाई विचार नगरी एक सय वर्ष जिउनु भन्दा मैले आज्ञा गरको धर्मलाई हेरेर एक छिन मात्र जिउनु उत्तम हो ।” भनी उपरोक्त गाथा आज्ञा भएको हो । यसपछि सोणाले जन्म, जरा, व्याधि र मरणसहित लोकोत्तर सम्पत्ति प्राप्त गरी अरहन्त भइन् । परम्सुख निर्वाणलाई अंगिकार गरी धन्य भइन् ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# वेस्सन्तर जातक



भिक्षु सुमेध महास्थविर
पद्मसुगन्ध विहार
मज़िपाट

**"न मह्यं मतिकं नामं, न मह्यं पेतिक सम्भव ।**
**जातोहिम्म वेस्सवीयियं, तस्मा वेस्सन्तरो अहुन्ति ।।"**

(मेरो नाउँ आमाको तर्फबाट पनि होइन । बाबाको तर्फबाट पनि होइन । वेस्स भन्ने बाटोमा जन्मेको हुनाले मलाई वेस्सन्तर भने ।)

मनमा जब धर्म चित्त उत्पत्ति हुन्छ, तव सुखको अनुभव हुन्छ । जब मनमा क्लेशले बास गर्छ तव हामीलाई दुःखको अनुभव हुन्छ । त्यसैले मनमा कत्ति पनि राग, द्धेष, मोह आदि नराखिकन र सुखको आश नगरिकन वेलावखतमा धर्म श्रवण गरेर व्यवहारमा लागु गऱ्यो भने सुखको अनुभूति हुन्छ । त्यसैले भगवान् बुद्धले भन्नुहुन्थ्यो- क्लेशहरु हटाउने काम गर्नुपर्छ । सबै मानिसहरुलाई सुख मन पर्छ । तर सबैलाई दुःख नै आइरहन्छ । किनभने हाम्रो आचरण शुद्ध छैन । त्यसैले आफूले आफैलाई कति कुशल क्रियाकलापहरु गरिरहेका छौं ? भन्ने कुराको मूल्याङ्कन गर्नु आवश्यक छ । त्यसैले हामीले बुद्धपूजा गर्ने बेलामा कामना गर्छौ कि यस पुण्यको प्रभावले मूर्खको संगत गर्न नपरोस् । निर्वाण प्राप्त नभएसम्म सत्पुरुषको संगत मिलोस् । मनमा केही क्लेश नहोस् । मेरो यस पुण्यले निर्वाण प्राप्त होस् । कामनाले मात्र हुँदैन । बुद्धको शिक्षा अभ्यास नगरिकन संसारबाट तरेर जान  सकिदैन ।

चतुरार्य सत्य बुद्धोपदेशको सार हो । दुःख सत्य हो, दुःखको कारण छ, दुःख निरोध गर्न सकिन्छ र दुःख निरोध गर्ने मार्ग छ । दुःख सत्य भनेको जन्मनु दुःख, बुढाबुढी हुनु दुःख, रोगी हुनु दुःख, मर्नु दुःख, मन नपर्ने व्यक्ति संग जीवन



Downloaded from http://www.dhamma.digital

विताउनु पनि दुःख । मनपर्ने व्यक्ति संग विछोड भएर वस्नुपर्ने पनि दुःख नै हो । आफ्नो इच्छा पूरा नुहुनु पनि दुःख हुन् । यी विभिन्न प्रकारका दुःख हुनुका कारण हो तृष्णा । यही तृष्णालाई जरादेखि नै उखेलेर फाल्न सक्नुपर्छ ।

वेस्सन्तर राजकुमार वोधिसत्वको अन्तिम जन्म हो । सिद्धार्थ गौतम अगाडिको जन्म हो । यही जन्ममा नै बोधिसत्व वेस्सन्तर राजकुमारले दानपारमिता पूरा गर्नु भएको थियो । वेस्सन्तर राजकुमार जब आमाको गर्भमा आयो, तब रानीमा दुःखी दरिद्रहरुलाई उपकार गर्ने इच्छा जाग्यो ।। यही कुरा रानीले राजालाई व्यक्त गरिन् । रानीको इच्छा सुनेर राजाले पनि देशको चार किल्लामा, बीच भागमा अनि दरवारमा गरी ६ ठाउँमा दानशालाको व्यवस्था गरिदिए । दान दिने क्रम चल्यो । यसरी दान दिने मन रानीकोमा किन र कसरी आयो त भन्ने बारे राजालाई थाहा पाउन ज्योतिषहरु देखाए । ज्योतिषहरुले भने कि "महारानीको गर्भमा आएको बच्चा जति दान दिए पनि नअघाउने खालको छ ।" एक दिन रानीलाई बाहिर तिर जाने मन लाग्यो । त्यसपछि महारानीले राजासंग आफ्नो इच्छा व्यक्त गरे । सोही अनुसार राजाले पनि आवश्यक व्यवस्था मिलाई दियो । रानी बाहिर घुम्दा घुम्दै एउटा वेस्स भन्ने ठाउँमा पुग्दा वेस्सन्तर राजकुमारको जन्म भयो । राजकुमार जन्मिने वित्तिकै दान दिनको लागि आमासंग केहि वस्तु मागे । बोधिसत्वले जन्मने वित्तिकै बोलेका ३ जन्महरु सिद्धार्थ, वेस्सन्तर र महोषध हुन् ।

समय वित्दै जाँदा राजकुमार अलि ठूलो भए पछि राजा सञ्जयले राजकुमारलाई राम्रो बहुमूल्य गरगहनाहरु लगाई दिएर धाईआमाहरुसंग बाहिर पठाउँदा लगाएको गहनाहरु सबै धाईआमाहरुलाई दान दिने गर्थे । धाईआमाले राजा रानी कहाँगएर गहना फिर्ता दिन जान्थे । राजारानीले पनि "राजकुमारले दिईसकेको गहना हो, तिमीहरुलाई नै लिनु भनेर ति धाईआमाहरुलाई दिने गर्थे ।" जब राजकुमार १६ वर्ष पुग्यो, तव राजारानी दुवैले वेस्सन्तर राजकुमारलाई विवाह गरिदिए । त्यस पछि वेस्सन्तर राजकुमारले पनि ६ वटा दानशालाहरु बनाएर दान दिन शुरु गरे । राजकुमार ती दानशालामा निरिक्षण गर्न जाने गर्थे । यस्तै चल्दै गयो, बोधिसत्व पनि ठुलो हुँदै गए सोहि अनुसार यशकीर्ति पनि फैलिदै गए । सानो छँदै बोधिसत्वमा यस्तो विचार उत्पत्ति भयो कि



Downloaded from http://www.dhamma.digital

"भौतिक सम्पत्ति मात्रै होइन, यो शरीरको अंगहरु नै कसैको उपकारको लागि माग्न आयो भने दिन सकोस्" भनेर । यस्तो दानवीर राजरकुमारको कुरा चारैतिर विभिन्न देशका मानिसहरुले थाहा भए । त्यसै वेलामा कलिङ्ग भन्ने देशमा पानी नपरेर अनिकाल पऱ्यो । देशमा खान लाउन नपाए पछि चोर, डाँकु बढेर मारकाटको समस्या उत्पन्न भयो । सो समाधानको लागि जनताहरु राजालाई भन्न गए । राजाले पनि वचन दिए कि "हुन्जेल सम्म म तपाईहरुलाई सहयोग गर्छु" भनेर । अनि पानी परोस्, जनताहरुलाई सुख होस् भनेर ७ दिन सम्म उपोसथ व्रत बसे । तैपनि पानी परेन । त्यस पछि फेरि जनताहरु राजाको मा गए । त्यही बेलामा एकजना व्यक्तिले "वेस्सन्तर राजकुमार हुनुहुन्छ, वहाँले जे मागेपनि दिनु हुन्छ । बोधिसत्व राजकुमारकहाँ एउटा सेतो मंगल हात्ती छ, त्यो हाम्रो देशमा ल्याउन पायो भने समयमा बर्षा हुन्छ र जनताहरुलाई सुख हुन्छ" आदि भने । राजाले पनि त्यतिखेरै ब्राह्मणहरुलाई सेतो मंगल हात्ती लिन पठाए । उनीहरुले दानशालामा वेस्सन्तर राजकुमार निरीक्षण गर्न जाने भएकोले भेट्ने आशा गरे । विभिन्न दानशालाहरुमा गई बसेर वेस्सन्तरको जय जयकार गरिरहे । जब राजकुमार आए तव ति ६ जना ब्राह्मणहरुले निसन्देहका साथ भने कि "हामी कलिङ्ग देशबाट आएका हौं, त्यहाँ धेरैसमयसम्म पानी परेन, जनताहरु खान लाउन पाएन । जनताहरुले असाध्य दु:ख भोग्नुपऱ्यो । त्यसैले तपाई मंगल हात्ती हामीलाई दान दिनु भयो भने हाम्रो उपकार हुन्छ ।" त्यसपछि राजकुमारले पनि सोचे कि पहिला म सानो हुँदा मेरो शरीरको अंग कसैको उपकार हुन्छ भने दिन्छु भन्ने मनमा आएको थियो । शरीरको अंग भन्दा यो सानै कुरा हो । सो देशको उपकार हुन्छ भने मंगल हात्ती दान दिने निर्णय गरेर दान दिए । हात्ती दान दिंदा हात्तीको गरगहनाहरु अनि हेरविचार गर्ने मानिसहरु सबै दिएर पठाए । हात्ती प्राप्त भएका ब्राह्मणहरु राजकुमारको जय जयकार गर्दै खुशी भएर गए । यता देशमा जनताहरु रिसाए । मंगल हात्तीको कारणले हाम्रो मुलुकमा केही पनि आपतविपत् थिएन । अब के हुने होला ? भनेर सिधै राजाकहाँ गएर राजकुमारको विरोध गरे । "वेस्सन्तर राजकुमारले मंगल हात्ती दान दिएर पठाए, अब राजकुमारलाई दण्ड दिनुपर्छ, देश निकाला गर्नुपर्छ" भनेर राजा कहाँ गएर कराउन थाले । सोही अनुसार राजाले पनि मन नलागि नलागिकन आफ्नो छोरा बोधिसत्व राजकुमारलाई देश निकाला गर्ने



Downloaded from http://www.dhamma.digital

निर्णय गरे। राजाले राजकुमारकहाँ एक जना दूत पठाए। राजकुमारलाई त्यस दूतले भने कि "तपाई नरिसाउनु, तपाईले सेतो मंगल हात्ती दान दिएको हुनाले यस जेतुत्तर राज्यका जनताहरु रिसाए। त्यसैले तपाईलाई वंक पर्वतमा पठाउने भयो।" राजकुमार पनि कति पनि विचलित नभईकन एक समय मागे र मनले चिताए अनुसार दान दिने विचार गरे। त्यसपछि आफ्नो श्रीमतीकहाँ गएर भने कि "तिमीलाई दिएको जति पनि धन सम्पत्तिहरु छन् ति सबै सुरक्षा गरेर राख। आमाबुबाहरुलाई पनि स्याहार सुसार गर्नु, बच्चाहरुको राम्ररी हेरविचार गर्नु। मलाई त भोली नै देश निकाला गर्नेभयो" भनेर भन्दा श्रीमतीले "यो धन सम्पत्ति कसरी सुरक्षा गर्ने नी" भनेर सोधे। अनि राजकुमारले जवाफ दिए कि ती सवै गरगहना दान देउ। दान दियो भने अर्को जुनीमा पनि दान दिन सक्ने हुन्छ। फेरी राजकुमारले भने कि म नहुँदा तिमीलाई मन पर्ने कोहि भए, तिमी उ संग विवाह गरे पनि हुन्छ। यस्तै कुराहरु गर्दा गर्दै उज्यालो भयो। भोलीपल्ट वेस्सन्तर राजकुमार श्रीमती दुवै आमाको कोठामा गए, आमा सतीदेवीले भने कि राजकुमारलाई तिम्रो दोष केहि छैन, तैपनि तिमी त जानैपर्छ। तिम्रो श्रीमती अनि नातिनातीनीहरु छोडेर जाउ। बच्चाहरुले दु:ख सुख केही थाहा छैन। बुहारीले पनि केही दु:ख भोगको छैन, उनीहरुलाई दरवारमा नै छोडेर जाउ। राजकुमारले पनि कसैलाई पनि करकाप गरेर नलाने कुरा व्यक्त गरे। वेस्सन्तर राजकुमारको श्रीमती छोराछोरी कोही पनि वेस्सन्तर विना नवस्ने निर्णय गरी सबैले आमाबुबासंग बिदा मागेर जानलाई तयार भए।

त्यसपछि आमा सतिदेवीले ७ वटा गाडाभरी अमूल्य धनसम्पत्तिहरु जस्तै हिरामोती, सून चाँदी आदिले भरिदिए। रथ पनि चारजना घोडाहरुले तान्न लगाएर पठाए। राजकुमार जाँदा जाँदै पनि याचकहरु आए। बाटोमा जाँदा जाँदै पनि भएभरको सम्पत्तिहरु दान दिए, तैपनि कति पनि विचलित भएन। अझै पनि राजकुमारले आफ्नो श्रीमतीलाई भने कि "याचकहरु कोही आयो भने मलाई भन्नु"। याचकहरुले पनि ७ वटै गाडा मागेरै सकियो। त्यसपछि एउटा रथ र चारवटा घोडा बाँकी रह्यो। त्यो पनि एकजना ब्राह्मण आएर चारवटा घोडाहरु मागे र त्यो पनि दान दिए। वेस्सन्तर राजकुमारको चित्त देखेर देवताहरुले साथ दिए। रथ तान्ने घोडा नभए पछि देवताहरु नै रथ तानेर लगिरहेको बेलामा, त्यो रथ पनि माग्न आए र त्यो पनि दान दिएर



Downloaded from http://www.dhamma.digital

पठाए। अव त आफूसंग केही पनि भएन, जाँदा जाँदै एउटा पाटीमा वास बस्न लागे, वेस्सन्तर राजकुमारको श्रीमतीले राजकुमारको खुट्टा सफा गरिदिएर आफू अलग उभिरहे। त्यहि वेलामा त्यहाँको जनताले वहाँहरुलाई चिनीहाले। पछि ती कुराहरु त्यहाँको राजालाई सूचना गरीदिए र त्यहाँ राजा आएर दरवारमा जाने र आधा राज्य पनि दिने कुरा गरे, तर बोधिसत्व राजकुमारले स्वीकार गरेन। वंक पर्वत जाने बाटोको जानकारी लिई त्यहाँ बाट पनि प्रस्थान गरे। त्यहाँको राजाले पनि सबै कुराहरुको व्यवस्था मिलाई पठाई दिए।

एवंरीतले भए भरको श्रीसम्पत्ति दान दिंदा दिंदै वेस्सन्तर राजकुमारसंग केही बाँकी रहेन। बाँकी रह्यो त छोराछोरी र श्रीमती मात्र। वंक पर्वतमा बस्दै गर्दा एकजना बुढो याचक आएर छोराछोरी पनि मागे। जंगलमा फलफूल टिप्न गएकी मन्दिरादेवी आउन अघि नै उनले नमान्ला भन्ने डरले छोराछोरी दान दिएर पठाए। पछि देवलोकबाट इन्द्र पनि याचकको भेषमा आएर राजकुमारसंग पत्नी पनि मागे। राजकुमारले श्रीमतीलाई पनि मनाएर त्यो याचकलाई दान दिए पनि याचक इन्द्रले त्यही छाडेर गए। यो वेस्सन्तर जातक अलि लामो छ। छोटकरीमा प्रस्तुत गरें। यसरी वेस्सन्तरले भौतिक सम्पत्ति मात्र होइन आफ्ना छोराछोरी र श्रीमती समेत दान दिएका कुरा उल्लेख छ। अरु जातकमा बोधिसत्वले आफ्ना मांस र अंगसमेत दान दिएको उल्लेख छ। यसरी विभिन्न जन्ममा बोधिसत्वको रुपमा जन्म लिई दान पारमिता पूर्णरुपमा पुरा गर्नुभएको छ।


त्यसैले भगवान् बुद्धले भन्नु हुन्छ कि पुण्यको माध्यमबाट मात्र हामीले सुख प्राप्त गर्न सकिन्छ। बुद्ध हुनको लागि दिपंकर बुद्धसंग सुमेध ऋषि भएर प्राथना गरेदेखि विभिन्न पारमी धर्म पूरा गर्दै, पुण्य कार्यहरु गर्दै अन्तिम जन्ममा बुद्धत्व प्राप्त गर्नुभयो। आफूले प्राप्त गरेको ज्ञान वहुजन हित र सुखको लागि देशना गर्नुभयो।

भबतु सब्ब मंगलं।



Downloaded from http://www.dhamma.digital

# सत्पुरुषमा हुने गुणहरु



अनागारिका अग्गज्ञाणी,
अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र
शंखमूल

**"मातापेत्तिभरं जन्तुं, कुले जेट्ठापचायिनं ।
सण्हं सखिलसम्भासं, पेसुणेय्यप्पहायिनं ।
मच्छेरविनये युत्तं, सच्चं कोधाभिभुं नरं ।
तं वे देवा तावतिंसा, आहु सप्पुरिसो इती' ति ।।"**

- वतपदसुत्त

जुन व्यक्तिले रुप, वेदना, संज्ञा, संस्कार र विज्ञानलाई अनित्य, विपरिणाम र समयानुसार फरक भिन्न भएर जाने स्वभाव हो भनी प्रज्ञा ज्ञानले दृढ संकल्पका साथ आत्मसात् गर्दछ, त्यस्तो व्यक्तिलाई सत्पुरुष भनिन्छ। अर्को रुपमा देवधर्मयुक्त व्यक्ति सत्पुरुष हो । सत्पुरुष पृथक्जन भन्दा फरक हुन्छ । उनीहरुको नरक, प्रेत, असुर तथा तिर्यक योनी अर्थात अपाय/दुर्गतिमा कहिल्यै पनि पतन हुँदैन। श्रोतापत्तिफल प्राप्त नगरी उनीहरुको मृत्यु हुँदैन। सत्पुरुषमा हुने गुणहरु निम्न अनुसार छन् -

१) आमाबुबालाई भरणपोषण गर्नु
२) आफ्नो कुलवंशलाई मान मर्यादा राख्नु
३) कोमल र नरम स्वभावको हुनु
४) परस्पर मिलिराखेकाहरुलाई नछुट्याउनु
५) रीसलाई बशमा राख्न सक्नु
६) कपटी/छुच्चा नहुनु र
७) सत्य कुरा बोल्नु



Downloaded from http://www.dhamma.digital

१) आमाबुबालाई भरणपोषण गर्नु - आमाबुबाको गुण अनन्त हुन्छ । आमाबुबालाई सेवा गरी भरण पोषण गर्नुपर्छ । किनभने सबै भन्दा ठुलो सुमेरु पर्वत भनिन्छ, तर आमाबुबाको गुणको अगाडि त्यो पनि सानो हुन्छ । आमाबुबाले मैत्री करुणा राखी छोराछोरीलाई पालन पोषण गर्ने, हुर्काउने, पढाउने, आफ्नो क्षमता अनुसारको काममा लगाउने, उमेर भएपछि विवाह गरिदिने जस्ता काम कर्तव्य पुरा गरेको हुन्छ । छोराछोरीहरुको सफलता देखेर खुसी हुने मुदिता र आफूबाट अलग भएर रहेतापनि उपेक्षा भावमा रहेका हुन्छन् । त्यसैले आमाबुबालाई ब्रह्मा भनिन्छ । मैत्री, करुणा, मुदिता र उपेक्षा गुणहरु भएकालाई ब्रह्मा भनिन्छ । आमाबुबालाई पहिलो गुरु ' मातापितरो पुब्बाचरिया' अनि घरलाई पहिलो पाठशाला पनि भनिन्छ । किनभने आधारभूत शिक्षा घरमा आमाबुवाले गराइन्छ, त्यसपछि मात्र विद्यालयमा जाने  हुन्छ । त्यसैले छोराछोरीहरुले पनि आमाबुबाको स्याहार सुसार गर्नुपर्छ । अहिलेको परिवेशमा श्रीमान् श्रीमती नै बाहिरको काममा जानु पर्ने कारणले पनि आमाबुबालाई वृद्धाश्रममा राख्नेहरु पनि छन् । जव वृद्धावस्था हुन्छ, शारीरिक अवयवहरु कमजोर हुन्छ, तव सहाराको जरुरत र हेरचाह गर्नुपर्ने वेलामा उल्टो वृद्धाश्रममा राखेमा भगवान् बुद्धले त्यस्ता व्यक्तिलाई चण्डाल/वसल भन्नुभएको छ । त्यस्तै पराभव सुत्रमा आमाबुबालाई हेरविचार नगर्ने पतन हुन्छ भन्ने कुरा उल्लेख छ ।

Dhamma.Digital

२. आफ्नो कुलवंशलाई मान मर्यादा राख्नु - आफूभन्दा ठुलाबडालाई आदर गौरव, मान मर्यादा राख्नु सत्पुरुषमा हुने अर्को गुण हो । मान्यजन, ज्येष्ठहरुलाई मान सम्मान गर्नु हाम्रो सनातन परम्परा पनि हो ।

३. कोमल र नरम स्वभावको हुनु - सत्पुरुषहरुमा हुनुपर्ने अर्को तेश्रो गुण हो, कुरा गर्दा कोमल र नरम हुनु । कुरा गर्दा कानमा सुख र आनन्द, मनमा प्रशन्न हुने वचन बोल्नु पर्दछ । आफूलाई जस्तो वचन मन पर्छ, अरुलाई पनि उस्तै वचन प्रयोग गर्नु उपयुक्त हुन्छ । यहाँ एउटा उदाहरण हेरौं ।

वाराणसीमा बोधिसत्व सुजात भन्ने एक राजाको रुपमा जन्मेको थियो । राजा सुजातको वोलीवचन अति नै नरम र मृदुभाषी थियो । तर आमाको



Downloaded from http://www.dhamma.digital

बोलीवचन असाध्य कडा थियो । एक दिन बोधिसत्व राजा र वहाँको आमा बाहिरतिर घुम्न जानु भयो । त्यसवेलामा एउटा रुखमा बसेर हुतित्याँउँ चरा कराई राखेको रहेछ । त्यो हुतित्याँउँ चराको स्वर सारै कडा स्वभावको हुनाले बाटोमा आउने सबैले कान थुनेर जाने र केही पर पुगेपछि कोइलीको सुमधुर स्वरको कारणले एक छिन आराम गरी जाने गरेको देखेर बोधिसत्वको आमाले पछि आफ्नो बोलीमा नम्रता ल्याइन् ।

४. परस्पर मिलिराखेकाहरुलाई नछुट्याउनु - नमिलेकालाई मिलाउनु धर्म हो र मिलेकालाई छुट्याउनु अधर्म हो । पहिले एकजना ऋषिदासी भन्ने केटीको सम्पन्न परिवारमा विवाह भएको थियो । घरमा सबै परिवारलाई गर्नुपर्ने मानसम्मान गर्ने र अन्य कर्तव्यहरु पनि पुरा गर्दागर्दै बस्दा पनि श्रीमानलाई मन परेन । सासु ससुराले जति सम्झाए पनि श्रीमानले मनपराएन, आखिरमा ऋषीदासी माइत नै जानु पर्ने भयो । गएर माइत वसिन् । तर आमाबुवाले माइतमा राखी राख्ने विचार नगरी अर्को केटासंग विवाह गरि दिए । पछि त्यो मध्यम वर्गको केटाले पनि मन पराउन छोडे र संगै बस्न सकेन । तेश्रो पटक फेरि एक भिकारीसंग विवाह भयो । उनले त्यो भिकारीलाई राम्रोसंग पालेर राखे । केहि समय पछि त्यो भिकारीले पनि भने- "म यहाँ बस्दिन । मलाई पहिलाको मेरो लुगा देउ, म जान्छु भन्न थाल्यो । भिकारीले पनि छोडेर गए । एकदिन ऋषीदासी झ्यालमा बसेर तोलाएर बसिरहेको बेलामा एकजना भिक्षुणीलाई देखिन् । भिक्षुणीलाई बोलाएर दान धर्म गरिन् । पछि आफू पनि आमाबुबासंग स्वीकृति लिएर भिक्षुणी हुन गइन् । भिक्षुणी भएको ७ दिनमा उनी अरहन्त भई पहिलाको जुनीको कुराहरु पनि थाहा पाउने भइन् । पहिलाको जुनीमा कान्छी श्रीमतीको रुपमा विबाह भएको थियो । विबाह भएको केही समय पछि आफ्नो श्रीमान् र जेठी श्रीमतीको बीचमा फाटो ल्याईदिएको कारणले गर्दा अहिलेको समयमा आफू श्रीमानसंग छुटेर बस्नु परेको कुरा थाहा पाइन् । त्यसैले सत्पुरुषहरुले नमिलेकालाई मिलाउने र मिल्नेलाई झन नजिक बनाईदिने काम गर्नुपर्ने हुन्छ । पैशुन्यभाषी हुनु हुँदैन ।

५. रीसलाई बशमा राख्न सक्नु- रीसलाई संयममा राख्नु अर्को गुण हो ।



Downloaded from http://www.dhamma.digital

रिसाएको बेलामा शरीर, वचन र मनले गर्न नहुने काम कुरा हुन्छ। रीसको झोकमा हत्या पनि हुन्छ। पछि पश्चाताप गर्नुपर्ने हुन्छ। त्यसैले रिसाएको वेलामा त्यस व्यक्तिको गुण सम्झेर मैत्री भावना गर्दा राम्रो हुन्छ। ध्यान भावना गरी रीसलाई बशमा राख्न सक्ने गुण प्रवर्धन गर्न सकिन्छ।

एकजना भिक्षुले विहार बनाउनको लागि रुख काट्न लागे। त्यसै बेलामा बृक्षदेवता प्रकट भएर रुख नकाट्नु भनेर प्रार्थना गरे। तर भिक्षुले नमानेकोले आफ्नो बच्चा अगाडि राखिएमा रुख काट्दैन कि भनेर आफ्नो वच्चा अगाडि राखि दिए। भिक्षुले हानेको हतियारको प्रहारले बच्चाको एउटा हात काट्न पुगे। बृक्षदेवताले भिक्षुलाई रीसको कारणले मार्ने बिचार गरे तर नरकमा पतन हुने सोचेर आफ्नो रीसलाई नियन्त्रणमा राखी भगवान् बुद्धकहाँ पुगेर सबै कुरा सुनाए। भगवान् बुद्धले ती बृक्षदेवतालाई रीस नियन्त्रण गरिएकोमा साधुकार व्यक्ति गर्नुभयो र भन्नुभयो - "रथ चलाउँदा बाटोमा खाल्टाखुल्टी आउँदा पनि नरिसाईकन संयमका साथ रथलाई राम्रोसंग लान सक्नेलाई नै राम्रो सारथी भनिन्छ। जस्तै रीसले फलामको तातो डल्लाले अरुलाई हान्न खोज्दा आफैलाई पहिला पोल्छ, त्यसैले रीसले अरुलाई भन्दा आफैलाई हानी हुन्छ।"

६. कपटी/छुच्चा नहुनु - मानिस अरुले सुख पाउँछ कि, अरुले पुण्य कमाउँछ कि, पैसा नाम कमाउँछ कि भनेर ईष्या गर्नु हुँदैन। आफूले पनि पुण्य गर्नुपर्छ र अरुले गरेको दानपुण्य देखेर खुसी हुनु सत्पुरुषमा हुने अर्को गुण हो। कपटी/छुच्चा हुनाले कसैको भलो हुँदैन।

७. सत्य कुरा बोल्नु- हामीले जहिले पनि अर्काको विश्वासको पात्र बन्न, आदर गौरव प्राप्त गर्न सत्यवादी हुनुपर्दछ। असत्यबादी हुनु शीलको उलंघन हुनु हो, झुट बोल्नाले हुने कर्म विपाकलाई ख्याल राखेमा, ख्याल ठट्टामा पनि झुट नबोल्नु भन्ने भगवान्को शिक्षालाई याद राख्न सकेमा सत्यवादी भई सत्पुरुषको मार्ग अनुशरण गर्न सहज हुन्छ।

तथागत सम्यक्सम्बुद्धले वतपदसुत्तमा भिक्षुहरुलाई आज्ञा गर्नुभएको "मातापेत्तिभरं जन्तुं ............... सम्पुरिसो इती' ति" गाथा अनुसार जस्ले



Downloaded from http://www.dhamma.digital

आमाबुबालाई भरणपोषण गर्दछ, कुलका ज्येष्ठहरुलाई सम्मान गर्दछ, जसमा मधुर र नम्र बोली हुन्छ, जसले चुगली गर्दैन, जसले मात्सर्य (कन्जूसी) चित्त त्यागदछ, जसले जीवनभर सत्यवादी भई क्रोधलाई संयममा राख्दछ, त्यो सत्पुरुष हो। भिक्षुहरुलाई भगवान् फेरि आज्ञा गर्नुहुन्छ- "भिक्षुहरु ! शक्र देवेन्द्रले पहिले मनुष्य भएको समयमा यही सातवटा व्रत राम्रोसंग पालन गरेको हुनाले शक्रत्वमा पुग्न सफल भएको हो।" त्यसैले भगवान् बुद्धले सब्भिसुत्तमा देवताहरुलाई आज्ञा गर्नुभएको छ-

**"सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्थवं।**
**सतं सद्धम्ममञ्ञाय, सब्बदुक्खा पमुच्च' ति॥"**

अर्थात सत्पुरुषहरुको संगत गर्नु, सत्पुरुषसंग मित्रता गास्नु अनि सत्पुरुषहरुको सद्धर्मलाई चिन्न सकेमा सबै दुःखबाट प्रमुक्त हुन्छ।


भवतु सब्ब मंगलं।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चूलसच्चकसूत्र



भिक्षु पञ्ञारत्न स्थविर
सुमंगल विहार
ललितपुर

**"रूपं भिक्खवे अनिच्चा, वेदना अनिच्चा, सञ्ञा अनिच्चा, संखारा अनिच्चा, विञ्ञाणं अनिच्चा, रूपं भिक्खवे अनत्ता, वेदना अनत्ता, सञ्ञा अनत्ता, संखारा अनत्ता, विञ्ञाणं अनत्ता"**

मज्झिमनिकाय चूलसच्चकसुत्रमा उल्लेख भए अनुसार लिच्छवि, भगवान् बुद्धद्वारा प्रशंसित राज्यहरुमा पर्ने राज्य । भगवान् बुद्ध बैशालीमा रहनु भएको समयमा त्यहाँ तर्कवितर्क, वादविवाद गर्नमा नामी र प्रसिद्धि पाएका एक चूलसच्चक निगण्ठपुत्र थिए । प्राय: सबैबाट मानसम्मान पाएका निगण्ठपुत्र बैशाली परिषदमा पनि गएर भन्थे कि मसंग तर्कवितर्क, वादविवाद गर्दा कम्पन नहुने, काखीबाट पसिना ननिकाल्ने कोही पनि श्रमण, ब्राह्मण अर्थात पुरुष छैन । मानिसको के कुरा, अचेतन वस्तुसंग वाद आरोप गरे त्यो पनि कम्पन हुनेछ । यस्तो घमण्डी र अभिमानी निगण्ठपुत्रले एक दिन सानो उमेरका अस्सजि भिक्षु भिक्षाटन गरिरहेको देखे । उनले भिक्षु अस्सजिको नजिक गएर भने "भो अस्सजि ! श्रमण गौतम आफ्ना श्रावकहरुलाई के, कुन प्रकारले उपदेश दिन्छन् ?" यस्तो निगण्ठपुत्रको प्रश्न सुनेपछि भिक्षु अस्सजिले जवाफ दिए- "भिक्षु हो ! रुप अनित्य, वेदना अनित्य, संज्ञा अनित्य, संसार अनित्य, विज्ञान अनित्य । भिक्षु हो ! रुप अनात्म, वेदना अनात्म, संज्ञा अनात्म, संस्कार अनात्म र विज्ञान अनात्म छ । सबै अनित्य र अनात्म हुन्" भनेर उपदेश गर्नुहुन्छ ।

सबै नित्य र सबैको आत्मा छ भन्ने शिक्षाबाट प्रभावित चूलसच्चक भिक्षु अस्सजिको जवाफ अयोग्य लाग्यो, विपरित लाग्यो । पछि ५०० लिच्छविहरु रहेका संस्थागार गएर उनले भने कि लिच्छविहरु ! तपाईहरु सबै आउनुहोस्, आज मेरो श्रमण गौतमसंग वादविवाद, तर्कवितर्क हुनेछ । म श्रमण गौतमलाई



Downloaded from http://www.dhamma.digital

हराएर बलवान् मानिसले लामो रौं भएको च्यांँग्रालाई रौं समाती अगाडि पछाडि ताने जस्तै, जाँड रक्सी पकाएको भाँडोलाई पानीमा डुवाई अगाडि पछाडि तानेर सफा गरे जस्तै, मत्ताहात्ती गहिरो पोखरीमा गएर मनपरी चले जस्तै, रक्सीले मात्तिएको व्यक्ति पोखरीमा गई मनलागी गरे जस्तै खेलाउँला, तानुँला। निगण्ठपुत्र चूलसच्चक ५०० लिच्छवि राजकुमारहरु संगै लिएर भगवान् बस्नु भएको ठाउँमा गएर उनले भने "यदि तपाई गौतमले मेरो प्रश्नको उत्तर दिने वचन दिनुहुन्छ भने तपाईसंग केही कुरा सोध्न चाहन्छु।" भगवान्ले जे चाहन्छौ सोध भने। सच्चकले सोधे "तपाई कुन प्रकारले श्रावकहरुलाई उपदेश दिनु हुन्छ ?" भगवान्ले आज्ञा गरे- "भिक्षु हो ! रुप अनित्य हो, सबै धर्म अनात्म हुन्।"

चूलसच्चकलाई चित्त बुझेन र एउटा उपमा राखे, कि कुनै बीउ र जरोबाट पलाउने सबै पृथ्वीकै आधारमा बसेको हुन्छ, बलबाट गर्नुपर्ने काम पृथ्वीकै आधार लिएर भएको हुन्छ र रुपात्मा भने पुरुषले रुपमै बसेर, वेदनात्मले वेदनामै बसेर, संज्ञात्माले संज्ञामा बसेर, संस्कारात्मा भन्नेले संस्कारमै बसेर र विज्ञानात्माले विज्ञानमै बसेर पुण्य अपुण्य लाभ गर्छ। भगवान्ले भन्नुभयो, त्यसो भए तिमीले रुप मेरो आत्मा, वेदना मेरो आत्मा, संज्ञा मेरो आत्मा, संस्कार मेरो आत्मा, विज्ञान मेरो आत्मा हो भनेको हो ? हो गौतम ! म यसो भन्दछु भनेर चूलसच्चकले भने। यसपछि भगवान्ले चूलसच्चकलाई तिमीलाई जस्तो लाग्छ त्यस्तै भन भनेर आज्ञा गर्नुभयो कि जसरी कोशल राजा, मगध राजाले कुनै अपराधिलाई आफूले चाहे अनुसारको दण्ड दिन लगाउँछ अनि आफूले चाहे अनुसार आफ्नो राज्य चलाउँछ। यसमा तिमी के भन्छौ? चूलसच्चकले त्यस्तो हुन्छ र हुनुपर्दछ पनि भनेर भने। भगवान्ले फेरि भन्नुभयो, त्यसो हो भने रुप मेरो आत्मा हो, रुपमा मेरा वश छ, रुप यस्तो होस्, उस्तो होस् भन्न मिल्छ ? भनेर भने। निगण्ठपुत्र चूलसच्चक चुप लागे। भगवानले दोश्रो पटक सोध्दा खेरि पनि चुप बसे। तथागत्ले ३ पटकसम्म कारणसहित सोध्नु भएको कुराको जवाफ दिँदैन भने टाउको सात टुक्रा हुन्छ भनी ज्वाला, तेज निस्केको वज्रपाणि यक्षलाई अधिष्ठान गरी उनको अगाडि उभ्याए। अनि डराई, रौं ठाडो पारी "भो गौतम ! रुप वशमा छैन" भने। भगवानले उनलाई पहिलेको कुरा र अहिलेको कुरामा मेल खाएन। राम्ररी विचार गरी भन भनेर वेदना मेरो आत्मा



Downloaded from http://www.dhamma.digital

हो, यसमा मेरो वश छ ? भन्न मिल्छ भनेर सोधे र उनले वशमा छैन भनेर उत्तर फर्काए। यसै गरी संज्ञा, संस्कार, विज्ञानको प्रश्नमा चूलसच्चकले बशमा छैन भनी जवाफ दिए। फेरी भगवान्को रुप, वेदना, संज्ञा, संस्कार र विज्ञानको विषयमा अनित्य तथ्य स्वीकारे। अनित्य दुःख अनि अनात्म भन्ने कुरालाई पनि चूलसच्चकले आत्मसात् गरे।

तथागतले अन्तमा निगण्ठपुत्रलाई आज्ञा गरे कि जसरी सार खोज्ने पुरुषले फल्गु खोज्न बन्चरो लिएर वनमा केराको बोट काट्छ, तर फल्गु पाउँदैन, त्यसरी नै तिमी खोक्रो भयौ; पराजित भयौ भनेपछि निगण्ठपुत्र चुप लागी शिर निहुर्‍याई बसे।

निशव्द चूलसच्चकलाई देखेर एक लिच्छवि राजकुमार दुर्मुखले एउटा उपमा भन्न मनलाग्छ भने पछि भगवान्ले भन भने। उनले भने कि एउटा पोखरीमा एउटा गँगटो छ। त्यहाँ केही केटाकेटी गएर पोखरीबाट गँगटोलाई झिकी भुइँमा राख्छ। अनि गँगटोले अगाडि जान जुन जुन खुट्टा बढाउँछ, त्यस त्यसलाई कुनै वस्तुले भाँचि पोखरीमा फाले जस्तै भगवान्ले पनि निगण्ठपुत्रको दृष्टि भाँचि दिनुभयो। यस्तो दुर्मुखको कुरा सुनेपछि चूलसच्चकले दुर्मुखलाई चुप लाग दुर्मुख चुप लाग भने। अनि भगवान्ले मेरा श्रावकहरुलाई भित्र, बाहिर, स्थूल, सूक्ष्म, हीन, प्रणीत, टाढा नजिकका सबै रुपलाई न मेरो हो, न म हुँ, न मेरो आत्मा हो भन्ने कुरा यथार्थ सम्यक्प्रज्ञाद्धारा हेर्न उपदेश दिन्छु। अनि जस्ले यस कुरालाई प्रत्यवेक्षण गर्छ, आत्मसात् गर्छ, उसलाई शास्ताको शासनमा कसैको प्रत्यय (मद्दत) नचाहिने हुन्छ भनी आज्ञा गरे।

तथागत् सम्यक्सम्बुद्धले दुःख आर्य सत्यमा अन्य दुःखका साथै पञ्चस्कन्धरुपी शरीर धारण गर्नु दुःख हो भनेर आज्ञा गर्नु भएको पाइन्छ। रुप, वेदना, संज्ञा, संस्कार र विज्ञानलाई पञ्चस्कन्ध भनिन्छ। रुप भनेको कुनै वस्तु या प्राणीको बाहिरी स्वरुप/आकार हो। वेदना भनेको अनुभूति हो। संज्ञा भनेको चित्तलाई चिनाउने/थाहा दिने र संस्कार भनेको पूर्व कर्मको कारण उत्पति हुने मानसिक धर्म, राग, द्वेष र मोहप्रति हुने क्रिया प्रतिक्रिया र विज्ञान भनेको मन/चेत हो। इन्द्रियहरुको जब आफ्ना विषयहरुसंग टकराव हुन्छ,



Downloaded from http://www.dhamma.digital


जस्तो आँखाको रुपसंग, कानको ध्वनीसंग, नाकको गन्धसंग, जिभ्रोको स्वादसंग, छालाको स्पर्शसंग र मनको विचारसंग त्यसबेला पञ्चस्कन्धले आफूले गर्ने कर्म गरी अविद्याको कारणले चित्तमा/मनमा राग, तृष्णा उत्पत्ति गराउँदछ। त्यसमा आशक्त भई कर्म हुन्छ र उपादान बन्छ। फलस्वरुप भवसागरमा बारम्बार पुनर्भव भई दु:खलाई अंगालिरहेको हुन्छ। प्रज्ञाद्धारा पञ्चस्कन्ध अनित्य हो, दु:ख हो, न म हुँ, न मेरो हो, न मेरो आत्मा हो भनेर भगवान्ले आज्ञा गर्नुभए जस्तै गरेर चिन्न नसकेसम्म दु:खबाट पार हुन सम्भव छैन। आफूलाई राम्रो लागेका कुरा राम्रो हो र त्यसको विपरित परिणाम जानेर अलग हुने स्वभाव धर्मको विकाश गर्न सकेमा दु:खबाट टाढिन्छ। यसरी अस्साद, आदिनव र निस्सरणलाई ग्रहण गर्न सकेमा मात्र पञ्चस्कन्ध उपादानबाट बच्न संभव हुन्छ। अर्हन्त अनि बुद्धले उपादनबाट टाढा रहेकै कारणले अरहन्त र बुद्ध हुन संभव भएको हो। जसरी एउटा जंगलमा कसैले पात, हाँगा बटुलेर लग्यो भने हामीलाई काम लाग्ने वस्तु होइन, मेरो होइन भनेर मतलब राख्दैनौ अर्थात त्याग्छौं, त्यसरी नै रुप, बेदना, संज्ञा, संस्कार एवम् विज्ञानलाई म होइन, मेरो होइन र मेरो आत्मा होइन भनेर त्याग्न सक्नुपर्दछ। त्यसैल तथागत् सम्यक्सम्बुद्धले यथार्थ र मूल रुपमा दु:खलाई बोध गराउन, भवसागरबाट पार लगाउन, पञ्च इन्द्रियलाई दमन गर्न, जीवन संयममा रहन र निर्वाणलाई साक्षात्कार गर्न ज्ञान, शिक्षा र उपदेश दिनुहुन्छ भन्ने कुरा बुझ्नु आवश्यक छ।

भवतु सब्ब मंगलं।



Downloaded from http://www.dhamma.digital

# पुग्गलपञ्ञति



**भिक्षु धर्मगुप्त महास्थविर**
**बौद्ध जन विहार**
**सुनाकुठी**

**गुँलाको अर्थ हो गुण धर्म संचय गर्ने समय । यस समयमा उपासक उपासिकाहरुको गुण वृद्धि गर्ने हेतुले केही कुराहरु भन्न चाहन्छु । कतञ्ञु कतवेदि पुग्गलो अर्थात लोकस्मि दुलब्भो । यो संसारमा गुण सम्झिने मानिसहरु अति दुर्लभ छन् । गरेका गुण थाहा नभएकाहरुसंग बस्नु सबैभन्दा ठुलो दुःख हो । बरु फोहरको दुंगुरमा बस्दा आनन्द हुन्छ, तर कृतघ्न व्यक्तिहरुसंग बस्न धेरै पीडादायी हुन्छ । धेरै पैसा भएता पनि मनमा आनन्द भएन भने सुखको अनुभूति हुँदैन ।**

**पाली भाषामा 'पुग्गल' भनेको व्यक्ति र 'पञ्ञति' भनेको थाहा पाउनु । पुग्गलपञ्ञति भनेको व्यक्तिबारे थाहा पाउनु भन्ने हो । यस ग्रन्थमा चार प्रकारका व्यक्तिहरु बारे वर्णन गरेका छन् । संसारका मानिसहरुलाई मुसासंग उपमा गरेर यस पुग्गलपञ्ञतिमा व्याख्या गरिएको पाइन्छ ।**

**मुसाहरु धेरै जसो खेतबारीमा बस्छन् । यसरी खेतबारीमा बस्ने मुसाहरु चार प्रकारका हुन्छन् । एक प्रकारको मुसा खेतमा दुलो खनेर मात्र बस्छन् । एक ठाउँमा दुलो खन्यो । फेरि अर्को ठाउँमा खन्यो । खनेको दुलोमा आफू नबस्ने खालका हुन्छन् । अर्को थरिका मुसा अरुले खनेको ठाउँमा गएर आरामले बस्ने । तेश्रो थरिका मुसा आफै दुलो खन्ने आफै बस्ने । आफ्नो मेहनतमा विश्वास गर्ने खालका । चौथो थरिका मुसा दुलो पनि नखन्ने अरुको ठाउँमा गएर पनि नबस्ने । यिनीहरु घुमन्ते खालका मुसाहरु । नेपालका थारु समुदाय र चाइनामा खेत मुसा समातेर मासु खाने चलन छ । अनि मानिसको आहार स्वरुप सबभन्दा पहिला कुन थरिका मुसा पर्छन् ? अवश्य चौथो थरिका । किनभने**



Downloaded from http://www.dhamma.digital

दुलोमा नबसी यता उता घुम्दै बस्ने मुसा नै मानिसको नजर र जालमा पर्छन् र प्राण आहुति दिन्छन् ।

अब सोच्नुस्, भन्नुस् यी चार थरिका मुसामा राम्रो प्रकारका मुसा कुन हो ? उपासिकाले उत्तर दिइन् आफै दुलो खनी आफै बस्ने । भन्तेले फेरि सोधे किन अर्काले खनेको दुलामा आरामसंग बस्न जाने मुसा ठिक छैन र दुःख पनि गर्नु पर्दैन । पहिलो नम्बरको मुसा मेहेनत गर्न मात्र जान्ने सम्पत्ति उपभोग गर्न नजान्ने । दोश्रो नम्बरको मुसा अरुले खनेको दुलोमा बस्न जाने भनेको आफू मेहेनत नगर्ने अल्छी खालका । त्यस्तो प्रकारका व्यक्तिले केही प्रगति गर्दैन । तेश्रो नम्बरका मुसा अर्थात व्यक्ति मेहेनती र साथ साथै दुःखले आर्जेको सम्पत्ति भोग गर्न जान्ने खालका । चौथो नम्बरका मुसा अर्थात व्यक्ति कुनै कामका लागि काम नलाग्ने । न आफूलाई काम गर्छन् न त अरुलाई नै । अब आ-आफैले सोच्नुस् आफू कुन नम्बरको मुसा हो ?

हाम्रो समाजमा एक नम्बरका मुसाहरु पनि धेरै छन् । धेरैजसो आमाबुबा आफ्नो छोराछोरी नाति पनातिहरुको लागि श्री सम्पत्ति जोड्छन् । दुःख मेहेनत गरी कमाएका धन सम्पत्ति आफै भोग नगरी भावी सन्ततिको लागि भनेर साँध्छन् । आफ्ना छोराछोरीको लागि भनेर खाई नखाई दान धर्म पुण्य कार्यको लागि एक पैसा खर्च नगरी धन सम्पत्ति जोड्छन् । अन्तमा ती छोराछोरीले बुढेसकालमा आमाबुबा भनेर हेरेको पनि हुँदैन । पाटीमा लगेर, वृद्धाश्रममा लगेर छोड्छन् अनि पश्चातापका जीवन जिउन बाध्य हुन्छन् ।

दोश्रो नम्बरका मुसा पहिलो नम्बरका मुसाका छोरा छोरी नै हुन् । अर्थात आमाबुबाले बनाएका महलमा बस्ने । आफै केही नगर्ने । आमाबुबाले छोराछोरीलाई मेहेनत गर्नुपर्छ भनि सिकाउने गरेन । छोराछोरीले दुःख पाउला भनी आफै दुःख गरी छोराछोरीलाई सुख दिन खोजे । छोराछोरीले सुख त पाए, तर दुःख गर्न जानेन अन्तमा वृद्धवृद्धा आमाबुबा ती छोराछोरीलाई नै घाँडो हुन्छ र वृद्धाश्रममा लगेर छोड्दिन्छ । आरामसाथ दुःख नगरी पाएको धन सम्पत्तिको मूल्य ती छोराछोरीले थाहा पाउँदैन । उनीहरुले ती धनसम्पत्ति सजिलै उदाउँछन् । यहाँ निर एउटा बुद्धकालीन घटना सुनाउँछु ।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्ध इसिपतन बस्नु भएको समयमा त्यस गाउँमा एक जना महासेठ ८० करोडको धनी थिए । उसले छोरालाई केही सीप नसिकाई सुख चैनमा मात्र राखे । एसोआराम गर्न मात्र सिकाए । ८० करोड तिम्रो जीवनमा खर्च गरेर सकिँदैन भनी तिमी मनोरञ्जन लिएर जिन्दगी जिउनु भनी बुबाले भने । १८ वर्ष पुग्दा त्यस्तै ८० करोडको धनी केटीसंग विवाह गरिदिए । महासेठले छोरालाई ती ८० करोड हस्तान्तरण गरिदिए । छोरा सेठ पनि खाईपिई घुमफिर गरी आरामसाथ जिन्दगी विताइरहे । ती गाउँका वरपर जँड्याहाका झुण्ड बस्थे । उनीहरुलाई खानपिउनको लागि पैसाको कमी थियो । विभिन्न मनोरञ्जन क्रियाकलाप गर्दै बसेका छोरा सेठलाई हाम्रो साथी बनाएर सेठसंगै पिउन पाए हामीलाई खानपिनको कुनै समस्या हुँदैन । यस्तै कुरा गर्दै एक दिन छोरो सेठ आउने जाने बाटोमा बसी सेठ आएको बेला उसको जयजयकार गरे । सेठले आफ्नो जय जयकार सुनेर उनीहरु को हो? किन मेरो जय जयकार गरिरहेको भनी आफ्ना सेवकसंग सोधे । सेवकले तिनीहरु जाँडरक्सी खाएर मात्तिएर हजुरको जयजयकार गरेको भने । जाँडरक्सी खाए पछि कस्तो हुन्छ भनेर सोधे । सेवकले पनि आनन्द आउँछ भने । महलमा पुगेर जाँडरक्सी मगाउन थाले सेठले । अलि आनन्द महसुस भयो सेठलाई, सेठले एक्लै पिउनु भन्दा ती गाउँका जँड्याहाहरुसंग मिलेर पिउँदा अझ आनन्द आउँछ भनी उनीहरुलाई बोलाउन लगाए । अब विस्तारै विस्तारै दिनदिनै समूहमा पिउन थाले । फरमाइस पनि बढ्दै गए । खानपिन संगै नाचगान पनि गराउँदै गए । क्रमशः ढुकुटी रित्तिदै गए, रित्तिदै गए । आफ्नो मात्र होइन श्रीमतीको सम्पत्ति पनि सखाफ भए । आम्दानी छैन खर्च मात्र भइरह्यो, गरिरह्यो भने ढुकुटी रित्तिनुमा धेरै समय लाग्दैन । अन्तमा सेठसंग पैसा सकिए पछि ती जँड्याहा साथीहरुले पनि सेठलाई छाडेर गए । खान नपाए पछि माटोको भाँडो समाएर माग्न जान थाले । एकदिन माग्दै माग्दै इसिपतन विहार नजिक गए । त्यहाँ श्रामणेरहरुले खाएर फालेका खाना खाईरहेको भगवान् बुद्धले देखे । भगवान् बुद्ध मुसुक्क हाँसे । आनन्द भन्तेले भगवान् किन हाँस्नु भएको भनी सोधे । अनि भगवान बुद्धले "आनन्द उ त्यो माग्ने मान्छेलाई देखेर हाँसेको भने । यदि त्यो व्यक्ति पहिलो वैशमा त्यागी भएको भए अरहन्त, दोश्रो वैशमा त्यागी भएको भए अनागामी र तेश्रो वैशमा त्यागी भएको भए सकृदागामी हुन्थ्यो । यसै गरि



Downloaded from http://www.dhamma.digital

उक्त सेठ यदि पहिलो वैशमा उद्यमी भएको भए त्यो देशको सबभन्दा धनी, दोश्रो वैशमा भएको भए दोश्रो र तेश्रो वैशमा भएको भए तेश्रो धनी व्यक्ति हुन्थ्यो । तर उसले कुनै समयमा पनि आफ्नो धन कँही पनि लगानी गरेन । उल्टो जँड्याहाहरुको संगतमा लागेर सबै धन सम्पत्ति विनाश गरेर अहिले जिउनको लागि मागेर खानु पर्ने अवस्था आईपुग्यो भनेर भन्नुभयो ।"

यस घटनाबाट हामीले के सिक्नु पर्दछ भने जति नै धन सम्पत्ति भए पनि यदि त्यसलाई सही तरिकाले सदुपयोग गरेन भने त्यो क्षीण भएर जानेछ। असत् दुर्जन व्यक्तिहरुको संगतमा पऱ्यो भने पनि धनसम्पत्ति नाश नै हुनेछ। आफू खाई नखाई एकजरो राम्रो लुगा नलाई आफ्ना छोराछोरी नाति पनातिलाई भनेर धनसम्पत्ति जोरजाम गरे पनि ती छोराछोरीले सही तवरले सदुपयोग गरेन भने धन सम्पत्तिमा दुलो मात्र खन्ने मुसाले दुःख पाउँछ पाउँछ र साथै छोराछोरीले पनि सेठले जस्तै दुःख पाउँछ। त्यसैले आफैले कमाउ। दानादि धर्म लागि पनि सदुपयोग गरौं । छोराछोरीलाई चाहिन्छ भनेर कसैलाई एक कौडी दान नदिई राख्नाले कसैलाई भलो गर्दैन ।

चौथो नम्वरको मुसा सरह हामी भएमा पनि हामीलाई न त इहलोकमा राम्रो हुन्छ न त परलोकमा । किन कि यी मुसा केही नगरी यताउता गई त्यहाँबाट हुन्छ कि यताबाट हुन्छ आफ्नो गुजारा मात्र तारेर बस्छ । हाम्रो समाजमा यस्ता खालका मानिसहरु पनि छन् । जसले न त आफूलाई न त परिवार समाजलाई काम लाग्ने काम गर्छ। यताउता जान्छ गफ हान्छ। समय बर्वाद गर्छ। यस्ता खालका मानिसको प्रगति हुँदैन ।

तेश्रो नम्बरका मुसा अर्थात दुलो पनि आफै बनाउने त्यसमा आफै बस्ने खालका यानी वीर्य गुणले भरिपूर्ण, उत्साहले परिपूर्ण। तर हाम्रो समाजमा धेरै जसो आफूले वीर्य नगरी सजिलोसंग भगवान्संग प्राथना गर्ने प्रवृत्ति भएका व्यक्तिहरु छन् । हामी ढुङ्गाका मूर्ति अगाडि बसेर पूजाआजा गरी प्रार्थना गर्ने प्रचलन धेरैको छ । भाकल गर्ने चलन छ । यहाँनिर एउटा चाइनाको घट्ना सुनाउन चाहन्छु ।

एउटा परिवारमा नातिनी अलि पढाईमा कमजोर थिइन् । उनकी



Downloaded from http://www.dhamma.digital


हजुरआमाले चीनको एक ठाउँको विद्याको लागि पुजिने देवताकहाँ लगेर पूजाआजा गरेर सधैं माग्ने गर्थिन् कि हे भगवान्! मेरा नातिनीलाई अंग्रेजी र गणितमा राम्रो अंक ल्याउन मद्दत गर्नुस। यदि मेरी नातिनी अंग्रेजी र गणितमा राम्रो नम्बर ल्याएर पास भएमा म यो भन्दा राम्रोसंग पूजा गर्नेछु भनी भाकल गरिन्। नातिनीले जाँच पनि दिइन्। नतिजा पनि आयो। अंग्रेजी र गणितमा फेरी आलु ल्याइन्। हजुरआमालाई रीस उठ्यो। भगवान् कहाँ गइन् र बेस्सरी भगवान्लाई गाली गरिन्। ढुङ्गा मूर्तिको अगाडि बसेर गाली गरिरहेको देखेर एकजना युवक मूर्ति पछाडि गएर बोल्न थाले, हे उपासिका ! म कसरी तिम्रो नातिनीलाई अंग्रेजी र गणितमा राम्रा नम्बर ल्याउन मद्दत गर्न सक्थें। म आफैलाई त अंग्रेजी र गणितको ज्ञान छैन कमजोर छु। आफूसंग नभएको म अरुलाई कसरी दिन सक्छु भने। यो सुनेर हजुरआमा झसङ्ग भइन् र आफ्नो नातिनीलाई मेहनत गर्न लगाएर सफल बनाए। यस प्रसंगबाट पनि हामीले के सिक्नु पर्दछ भने भगवान् सम्झेर ढुङ्गा मूर्ति अगाडि पूजापाठ गर्दै, भाकल गर्दै माग्दैमा सबै कुरा पाउने होइन। आफूले चाहेको कुरा पाउन कर्म नै गर्नुपर्दछ। मेहेनत नै गर्नुपर्दछ। सिर्फ प्रार्थनाले मात्र केही पनि हुँदैन। मसंग नभएको मागेमा मैले दिन सक्छु त? अवश्य सकिदैन। जसले मागे पनि भएको चीज मात्र दिन सकिन्छ। धन सम्पत्ति ढुङ्गा मूर्तिको भगवान्संग कहाँ हुन्छ र ? अनि नभएको त्यो चीज हामीले प्रार्थना गर्यो भन्दैमा कसरी दिन्छ त ? आफ्नो कर्ममा विश्वास गर। मेहेनतमा विश्वास गर। त्यसपछि आफूले खोजेको धन सम्पत्ति पाउन सकिन्छ। हामी पनि तेश्रो खालको मुसा बन्न सिक्नु पर्दछ। हामी सबैजना मनलाई बलियो बनाई परिश्रम गरी सफल बनी माग्ने होइन दिने खालको व्यक्ति बन्नु पर्दछु। अनि दानादि कुशल कर्म गरी मर्ने बेलामा पनि चैनसाथ आँखा, मुख बन्द गरी मर्न सकिन्छ।

भवतु सब्ब मंगलं।



Downloaded from http://www.dhamma.digital

# पुण्य सञ्चय गरौं



भिक्षु पञ्ञामुर्ति महास्थविर
आनन्दकुटी विहार
स्वयम्भू

**"पुञ्ञञ्चे पुरिसो कयिरा, कयिरा नं पुनप्पुनं ।**
**तम्हि छन्दं कयिराथ, सुखो पुञ्ञस्स उच्चयो ।।"**

-धम्मपद (११८)

पवित्र, शुद्ध, शुभ, असल कर्म जसले यस लोक अनि परलोकमा समेत शान्ति, आनन्द, मन हलुका हुने फल दिन्छ, त्यसलाई पुण्य भनिन्छ । जसरी कुनै वस्तु, व्यक्तिको छायाँ हुन्छ, त्यसरी नै पुण्यको फल पनि तरङ्ग आए जस्तै परिस्थिति अनुकूल बनेर पछि आउँछ । पुण्यलाई तरङ्ग मार्फत कसैलाई दिन पनि सकिन्छ । पुण्यानुमोदन यसको एक उदाहरण हो ।

चार्ज गरिएको एउटा व्याट्री जस्लाई त्यसै छोड्यो भने चार्ज क्रमशः सकिदै जान्छ, त्यसरी नै मानिसले सञ्चय गरेका पुण्य पनि क्रमशः ह्रास हुँदै जान्छ । चार्ज गरिएको व्याट्रीको चार्ज सके पछि फेरि रिचार्ज गर्नुपरे जस्तै मानिसले पुण्य पनि फेरि फेरि गर्नुपर्दछ । त्यसैले मानिसले पुण्यलाई पुनः पुनः गर्नु पर्छ भनेर भगवान् बुद्धले जोड दिनुभएको हो ।

मानिसको वर्तमान र भावी जीवन निर्धारणमा पुण्यको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले पुण्यकै आधारमा भावी जीवन हुन्छ भन्नु अत्युक्ति/अतिशयोक्ति नहोला । बुद्धको सयममा एक धम्मिक उपासक, जो पुण्य कर्म गर्नमा सदैव प्रशन्न रहन्थ्ये/धर्म श्रवण गर्न तृप्त हुँदैनथे, को मृत्यू हुने समयमा ६ देवलोकबाट ६ वटा रथहरु आई हाम्रो देवभवन आऊ भनी देवताहरु कराईरहे । बुद्ध



Downloaded from http://www.dhamma.digital

मातापिताहरु बसेको तुषितभवन रहेको हुनाले धम्मिक उपासक पनि त्यही रथमा प्रतिष्ठित भए । त्यसैले धम्मपदमा भनिएको छ-

**"इध मोदति पेच्च मोदति, कतपुञ्ञो उभयत्थ मोदति ।**
**सो मोदति सो पमोदति, दिस्वा कम्मविसुद्धमत्तनो ।।"**

– धम्मपद (१६)

अर्थात पुण्यवान् पुरुष इहलोक र परलोक दुबैमा मुद्धित हुन्छ, आफूले गरेको राम्रो कामलाई देखेर आफै प्रमुदित हुन्छ ।

एक पटक महाकाश्यप स्थविर पिप्फलि भन्ने गुफामा सात दिनसम्म ध्यानमा बसेर भिक्षाटनमा जाँदा धानबाली रखवारी गरिरहेकी एक लाजदेवी कन्याले स्थविरलाई देखिन् । प्रशन्न चित्तले लाजदेवी पुत्रीले एक क्षण पर्खिनुहोस् भनी लावा लिएर आई महाकाश्यप स्थविरको पात्रमा राखी "म पनि तपाईको धर्ममा भागी/हकदार हुन पाउँ" भनी वन्दना गरिन् । भिक्षु महाकाश्यपले उनको चाहनालाई अनुमोदन गरी बाटो लागे । दान सम्झेर प्रीति उत्पन्न गराएर बाली हेरचाहका लागि गईरहेकी लाजदेवी पुत्रीलाई सर्पले डसेर त्यहीं मृत्यु भयो र प्रशन्न भएकै अवस्थामा मृत्युभई तावतिंस देवलोकमा सर्वालंकारसहित उत्पन्न भइन् । यसरी आफूलाई दिव्यवस्त्रसंगै देवलोक प्राप्त भएको देखेर कुन कारणले यसरी उत्पन्न भएको भन्ने कुरा विचार गर्दा भिक्षु महाकाश्यप स्थविर लाई प्रशन्न भई दान दिएको व्यहोराले भन्ने कुरा बुझी अव यस सम्पत्तिलाई स्थिर गर्नुपर्‍यो भनी देवपुत्री महाकाश्यप स्थविर बस्नु भएको ठाउँमा विहान विहान गई सरसफाई र आवश्यक पानीको व्यवस्था गर्न लागिन् । तेश्रो दिनमा भिक्षु महाकाश्यपले देखेर यो सरसफाई गर्ने को हो ? भनेर सोध्दा उनले लाजदेवपुत्री भनेर जवाफ दिइन । स्थविरले अब देखि यहाँ नआउ, फर्केर जाउ भन्दा उनले "मलाई नाश नगर्नुहोस् भन्ते" भनेर विन्ति गरिरहिन् । आफ्नो कुरा नसुनेको देखेर स्थविरले औंला पड्काउनु भयो र लाजदेवपुत्री त्यहाँ बस्न नसकेर आकाशमा गई "मलाई प्राप्त भएको सम्पत्ति नाश नगर्नुहोस्" भनी रोइरहिन् । तथागतले यो कुरा जानी लाजदेवपुत्रीको अगाडि बसेर "पुञ्ञञ्चे पुरिसो कयिरा...." भन्ने गाथा आज्ञा गर्नुभयो । अर्थात पुण्य गरिसक्यो भने फेरि फेरि गर्नुपर्दछ । त्यसमा उत्साह बढाउनु पर्दछ । किनभने पुण्यको



Downloaded from http://www.dhamma.digital

सञ्चय/संग्रह नै सुख हो।

पेशकारी कन्याको अर्को उदाहरण हेरौं। बुद्ध शिक्षाबाट प्रभावित भई पेशकारी कन्याले नित्यरुपमा मरणानुस्मृति भावना गरी रहेकी थिइन। भगवान् बुद्धले उनैलाई उद्धार गर्न आलवीमा जानु भई धर्मदेशनाको क्रममा पेशकारी कन्यालाई ४ वटा प्रश्न राख्नु भयो र जवाफमा पेशकारीले भनेकी थिइन्-

भगवान्- तिमी कहाँबाट आएकी? (कुन जन्मबाट मरेर आएकी)

पेशकारी- मलाई थाहा छैन।

भगवान् -तिमी कहाँ जान लागेकी ? (मरेर कहाँ जन्म लिन जाने)

पेशकारी - मलाई थाहा छैन।

भगवान् - तिमीलाई थाहा छ ? (मर्ने भन्ने कुरा)

पेशकारी - थाहा छ।

भगवान् - थाहा छ र ? (कहाँ कसरी मरिन्छ)

पेशकारी - थाहा छैन।

यो सुनेर भगवान्ले उनलाई साधुकार व्यक्त गरिन्। पेशकारी कन्याले श्रोतापन्न फल प्राप्त गरिन्। त्यही दिन उनको मृत्यु भयो र देवलोकमा प्रतिष्ठित भइन्।

बुद्धको समयमा श्रावस्तीमा एकजना कन्जुस धनी ब्राह्मण थियो। उनको मट्टकुण्डली भन्ने एक्लो छोरालाई १६ वर्षको उमेरमा पहेंलिने रोग लाग्यो। ब्राह्मण कन्जुस भएको हुनाले छोरालाई बैद्यकहाँ नलगी आफैले बैद्यले भनेको आधारमा औषधी बनाएर छोरालाई ख्वाउने गरे। तर रोग बढेर गयो। मट्टकुण्डलीको मरण हुने अवस्था देखेर "यसलाई हेर्न आउने मानिसले मेरो घरको सम्पत्ति देख्छ" भन्ने विचारले ब्राह्मणले छोरालाई बाहिर दलानमा राख्न ल्याए।

तथागत्ले दिव्यदृष्टिबाट मट्टकुण्डली श्रोतापन्न हुने कुरा जानी भिक्षुहरुसहित भिक्षाटन गर्दै त्यहाँ पुगे। मट्टकुण्डली भित्तातिर फर्केर सुतिरहेको थियो। भगवान्ले रश्मी पठाउनु भयो र सुस्तरी फर्केर हेर्दा बुद्धलाई देखेर मूर्ख कन्जुस पिताको कारणले बुद्धलाई केही दान दिन सकेन, असमर्थ भएकोले धर्मकर्म गर्न सक्दिन भनेर बुद्धप्रति चित्त प्रशन्न गऱ्यो र प्राण त्याग गरी



Downloaded from http://www.dhamma.digital

तावतिंस देवलोकमा उत्पन्न भयो । केही दान धर्म गर्न नसके पनि बुद्धप्रति प्रशन्न चित्त उत्पन्न भएको कारणले मट्टकुण्डली श्रोतापन्न फल प्राप्त गरी दिव्यलोकमा उत्पन्न भए । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ- "प्रशन्न चित्त/शुद्ध मनले कसैले बोल्यो या कुनै काम गर्‍यो भने आफ्नो पछि लाग्ने छाँया जस्तै सुख पनि पछिपछि लागेर आउँछ ।"

एक पटक तथागत सम्यक्सम्बुद्ध जेतवन विहारमा रहनु भएको समयमा भिक्षु आनन्दले पहिलेको बुद्ध र अहिलेको बुद्धका उपोसथको विषयमा जिज्ञासा राख्दा भगवानले भन्नु भयो-

**"सब्बपापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्तपरियोदपनं, एतं बुद्धान सासनं ।।"**

- धम्मपद (१८३)


अर्थात कुनै पाप नगर्नु, कुशल कर्मको सम्पादन गर्नु, आफ्नो चित्तलाई परिशुद्ध गर्नु यही बुद्धहरुको शिक्षा/अनुशासन हो । शरीरले गर्ने हिंसा, चोरी र परपुरुष परस्त्री गमन, वचनले गर्ने असत्य बोली, चुक्लि, कडा बोली, काम नलाग्ने गफ र मनले गर्ने लोभ/तृष्णा, द्वेषयुक्त संकल्प, मिथ्यादृष्टि आदि पाप कर्महरु हुन् । यस्ता कर्महरुबाट बचेर दान, शील, भावना, अरुलाई मान सम्मान गर्नु, सहयोग गर्नु, पुण्यदान गर्नु, शुभकार्यमा मन प्रशन्न रहनु, धर्मश्रवण गर्नु, धम्मदेशना गर्नु, अन्धविश्वासबाट अलग रहनु आदि पुण्य कर्महरु हुन् । तेश्रो कुरा समथ र विपश्यना भावनाबाट चित्तलाई परिशुद्ध गर्नु नै पुण्य हो । मानिसको दुर्लभ जुनीमा भगवान बुद्धको उपरोक्त अमृतवचनलाई अवलम्बन् अभ्यास अनि आत्मसात् गरेर क्रमशः अग्रसर हुन सिक्नु नै जीवनको ठुलो उपलब्धि हो । जन्मौं जन्मसम्म पिछ्छा गरिरहने अनुगामिक सम्पत्ति प्राप्त गर्नु हो ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# सत्य पारमिता



भिक्षु कोण्डन्य महास्थविर
बुद्ध विहार
भृकुटीमण्डप

**"एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।
वितिण्णपरलोकस्स, नत्थि पापं अकारियं ॥"**

(परलोकको विश्वास नहुने, फेरि झुटो कुरा गर्नेले संसारमा नगर्ने पाप भनेको केही पनि हुँदैन ।)

\- धम्मपद (१७६)

सत्यको साधारण अर्थ हो जस्तो छ त्यस्तै बोल्नु या कुरा गर्नु। वास्तविक, यथार्थ, सच्चा, साँचो, सन्देह नभएको आदि यसको ठाउँमा प्रयोग गरिने अरु शब्दहरु हुन्। भगवान् बुद्धले मानिसलाई यस अनि परलोकको जीवन सुखमय बनाउँन सत्यवादी हुनुपर्ने कुरालाई जोड दिनु भएको पाइन्छ। सत्यवादी हुनु पञ्चशीलमा एक शील हो। दैनिक जीवनमा बौद्ध उपासकोपासिकाले पञ्चशील ग्रहण गर्ने गर्दछन्। तर सत्यवादी हुनु अरु शील भन्दा कठीन शील हो। गहन गरी हेरेमा समाजमा असत्य, झुटो बचन बोल्नेको बाहुल्यता देखिन्छ। यस यस्तै व्यक्तिको प्रगति, उन्नति भएको हुन्छ। यस कुराले सत्यवादीलाई दुरुत्साहित बनाएको देखिन्छ। अधर्मले स्थान पाएको भान हुन्छ। हामी कुनै पनि कर्मको परिणाम चाँडो भन्दा चाँडो होस भन्ने कुरामा अपेक्षा राख्छौं। तर प्रकृतिको नियमानुसार सत्यको जित निश्चय हुन्छ। समय पर्खिनु पर्दछ।

संयुक्त निकायमा उल्लेख गरिएको छ-

"यादिसं वपते बिजं, तादिस हरते फलं।
कल्याणकारी कल्याणं, पापकारी च पापकं॥"



Downloaded from http://www.dhamma.digital

अर्थात जस्तो बिउ रोपिन्छ/छरिन्छ, त्यस्तै फल फल्दछ । कल्याण गर्नेलाई कल्याण हुन्छ भने पाप गर्नेलाई पाप । त्यसैले हामीले कर्म र कर्मको विपाकमा विश्वास राख्नु पर्दछ । यसमा सजग सचेत हुनुपर्दछ । कर्म र कर्मको विपाकमा विश्वास नगर्नेहरु स्वार्थी र निजी लाभमा केन्द्रित हुन्छन् । आफ्नो स्वार्थ पूरा गर्न उ जस्तो सुकै कर्म गर्न पछि पर्दैन । त्यस्ता व्यक्ति सत्यवादी हुन कहिल्यै सक्दैन । शरीर, वचन र मनले गर्ने अकुशल कर्महरु गर्न पछाडि पर्दैन । असत्यवादी हुनुका धेरै कर्म विपाकहरु छन् । लाटा लाटी (लठ्यौरो लठ्यौरी) भएर जन्मनु एउटा कर्म विपाक हो ।

सत्य सुखी गर्ने यन्त्र हो । पीडितलाई शितल बनाउने औषधि हो । सत्य सुगति जाने मार्ग हो अनि निर्वाण देख्ने बत्ती हो । आलवक सुत्र अनुसार आलवक यक्षको प्रश्न- "रसमा स्वादिष्ट रस के हो ?" भन्ने प्रश्नको जवाफमा बुद्धले "सबै प्रकारका रसहरुमा सत्य रस नै स्वादिष्ट रस हो" भनी स्पष्ट जवाफ दिएको थियो ।

दिपंकर बुद्धको समयमा सुमेध ऋषि देखि गौतम बुद्धसम्मको ४ असंख्य र १ लाख कल्पसम्म १० पारमिता, १० उपपारमिता र १० परमत्थपारमिता पुरा गर्नु भएको थियो । सत्यपारमिता पारमिता धर्मको सातौ पारमिता हो । शील पारमिता अर्न्तगत असत्य भाषण छोड्नु अनि सत्यलाई पूर्ण गर्नु भन्ने कुरा पर्दछन भने सत्यपारमितामा आफैले भने अनुसार वा आश्वासन दिए अनुसार उलंघन नगरी पूर्ण गर्नु भन्ने कुरा बुझिन्छ । यस सम्बन्धमा सिद्धार्थ गौतमले बोधिज्ञान प्राप्त गर्नुभन्दा पहिले मगधमा बिम्बिसार राजासंगको भेटमा राजाले बुद्ध भैसकेपछि मलाई उपदेश दिन एक पटक अवश्य यहाँ पाल्नु होला भनी गरेको आग्रहलाई सिद्धार्थले "हवस्" भनी वचन दिनु भएको थियो । यस वचनलाई पुरा गर्न सिद्धार्थ सम्यक्सम्बुद्ध भैसकेपछि उरुवेल, नदी र गयाकाश्यपसहित राजगृहमा जानुभई राजा बिम्बिसारलाई उपदेश गर्नुभएको थियो ।

बोधिसत्वको विभिन्न जीवन कालमा बुद्धत्व प्राप्तिका लागि विविध बोधिचर्या पालन गरे । दानदेखि उपेक्षासम्म बोधिसत्वले पुरा गरेका पारमिताहरु हुन् । हामी उपासक उपासिकाहरुले पनि आफ्नो जीवन सुधारेर अग्रसर हुनका



Downloaded from http://www.dhamma.digital

लागि बोधिसत्वको चर्यालाई अनुशरण गरेर जाने प्रयास हुनुपर्दछ । असत्य भाषणको विपाक देख्नु पर्दछ । सत्यमा बस्नुको आनिशंस चिन्नुपर्दछ । केही उदाहरणलाई नजर राखौं -

संकिच्च स्थविरको शिष्य अधिमुक्त श्रामणेर एक पल्ट आफ्नो गुरुको आज्ञा अनुसार आफ्ना आमाबाबुकहाँ उमेर सोध्न जंगल भएर गइएरहेको थियो । जंगलमा चोरहरुले पक्रेर मार्न खोजे । श्रामणेरले विचार गऱ्यो कि यदि यस जीवनमा नै अर्हत हुन पाइन भने फेरि कहिले हुने ? यसपछि चोरको नाइकेलाई भने कि म जस्तो प्रव्रजितलाई माऱ्यो भने यस मार्गबाट प्रव्रजितलाई त छोडेन भने अरु के बाँकी राख्ला भनी कोही पनि आउँदैन । त्यसैले मलाई छोड । चोरको नाइकेलाई श्रामणेरको कुरा सही लागेर यो कुरा कसैलाई नभन्ने वाचा गराएर श्रामणेरलाई छोडे । संयोगवश जंगल पार गर्ना साथ श्रामणेरले आफ्ना आमाबुबा भेटे र उमेर सोधे । आमाबुबा त्यही जंगल भएर गइरहेको बेला चोरहरुले समाते । श्रामणेरकी आमाले यो कुरा हामीलाई छोरा अधिमुक्तले किन भनेन भनेर रोइन् । चोरको नाइकेले भन्यो कि "त्यो श्रामणेरले केही पनि भनेन ?" उनीहरुले जवाफ दिए, केहि पनि भनेन । त्यसपछि चोरको नाइकेले विचार गऱ्यो कि श्रामणेर साँच्चै कै सत्यवादी हो । त्यस सत्यवादीको सत्यलाई धमिल्याउनु हुँदैन भनी उनीहरु सबैलाई छोडेर चोरहरु त्यस श्रामणेरको शिष्य बन्न गए ।

कहिलेकाहीं सत्य वचनको पालनबाट बच्न उपाय, कौशलताको पनि उपयोग गर्नुपर्ने हुन्छ । धेरै समय पहिले श्रीलंकामा दुट्ठगामिनी राजाले आफ्नो भाई तिस्सलाई मार्न तलवार लिएर लखेट्दै गए । तिस्स भागेर एकजना भिक्षुको कुटी भित्र खाटमुनि लुके । दुट्ठगामिनी राजा भिक्षुको कुटी भित्र पस्दा खाटमा भिक्षु देखे र राजाले सोधे - "तिस्स खोई ?" भिक्षुलाई साह्रै अप्ठ्यारो पऱ्यो । एकातिर राजा अर्कोतिर तिस्स । तिस्स पनि बच्ने र राजा पनि नरिसाउने गरी "अहिले कोही पनि आइरहेको छैन" भनी जवाफ दिए ।

बानरिन्द जातमा उल्लेख भए अनुसार एकपटक एउटा गोहीले स्वास्नीको कुरा सनेर बाँदरको कलेजो लिन्छु भनी बाँदर रुखमा जान टेकेर जाने ढुङ्गामा



Downloaded from http://www.dhamma.digital

बसिरह्यो । बाँदरले गोहीलाई सोध्दा मारेर कलेजो लिन भनी बसेको थाहा पाएर बाँदरले गोहिलाई "लौ मुख आँ गरेर बस" भनेपछि गोहीले मुख आँ गर्दा आँखा चिम्लियो र बाँदर त्यही गोहीको टाउकोमा टेकेर रुखमा गयो ।

अर्को उदाहरणमा विडूडभ दासीपुत्र भनेर मामाघर कपिलवस्तु जाँदा उ बसेको कुर्सी कपिलवस्तुका वासीले दूध पानीले सफा गरेको व्यहोरा थाहा पाएपछि शाक्यवंश नै संहार गर्ने रीस बोकेर विडूडभ आए । प्रत्येक व्यक्तिलाई पक्रेर सोध्ने गरिन्थ्यो- "तिमी को हो ?" शाक्य भन्नासाथ मार्ने गरेको थाहा पाए । होइन भन्यो भने असत्य हुने हुनाले शाक्यहरुले ज्यान जोगाउन मुखमा घाँस राखेर "सक्का होइन घाँस" भन्थ्ये । असत्य वचन बोल्नबाट बच्न यसरी उपाय कुशलता अपनाएको देखिन्छ ।

अंगुलिमालको पहिलेको नाउँ अहिंसक थियो । पछि आफ्नो गुरुको आज्ञा पालन गर्नलाई हिंसक भयो र गुरु दक्षिणा चढाउँन मान्छेलाई मारेर औंलाको माला पहिरिएर औंला संकलन कार्य जारी राखे । पछि बुद्धको शासनमा दिक्षित भइसकेपछि मानिसले अंगुलिमाल भनेर चिनी ढुङ्गा इट्टाले हान्दा पनि चुप लागेर बस्थे । एक दिन मार्गमा एउटी प्रसवपीडाले छट्पटिरहेकी महिला देखेर अंगुलिमालले "जहिले देखि म उत्तम आर्यकुलमा जन्म भए, तबदेखि कुनै प्राणीलाइ मार्ने चेतनाले प्रहार गरेको मलाई थाहा छैन । हे बहिनी ! यो सत्यवचनको प्रभावले तिमीलाई गर्भकल्याण होस् । तिम्रो गर्भस्थित सन्तानको पनि कल्याण होस् ।" भनी बोलेको सत्यवचनको कारणले त्यो महिलाको प्रसव वेदना सहज बन्यो । वेदनाबाट मुक्त भइन् ।

एकपल्ट ब्राह्मणकुलमा जन्मेको कण्हदीपायन आफ्ना आमाबुबाको मृत्युपछि सारा ८० कोटी धनसम्पत्ति त्याग गरेर प्रव्रजित भए । पछि आफ्नो साथी मण्डत्यले बनाईदिएको विहारमा बसे । एक दिन मण्डत्य आफ्नी जहान र सानो छोरा लिएर दीपायनको कुटीमा गएर उनैसंग बसिरहँदा बच्चा खेल्दा खेल्दै उसको सानो भकुण्डो एउटा प्वालमा खस्न पुग्यो । बच्चाले बल बाहिर निकाल्न खोज्दा प्वालमा बसेको सर्पले बच्चालाई डसे र सर्पको विषले बच्चा मूर्छित भयो । यो अवस्था देखेर आमाबुबा दुवै जना रोएर बच्चालाई जोगाउन



Downloaded from http://www.dhamma.digital

दीपायनलाई अनुरोध गरे। उनले बच्चाप्रति अनुकम्पा राखी मैत्रीपूर्वक भने "म प्रव्रजित भएदेखि सात दिन मात्र भए पनि प्रशन्नरुपले श्रमण जीवनमा बसे। त्यसपछि सात वर्षभन्दा बढी मन नपरी नपरी श्रमण धर्म गरी बसेको छु। यो मेरो यथार्थ र सत्यबाचा हो। यस सत्य वचनको आनुभावले यस बच्चाको सर्पविष शान्त होस्।" यस सत्यक्रियाले बच्चाको हृदयसम्मको विष प्रभाव शान्त भयो। बच्चाको बाबुले पनि सत्यक्रिया गऱ्यो -"म आगन्तुकहरुलाई घरमा आउँदा मन नपरे पनि खुवाउने पिलाउने गरिरहेको छुँ। श्रमणहरुलाई पनि त्यसरी नै दान गरिरहेका छुँ। यस सत्य वचनको आनुभावले मेरो बच्चाको विष डाह शान्त होस्।" यस वचनले बच्चाको विष प्रभाव घुँडासम्म शान्त भयो। बच्चाको आमाको पालोमा आमा चाहिले लोग्नेको अगाडि भन्दिन भनेपछि जे भएतापनि सत्यवचन बोल्नु पर्दछ भनेर लोग्नेले भनेपछि आमाले - "मलाई मेरो लोग्ने मन पर्दैन, जति तिमीलाई टोक्ने सर्प मन पर्दैन। तर पनि यो कुरा कसैलाई भनिन। मैले पनि यो कुरा जस्तो छ त्यस्ते भने। यस सत्य वचनको प्रभावले तिमीलाई स्वस्ति होस्।" भनी बोले। यसपछि बच्चाको विषपीडा शान्त भयो।


राहुलोवाद सुत्रअनुसार भगवान्ले राहुललाई लोटाको उदाहरण दिँदै आज्ञा गर्नु भएको छ -"राहुल ! जोसंग जानीजानी असत्य कुरा गर्नमा लाज छैन उसको लागि कुनै पनि पापकर्म अकरणीय छैन। यसरी म विश्वास गर्छु। त्यसैले राहुल, तिमीले जीवनमा कहिल्यै जिस्केर वा ख्याल ठट्टा गरे पनि झुटो कुरा गर्ने छैन भनी सिक्नुपर्छ, गम्भीर भई धारण गर्नुपर्छ।"

भवतु सब्ब मंगलं।



Downloaded from http://www.dhamma.digital

# सद्धर्म



**भिक्षु धम्मसोभन महास्थविर**
बौद्धसमकृत विहार
भक्तपुर

**"गब्बमेके उप्पजन्ति, निरयं पापकम्मिनो ।**
**सग्गं सुगतिनो यन्ति, परिनिब्बन्ति अनासवा"**

**-धम्मपद (१२६)**

जन्मनु र मर्नु प्रकृतिको स्वभाव हो । सुगतिमा उत्पन्न हुनु अथवा दुर्गतिमा हुनु उसको कर्म विपाक हो । शरीर, वचन र मनले गर्ने कर्म कुशल भएमा सुगति र अकुशल भएमा दुर्गतिमा उत्पत्ति हुन्छ। राग, द्वेष र मोहरहितको कर्मले भगवान् बुद्धको शिक्षा अनुसार जन्म, जरा, व्याधिरहितको निर्वाणमा पुऱ्याउँछ। उहाँले सम्पूर्ण प्राणीको आदि, मध्य र अन्तसम्म कल्याण र उद्धारका लागि सद्धर्मको उपदेश गर्नुभएको पाइन्छ । मनुष्य लोकको मनुष्यलाई मात्र नभई सम्पूर्ण देवलोक र बह्मलोकमा रहने देवता एवम् ब्रह्माहरुको सबैको भलाई गर्न र हित उपदेश गर्नुभएको हुनाले उहाँलाई 'सत्था देव मनुस्सानं' भनिन्छ ।

शुद्ध मनले सानो भन्दा सानो कुशल कर्मले पनि प्राणी सुगतिमा उत्पन्न हुन्छ । तथागतमा प्रशन्न चित्तले आदर, गौरब, श्रद्धा राखी उहाँको गुणलाई स्मरण गरेर सुखमय जीवन यापन गर्न सकिन्छ । हामी आफैलाई भाग्यमानी सम्झनु पर्दछ । किनभने प्रत्यक्षरुपमा उहाँबाट उहाँको ज्ञान, शिक्षा र उपदेश ग्रहण गर्न नपाए पनि उहाँको शासन कालमा जन्मन पाएका छौं । त्यसैले यो



Downloaded from http://www.dhamma.digital

मनुष्यको जुनी दुर्लभ हो। जन्मनु दुःख, वृद्धवृद्धा हुनु दुःख, रोगी हुनु दुःख, मृत्यु हुनु दुःख, मनपरेकासंग विछोड हुनु दुःख, मन नपरेकासंग संयोग हुनु दुःख, मन परेका वस्तु प्राप्त नहुनु दुःख र यो पञ्चस्कन्धरुपी शरीर धारण गर्नु दुःख हो र यसबाट कसरी पार लगाउने भन्ने कुराको उपाय उहाँको शिक्षामा स्पष्ट उल्लेख छ। प्रायः मानिस अविद्याको कारणले मृत्युपछि देवलोकमा जन्मन पाउँ भनी कामना गर्दछन्। ब्रह्मलोकको आषिका गर्दछन्। बुद्धको शिक्षानुसार देवलोक र ब्रह्मलोकमा जन्मन पाउनु ठुलो कुरा होइन। आफूले गरेका पुण्य सकेपछि देवलोक र ब्रह्मलोकबाट च्युत/पतन हुनुपर्दछ। पछि कहाँ जन्मिन्छ, थाहा हुँदैन। काम, भव र विभव तृष्णालाइ निर्मूल गर्न नसकेसम्म दुःखको भवसागरमा फेरि फेरि जन्म र मृत्यु भइरहन्छ।

हामी बौद्धहरुले बुद्धको महत्वलाई बुझ्ने प्रयास गर्नुपर्दछ। बुद्ध गुण ९ वटा, धर्म गुण ६ वटा अनि संघ गुण ९ वटालाई सदैव अनुस्मरण गर्नुपर्दछ। मृत्युको समयमा बुद्धको एउटा मात्र गुणलाई स्मरण गरेर जान सकेमा सुगति प्राप्त हुन्छ। उहाँको गुणहरु हेर्दा उहाँ भगवान अर्हत, सम्यक्सम्बुद्ध, सबै सद्विद्या एवम् सदाचरणले संयुक्त, सुन्दर गति प्राप्त, लोक लोकान्तरको ज्ञाता, पुरुषहरुका शमन र दमन गर्ने अनुपम सारथी समान, देवता र मनुष्यहरुका शास्ता, स्वयम् बोध भएका एवम् अरुलाई बोध गराउन सक्षम, सर्वश्रेष्ठ ऐश्वर्यले संयुक्त र सबै क्लेशबाट विमुक्त हुनुहुन्छ। उपरोक्त बुद्ध गुणहरुमा केही गुणलाई नजर राखौं। अर्हत/अरहं बुद्धको पहिलो गुण हो। मन भित्रका सारा क्लेशरुपी राग, द्वेष र मोहलाई राम्ररी नाश गरिसक्नु भएका, ब्रह्मा, देवता र मनुष्यहरुले पूजा गर्न योग्य हुनुभएका, कहिल्यै कसैले नदेखिने गरी गुप्त पाप नगर्नु भएका, संसारचक्रलाई भाँच्नु भएका उहाँ भगवान् बुद्ध अरहं गुणले युक्त हुनुहुन्छ।

देवता र मनुष्यका शास्ता 'सत्था देव मनुस्सानं' बुद्धको अर्को गण हो। देवता र मुनष्यहरुलाई अनुशासन गर्ने गुणले उहाँ परिपूर्ण हुनुहुन्छ। रात्रि १० देखि २ बजेसम्म प्रातः दिव्यलोकबाट देवताहरु उहाँ तथागत सम्यक्सम्बुद्धसंग धर्मको विषयमा जान्न, बुझ्न र छलफल गर्न उपस्थित हुन्थ्ये। परित्राणमा पाठ गरिने मंगलसुत्र पनि भगवान् अनाथपिण्डिक महाजनले बनाएको जेतवन



Downloaded from http://www.dhamma.digital

विहारमा रहँदा एक देवता रातको द्वितीय प्रहरमा आएर उत्तममंगलको विषयमा जान्न खोज्दा भगवानले ३८ मंगलका विषयमा आज्ञा गरेको भनी त्यस सुत्रमा उल्लेख छ।

बुद्धि विवेक भएको व्यक्ति बौद्ध हो। त्यसैले बौद्धहरुको कुनै कुराको यथार्थता, वास्तविकता, सत्यताको विषयमा चिन्तन मनन् गरेर मात्र स्वीकार गर्नुपर्दछ। ठिक, बेठिक, राम्रो नराम्रो, असल खराब आदि बुझेर मात्र कर्म गर्नु पर्दछ। जसरी बजारमा नक्कली गरगहनाको चलन चल्ति अधिक हुन्छ, तब सक्कली गहना कम भएर जान्छ अनि जसरी नक्कली धर्मले समाजमा स्थान पाउँछ, सक्कली धर्म क्रमशः लोप भएर जान्छ। त्यसैले हामीले बुझ्नु पर्दछ -

**"यो च वस्ससतं जीवे, अपस्सं धम्ममुत्तमं।**
**एकाहं जीवितं सेय्यो, पस्सतो धम्ममुत्तमं॥"**

-धम्मपद (११५)

अर्थात उत्तम लोकोत्तर धर्म नजानी सय वर्ष जिउनु भन्दा उत्तम लोकोत्तर धर्म जानेर एक दिन मात्र जिउनु नै बेश हो।

खुलस्तसंग व्याख्या गरिएको, यहीं फल दिने, तत्काल फलदायक, आऊ र हेर भन्न लायक, निर्वाण पुऱ्याईदिने र विद्वतजनले स्वयम् जान्न योग्य धर्मका गुणहरु हुन्। धर्मदेशनाको समयलाई मध्यनजर राखेर यहाँ पहिलो धर्म गुण खुलस्तसंग व्याख्या गरिएको कुरालाई संक्षेपमा हेरौं। आदि, मध्य र अन्त्यसम्म हित कल्याण हुने भगवान् बुद्धद्वारा राम्ररी देशना गर्नु भएको धर्म हो। धर्मलाई व्यवहारमा राम्ररी पालन गरेमा प्रारम्भिक अवस्था, त्यसपछिका समय तथा अन्तसम्म धर्मले मानवमात्रलाई कल्याण गर्ने हुनाले त्यसलाई 'स्वाक्खातो' गुणयुक्त भनिएको हो।

भगवान् बुद्धका श्रावक संघ सुमार्गगामी, सिधा मार्गगामी, संघ निर्वाण मार्गगामी, उचित मार्गगामी, चार युगल र आठ पुरुष पुद्गल, आह्वान योग्य, पाहुना गर्न योग्य, दान दिन योग्य, हात जोड्न योग्य र लोकको निमित्त सर्वश्रेष्ठ पुण्य क्षेत्र हुन। संघ गुणमा अन्तिम लोकको निमित्त सर्वश्रेष्ठ पुण्य



Downloaded from http://www.dhamma.digital

क्षेत्र 'अनुत्तरं पुञ्ञखेतं लोकस्साति' लाई हेरेको खण्डमा के ज्ञान हुन्छ भने, संघ एउटा पुण्यक्षेत्र हो, अद्वितीय पुण्यको खेत हो जहाँ मानिसले पुण्यरुपी बीज छरेर जन्म र मरणरहित निर्वाणरुपी फल फलाउँन सक्छ। भगवान् बुद्धका श्रावक संघलाई त्यसैले बौद्धहरुले श्रद्धा, आदर अनि गौरब राख्ने गर्दछ। बुद्धका श्रावक संघलाई मात्र होइन, आफू भन्दा उमेरमा जेठो, ज्ञानमा अनि विनय/शील पालनमा पाका व्यक्तिहरुलाई आदर गौरव राख्नाले आयू, वर्ण, सुख, बल वृद्धिमा टेवा पुग्दछ।

भगवान् बुद्धको समयमा उहाँको शिक्षालाई धेरैले अवलम्बन गरेको देखेर एकातिर ब्राह्मणहरुबाट इर्ष्या र शत्रुतावश खेदो खन्ने काम धेरै भयो भने अर्कोतिर बुद्धशिक्षालाई चिरस्थायी राख्न पनि ब्राह्मणहरुको ठूलो योगदान रहेको छ। सारीपुत्र, महामौद्गल्यायन, महाकाश्यप आदि ब्राह्मण नै थिए। भगवान् बुद्धको सर्वप्रथम धर्मचक्र प्रवर्तन कार्यबाट लाभ प्राप्त गरेका कोण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सजि (पञ्च भद्रवर्गीय) पनि ब्राह्मण नै थिए। आफ्नो बुबा बिम्बिसार राजालाई जेलमा राखेर मार्ने अजातशुत्रको मुख्य मन्त्री पनि ब्राह्मण नै हो, जसको नाउँ वर्षाकार थियो। वर्षाकार अत्यन्त चतुर, टाठो, बाठोका साथै मूख्य मन्त्री भएको कारणले घमण्डी पनि। एक दिन वर्षाकारले गृहकुट पर्वतबाट राजगृह जान लागेका एक भिक्षुलाई देखे। केश मुण्डन गरेका भिक्षु देखेपछि बाँदरसंग तुलना गरेर बाँदरसमान भिक्षु भनेर अपमान गरी अपशब्द प्रकट गरे। एक कान दुई कान मैदान भने जस्तै गरेर बर्षाकारले बोलेको शब्द भगवान्कहाँ पुगे। भगवान्ले यदि वर्षाकारले आफूले व्यक्त गरेको कुरामा भिक्षुकहाँ पुगेर या आफूकहाँ निमन्त्रणा गरेर क्षमा मागेन भने त्यही वेलुवनमा अर्को जन्ममा बाँदर हुने कुरा भिक्षुहरुसंग व्यक्त गरे। भगवान्को कुरा पनि वर्षाकारकहाँ पुग्यो। वर्षाकारलाई यो पनि थाहा थियो कि भगवान्ले बोलेका कुरा कहिल्यै पनि झूट हुँदैन भनेर। तर वर्षाकारले आफू मगधको मुख्य मन्त्री भएर सामान्य भिक्षुकहाँ गएर क्षमा माग्नु ठुलो बेइजत हुने सम्झेर क्षमा माग्न गएन। मृत्युपछि बाँदर हुन्छ भनेर जानी जानी भिक्षुलाई निमन्त्रणा पनि गरेन। बाँदर भएर नै जन्मने भगवान् बुद्धको व्याकरणलाई स्वीकार गरेर आफ्नो लागि वेलुवन सररफाई गर्न लगाए। पोखरी बनाउन लगाए। बाँदरले खाने फलफुलको बोट विरुवा लगाउन लगाए। पछि वर्षाकारको मृत्युपश्चात्



Downloaded from http://www.dhamma.digital

भगवान्ले भने जस्तै बाँदर भएर त्यही बेलुवनमा जन्मे । यसरी मानिसलाई चतुर टाठो भएतापनि अभिमान घमण्डले मूर्ख बनाउने गर्दछ भने अर्कोतिर सदाचरण युक्त व्यक्तिलाई बिनसित्ति अपमान अपशव्द प्रकट गर्नाले आफैले त्यस्को फल भोग्नुपर्दछ ।

अन्तमा धर्मका सिंढी चढ्नका लागि कर्म र कर्मको विपाकमा विश्वास गरेर पश्चाताप हुने कर्मबाट अलग रही आचरणलाई सुधार गर्दै जानुपर्दछ । शरीर, बचन र मनले गर्ने अकुशल कर्महरुमा स्मृति, होस् राखी सद्धर्मलाई अनुसरण गर्नुपर्दछ । त्यसैले तथागतले आज्ञा गर्नुभएको छ कि गर्भमा बास गर्न आउने प्राणी गर्भ परिपूर्ण भएपछि जन्मिन्छ । पाप/अनकुशल कर्म गर्नेहरु दुर्गतिमा उत्पत्ति हुन्छ । कुशल कर्म गर्नेहरु सुगतिमा उत्पत्ति हुन्छ । राग, द्वेष र मोहरहित अनाश्रवहरुलाई निर्वाण प्राप्त हुन्छ ।


भवतु सब्ब मंगलं ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# पूर्वजन्मको आधारमा मानिसको स्वभाव



अनागारिका मेत्तावती
धर्मकीर्ति विहार
न:घ:

एउटै आमाको कोखबाट जन्मेका सन्तानको स्वभाव फरक फरक हुन्छ भने यस बिशाल संसारमा एकबाट अर्को व्यक्तिमा उसको स्वभाब भिन्न भिन्न हुनु स्वभाविक प्रक्रिया हो। नर्क, प्रेत, पशुपंछी, मनुष्य, देव र ब्रह्मलोक आदिबारे हामीले समय समयमा सुन्दै आएका छौं। ती गति लोकहरुबाट आएका व्यक्तिसंग गति अनुसारकै स्वभाब हुन्छ। तथागत सम्यकसम्बुद्धले भिक्षु आनन्दलाई थरीथरीका मानिससंग थरीथरीका स्वभाब हुन्छ भनी उपदेश गर्नुभएको कुरा ग्रन्थमा उल्लेख छ। तर्क, प्रेत, पशु, मनुष्य, देव र ब्रह्मलोकबाट मनुष्य भई जन्मेका मानिसहरुको स्वभावबारे निम्नानुसार चर्चा गरिन्छ-

१. नरकबाट आएका मानिसहरु
२. प्रेतलोकबाट आएका मानिसहरु
३. पशु योनीबाट आएका मानिसहरु
४. मनुष्य योनीबाट आएका मानिसहरु
५. देवलोकबाट आएका मानिसहरु
६. ब्रह्मलोकबाट आएका मानिसहरु

१. नरकबाट आएका मानिस/व्यक्तिहरु अरुलाई दु:ख पीडा दिने खालका हुन्छन्। अरुले पाएको दु:खमा खुशी हुने, रमाउने हुन्छन्। हाम्रो समाजमा अरुको दु:खमा हाँस्ने, खुशी हुने, ठिक्क पर्‍यो भन्नेहरु पनि छन्। तिनीहरु नरकलोकबाट मानिस भएर जन्मेका हुन्। बुद्धकालीन कथा अनुसार महापिंगल राजकुमार थिए। उनी नरक लोकबाट मनुष्य लोकमा जन्म लिन आएका थिए। बुवापछि उनले राज्य सम्हाले। राजा भइसकेपछि उनले जनतालाई कुनै सुख सुविधा दिएन। दयामाया गरेन। बरु अरुको दु:खमा आनन्द लिन्थे। राजा फलामे छडि लिएर राजदरवार भित्र बाहिर गर्ने हरेक



Downloaded from http://www.dhamma.digital

बखत द्वारपाललाई छडिले हिर्काएर जाने गर्थे । द्वारपाल पिडाले कराएको सुनेर देखेर राजा खुशी हुन्थे । क्रुर राजा भएकोले जनतालाई मन परेन । देवलोकबाट मनुष्य लोकमा जन्म लिएका उनको छोरामा दयामाया करुणा थियो । यो क्रुर निर्दयी राजा मरोस् राजकुमारले चाडैं शासन गरोस भन्ने जनताको चाहाना थियो । महापिंगलको मृत्यु पश्चात छोरा राजा भए । जनताहरु खुशी भए । खुशीयाली मनाए । राजकुमारले मेरो बुवाको मृत्युमा दु:ख शोक मनाउने कोही छन् कि भनेर हेर्ने मनशायले दरवार बाहिर हेर्न गए । जहाँ पनि सबै जना खुशी मनाइरहेका मात्र पाए । दरवारका द्वारपाल एकजना मात्र रोइरहेको देखे । बुवाको मृत्युमा तिमीलाई साह्रै दु:ख लागे जस्तो छ नि भनेर द्वारपालसंग सोध्दा द्वारपालले भने कि हजुरको बुवाको मृत्यु भएर रोएको होइन । उहाँले त मलाई हरबखत फलामे छडिले हिर्काउनु हुन्थ्यो । मृत्युपछि बल्ल मेरो शरीरले आनन्द महशुस गऱ्यो । म त उहाँ मृत्युपछि फेरि नरकमा गएर त्यहाँ अरुलाई पनि दु:ख दिन्छ । बुवालाई त्यहाँ नराखी फेरि यतै पठायो भने के गर्ने ? फेरि दु:ख पीडा भोग्नु पर्छ कि भन्ने डरले रोइरहेको हुँ भनी सुनाए । दयावान् राजाले नरकमा गएकाहरु छिटो यो मनुष्य लोकमा आउन नसक्ने कुरा द्वारपाललाई सम्झाए ।

२. प्रेतलोकबाट आएका मानिसमा इर्ष्या, डाहा बढी हुन्छ । दया माया हुँदैन । सबैलाई दु:ख दिन मात्र लालायित हुन्छ । भगवान् बुद्धको पालामा श्रावस्तीमा अनाथपिण्डक नामका महासेठ थियो । उनले भगवान् बुद्धलाई जेतवन विहार दान दिएका थिए । जेतवन विहार बनाउनको लागि असर्फि बिछ्याएर जग्गा किनेका थिए । त्यस्तै उनले हरेक मानिसहरुलाई दया, करुणा राखी खान नपाएकाहरुलाई भोकै नराखी खानेकुराहरु दिइनै रहन्थ्यो । यसरी खाना खान आउने, माग्न आउनेहरु धेरै भए पछि ती सेठले आफ्नो घरमा खाना पकाउन काम गर्न सेवकहरु  राखे । त्यसमा प्रेतलोकबाट आएका व्यक्ति पनि थिए । मनुष्य लोकबाट आएकाहरु राम्रोसंग खाना पकाउने, एक अर्कालाई सहयोग गर्ने, खाना खान आएकाहरुलाई राम्रोसंग सत्कार गर्ने गर्थ्यो । उनीहरु एक आपसमा “हाम्रो मालिक कस्तो दयालु दु:खी दरिद्रहरुलाई माया गरेर खान लाउन दिइरहनु हुन्छ, हामीलाई पनि खान लाउनको साथै काम पनि दिनु भएको छ । हामी कति भाग्यमानी छौं” भनेर कुरा गर्थे । तर प्रेतलोकबाट



Downloaded from http://www.dhamma.digital

आएकाको व्यवहार अलि फरक थियो । खाना खान आउनेहरुलाई ईर्ष्या गर्थे । महासेठ नभएको बेला ती माग्न आउनेहरुलाई गाली गरेर पठाउने गर्थे । हामी यहाँ कत्तिको दुःख मेहेनत गर्नुपर्छ, तिमीहरु खुरुक्क आइ खाएर जान्छौं आदि नानाथरी भनेर फर्काउँथे । पछि त्यो व्यक्ति मरेर प्रेतलोकमा सूचिमुख भएर जन्मे । महासेठ जस्ता सज्जन सत्पुरुषको संगत गरी राम्रा काम नगरेर प्रेतलोकमा नै जन्म लिन गए । सूचिमुख मुख सानो, पेट ठुलो भएकोले उसको पेट कहिल्यै भरेन । अरुलाई खान नदिएको पापकर्मले उसले पनि पेटभरी खान पाएन । त्यसैले कर्म अनुसारको फल भोग्नुपर्दछ भन्ने कुरा सबैले सदैव मनन गर्नु आवश्यक छ ।

३. पशुपंक्षी योनीबाट जन्म लिन आउने मानिसहरु रससंगमा मात्र भुल्दछन् । रसरंग गर्ने ठाउँ खोजी खोजी जान्छन् । जस्तै पिकनिकमा भाग लिने गाउने बजाउने, नाच्ने, रमाउने गरेर नै जीवन विताउन तर्फ लाग्छन् । त्यो बेला एकजना मघ भन्ने व्यक्ति साह्रै धर्मात्मा थिए । उनी पशु योनीबाट आएका थिए । उनलाई आमाबुवाले विवाह गरिदिए । पछि फेरी उसले ३ जनासंग विवाह गरे । त्यो समयमा बहुविवाह गर्ने चलन थियो । त्यसैले उनको ४ जना श्रीमतीहरु भए । मघका ४ जना श्रीमतीहरु मध्ये ३ जनाले आफ्नो श्रीमानको काममा सहयोग गरिरहने, तर कान्छी श्रीमती सुजाता कुनै खालका धार्मिक कार्यक्रममा सहभागी हुँदैन । रुपले राम्री ती सुजाता सिर्फ रससंगमा मात्र लिप्त भइरहिन् । मीठो मीठो खाने, मादक पदार्थ सेवन गरि लट्ठ हुने मोजमस्तीमा नै समय विताई रहिन् । उनकी पति मघ पञ्चशील पालना गर्ने, धर्म देशना सुन्ने, दान दिने, ध्यान गर्ने जस्ता पुण्य कर्म गर्थे । एकदिन ती सुजाता मरेर गइन् । मृत्यु पछि उनी बकुल्लो भएर जन्मे । मघ देवलोकमा इन्द्र भएर जन्मे र अरु भार्याहरु पनि देवलोकमा जन्म लिन पुगे । इन्द्रले देवलोकमा कान्छी श्रीमती सुजाता नदेखे पछि यिनी कहाँ जन्म लिन गइन् भनेर हेर्दा बकुल्लो भएको देखे । एकचोटी इन्द्रले बकुल्लोलाई देवलोक लगे । देवलोकको सुखसुविधा देखेपछि बकुल्ला त्यहाँबाट आफ्नो ठाउँमा जान मानेन । इन्द्रले शील पालन गर्न सल्लाह दिई आफ्नो कर्मको फल भोग्न नसकिएसम्म भोग्न उपदेश दिई फिर्ता पठाए । त्यस बेलादेखि हिंसा नगर्ने भइन् । केही समय पछि इन्द्र माछ्राको रुप लिएर बकुल्लोको



Downloaded from http://www.dhamma.digital

परिक्षा लिन गएछ। बकुल्लोले माछा मारेर खाएन। यसरी शील पालन गरेर पछि सुगति प्राप्त गरिन्।

४. मनुष्यलोकबाट मनुष्यलोकमा आएका मानिसमा दया माया हुन्छ। पुण्य गर्ने चेतना हुन्छ। भोजभतेर, रसरंगमा पनि भुल्छ। तर त्यसमा टाँसिएर बस्दैन। परिस्थिति अनुसार आफूलाई ढालेको हुन्छ। बर्मामा भएको एउटा सत्य घट्ना प्रस्तुत गर्न चाहन्छु। धम्मवती गुरुमाँ वर्मामा गएर अध्ययन गर्नु भएको बेला गुरुमाँहरुको समूहमा एकजना बर्मेली गुरुमाँ पढ्न र सिक्नमा धेरै कमजोरी थिइन्। अनि ती गुरुमाँले आफ्नो कमी कमजोरी थाहा पाएर अरु गुरुमाँहरुलाई दयामाया गरी विभिन्न प्रकारले सेवा पुऱ्याइरहे। आफ्नो खर्चमा कापी, किताब किनिदिने, पढ्न प्रोत्साहन गरिरहने गर्थिन्। एकदिन धम्मवती गुरुमाँसंगको भलाकुसारीमा ती गुरुमाँले भनिन् कि आफू पहिलाको जुनीमा साहूको छोरा भएकोमा घमण्डी र अभिमानी थिएँ। अनि सिक्ने बुझ्न तर्फ ध्यान थिएन। भिक्षु भएर पनि धर्म, कर्म र पढ्न तर्फ मन लागेन। मृत्युपछि म नारी भएर मनुष्य लोकमा नै जन्मे। तर पढ्न सक्ने भइनन्। तर पहिलेको घमण्ड र अभिमानले म यस्ती भइरहेकी छु। त्यसैले

**"यादिसं वपते बीजं तादिसं हरते फलं।**
**कल्याणकारी कल्याणं पापकारी च पापकं"**

हामीले जस्तो वीउ रोप्यो त्यस्तै फल पाउछौं। राम्रो फल पाउनको लागि राम्रै वीउ रोप्नु पर्दछ। नराम्रो काम गरेर राम्रो फल प्राप्त गर्न सकिदैंन। राम्रो गरे राम्रै, नराम्रो गरे नराम्रै नतिजा हुन्छ।

५. देवलोकबाट मनुष्य लोकमा आएकाहरु राम्रो रुपवान भएर जन्मन्छन्। लोभ, द्वेष, मोह कम हुन्छ। अरुको भलो चिताउँछ। दयामाया भएका हुन्छन्। एकजना मालाभारि नामक देवपुत्र थियो। उसको अरु थुप्रै देवपुत्री साथीहरु थिइन्। उनीहरु रसरंगमा रमाउँदै गए। मालाभारिको महारानी पनि थिइन्। महारानी आफ्ना देवपुत्र अरु देवपुत्रीहरुसंग ख्याल ठट्टा गरी रमाइलो गरिरहेको देखे पछि महारानीलाई रीस उठ्यो। रीसले नै गर्दा देवलोकबाट च्यूत भएर मनुष्यलोकमा नारी भएर जन्म लिन पुगे। यस



Downloaded from http://www.dhamma.digital

लोकमा आए पनि पञ्चकाम सुखमा मन पटक्कै लागेन । रसरंगमा मन जागेन । आमाबुबाले विवाह गरि दिए । विवाह गर्न मन नभए पनि विवाह भयो । केही समयपछि क्रमैसंग तीनजना छोराहरु पनि जन्माए । म देवलोकबाट रीसको कारणबाट च्यूत भएर मनुष्य लोकमा आएको भनी थाहा पाएर उनीले दान धर्म ध्यान भावनामा मन लगाइन् । पुण्यको प्रभावले मरे पछि फेरि स्वर्गलोकमा नै गइन् । मनुष्यलोक एयरपार्ट जस्तै हो । जसरी एयरपोर्टबाट आफूलाई चाहेको देशमा जान सक्छ, त्यस्तै मनुष्य लोकबाट पनि आफूलाई चाहेको लोकमा जान सकिन्छ । अरुलाई दुःख दिने ईर्ष्या गर्ने, हत्या हिंसा नराम्रा कर्महरु गरे नरकलोक, प्रेतलोक र पशुपंक्षी योनीमा पनि जान सकिन्छ । दान धर्म गरेर मनुष्य लोक, देवलोक, ब्रह्मलोकमा जान सकिन्छ ।


६. ब्रह्मलोकबाट मनुष्यलोकमा आएकाहरुको अनुहार चम्किलो हुन्छ । प्रिय हुन्छ । अनुहारमा मधुर हाँसो छाएको हुन्छ । काम तृष्णामा मन जाँदैन । ब्रह्मलोकबाट यस लोकमा आएका भद्र र पिपिलायनी भन्ने दुईजना एक आपसमा विवाह गरे । आमाबुबाहरुको सेवा सुसार गर्दै गए । तर तिनीहरुमा काम तृष्णा थिएन । आमाबुवा रहुञ्जेल संगै बसेर वहाँहरुको मृत्यु पश्चात् दुवै जनाले भएभरको श्रीसम्पत्ति दान दिएर भिक्षु, भिक्षुणी बन्न पुगे । यसरी ब्रह्मलोकबाट आउने मनुष्यहरु रसरंग, काम तृष्णामा लिप्त हुँदैन । पुनः पुनः दान धर्म, कुशल कर्म गरी सही तवरले जीवन बिताउने गर्छन् । त्यसैले हामीले पनि दान, शील र भावना गरी सुगतगामी भई अन्तमा जन्म, जरा र व्याधिरहितको निर्वाण प्राप्तिमा अग्रसर हुन सकौं । यही शुभकामना छ ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# बुद्धले भोगेका कर्म विपाक



**भिक्षु सरणंकर स्थविर**
आनन्दकुटी विहार
स्वयम्भू

**'न अन्तलिक्खे न समुद्दमज्झे, न पब्बतानं विवरं पविस्स ।**
**न जिज्जती सो जगतिप्पदेसो, यत्थट्ठितो मुच्चेय्य पापकम्मा'**

-धम्मपद (१२७)

जस्तो बिउ रोपिन्छ/छरिन्छ, त्यस्तै प्रकारको अन्न/फसल फल्दछ । यो प्रकृतिको स्वभाव हो । मानिसले पनि चेतनासहित आफ्ना मन, वचन र शरीरले जस्तो कर्म गर्दछ, सोही अनुसारको विपाक भोग्नु पर्दछ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ- "चेतनाहं भिक्खवे कम्मं वदामि ।"

भगवान् बुद्धको शिक्षाबाट प्रभावित भई त्यसबेला धेरै मानिसहरु बुद्धको शरणमा गए । फलस्वरुप तैर्थिकहरुको लाभ सत्कारमा कम भयो । त्यसैले तैर्थिकहरुले आफ्नो शिष्या सुन्दरी परिब्राजिकालाई अनावश्यक कुरा, जुन कुराबाट भगवान् बुद्धको चरित्रमा दाग लाग्छ, सिकाएर जेतवन विहारमा पठाउने गर्थे । ती सुन्दरीले गुरुहरुले सिकाए अनुसार जेतवन विहारमा दिनहुँ पुगी बुद्धको श्रीमती हुँ भन्दै लोकको अगाडि झुटो आरोप लगाउँदै हल्ला प्रचार गर्दै हिडेकी थिइन् । पछि सुन्दरी परिब्राजिकालाई तैर्थिकहरुले मारेर विहार नजिकै खाल्टोमा पुरे र हत्याको आरोप बुद्धलाई लगाए । यसरी सुन्दरी परिब्राजिकाको कारणले भगवान् बुद्ध अज्ञानी मानिसहरुबाट निन्दित हुन परेको थियो । यसको कारण भगवान् बुद्धको कर्म विपाक हो । एक समयमा मुनालि नामक बोधिसत्व भएर जन्मिदा एकजना प्रत्येक बुद्धलाई दुराचारी आयो भनेर अनावश्यक लाञ्चना लगाएको थियो ।



Downloaded from http://www.dhamma.digital

चिञ्चामाणविका एउटी तैर्थिकहरुको चेलीहरु मध्ये एक थिइन् । ती तैर्थिकहरुले सिकाए अनुसार चिञ्चामाणविका दैनिक रुपमा जेतवन विहारमा जाने गर्न थालिन् । यो दृष्य भगवान् बुद्धकोमा आउने उपासक उपासिकाहरुले देखे । यस्तै देनिक रुपमा वेलुका तिर जाने र विहान उठेर आएको जस्तो नाटक गर्न थालिन् । केहि समय वितेपछि एकदिन चिञ्चामाणविकाले काठका टुक्रालाई पेटमा बाँधेर भगवान् बुद्धले धर्म उपदेश गरिरहनु भएको सभामा गएर भनिन्- "तिमी यति बेला मर्यादाको शिक्षा दिन छाड । किनभने यो मेरो पेटमा रहेको तिम्रो बच्चा जन्मने समय भैसक्यो । तिमी प्रसुतिको उपाय केही पनि बनाउँदैनौ ?" यस्तो कुरा देवताहरुलाई थाहा भएर मुसाको रुप लिएर पेटमा बाँधेको डोरी काटिदिए । अनि त्यो बाँधिराखेको काठ खसे र सभामा भएका सवै उपासक उपासिकाहरुले सत्य कुरा थाहा पाए । एक समयमा अहिलेको भगवान् बुद्ध बोधिसत्व हुनु भएको वेलामा मदिरा सेवन गरी विस्मृति बनेको बेलामा एक अरहन्त सब्भाविभू नन्द श्रावक भिक्षुलाई "हेर ! दुशिल भ्रष्ट व्यभिचारी आयो" भनी झुटो आरोप लगाएको हुनाले भगवान् बुद्धले पनि झुटो आरोप खेपी निन्दित बन्नु परेको थियो ।

देवदत्त भिक्षु भए पनि उसको नियत राम्रो थिएन । बुद्धलाई जसरी अन्य भिक्षु, भिक्षुणी, उपासकोपासिका, राजा महाराजाहरु आदिले मान, सम्मान, आदर, गौरव राख्दथे, सबैबाट त्यही मान, सम्मान, आदर, गौरब आफूले प्राप्त गर्न भगवान् बुद्धकहाँ गएर भन्न गए कि "अब तपाई वृद्ध हुनुभयो भिक्षुसंघको जिम्मा मलाई दिनहोस् ।" बुद्धले देवदत्तको कुरालाई स्वीकार्नु भएन । पछि संघनायक हुन नपाउँदा देवदत्तले भगवान बुद्धलाई मार्ने योजना वनाए । धनु विद्यामा पारंगत भएका धनुरधारीहरुलाई बोलाई मार्ने कुचेष्टा गरे । देवदत्तले ढुङ्गाले हानेर मार्ने कोसिस पनि गरे । भगवान् बुद्धलाई ढुङ्गा प्रहार गर्दा त्यस ढुङ्गाको टुक्रा खुट्टाको बुढी औंलामा परे र त्यस औलामा रगत जमेको थियो । पहिले बोधिसत्व साहु महाजन कोखमा जन्मेको थियो । त्यस जन्ममा वहाँले प्रत्येक बुद्धलाई रगत वग्ने गरी ईटाले हानेको थियो । त्यहि अकुशल कर्मले गर्दा भगवान बुद्ध हुनु भए पछि पनि देवदत्तको ढुङ्गा प्रहारले रगत जम्ने गरी चोट सहनु परेको हो ।

भगवान् बुद्धको खुट्टाको बुढी औंलामा रगत जमेको कारणले अथवा औंला पाकेको कारणले भगवान बुद्धलाई अति नै पिडा भएको थियो । पछि जीवक वैद्यले



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धलाई त्यस घाउको सल्यक्रिया गर्नु परेको थियो । यो कुन जन्मको विपाक त भन्दा एक जन्ममा बोधिसत्व प्रान्तिय राजा भएको थियो । त्यस समयमा बढी रक्सी पिएर निर्दोष जनताहरुलाई छुरा रोपी सास्ती गरी मार्न लगाएका थिए । त्यहि कर्म विपाकको प्रतिफल भोग्नु परेको थियो ।

देवदत्तले भगवान बुद्धलाई मार्नलाई अर्को उपाए बनाए । नालागिरि हात्तीलाई १६ गाग्री रक्सी पिलाएर भगवान् बुद्ध भिक्षाटन आउने वाटोमा छोड्न लगाए । तथागतलाई यो कुराको ज्ञान भएतापनि भिक्षुहरु सबैलाई आफ्नो पछाडि राखेर भिक्षाटन जानुभयो । जब नालगिरि हात्तीले भगवान् बुद्धलाई देखे, बुद्धको मैत्री शक्तिको कारणले रक्सीले मातेको हात्तीको वेहोसिपन हटेर गयो र सुँडलाई तल झारेर दुवै कान हल्लाउँदै नजिकै आएर पाऊ पर्‍यो । अनि भगवान् बुद्धले भन्नुभयो कि "मैले जस्तै तिमीले पनि प्राणीहरुको हित उपकार हुने काम गर्नु । अरुहरुलाई मार्ने काम नगर्नु । सबै प्राणीहरुलाई सुखी हुने मैत्री युक्त चित्तले मेहेनत गर्नु" यसरी उपदेश दिनुभई दाँया हातले टाउको र सुँडलाई सुमसुम्याउनु भयो ।

एक समय बोधिसत्व माउटेको कोखमा जन्मेको थियो । त्यस जन्ममा बोधिसत्वले एकजना प्रत्येक बुद्ध आइरहनु भएको वेलामा उहाँलाई हात्तीले लखेटे को फलस्वरुप भगवान्ले पनि सो विपाक भोग्नु परेको थियो ।

भगवान् बुद्धलाई पनि समय समयमा असह्यरुपमा टाउको दुख्दथ्यो । एक समयमा बोधिसत्व माझि गाउँमा गइरहनु भएको बेलामा एकजना माझिले टाउकोमा हानेर माछा मारेको देखेर बोधिसत्वले खुसी भएर हेरिरहनु भएको थियो । यसरी माझिले गरेको अकुशल कामलाई अनुमोदन गरेका अथवा खुसी भएको कारणले त्यो विपाक भोग्नु परेको थियो ।

एक चोटी वेरन्जा ब्राह्मणले भगवान् बुद्धलाई वर्षाबास भरिको लागि भोजन दान दिनको लागि निमन्त्रणा गरेका थियो । तर उनले आफूले भगवान् बुद्धलाई निमन्त्रणा गरेको कुरा नै बिर्सेर कुनै पनि दिन भोजनको व्यवस्था गरेन । त्यहि समय कालमा त्यस ठाउँमा अनिकाल परेको हुनाले अरु मानिसहरु पनि भोजन गराउन गएन । अनि भिक्षाटन जानु भएको वेलामा पनि भिक्षा पाउनु भएन । त्यसैवेलामा व्यापारीहरु आए अनि भगवान् शास्तालाई उनीहरुसंग भएको



Downloaded from http://www.dhamma.digital

थोरै अन्न भोजन दान दिए। अन्न सिद्धिए पछि घोडाको दाना भोजन स्वरुप दान दिए। भगवान बुद्धले पनि स्वीकार्नु भयो। धेरै पहिले बुद्धको श्रावकहरुलाई तिमीहरु खाना खानु भन्दा पशुले खाने खाना/दाना खाए हुन्छ भनेर भनेको विपाक स्वरुप बुद्धले पनि घोडाको खाना खानु परेको हो।

भगवान् बुद्धलाई वेला वेलामा कम्मर दुख्ने रोग पनि थियो। त्यो कम्मर कुन कर्म विपाकले दुखेको त भन्दा पहिलाको जुनीमा बोधिसत्वले मल्ल युद्ध गर्नु भएको थियो। त्यस युद्धमा बोधिसत्वले एक व्यक्तिको कम्मर भाँचेर हराईदिएको थियो। त्यही कर्म विपाकले गर्दा भगवान बुद्धलाई कम्मर दुख्ने रोग भएको थियो।

सिद्धार्थ राजकुमारले बोधि ज्ञान प्राप्त गर्नको लागि गृहत्याग गर्नु भएपछि उरुवेल वनमा आफ्नो शरीरलाई धेरै कष्ट हुने गरी ६ वर्षसम्म दुष्कर चर्या गर्नु परेको थियो। किनभने काश्यप बुद्ध हुनुभएको समयमा बोधिसत्वले ६ दिन दुष्कर चर्या गरेर काश्यपले बुद्धत्व प्राप्त गरेको सुने। त्यसवेलामा अभिमानले बुद्ध हुन ६ दिन त के, मैले ६ वर्षसम्म पनि तपस्या गर्नु सक्छु" भने। यसरी अभिमानी देखाएको हुनाले सिद्धार्थ बोधिसत्वले ६ वर्षसम्म कठोर तपस्या गर्नुपरेको हो।


त्यसैले धम्मपदमा उल्लेख गरिएको छ- 'न अन्तलिक्खे .................... पापकम्मा' अर्थात आकाश, समुन्द्र तथा पर्वतको गुफा जहाँ रहेतापनि पाप कर्मबाट बच्ने ठाउँ यस लोकमा कहीं छैन। आफूले गरेको पाप कर्मको भोग आफैले गर्नुपर्दछ। बोधिज्ञान प्राप्त गर्नुभएका तथागत सम्यकसम्बुद्धले त भोग्नु भयो भने हामी जस्ता पृथकजनले भोग्नु नपर्ने भन्ने प्रश्न नै उठ्दैन।

भवतु सब्ब मंगलं।



Downloaded from http://www.dhamma.digital

# तेमिय जातक



**अनागारिका मिना**
नगरमण्डप श्रीकीर्ति विहार
कीर्तिपुर

**'सब्बदानं धम्मदानं जिनाति, सब्बरसं धम्मरसो जिनाति ।**
**सब्बरतिं धम्मरतिं जिनाति, तण्डक्खयो सब्बदुक्खं जिनाति ।।'**

धम्मपद (३५४)

यो गाथा खुद्दक निकाय धम्मपदको तृष्णा वर्गमा उल्लेख छ । मानिसहरु विभिन्न प्रकारका दान गरीराखेका हुन्छन् । भगवान् बुद्धका अनुसार सबै दानलाई धर्मदानले जित्छ । सबै रसलाई धर्मरसले जित्छ । सबै रतिलाई धर्मरतिले जित्छ । तृष्णा क्षय भयो भने सबै दु:खलाई जित्छ ।

एकदिन भिक्षुहरु सिद्धार्थ राजकुमारले गर्नुभएको गृह त्याग अर्थात महाअभिनिष्क्रमण बारे कुरा गर्दै गर्दा भगवान् बुद्धले भिक्षुहरु के बारे छलफल गरिराखेको भनेर सोध्दा भिक्षुहरुले हजुरले गर्नु भएको गृहत्यागबारे भन्ने जवाफ दिए । त्यसवेला भिक्षुहरु मैले यो जुनीमा मात्र होइन पहिला पनि गृहत्याग गरेको छु भनि तेमिय जातक सुनाउनु भयो ।

त्यसवेला वाराणसी राजाका धेरै रानीहरु थिए । तर कसैबाट सन्तान पाएन । राज परम्परा थाम्ने व्यक्तिको जन्म नभए पछि दरबारमा र राज्यमा खलिबलि भयो । ती रानीहरु मध्ये कान्छी रानी शील पालना गर्ने, आध्यात्मिक क्रियाकलाप मन पराउने खालकी थिइन् । राजाबाट सन्तान नपाएपछि कान्छी रानीले पूर्णिमाका दिन व्रत बसी प्रार्थना गरिन्- 'मेरो शील पालनाको आनुभावले मेरोमा गर्भ बसोस ।' रानीको शील आनुभावले इन्द्र देवताकहाँ रानीको प्रार्थना



Downloaded from http://www.dhamma.digital

पुगे । इन्द्र देवताले एक जना देवतालाई रानीको गर्भमा जान प्रेरित गरे । ती देवता पनि इन्द्र देवताको आग्रह स्वीकार गरे र रानीको कोखमा जन्म लिन आए । कान्छी रानी गर्भवती भएकोले दरबारमा खुशीयाली छायो । केही महिना पछि राजकुमारको जन्म भयो । तेमिय राजकुमार नामाकरण गरियो ।

एकदिन राजा स्वयंले छोरालाई लिएर खेलाई राखेको बेला चार जना चोरहरुलाई समातेर राजाको अगाडि ल्याए । राजाले ती चोरहरुलाई सजाँय स्वरुप मृत्युदण्ड दिए । काट, झुण्ड्याउ आदि शब्द राजाको मुखबाट सुनेका राजकुमारले म राजा भए पनि यस्तै पापकर्म गर्नुपर्ने हुन्छ । त्यसैले म यस्ता क्रियाकलापमा सहभागी बन्न चाहन्न भन्ने भावना मनमा विकसित गरे । त्यही बेला राजकुमारलाई दिव्यवाणी स्वरुप तिमी पण्डित भएर नदेखाऊ । लाटो भएर बस । विकलाङ्ग हातखुट्टा नचल्ने भएर बस भनी निम्न गाथा-

**"मा पण्डिच्चयं विभावय, वालमतो भव सब्बपाणिनं ।**
**सब्बो तं जनो ओचिनायतु, एवं तव अत्थो भाविस्सति ।।"**

(आफ्नो पाण्डित्य प्रकट नगर्नु, सबैका लागि मूर्ख बन्नु । तिमीले भनेका कुरा कसैले नमान्नुन्, अनि मात्र तिम्रो उद्देश्य पुरा हुन्छ ।) आज्ञा गर्दै पूर्व जुनीका आमा आएर अववाद दिएर गइन् । आमाको दिव्यवाणी सुनेर तेमिय राजकुमार नबोल्ने नचल्ने भएर बसे । राजाले छोरालाई बोल्न लगाउन, चल्न लगाउन विभिन्न उपायहरु गरे । तर तेमिय राजकुमारलाई केहीले पनि असर गरेन । सबै दुःख कष्ट सहेर बसे । आमाको विलापले पनि केही असर गरेन । बर्षौं वित्यो । तर तेमिय राजकुमार लाटो, बहिरो, अन्धो भए जस्तै गरेर नै विताए । अन्तमा राजालाई यो लाटो बहिरो अन्धो राजकुमार दरबारमा राखेर केही काम छैन । यसलाई मसानघाटमा लगेर काटेर खाल्डोमा पुर्नु पर्ने जानकारी ज्योतिषी ब्राह्मणहरुले भने ।

राजारानी दुःखी भए । रोए । रानीले राजासंग छोरालाई राज्य मागे । राजाले दिन मानेन । रानीले सात दिनको लागि भए पनि राजा बनाउन अनुरोध गरे । राजाले मानेन । ज्योतिषी ब्राह्मणहरुको कुरा सुनेर मसानघाटमा लगेर पुर्ने निधो गरे राजाले । रानी विलाप गर्दै बसिन् । तर सबै कुरासुनेर बसेका तेमिय राजकुमारलाई केही असर गरेन । भोलिपल्ट एकजना सारथीलाई



Downloaded from http://www.dhamma.digital

राजकुमारलाई जंगलमा लगी खाल्डोमा पुरेर आउन आदेश दिए । सारथीले राजकुमारलाई गाडामा राखी लगे । जंगलमा पुगे पछि सारथी खाल्डो खन्न लागे । राजकुमारले आँखा खोले । हातखुट्टा चलाएर हेरे । आफू सबल भएको थाहा पाएर सारथीलाई सोधे के गर्दैछौ ? सारथीले हाम्रा कासी राजाको लाटो, बहिरो, अन्धो राजकुमारलाई खाल्डोमा पुर्नका लागि खाल्डो खनिरहेको जवाफ फर्काए ।

तेमिय राजकुमारले आफू नै कासी राजाका राजकुमार भएको बताए पछि सारथीले रथमा हेरे । त्यहाँ लाटो बहिरो अन्धो जस्तो बसिरहेको राजकुमार नदेखेपछि छक्क मान्दै दरबार फर्कन आग्रह गरे । राजकुमारले आफूले त्यसरी लाटो बहिरो अन्धो जस्तो नाटक गरेको रहस्य बताई सारथीलाई दरबार फर्कन आग्रह गरी त्यहि जंगलमा बसे । सारथी दरबारमा पुगी जंगलमा भएको घट्ना सविस्तार सुनाए । ती प्रज्ञावान राजकुमारलाई लिन राजा जंगल गए ।

तेमिय राजकुमारले आमाबुबा आएको देखेर आफ्नो कुटीमा स्वागत गरे । पाहुनासरी सत्कार गरे । दरबार फर्कन आमाबुबाले गरेको आग्रह बिन्ती राजकुमारले अस्वीकार गरे । आफ्ना आमाबुबालाई ज्ञानगुणका कुरा सुनाए । सिकाए । यही जंगलमा बसी ब्रह्मचरिय पालना गरेर बस्ने, दरबारका श्रीसम्पत्तिप्रति कुनै लोभ मोह नभएको बताए ।

बगेको खोला फर्किदैन । कपडा बुन्दै जाँदा धागो सकिदै जान्छ । त्यस्तै हाम्रो योवन सकिदैं जान्छ । मृत्युले पच्छ्याई राखेको हुन्छ । हाम्रो मृत्यु कहाँ कसरी कुन बेला हुन्छ थाहा हुँदैन । मृत्युलाई कसैले जित्न सकिदैन । एवं रीतले धर्मबारे, अनित्य दुःख बारे राजालाई उपदेश सुनाए । विभिन्न उपमाहरु प्रस्तुत गरेर बुढो भएर जाने, रोगी निर्बल भएर जाने यो शरीर सबल भएको बेलामा नै धर्म कर्म गरेर बस्छु भन्दै राजालाई धर्मबारे बुझाउने कोसिस गरे । तेमिय राजकुमार लिन गएका राजा लगायत सबैजना त्यही जंगलमा बसी ऋषी भएर ध्यान भावनामा लागे । यसरी सिद्धार्थ राजकुमारले यसपाली मात्र दरबार र भौतिक सुखसम्पत्ति छोडी गृहत्याग गरेको होइन पहिला पनि गरिएको थियो भनी भिक्षुहरुलाई तेमिय राजकुमारका गृहत्याग बारे सुनाए ।



Downloaded from http://www.dhamma.digital

धर्मदान सर्वोश्रेष्ठ दान हो। धर्म दानले गलत बाटोमा हिडेका व्यक्तिलाई सही बाटोमा ल्याउन मद्दत पुऱ्याउँछ। मिथ्यादृष्टिकलाई सत्य बाटो देखाउन सकिन्छ। त्यसैले यस गुँला समयमा एक महिनासम्म धर्म उपदेश सुनाएर, सुनेर आर्जन गरेका पुण्यबलले जन्म, जाति, जरा, व्याधिरहित निर्वाण प्राप्त गर्न सबैले सकून भनी कामना गर्दछु।


भवतु सब्ब मंगलं।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# पञ्चकामगुणको आसक्ति र मृत्युराज



भिक्षु समित स्थविर
आनन्दभूवन विहार
स्वयम्भू

"पुप्फानि हेव पचिनन्तं, ब्यासत्तमनसं नरं ।
सुत्तं गामं महोघोव, मच्चु आदाय गच्छति ।।"

-धम्मपद (४७)

तथागत सम्यक्सम्बुद्धको ८२००० र उहाँको श्रावकहरुको २००० गरी जम्मा ८४००० धर्मस्कन्ध रहेको कुरा बौद्ध ग्रन्थहरुमा उल्लेख छ । यी सबै धर्मस्कन्धको मूल सार भनेको चित्त शुद्ध गर्नु हो । फोहर पानीलाई विविध उपायबाट निर्मल बनाएर उपयोग गरे जस्तै हामी उपासकोपासिकामा रहेका राग, द्वेष र मोहरुपी फोहरलाई पन्छाएर शुद्ध चित्तरुपी धर्मलाई ग्रहण गर्नसकोस् भन्नु नै यो एक महिने गुँला धर्मदेशना कार्यक्रमको उद्देश्य हो जस्तो मलाई लाग्दछ ।

तथागत सम्यक्सम्बुद्ध श्रावस्तीमा रहनुभएको समयमा परिषद्सहित ठुलो भेलले बगाएर मृत्यु भएको विडूडभको कारणले उपरोक्त गाथा आज्ञा गर्नुभएको थियो । एकपटक कौशल नरेश प्रसेनजितले भगवान् बुद्ध र उहाँको भिक्षु संघप्रति घनिष्ठता बढाउन राज्यको लागि उचित हुनेछ, जसबाट युवक श्रामणेरलगायत सम्यक्सम्बुद्धका आफन्तहरु दिनहुँ मप्रति विश्वास गरेर आउने र मान सम्मान पाउँने कुरा सोचेर "मलाई एउटी छोरी दिनु" भनेर शाक्यहरुकहाँ एउटा पत्र पठाए । पत्र पाएपछि शाक्यहरुले विचार गरे कि यो राजा हाम्रो विरोधि पक्षको हो । तर उसलाई छोरी दिएन भने हाम्रो नाश नगर्ला भन्न सकिन्न । त्यसैले उस्लाई आफ्नो कुलको नभई एउटी दासीपुत्री दिने



Downloaded from http://www.dhamma.digital

सल्लाह गरी दूत पठाए। यो कुरा पनि दूतलाई भनेर पठायो कि प्रसेनजितलाई दिने छोरी सम्यक्सम्बुद्धको काका महानाम शाक्यको छोरी वासभखत्ति भनेर। शाक्यहरु धूर्त हुन्छन्, दासीपुत्री पनि हुनसक्छ। त्यसैले बाबुछोरीले एउटै थालमा खान्छ कि खाँदैन हेरेर आउनु भनेर प्रसेनजितले मान्छे पठाए। यो कुरा थाहा पाएर महानामले आफ्नी छोरीसंग एकै थालमा खाएजस्तो वहाना गरे। यो कुरा उनीहरुले थाहा पाएन। विवाह पछि कौशल नरेशले शाक्य दासीपुत्रीलाई अग्रमहेषी बनाए र केही समयपछि उनको कोखबाट एक सुवर्ण वर्णको छोरो जन्मे। बच्चाको नामाकरण गर्ने बेलामा यसको नाउँ के राख्ने होला ? भनी राजाले वासभखत्तिले एउटा राजकुमार जन्माए, अब उस्को नाउँ के राख्ने भनी शाक्यहरुसंग सोध्न जान एउटा अमात्य (कान कम सुन्ने) पठाए। उनले यो सबै जानकारी दिएपछि महानामले यो बच्चा कोशल नरेशको प्रिय हुनेछ भनी अति प्रिय अर्थात 'वल्लभा' राख्ने भनेर प्रसेनजितको अमात्यलाई सुनाए। कान कम सुन्ने भएकोले उनले 'विडूडभ' सुने। पछि अमात्यले कोशल नरेशलाई यही विडूडभ भनेको हुनाले राजकुमारको नाउँ विडूडभ राखे।

राजकुमार करिब सात वर्षको उमेर पुगे। अरु कुमारहरुसंग खेल्न जाँदा अन्य कुमारका आमापट्टि/तर्फका हजुरबुबा, हजुरआमा एवम् आफन्तहरुले खेलौना उपहार पठाउने गरेको देखेर विडूडभले आमाकहाँ गएर तपाईको बुबाआमा कोही हुनु हुन्न ? भनेर सोधे। आमाले छन्, धेरै टाढा भनेर जवाफ दिइन्। १६ वर्ष पुगेपछि विडूडभले आमालाई हजुरबुबाको कुल हेर्न जाने इच्छा जाग्यो भनेर भन्दा आमाले त्यहाँ गएर तिमीले के गर्नु छ र ? नजाउ भन्दा पनि मानेन। वासभखत्तिले आफ्नो छोराको कुनै प्रकारको अपमान नहोस् भनी कपिलवस्तुमा खबर पठाए। विडूडभ पनि कपिलवस्तु पुगे। दासीपुत्र भएको हुनाले कसैबाट विडूडभलाई वन्दना नगरोस् भनी शाक्यहरुले विडूडभ भन्दा कान्छो उमेरका सबैलाई अन्य ठाउँमा पठाएर अरु विडूडभ रहेको संस्थागारमा जम्मा हुन आए। विडूडभले त्यहाँ हजुरबुबा, काका आदि मान्नुपर्ने आफन्तहरुलाई वन्दना गरे। तर आफूलाई कसैले वन्दना नगरेको देखेर प्रश्न राख्दा कान्छो उमेरका सबै बाहिर गइरहेको थाहा पाए। विडूडभलाई सत्कार पनि गरे। विडूडभ कोशल फर्केपछि एकजनाले यो दासीपुत्र बसेको कुर्सी भनेर कराउँदै निन्दा गरेर दूध र पानीले सफा गरिरहे। त्यही समयमा कोशलबाट



Downloaded from http://www.dhamma.digital

आएका एक जना शस्त्र विर्सेर लिन आउँदा यो कुरा सुनेर पछि कोशल नरेश कहाँ सबै जानकारी गराए। विडूडभले यो थाहा पाएर शाक्यहरुले म दासीपुत्र भनेर बसेको कुर्सी दूध र पानीले सफा गर्न लगाए। तर म राज्यमा प्रतिष्ठित भएपछि शाक्यहरुको रगतले त्यो कुर्सी सफा गर्छु भनी बदलाको भावनासहित रीसले चुर भए।

प्रसेनजितको मृत्युपश्चात विडूडभ राजा भए। विडूडभले पालेको वैरभाव स्मरण गरेर शाक्य सबैलाई मार्छु भनी महान सेनासहित निस्के। भगवान् बुद्धले यो कुरा जानी ज्ञातिबन्धुलाई संग्रह गर्नु उचित हुन्छ भनी कपिलवस्तु नजिक एउटा रुख मुनि (छ्यायाँ नभएको) बसिरहे। विडूडभले भगवान्लाई देखेर "शास्ता ! यस्तो गर्मिमा छ्यायाँ नभएको रुखमुनि किन बस्नु भएको होला ?" भनी बुझ्न खोज्दा "महाराज ! आफन्तहरुको छ्यायाँ शीतल हुन्छ" भनेपछि भगवान्को कुरा बुझेर फर्के। दोश्रो र तेश्रो पटक पनि भगवान्लाई देखेर विडूडभ फर्के। चौथो पटक शाक्यहरुलाई विनाश गर्न विडूडभ निस्केको थाहा पाएर भगवान्ले विचार गर्दा धेरै पहिले एउटा नदीमा उनीहरुले विष राखेर माछ्रा मारेको हुनाले त्यही पाप कर्मको विपाक भोग्नु पर्ने जानी भगवान् ज्ञातिबन्धुलाई संग्रह गर्न जानु भएन। फलस्वरुप विडूडभका सेनाले शाक्यहरुको विनाश गरे। तिमी शाक्य हो ? भनी सोध्दै मार्न थाले। शाक्यहरु हिंसा नगर्ने, झुट नबोल्ने भएकोले तिमी को हो ? भनेर सोध्दा मुखमा घाँस राखेर, घाँस भनेर उपाय कोशल अपनाए। महानाम शाक्यसंग रहेकालाई नमार्नु भन्ने विडूडभको आदेशानुसार महानामसंग रहेकालाई अभय दान दिए। यसरी विडूडभले शाक्य वंशलाई नै सखाप पारे।

विडूडभले पछि आफ्नो हजूरबुवा महानामलाई संगै ल्याउन लगाई भोजन संगै खाऔं भन्दा महानामले एकछिन पर्ख, नुहाएर आउँछु भनेर गए। क्षेत्रि (शाक्य) आफ्नो ज्यान नै जाओस्, तर दासदासीसंग संगै बसेर कहिल्यै पनि खाँदैन थियो। त्यसैले आत्महत्या गर्नु नै उत्तम सम्झेर पोखरीमा हामफाले। महानामको गुणको प्रभावले गर्दा नागराजा पोखरीमा गई महानामलाई आफ्नो भूवनमा लगे। १२ वर्षसम्म महानाम त्यहाँ रहे। विडूडभले महानाम नआएपछि खोजतलास गर्न लगाए। भेट्टाउन नसकेपछि मऱ्यो होला भनी सेनासहित



Downloaded from http://www.dhamma.digital

आफ्नो राज्य फर्के। फर्किंदा रात परेपछि विडूडभसहित कोही अचिरवती नदी किनारमा, कोही नदीबीच (वालुवा भएको ठाउँमा) अखडा बनाए। पाल राखेर बसे। नदीकोबीचमा बस्नेहरुले असंख्य कमिला आएको देखेर उनीहरु नदीको किनारमा बस्न आए भने किनारमा बसेकाहरु त्यही कमिलाको भयले नदीको बीच बालुवा भएकोमा बस्न गए। संयोगबस एकैछिनमा मुसलधारे बर्षा भई विडूडभलगायत पाप कर्म गर्ने सबैलाई भेलले बगाए र समुन्द्रमा पुगेर त्यहाँ बस्ने प्राणीको आहार बने।

एक दिन भिक्षुहरुका बीच विडूडभले शाक्य बंश नाश गर्नु उचित होइन भन्ने कुरा भइरहेको समयमा तथागतले सुनेर भन्नु भयो "भिक्षु हो ! यस जन्ममा कोही पनि शाक्य यसरी मर्नु उचित होइन। पहिले गरेर आएको पाप कर्मको कारणले यसरी मर्नु परेको हो।" किनभने पहिले सबै मिलेर नदीमा विष हाले। फेरि एकदिन भिक्षुहरुको धर्मसभामा विडूडभले शाक्यहरु सबैजसो मारेर आउँदा पनि आफ्नो मनोकामना पूरा नहुँदै भेलमा परेर समुन्द्रमा पुगी विभिन्न प्राणीको आहार बन्नु पर्‍यो भन्ने कुरामा छलफल भइरहँदा भगवानले "भिक्षु हो ! जसरी पञ्चकामेन्द्रियरुपी फूल टिप्नमा आशक्त भई रहने व्यक्तिहरु भेलले सुतिरहेका ग्रामवासीहरुलाई बगाएर लगे झैं मृत्युले लैजान्छ।" भनी उपरोक्त गाथा "पुप्फानि हेव ........" आज्ञा भएको थियो।


यस अट्ठकथा सुनेर उपासकोपासिकाले के जान्नु पर्दछ/बुझ्नु पर्दछ भने आफूलाई आनन्द हुने पञ्चकामगुण रुप, शब्द, गन्ध, रस र स्पर्श मध्ये कुनै न कुनै कामगुणमा आशक्त भई दुर्लभ जीवनको महत्वलाई भुलिरहेको हुन्छन्। त्यसैले प्रमाद र पञ्चकामगुणमा आसक्त भई चार अपायरुपी सागरमा जाने कि अप्रमाद भई भगवान्ले औंल्याउनु भएको जन्म, जरा, व्याधि र मरणरहित निर्वाणतिर अग्रसर हुने यो सबै हामी आफैले निश्चित गर्ने कुरा हो। आशा गरौं, हामी सबै भगवान् बुद्धले देखाउँनु भएको मार्गमा अग्रसर हुन सकौं।

भवतु सब्ब मंगलं।



Downloaded from http://www.dhamma.digital

# क्रोध ईर्ष्याप्रति सजग होऔं



**अनागारिका उपेक्खा**
ज्योति विहार
चापागाउँ

**"क्रोधं जहे विप्पजहेय्य मानं, सञ्ओजनं सब्बमतिक्कमेय्य ।**
**तं नामरूपस्मिं असज्जमानं, अकिञ्चनं नानुपतन्ति दुक्खा ।।"**

**-धम्मपद (२२१)**

धर्म गर्नुभन्दा पहिले धर्म के हो ? भन्ने कुरा बुझ्नु आवश्यक छ । यथार्थ, वास्तविक, सत्य धर्म नबुझेकै कारणले विहारमा आउने प्रायः उपासकोपासिकाले बुद्धको शिक्षा, ज्ञान र उपदेशलाई आफ्नो जीवनमा उपयोग, ग्रहण, अभ्यास अत्यन्त कममात्र भएको देखिन्छ । पूजा थाल लिएर मूर्तिपूजा गर्ने पुरानो संस्कारलाई त्याग्न सकेका छैन । श्रद्धेय भन्ते गुरुमाँहरुको धर्मदेशनाहरु समय समयमा श्रवण गरे तापनि बुद्ध वन्दना कसरी गर्ने, बुद्धपूजा कसरी गर्ने आदि राम्ररी जानेका छैनन् । कायिक, वाचिक र मानसिक रुपबाट अरुलाई नकारात्मक असर गर्ने कर्म गर्नु धर्म होइन भन्ने कुराको चिन्तन मनन् धेरैले गरेको देखिंदैन ।

कुशल, अकुशल, पूर्वजन्म, पुनर्जन्म, चतुरार्य सत्य, कारण कार्य आदि थाहा नपाउनु अविद्या हो । राग, द्वेष र मोह अविद्यारुपी बन्धन हो । शत्रु हो । अकुशलको जरा हो । अविद्यारुपी बन्धनबाट बाहिर निस्कन अस्साद, आदिनव र निस्सरणको आलोकलाई आत्मसात् गर्ने कुरा सिक्नुपर्दछ । क्रोध, इर्ष्या, अभिमानलाई चिन्ने प्रयास गर्नुपर्दछ । यो अकुशल हो र यसले अकुशलतिर लान्छ भन्ने कुरामा सजग, सचेत र सतर्क हुनुपर्दछ । होइन भने क्रोधले मानिसलाई उसको मन, वचन र शरीरलाई असंयमित बनाउँदछ । असंयमित



Downloaded from http://www.dhamma.digital

अवस्थामा हुने कर्म कहिल्य पनि कुशल हुँदैन । नाम, रुप, धर्म सबै अनित्य हो, नाशवान हो, तर लिएर जाने कुशल अकुशल मात्र हो भन्ने कुरा स्मरणमा राख्नु धर्म हो ।

परम्परागत समाजमा हुर्केका हामी । पुस्तौं पुस्ता वा परम्परादेखि लिएर आएका संस्कार/कर्मलाई मानिसले सहजै त्याग्न गाह्रो हुन्छ । बुद्धको यथार्थ, वास्तविक, सत्य अनि लोकोत्तर ज्ञानलाई बुझेका बौद्धहरुले मात्र पुरानो परम्परालाई त्यागेको देखिन्छ । धेरैभन्दा धेरै मानिसले सक्कायदिट्ठि (सत्काय दृष्टि), विचिकिच्छा, सीलब्बत परामट्ठ (शीलव्रत परामर्श) आदि विविध संयोजनलाई वास्तविक सम्झेर त्यस कर्मबाट टाढिन प्रयास गरेको देखिँदैन । आत्मा नित्य हो र मानिसको मृत्युपछि त्यही आत्मा प्रवेश गरेर त्यो व्यक्तिको पुनर्जन्म हुन्छ भन्नु सत्काय दृष्टि हो । वास्तविकता नबुझेको कारणले बुद्ध, धर्म र संघ, दु:ख आर्यसत्य, दु:ख समुदय आर्य सत्य, दु:ख निरोध आर्य सत्य अनि दु:ख निरोधगामिनी प्रतिपदा आर्य सत्य आदिको विषयमा शंका उपशंका गर्नु विचिकिच्छा हो । हुनत अहिले कुकुर व्रत, गाई व्रत बस्ने भन्ने कुरा सुनिदैन । तथापी यहाँ यस्ता व्रतहरु पालन गरिराखेका छन् जस्को औचित्य छैन अनि आफू र अरुलाई कुनै भलो हुँदैन । यस्ता व्रतलाई सीलब्बत परामट्ठ (शीलव्रत परामर्श) भनिन्छ । यस्तै संयोजनले मानिसलाई बारम्बार दु:खको भवसागरमा अल्मल्याइरहेको हुन्छ । जन्म, जरा, व्याधि र मरणरहितको परम सुख निर्वाणतिर अग्रसर हुने मार्ग पहिचान गर्ने कार्यमा बाधा अवरोध खडा गरिरहेको हुन्छ । बाधा अड्चनलाई हटाउने काम स्वयम् उपासकोपासिकाले गर्नुपर्दछ ।

तथागत सम्यक्सम्बुद्धले विनाकारण धर्मको उपदेश गर्नु हुन्न भन्ने कुरा ग्रन्थमा उल्लेख गरिएको पाइन्छ । मानिसले जस्तो कर्म गर्दछ, फल पनि त्यस्तै प्रकारको प्राप्त हुन्छ । कुनै कर्मको विपाक अहिलेको अहिल्यै प्राप्त हुन्छ, कुनैको धेरै समयपछि र कुनैको जन्मौ जन्मपछि फल मिल्दछ । शुरुमा भनेको पाली गाथा भगवान् बुद्धले रोहिणीको कारण देशना गर्नुभएको हो ।

एक समय भिक्षु अनिरुद्ध आफ्ना ५०० भिक्षुहरुसहित कपिलवस्तुको निग्रोधाराम विहारमा पुगे । यहाँ भिक्षु अनिरुद्धका सबै ज्ञातिबन्धुहरु पुगेर



Downloaded from http://www.dhamma.digital

उहाँलाई वन्दना गरे । तर भिक्षु अनिरुद्धले आफ्नी बहिनी रोहिणीलाई देखेन । रोहिणी उपस्थित नभएको कारण बुझ्दा उनीलाई चर्म/छालाको रोग लागेको भन्ने कुरा थाहा पाए । भिक्षुले कोही आफन्तलाई भनेर रोहिणीलाई बोलाउन पठाए र उपस्थित पनि भइन् । भिक्षु अनिरुद्धले सबै व्यहोरा थाहा पाइसकेको भएतापनि बहिनीलाई यहाँ नआउनुको कारण सोधे र बहिनीले चर्म रोगको कारण सभामा उपस्थित हुन लाज भएकोले भनी जवाफ दिइन् । भिक्षु अनिरुद्धले रोहिणीलाई त्यसो भए आसनशाला बनाई पुण्य गर्नु भनेपछि रोहिणीले कसरी आसनशाला बनाउने भनी सोधिन् । भिक्षुले उनीलाई "तिमीसंग गरगहना छैन ? भनेर सोधे र बहिनीले छ भनेपछि, त्यसको पैसा कति आउँछ" भनेर फेरि भिक्षु अनिरुद्धले सोधे र बहिनी रोहिणीले १० हजार भनी जवाफ दिइन् । त्यही गहना बेचेर आसनशाला बनाउन लगाए । भिक्षु अनिरुद्धको उपदेश अनुसार आसनशाला वरपर सरसफाई गरी आवश्यक पानीको व्यवस्था रोहिणी आफैले गरिन् । क्रमशः रोहिणीको चर्म रोग कम भयो र पछि आसनशाला निर्माण कार्य सकेपछि बुद्धप्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरी भगवान् बुद्धसहित सबैलाई प्रणीत भोजन दान गर्न लगाइन् । शास्ताले भोजन गरिसकेपछि अनिरुद्धलाई "यो कस्को दान हो ?" भनेर सोध्दा भिक्षु अनिरुद्धले "मेरी बहिनी रोहिणीको" भनेर जवाफ दिए । "खोइ त तिम्रो बहिनी ?" भनेर शास्ताले भनेपछि रोहिणीलाई बोलाउन पठाई कारण सोधेर भगवान्ले रोहिणीलाई "किन, कसरी तिमीलाई यो रोग उत्पन्न भएको हो, थाहा छ ?" रोहिणीले "थाहा छैन, शास्ता" भनेर जवाफ दिइन् । भगवान्ले उनीलाई क्रोध र ईर्ष्याको कारणले यो रोग उत्पन्न भएको हो भनी उनको पहिलेको कर्मको कुरा सुनाए ।

वाराणसीमा पहिले ब्रह्मदत्त राजाले राज्य गरेको समयमा एकजना अग्रमहेषी थिइन् । एक जना नर्तकीको नाच्ने कला र रुपबाट राजा अत्यन्त प्रभावित भए । राजाको मनको कुरा बुझेर अग्रमहेषीले विचार गरिन कि कतै यही नर्तकीलाई राजाले अग्रमहेषी बनाउने त होइन ? यस्तो सोच राखी अग्रमहेसीले उनी नर्तकीप्रति क्रोध ईर्ष्या जगाइन् । र अग्रमहेषीले नर्तकीको रुपलाई बेरुप बनाउने महाकच्छुफल (शरीरमा पऱ्यो भने चिलाउने र घाउ खटिरा निस्कने) ल्याउन लगाइन् र त्यस नर्तकीले लाउने लुगा एवम् सुत्ने ठाउँमा समेत छर्न लगाइन् । फलस्वरुप नर्तकीको शरीर भरी चिलाएर घाउ



Downloaded from http://www.dhamma.digital

खटिरा निस्के । त्यसबेलाको अग्रमहेषी तिमी रोहिणी नै हो, त्यसैले तिमीले गरेको पाप कर्मको विपाक भोग्नु परेको हो भन्दै भगवान् बुद्धले उपरोक्त गाथा 'क्रोधं जुहे........' आज्ञा गर्नु भएको हो । अर्थात क्रोधलाई त्याग, अभिमानलाई परित्याग गर्नु, सबै बन्धन संयोजनलाई भाच्नु, नामरुपमा आसक्त नहुनु, यस्तो अकिञ्चन (सम, द्रष्टा, साक्षी र तटस्थ भावमा रहने) व्यक्तिलाई दुःख हुँदैन ।


आसनशाला बनाई बुद्धप्रमुख भिक्षुसंघलाई दान पुण्य गरेको कुशल कर्मले रोहिणीको मृत्यु भई देवलोकमा देवपुत्रीको रुपमा रुपशोभा युक्त अप्सरा भइन् । चार देवपुत्रहरुले यस्ती रुपशोभा युक्त अप्सरा उत्पन्न भएको देखेर स्नेहको कारणले चार देवपुत्रहरु वीच विवाद भयो । विवाद सुल्झाउन उनीहरु देवपुत्रीसहित शक्र देवराजकहाँ पुगे । शक्रमा पनि उनीलाई देखेर स्नेह उत्पन्न भयो । शक्र देवराजले अन्य देवपुत्रहरुलाई भने कि यस देवपुत्रीलाई देख्ने वित्तिकै तिमीहरुलाई कस्तो लाग्यो ? एकले भने कि जसरी संग्राममा बाजा बजाउँदा मन अस्थिर हुन्छ, त्यसरी नै मेरो मनलाई शान्त बनाउन सकेन । दोश्रोले भने कि जसरी झर्ना खस्दछ, मेरो मन पनि त्यसरी नै तीव्ररुपले अगाडि अग्रसर भइरहेको छ । त्यस्तै गरेर तेश्रोले भने कि जसरी गंगटोले हेर्ने बेलामा आँखा बाहिर ल्याउँछ, त्यसरी नै मेरो मनरुपी नेत्र बाहिर छ । अर्को देवपुत्र चौथोले भने कि जसरी चैत्यमाथि राखेको झण्डा हावाले फरफराईरहेको हुन्छ, त्यसरी नै मेरो मन फरफराइरहेको छ । चारै जना देवपुत्रहरुको कुरा सुनेर देवराजले भने कि अहिले तिमीहरुको मन जलिरहेको छ । तर मलाई यी देवपुत्री भएन भने मर्छु होला । देवराजको कुरा सुनेर उनीहरुले रोहिणी देवपुत्रीलाई त्यहीं छाडेर गए । रोहिणी देवपुत्री देवराजको सबै भन्दा प्रिय भई बसिन् ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# प्रत्येकबुद्ध



**भिक्षु पियरतन**
विजयराम विहार
बलम्बु

**"अप्पस्स कम्मस्स फलं ममेदं, उदयो अज्झागमा महत्तपत्तं ।
सुलद्धलाभो वत माणवस्स, यो पब्बजी कामरागं महाचाति ।।"**

बुद्ध भनेको बोधिज्ञान लाभ/प्राप्त गर्ने व्यक्ति हो । अर्को अर्थमा भन्ने हो भने विशेष ज्ञान, यथार्थज्ञान या सम्यक्ज्ञान बोधिज्ञान हो । आर्यमार्ग अनि सर्वज्ञताज्ञान बोधिज्ञान हो । यसरी बोधिज्ञान प्राप्त गर्ने बुद्धहरु ३ प्रकारका छन्-

१. सम्यक्सम्बुद्ध
२. प्रत्येकबुद्ध
३. श्रावक (अर्हत्त) बुद्ध

Dhamma.Digital

**सम्यक्सम्बुद्ध** -

आफू स्वयम्ले ज्ञान प्राप्त गरी अरुलाई समेत बोध गर्न सक्ने, सामर्थ्यता प्राप्त व्यक्तिलाई सम्यक्सम्बुद्ध भनिन्छ । सम्यक्को अर्थ यथार्थरुपले हो भने 'स' को अर्थ स्वयम् र 'बुद्ध' को तात्पर्य अवबोध हो । सम्यक्सम्बुद्ध हुनको लागि १० पारमिता, १० उपपारमिता र १० परमत्थपारमिता गरी ३० पारमिता गुणधर्महरु पुरा गर्नु अनिवार्य छ । गौतमबुद्धले दिपंकर बुद्धको समयदेखि अन्तिम सिद्धार्थ गौतमको जन्मसम्म उपरोक्त ३० पारमिताहरु पूर्ण गरेर सम्यक्सम्बुद्ध हुनुभएको हो । सम्यक्सम्बुद्ध ३ प्रकारका हुन्छन् -

क) वीर्याधिक सम्यक्सम्बुद्ध
ख) श्रद्धाधिक सम्यक्सम्बुद्ध
ग) प्रज्ञाधिक सम्यक्सम्बुद्ध



Downloaded from http://www.dhamma.digital

वीर्याधिकमा वीर्य अधिक हुन्छ। श्रद्धा मध्यम र प्रज्ञा कम हुन्छ। विर्याधिक सम्यक्सम्बुद्ध हुन १६ असंख्य १ लाख कल्प पुरा गर्नुपर्दछ। श्रद्धाधिकमा श्रद्धा अधिक हुन्छ। प्रज्ञा मध्यम र वीर्य कम हुन्छ। श्रद्धाधिक बुद्ध हुन ८ असंख्य १ लाख कल्पसम्म पुरा गर्नुपर्दछ। प्रज्ञाधिकमा प्रज्ञा अधिक हुन्छ। वीर्य मध्यम र श्रद्धा कम हुन्छ। प्रज्ञाधिक सम्यक्सम्बुद्ध हुन ४ असंख्य १ लाख कल्प समय लाग्दछ। गौतमबुद्ध प्रज्ञाधिक सम्यक्सम्बुद्ध हो।

## प्रत्येकबुद्ध

अरुबाट धर्मश्रवण नगरी कुनै एउटा निमित्त लिएर "पटिच्च समुप्पाद" (प्रतीत्यसमुत्पाद) विचार गरी आफू एक्लै निवार्ण अवबोध गर्नेलाई प्रत्येकबुद्ध भनिन्छ। प्रत्यकबुद्ध आफू एक्लै बोध भएर अरुलाई निर्वाण धर्म ओवाद गर्दैनन्। प्रत्येकबुद्ध बुद्धोत्पाद नभएको कालमा मात्र उत्पत्ति हुन्छ। कल्पौं कल्पको समय अन्तरालमा एक जना बुद्ध (दुई या सो भन्दा बढी हुँदैन) मात्र उत्पत्ति हुन्छ। तर प्रत्येकबुद्ध एकै समयमा धेरै हुन सक्छ। बुद्धको शासन अन्त भएपछि मात्र प्रत्येकबुद्धको उत्पत्ति हुन्छ। प्रत्येकबुद्ध नभएको बेला बुद्धको उत्पत्ति हुन्छ। यसैले सिदार्थ गौतम जन्मेका दिनमा मातङ्ग भन्ने प्रत्येकबुद्धले परिनिर्वाण प्राप्त गर्नु भएको कुरा ग्रन्थमा उल्लेख छ। इसिगिलि सुत्र अनुसार एकै कालमा धेरै प्रत्येकबुद्धहरु उत्पति भई इसिगिलि (श्रृषिगिरि) पर्वतमा बास गर्नुहुन्थ्यो भन्ने कुरा उल्लेख भएको पाइन्छ। प्रत्येकबुद्ध हुनको लागि १० पारमिता र १० उपारमिता गरी २० पारमिता पुरा गर्नुपर्दछ। प्रत्यकबुद्धको मूल प्रार्थना (अभि निहार) बखतमा ५ अंगयुक्त हुनुपर्दछ -

१. मनुष्य भएर जन्मनु पर्ने
२. पुरुष भएर जन्मनु पर्ने
३. क्षीणाश्रव दर्शन या आफ्नो जीवनमा अरहन्त या बुद्ध जस्ता क्षीणाश्रव देखको हुनुपर्ने
४. आफ्नो भौतिक शरीर सम्यक्सम्बुद्धलाई अर्पण गर्ने क्षमता हुनुपर्ने र
५. इच्छा शक्ति हुनु पर्ने (जुत्ता नलाईकन सारा संसार घुम्छु भन्ने इच्छा शक्ति/सकल्प)

अब प्रत्येकबुद्ध भएको उदाहरणसहितको गंगमाल जातकलाई नजर



Downloaded from http://www.dhamma.digital

राखौं। धेरै पहिले वाराणसीमा ब्रह्मदत्त राजाले राज्य गरेका बेला एक गरिब कुलमा बोधिसत्वको जन्म भयो। परिश्रम गरेर जीविका चलाईरहेका बोधिसत्व कामको खोजीमा एक दिन एक सेंठकोमा पुगे। बोधिसत्वले सेंठलाई काम दिन अनुरोध गरे र सेंठले पनि उनलाई खेतमा काम गर्ने जिम्मा दिए। एक दिन सेंठले आफ्नो घरमा काम गर्ने सबैलाई आज उपोसथ व्रतको दिन हो। सबैले यो उपोसथ व्रत पालन गर्नुपर्दछ भनेपछि सेंठको परिवारलगायत सबैले उपोसथ व्रत पालन गरेर शीलबारे चिन्तन मननमा रहे। त्यस दिन विहान सबेरै उठेर बोधिसत्व काम गर्न खेतमा गए। दिनभर काम गरेर फर्कदा कोही पनि देखेन। भान्छेले उसलाई खाना अगाडि राख्न ल्याए। बोधिसत्वले भान्छेलाई सोधे कि आज सबै कहाँ गए ? भनेर। भान्छेले सबै उपोसथ व्रत पालन गर्न आ-आफ्नो घर गए। बोधिसत्वले विचार गरे कि म पनि उपोसथ व्रत पालन गर्दछु। हुनत बोधिसत्वले विहानै देखि केही नखाएको हुनाले निकै भोकले सताएको थियो। र पनि शील पालन गर्ने अठोट गरी सेंठकहाँ गएर म पनि उपोसथ व्रत गर्छु भनेर भने। सेंठले पहिलेदेखि संकल्प नगरेको हुनाले आधा उपोसथ व्रत वरावर हुन्छ भनेपछि हुन्छ भनी सेंठसंग शील ग्रहण गरे। उपोसथ व्रतबारे बोधिसत्वलाई कसैले पनि कुरा गरेका थिएन। दिनभरको परिश्रम अनि विहानै देखि केही नखाएको हुनाले पेट दुख्यो। अत्यधिक पीडा भयो। सेंठले औषधि पनि ल्याए। तर बोधिसत्वले खाएन। त्यही पीडाले मर्न लागेको थाहा पाएर बोधिसत्वलाई बाहिर बरन्दामा ल्याए। त्यही समयमा ब्रह्मदत्त राजा रथमा बसेर नगर प्रदक्षिणा गर्न आएको देखेर बोधिसत्वको मनमा सुख ऐश्वर्यको लोभ जाग्यो। राजा हुन पाए हन्थ्यो भनी आशिका गरे र मृत्यु भएर ब्रह्मदत्तको महारानीको कोखमा जन्म ग्रहण गरे। पछि बुबाको मृत्युपछि राजा (उदय) भए।

एकदिन नगरमा उत्सव भयो। त्यस समयमा घर घरमा पानी पुऱ्याउने एक जना ज्यामिले त्यही काम गरी बचाएर राखेको पैसा नगरको उत्तर ढोकातिर पर्खालमा लुकाएर राखेको थियो। त्यही काम गर्ने केटी संग उसको विवाह भयो। पछि केटीले आफ्नो श्रीमानलाई हामी पनि उत्सवमा जाऔं, स्वामीसंग पैसा छ कि भनेर सोधिन्। उसले पर्खालमा पचास पैसा राखेको छु, तिमीसंग पनि छ कि भनेर केटीलाई भने। केटीले पनि ५० पैसा छ भनी जवाफ दिइन्। ठीक छ, पैसा लिएर आउँछु भनी त्यो केटो आगोको जस्तो राप



Downloaded from http://www.dhamma.digital

निस्केको अत्यन्त तातो बालुवामा खाली खुट्टाले हिडेर गइरहेको राजा उदयले देखे। अत्यन्त हर्षित मुद्रामा गीत गाएर यसरी गइरहेको देखेर राजाले उसलाई बोलाउन पठाए। राजाले उसलाई सोधे कि तिमी यसरी हर्षित मुद्रामा यस्तो अत्यन्त गर्मीमा गीत गाएर कहाँ जान लागेको हो ? उसले जवाफ दिए कि मेरा श्रीमतीसंग रमण गर्न पर्खालमा लुकाएर राखेको पैसा लिन आएको। राजाले भने एक लाख छ ? छैन भनेर उसले जवाफ दिए। पछि राजाले ५० हजार, ४० हजार, ३० हजार, १० हजार, ५ हजार, १ हजार, पाँच सय, तीनसय, एक सय, पचास आदि भन्दाभन्दै १ रुपैया छ ? भनेर सोध्दा छैन भनी जवाफ फर्काए। त्यसो भए कति छ ? भन्दा ५० पैसा भनी जवाफ दिए। त्यसपछि राजाले भने तिमी फर्क म तिमीलाई पैसा दिन्छु भन्दा उसले राजाले दिने पैसा र लुकाएर राखेको पैसा लिएर फर्कन्छु भने। राजाले जति पैसा दिन्छु भन्दा पनि उसले आफूले लुकाएर राखेको पैसा पनि लिएर फर्किन्छु भनेपछि राजाले आधा राज्य दिन्छु भन्दा उसले स्वीकार गरे। दुबैले प्रसन्नतापूर्वक राज्य गरेर एकदिन दुबै उद्यानमा क्रीडामा गए। उद्यान क्रीडा पछि राजा उदय एक छिन निदाए। त्यही बेला अर्कोले सोचे कि उदयलाई मार्न पाए म भने पुरै राज्यको राजा हुन्छु। यसरी विचार गरेर मार्न भनी तरवार निकाले। फेरि मनमा कुरा खेल्यो कि यसैको कारणले म गरिब मानिस उदय समान राजा हुन पाएको हुँ। यो अनुचित हो, पाप हो। उदय बिंउझेपछि देव ! मलाई क्षमा दिनु भनी उदयसंग क्षमा मागे। पछि अलिकति कामभोगले नपुग्ने, धेरै भएतापनि सन्तोष नहुने, यो मूर्खको प्रलाप हो, त्यसैले यसमा जागृत भई त्याग्नु पर्दछु भनी राजा उदयलाई आफूले पाएको राज्य सुम्पेर प्रवजित भएर गए। राजा उदयले प्रीति व्यक्त गर्न गाथा आज्ञा गरे- "अप्पस्स कम्मरस...................... पहाया ति" अर्थात यो मेरो सानो कर्मको फल हो। उदयलाई यत्रो महान् ऐश्वर्य प्राप्त भयो। मेरो साथीलाई ठूलो लाभ भयो र कामभोग त्याग गरेर प्रवजित भयो।

एकदिन महारानीले उपरोक्त गाथाको अर्थ सोधिन्। तर उदय राजाले केही बोलेन। महारानीले गंगमाल भन्ने नाउलाई बोलाएर भनिन् कि तिमीले पहिले जस्तै पहिला कपाल फालेर चिम्टाले रोम फाल्ने होइन। राजाले केश फाल्न बोलाएमा पहिला रोम फाल्ने र पछि केश फाल्ने। यसरी तिमीले काम गऱ्यो भने राजा खुसी भएर वर दिन सक्छ। त्यसबेला तिमीले राजाले व्यक्त



Downloaded from http://www.dhamma.digital

गर्नुभएको उदानको भावार्थ जानेर मलाई भन्न आउनु भनेर नाउलाई अह्राए। नाउले पनि महारानीको आज्ञा अनुसार आफ्नो जिम्मेवारी पुरा गरे र राजा खुसी भएर वर माग भने। गंगमाल नाउले महारानीले भने अनुसार वरदान मागे। राजाले वचन दिएकोले उदानको भावार्थ भने र सो कुरा महारानीलाई सुनाए। पछि राजाको कुरा सुनेर विचार गरे कि आँशिक उपोसथ व्रत पालन गरेर यस्तो ऐश्वर्य राजालाई प्राप्त भयो। कुशल कर्म गर्नुपर्दछ, त्यसैले प्रवजित भएर आफूले आफैलाई स्थिर राख्छु भनी सबैलाई त्यागेर प्रवजित भए। अनित्य, दुःख र अनात्मको भावना गर्दै प्रत्येकबुद्धत्व प्राप्त गरे। यसरी दरवारमा एउटा सानो नाउको काम गर्ने व्यक्तिले यथार्थ सत्यलाई आत्मसात् गरेर प्रत्येकबुद्ध भए र उदय राजासहित राज्य परिषदलाई उपदेश गरेर पछि गन्धमादन पर्वतमा गए।

**श्रावकबुद्ध**


श्रावकको साधारण अर्थ श्रोता हो। प्रायः मानिसलाई जतिसुकै तीक्ष्ण र सहज प्रज्ञा भएतापनि ज्ञान प्राप्तिको लागि अरुसंग उपदेश सुन्नु (परतोघोष प्रत्यय) आवश्यक छ। सारीपुत्रले बुद्धधर्ममा प्रवेश गर्नुअघि अस्सजि भिक्षुको उपदेश ग्रहण गरेर मार्ग फल प्राप्त गरे। अरुसंग उपदेश सुनेर अवबोध हुने हुनाले श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत आर्यहरुलाई श्रावक भनिएका हुन् र श्रावकहरुको ज्ञानलाई श्रावकबोधि भनिन्छ। श्रावकबुद्ध हुन १० पारमिता पूरा गर्नुपर्दछ र १ असंख्य १ लाख कल्प पार गर्नुपर्दछ।

भवतु सब्ब मंगलं।



Downloaded from http://www.dhamma.digital

# देवदूतसूत्त



**भिक्षु पुण्ण स्थविर**
नरबुद्ध विहार
हाडिगाउँ

**'धम्मं चरे सुचरितं - न तं दुच्चरितं चरे ।**
**धम्चारी सुखं सेति-अस्मिं लोके परम्हिच ।।'**

**- धम्मपद (१६९)**

धर्म उपदेश श्रवण गर्दा हुने फाइदाहरुबारे यहाँहरुले सुन्नु जान्नु भएको अवश्य हुनुपर्दछ। सुनेको जानेको धर्म उपदेशप्रति पटक पटक चिन्तन मनन् गर्नुपर्दछ। अनि धारण गर्नुपर्दछ। धर्म अनुसार आफ्नो व्यवहारमा पनि क्रमशः लागू गर्दै जानु पर्दछ। सुख शान्ती सबैलाई मन पर्छ। सबैले दिनरात सुख खोजीरहेकै हुन्छ। भगवान्संग प्राथना गरिरहकै हुन्छ। तर भगवान्संग प्रार्थना गरेर मात्र सुख, शान्ति प्राप्त हुँदैन। समाजमा दिनानुदिन हत्या हिंसा फैलिरेहेको छ। झै झगडा मौलाइरहेको छ। किन ? किन कि मानिसमा धर्म हराईरहेको छ। पैसा र भौतिक सम्पत्ति मात्र भए पुग्छ भन्ने भावना बढिरहेको छ। तर त्यो गलत हो। धर्मले मात्र यो लोकमा र अर्को लोकमा पनि सुखी हुने मौका पाउँछ, पैसा भनेको त भौतिक वस्तु हो। जीवनको अर्थ खाली खानु, लाउनु, सुत्नु, बस्नु आदि मात्र भयो भने त मानिस र पशुमा कुनै भिन्नता नै हुँदैन। त्यसैले यदि धर्मको चेतना हामीमा भयो भने नहुने काम अकुशल कामहरु गर्न डर हुन्छ। जब धर्मको चेतना हुँदैन तब छोरीले आमालाई मार्न पनि पछि हट्दैन बुबाले छोरीलाई बलात्कार गर्न पनि पछि हट्दैन। अर्को कुरा धर्म भएन भने लाज हराएर जान्छ अनि शरीर मन, वचनद्वारा अकुशल काम गर्न जान्छ। 'हिरि ओत्तप्प' अर्थात डर र लाज नभएकाले जस्तो सुकै कर्म गर्न



Downloaded from http://www.dhamma.digital

पनि पछि पर्दैन । यो डर र लाज देवधर्म हो, जुन हामी सबैमा हुनुपर्छ । अनि पापकर्म गर्न पछि हट्दछ । जुनसुकै कर्म गर्ने पनि आफै अनि त्यसको विपाक भोग्ने पनि आफै । 'कम्मं सत्ते विभजति' अर्थात कर्मले नै प्राणीलाई विभाजन गरिएको हुन्छ ।

मानिसहरु धनी हुनु, गरिब हुनु, रोगी हुनु, निरोगी हुनु, राम्रो परिवारमा जन्मनु, सुविधा भएको ठाउँमा जन्मिनु, विकत ठाउँमा जन्म लिनु, धर्मदेशना सुन्न नपाउनु यी सबै कुराहरु पहिलाको जुनीमा गरेको र अहिले जुनीमा गरेको कर्मको प्रतिफल हो । भगवान् बुद्धले सुख दिलाउँछु भनेर स्वर्ग लान सक्नु हुन्न, मात्र सुमार्गको वाटो देखाई दिनुहुन्छ । स्वर्गमा जानको लागि आफैले प्रयत्न गर्नुपर्दछ । जसरी घरबाट बाहिर जानलाई धेरै चोटी ऐना हेरेर जाने गर्छन्, त्यस्तै नै हामीले मन, वचन र शरीरद्वारा गर्ने क्रियाकलापहरुमा धेरै चोटि सोचविचार गरेर मात्र व्यवहार गर्नुपर्दछ ।

देवदुत सुत्र भगवान् बुद्धले श्रावस्ती जेतवन विहारमा वस्नु भएको वेलामा भिक्षुहरुलाई देशना गर्नु भएको हो । सो विहारमा २ वटा ढोका भएको घर थियो । त्यो दुई ढोकाको बीचमा एक जना मानिस उभिरहेको हुन्छ, उनले त्यो ढोकाबाट भित्र को गए, को बाहिर आए देखेको हुन्छ, थाहा हुन्छ । त्यस्तै भगवान् बुद्धले भन्नुभयो- "मैले बुद्धज्ञान प्राप्त गरेको हुनाले मानिसहरु कुन योनीबाट आएको, कुन लोकबाट आएको र कहाँ कहाँ र कुन कुन लोकमा जाँदै छ भन्ने कुरा मलाई थाहा छ । त्यसैले जसले सम्यक् काम गरेर जान्छ, मन वचन र शरीरले कुशल कामहरु गरेका हुन्छन्, उनीहरु देवलोकमा जान्छन् । जुन व्यक्तिहरुले अकुशल कामहरु गर्ने हुन्छ, तिनीहरु दुर्गतिमा जान्छन् ।"

एकचोटि एकजना मानिस मरे पछि यमराजकहाँ लगेर यमदूतले भन्छ - "महाराज ! यो मानिस जिउँदै हुँदा सबै परिवारसंग झगडा गर्ने, उपकार कसैको पनि गरेर आएको छैन । महाराज ! यसलाई के दण्ड दिउँ" भनेर सोध्छन् । अनि यमराजले त्यस मानिससंग सोधे - "हे मनुष्य ! तिमीले देवदूतलाई देखेको छ ?" मानिसले भने, छैन । अनि अर्को प्रश्न गरे- "मनुष्यलोकमा जन्म लिन आउँदा सानो दूधे बालक जो कि खान नपाएर रोइरहेको अनि आफ्नै मलमुत्रमा परेकालाई देखेको छ ?" मानिसले छ, भने । "बूढाबूढी, विरामी, मृत्यु देखेको



Downloaded from http://www.dhamma.digital

छ ?" मानिसले छ, भन्यो । अनि यमराजले भने कि तिमीले विरामी हुन्छ, बुढा हुन्छ, मर्नु पर्छ, फेरि जन्म लिनुपर्छ भनेर जानेर पनि होस् राखेन र शरीर, मन, वचनले त्यस अनुरुप काम गरेन । त्यसैले तिमीले कर्मको प्रतिफल भौग्नै पर्छ ।

अर्को सन्दर्भमा, धन सम्पत्तिले युक्त भएको एकजना व्यापारी थिए । अनि सधैं भरि एउटा हातले दिने अर्को हात लिने काम गर्थे । एकदिन यमराज आएर त्यो व्यापारीसंग नजिकै गएर हेरिरहे, धेरै समयसम्म बसे पछि पनि वास्तै गरेनछ । यमराजलाई रीस उठेछ र व्यापारीको शरीरमा छोएर सोधे- तिमीले मलाई चिनेछ ? व्यापारीले यमराजलाई चिनेर सोधेछ, मलाई लिन आएको हो प्रभु ! मेरो त बालबच्चाहरु ठुलो बनाएर उनीहरुको विवाह गरिदिनु छ । अन्य कामहरु पनि थुप्रै गर्नुछ प्रभु अहिले नै म मर्न चाहन्न भने । त्यसपछि यमराजले भने कि "तिमी एकदिन मर्नुपर्छ तर अहिले नै होइन" । अनि व्यापारीले यमराजलाई भने त्यसो भए मर्ने बेलामा "मलाई सन्देश पत्र पठाउनु होला" । हुन्छ भनी यमराज गए । व्यापारी दैनिक रुपमा व्यापार गरिनै रहे, केही अन्तराल पछि यमराज आएर पहिला जस्तै आएर भने "तिमीलाई लिन आएको ।" अनि व्यापारीले भने "तपाईलाई म मर्ने बेला उल्लेख गरी पत्र पठाउनुस् भनेको त पत्र नै नपठाई कन एकैचोटि लिन आउनु भयो" । यमराजे भने "मैले चिठ्ठी त पठाएकै हो तर तिमीले होस् नराखेको मात्र हो ।" कालो कपाल सेतो हुँदै जानु, सिधा भएको कम्मर कुप्रो हुँदै जानु, तेजिलो आँखा धमिलो भएर जानु, शक्ति हिन हुनु, छाला चाउरीनु, कान कम सुनिनु, रोगी हुनु, कमजोर हुनु आदि सबै वेला वेलामा पठाएको पत्र नै हो भनेर यमराजले भने । मृत्यु कहिले, कहाँ, कसरी, कुन बेलामा हुन्छ हामी भन्न सकिदैन । जब मानिस मर्छ तब राम्रा कुशल काम गरेको छ भने सुगति प्राप्त हुन्छ । यदि अकुशल काम मात्र गरेको छ भने दण्ड सजाय विपाक स्वरुप भोग्नु पर्छ । दण्ड सजाय दिने शैली फरक होला । सजाय भोग्ने विधि फरक होला । तर आफूले गरेको कर्मको फल राम्रो होस या नराम्रो भोग्नु नै पर्छ । यमराजले मानिसलाई पठाएका दूतहरु :-

१. जन्म : जन्मपछि मृत्यु अवश्य हुन्छ । त्यसैले मनुष्य जन्मको भरपुर सदुपयोग गर्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

२. जरा : बुढो भएर जानु। कालो कपाल सेतो हुनु, कान नसुन्नु, आँखा कमजोर हुनु, शरीर दुर्बल हुनु । सक्ने बेलामा नै धर्म कर्म गर्नुपर्दछ।

३. व्याधि : विरामी हुनु। विरामी भएपछि धर्मकर्म गर्न सकिदैन ।

४. सजाय : कर्मको सजायँ भोग्नु पर्ने हुन्छ। त्यसैले सही कर्म मात्र गरौं ।

५. मृत्यु : जन्मने हरेक प्राणीको मृत्यु हुन्छ। मृत्युबाट बच्न कसैले सक्दैन ।

यमराजको यी दूतहरु हामीमा कतिवटा आईपुग्यो आफै विचार गर्नुहोला । र ढीलो नगरि सही कर्म गरी यमराजको अन्तिम दूतलाई पर्खेर बस्न सकेमा अर्थात मृत्युदेखि नडराएमा जिउनुको अर्थपूर्ण हुन्छ। धर्मकर्म गर्ने ध्यान भावना गर्नेहरु मृत्युदेखि डराउँदैन । जो पापकर्म गर्छ, धर्मकर्म गर्दैन, उनीहरु मृत्युदेखि डराएर बस्छन् ।

भवतु सब्ब मंगलं ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# शीलवान भएर एक दिन बाँच्नु उत्तम



**अनागारिका पुण्यवती**
शाक्यमुनी कीर्ति विहार
सतुंगल

**"यो चे वस्ससतं जीवे-दुस्सीलो असमाहितो ।**
**एकाहं जीवितं सेय्यो-सीलवन्तस्स झायिनो ।।"**

-धम्मपद (११०)

भगवान् बुद्ध श्रावस्ती जेतवन विहारमा बस्नु भएको बेलामा "दुश्शील अथवा शीलरहित भएर सयवर्ष बाँच्नु बाँच्नुभन्दा शीलवान भएर एक दिन बाँच्नु अति उत्तम हुन्छ, जीवन सार्थक हुन्छ" भनी ३० जना कुलपुत्रहरुलाई धर्मदेशना कममा बताउनु भएका थियो । धर्मदेशना सुनिसके पछि ३० जना कुलपुत्रहरु प्रवजित भए । उहाँहरुको उमेर धल्कि सकेको हुनाले ध्यान गर्नेबारे सिकाई दिनुहोस् भनेर भगवान बुद्धसंग प्रार्थना गरे ।

यता श्रावस्तीमा एकजना महिला गर्भवती थिइन्, त्यस महिलाको पेटमा समय अनुकुल अरहन्त हुने बच्चा बसेको रहेछ । बच्चा पाउन अघि गर्भवतीको परलोक भयो । आ-आफ्नो रितिरिवाजअनुसार गुठीयारहरुले डाह संस्कार गर्न मसान घाट लगि लास जलाउँदा पेट भने जलेन । सुइरोले घोचेर जलाउन खोज्दा पनि एउटा पेट डल्ला जलेन । अनि गुठीयारहरुले भने कि आज नजलाउने भोलि आएर जलाउनु पर्ला भनेर छाडेर गए । भोली पल्ट गुठीयारहरु लास जलाउँछु भनेर आउँदा त अंगारको माथि मोती जस्तै राम्रो बच्चा बसिरहेको देखे । अनि जलाउँदा खेरि सुइराले घोचेको हुनाले बच्चाको आँखानिर घाउ थियो । त्यसैले अनुहारमा घाउ भएको हुनाले त्यो बच्चाको नाम संकिच्च भनेर नामाकरण गरे । एकजनाले बच्चा घर लगेर पाले । अलि ठूलो भइसके पछि उनका साथीहरुले पहिलाको घट्नाहरु भनेर गिजाउन थाले ।



Downloaded from http://www.dhamma.digital

जब संकिच्च ७ वर्ष भए तब सारीपुत्र भिक्षु कहाँ गएर प्रवजित भए। अरहन्त हुने मानिस जुनसुकै बेलामा मर्दैन। ७ वर्षको संकिच्च भन्तेले आफ्नो शरिरका ३२ वटा असुची वस्तुहरु हेरिकन ध्यान बस्नु भयो। असुची वस्तुहरु जस्तैः केश, रौं, नङ, दाँत, छाला, मासु, नसा, हड्डी, मासी, मृगौला, मुटु, कलेजो, झिल्ली, फियो, फोक्सो, ठूलो आन्द्रा, सानो आन्द्रा, लादी, मल, गिडी, पीत्त, खकार, पिप, रगत, पसिना, मेद, आँसु, बोसो, थुक, सिङ्गान, तेल, पिसाप आदि यी सबै वस्तुहरु सम्झेर ध्यान वस्नु भयो। यसरी ध्यान वस्दा वस्दै संकिच्च भन्ते अरहन्त हुनु भयो।

अब पहिलाको ३० जना भिक्षुहरु पनि ध्यान भावना गर्नको लागि जंगलमा जान लाग्नु भयो। त्यस बेलामा भगवान् बुद्धले ती ३० जना भिक्षुहरुका साथै ७ वर्षको संकिच्च भिक्षुलाई पनि जंगलमा ध्यान बस्नको लागि पठाउने व्यवस्था गर्नुभयो। किन ७ वर्षको संकिच्च श्रामणेरलाई ध्यान गर्न पठाउनु भयो त भन्दा भगवान् बुद्धलाई जंगलमा हुने घट्नाबारे पहिला नै थाहा थियो, आउने बाधाहरु संकिच्च श्रामणेरले हटाउन सक्छ। जंगलमा ध्यान बस्न जाँदा त्यहाँका उपासक उपासिकाहरुले धेरै नै श्रद्धा राखेर आवश्यक खानपिन र अन्य सामानहरुको व्यवस्था गरि दिए। एकदिन एकजना बुढा मान्छे जो छोरीसंग बसिराखेको थियो। भिक्षुहरु भिक्षाटन जानु भई भोजन गरिराखेको त्यो मान्छेले देखेछ। उनले भिक्षुहरुले भोजन गरेर बाँकी भएको खाना खाने इच्छा गरे। सोहि अनुसार खाना पनि पाए। पछि खाना खाइसके पछि बुढो मान्छे भिक्षुहरुसंगै जंगलमा गए। जंगलमा अलि अलि आफूले सकेका काम गरेर भिक्षुहरुले भोजन गर्नुहुने खानाहरु उसले खाएर आनन्दले बसिराखेको थियो। समय वित्दै जाँदा त्यो बुढो मान्छेलाई आफ्नो छोरीको सम्झना आएछ, भिक्षुहरुहरु कसैलाई पनि नभनिकन जंगलको बाटो गरि छोरीकहाँ गए। त्यसै समयमा जंगलमा डाँकाहरुको समूह बसिरहेका थिए। डाँकाहरुले त्यो बुढो मान्छेलाई देखे र समातेर लगिकन वनदेवीलाई बली चढाउन थाले। सो बेलामा बुढोले "म त जुठो मान्छे, अरुहरुको जुठो खाएर बस्ने मान्छे हो, बली दिनको लागि त शुद्ध मान्छे चाहिन्छ" भने। अनि डाँकाहरुले त्यो मान्छेसंग सोधे कि शुद्ध मान्छे कहाँ छ त ? त्यो बुढो मान्छेले भिक्षुहरु ध्यान बसिरहनु भएको ठाउँमा पठाई दिए। डाँकाहरुले भिक्षुहरुलाई बोलाउन आवाज दिए। भिक्षुहरु



Downloaded from http://www.dhamma.digital

आफ्नो कुटीबाट बाहिर आएपछि वन देवतालाई बली दिनको लागि हामीलाई एकजना व्यक्ति चाहियो भने। त्यस पछि भिक्षुहरुहरुमध्ये सबै भन्दा जेठो भिक्षु बलीको लागि तयार भए । अनि अर्को भिक्षुले- "तपाईभन्दा म कान्छो छु, त्यसैले बलीको लागि म जान्छु भन्नु भयो।" एवं प्रकारले सबै भिक्षुहरुले एकले अर्को भिक्षुलाई नपठाउने कुरा गर्दागर्दै सबभन्दा कान्छा संकिच्च श्रामणेरले भन्नुभयो "म सबभन्दा सानो कान्छा छु, म हुँदाहुँदै तपाईहरु जानु पर्दैन म जान्छु" भनेर जान तयार भए। डाँकाहरुले उहाँ ७ वर्षको श्रामणेरलाई लिएर गए, श्रामणेरलाई बली दिन डाँकाले तरवार धारिलो बनाउन तिर लागे । संकिच्च श्रामणेर पलेटी कसेर ध्यान बसि समाधिमा बसिरहनु भएको थियो। उहाँको शरीरबाट रस्मि, तेज निस्किरहेको थियो। डाँका आएर तरवारले काट्न खोज्दा तरवारनै बाङ्गो भएर गए। डाँकाले मार्न खोज्दा श्रामणेर मुसुमुसु हाँस्नु भएको देखे। डाँकाले श्रामणेरलाई काट्न लाग्दा श्रामणेर हाँस्नु भएको हुनाले उहाँसंग सोधे- मैले काट्न लाग्दा तपाईलाई डर लागेन र ? भने श्रामणेरले भन्नुभयो "शुद्ध अरहन्तलाई मृत्युको डर हुँदैन, मर्नु भनेको यो पञ्चस्कन्धको शरीरलाई छोडेर जानु हो।" श्रामणेरको उपदेश सुनी डाँकाहरुको मन परिवर्तन भएछ। प्रवजित हुने इच्छा व्यक्त गरेपछि त्यसै बेलामा डाँकाहरुको समूहलाई भिक्षु बनाएर उहाँ पहिलाको जंगलमा फर्किनु भयो । संकिच्च श्रामणेर नव प्रवजित भिक्षुहरुलाई लिएर श्रावस्ती जेतवन विहारमा भगवान बुद्ध कहाँ उपस्थित हुनुभयो। जंगलमा भएका सबै घटना सुनाउनु भयो। भगवान् बुद्धले संकिच्च श्रामणेरको कुरा सुनेर मनमा आनन्द लिएर संकिच्च श्रामणेरसंग आएका भिक्षुहरुलाई सोध्नु भयो- "साँच्चै तिमीहरु भिक्षु भएका हौ ?" अनि ती भिक्षुहरुले पनि जवाफ दिए "हो शास्ता ! हामीहरु साँच्चिकै भिक्षु भएका हौं।" बुद्धको उपदेश सुनी त्यसै समयमा ती भिक्षुहरु अरहन्त हुनु भयो। यता ३० जना भिक्षुहरुले पनि ध्यान गरि आफ्नो उद्देश्य पूरा गरे। अरहत् भए।

हाम्रो चित्त शुद्ध गर्नको लागि ध्यान बस्नु पर्छ। ध्यान बस्नको लागि पहिला पञ्चशील लिनु पर्छ। पञ्चशील बुद्ध धर्मको जग हो, आधार हो। हामीले पञ्चशील बलियो ढंगले पालना गर्न सकियो भने ध्यान भावना पनि बलियो हुन्छ। ध्यान बस्दा यताउता हेर्नु हुँदैन। ध्यान बस्दा खेरी कहिले तातो हुनु, कहिले चिसो हुनु, पसिना खलखल आउनु, आँखामा पानी आएको जस्तो हुनु,



Downloaded from http://www.dhamma.digital

खुट्टा दुख्नु, टाउको दुख्नु आदि हुन्छ। यस्ता वेदनाहरु आफ्नो शरीरबाट आएको भनेर अनुभव भएर आउँछ। यी विभिन्न प्रकारका वेदनाहरु धेरै समयको लागि हुँदैन, यी कुराहरु उत्पत्ति र विनाश भएर जान्छ। यी त भयो भित्री अथवा हामीले आँखाले नदेखिने परिवर्तन हो।

देखिने खालको उत्पत्ति र विनाश जस्तैः बच्चा जन्मिदा सानो हुनु, पछि समय अनुसार विभिन्न तह पार गर्दै जानु। जब अन्तिम अवस्था अथवा बुढाबुढी हुने अवस्थामा पुगेपछि युवा अवस्थामा जस्तो आफ्नो शरीरले काम गर्न नसक्नु, आँखा नदेख्नु, श्रवण शक्ति कम हुनु, स्मरण शक्ति कम हुनु, कपाल फुल्नु छालाहरु चाउरिनु आदि कुराहरु सबै कसैले गरेको होइन, आफै हुने भएकोले यस्तो प्रक्रियालाई अनित्य भनिन्छ। यसरी उत्पत्ति, विनाश भएका कुराहरु थाहा पाउनको लागि ध्यान भावना गर्नुपर्दछ। यसरी आफ्नो शरीर नै आफुले भने जस्तो नभएको हुनाले अनात्मा भनिएको हो। यी अनित्य संसारलाई चिन्न नसक्नु दुःख हो। लोभ, द्वेष र तृष्णा रागले गर्दा दुःख हुन्छ। त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ, दुःख छ, दुःखका कारणहरु छन्, दुःख निरोध पनि हुन्छ, त्यसको उपाय पनि छ जसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ।

## तिस्स भिक्षुको घटना

एक पटक भिक्षु तिस्स ध्यान भावना गर्नको लागि जंगलमा जानु भयो। त्यो जंगलमा मिथ्यादृष्टि भएका देवताहरु ढुङ्गामा बसिरहेको रहेछन्। भिक्षु पनि त्यही ठाउँमा ध्यान भावना गर्नका लागि जानुभयो। आफूहरु बसिरहेको ठाउँमा भिक्षु बस्न आउनु भएको उनीहरुलाई मन परेन तैपनि भिक्षुलाई केही पनि भन्न सकेन। भिक्षु आफूमा भएका राग, द्वेष, लोभ, मोह, तृष्णा आदि हटाउनको लागि आनन्दले सुखपूर्वक बसेर ध्यान भावना गर्नु भयो। भिक्षुको क्रियाकलाप देखि दिक्क भएका ती मिथ्यादृष्टिक देवताहरुले भिक्षुलाई दान दिन आउने उपासकको बच्चालाई घाँटी दुखाई दिए। मानिसहरुको शरीरमा प्रवेश गरेर पनि आफूहरुलाई लागेका कुरा भन्ने गर्थ्यो। देवताले भने कि भिक्षुको खुट्टा धोएको जल विरामीलाई खुवायो भने निको हुन्छ। सोही अनुसार भिक्षुको अनुमति लिएर भिक्षुको खुट्टा धोएर त्यो जल बच्चालाई खुवाए पछि घाँटी दुखेको निको भयो। देवताले सोधे कि "तिम्रो खुट्टा धोएको जल विरामीलाई



Downloaded from http://www.dhamma.digital

खुवाए पछि बच्चा निको भयो होइन र ?" । भिक्षुले हो भने । तिमी त जन्त्रमन्त्र पनि जानेको रहेछ तिमी त्यहाँ नबस भने । भिक्षुले आफ्नो जीवनमा शील पालना गर्नु भएदेखि नै उल्लंघन नगरि बस्नु भएको हुनाले त्यहि उभिंदा उभिंदै नै अरहन्त हुनुभयो । ३ महिनापछि भिक्षु भगवान शास्ता कहाँ पुग्नु भयो । भिक्षु भगवान् बुद्धकहाँ पुग्नु भन्दा पहिला नै अन्य मानिसहरुले भिक्षु बस्नु भएको ठाउँको घट्ना सबै भगवान् बुद्धलाई भनि सकेको रहेछ । भगवान् बुद्धले भिक्षुसंग सोध्नु भयो- मानिसहरुले भनेको कुरा सत्य हो ? भिक्षुले पनि सही हो भनेर जवाफ दिए । सत्य हो । भगवान् बुद्धले राग, द्वेष, ईर्ष्याले गर्दा देवताहरुले ती घटना घटाएको भनी जानकारी गराउनु भयो ।

जबसम्म हामीमा यस्ता तृष्णा, ईर्ष्या, लोभ भइरहन्छ तबसम्म जीवन सुखमय हुन सक्दैन । यसले मानिसलाई दुर्गतीमा पुऱ्याउँदछ । त्यसैले भगवान् बुद्धले भन्नुहुन्छ कि जसरी जीवन निर्वाह गर्नका लागि अति आवश्यक वस्तुहरुको व्यवस्था गर्छौ त्यस्तै प्रकारले आफ्नो चित्तलाई पनि होस्मा राख्न सक्नुपर्छ । जीवन सुखमय बनाउन सदैव सजक, सचेत, सतर्क हुनुपर्दछ ।


भवतु सब्ब मंगलं ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# आफ्नो मालिक आफै



भिक्षु अशोक महास्थविर
जितवन विहार
थानकोट

**'अत्ता हि अत्तनो नाथो, को हि नाथो परो सिया ।
अत्तना हि सुदन्तेन, नाथं लभति दुल्लभं ।।'**

- धम्मपद (१६०)

नेपालमा जन्मेको भगवान बुद्धको शिक्षा, ज्ञान र उपदेश ग्रहण गरेर विश्वका धेरै मानिस सुखसंग जीवन यापन गरिरहेका छन् । तर नेपालमै उहाँको शिक्षाले स्थान नपाउनु एउटा ठुलो विडम्बना हो । त्यसैले धेरै मानिसहरु धर्महीन भएर पशुसरह बाँच्नु परिरहेको छ भन्नुमा अत्युक्ति नहोला । शरीरको रोगलाई चिकित्सक/डक्टरले समाधान गर्दछ । तर सम्पूर्ण मानिसमा रहेको राग, द्वेष र मोहरुपी रोगलाई कुनै पनि चिकित्सक/डक्टरले समाधान गर्न सक्दैन । तथागत सम्यक्सम्बुद्धको धर्मरुपी ओखतीले मात्र यो क्लेशरुपी रोगलाई निको पार्दछ । त्यसैले उहाँले भिक्षुहरुलाई धर्मरुपी औषधीको सेवन गर्न बारम्बार स्मरण गराउने गर्दथ्यो । त्यसबेला तल्लो जातको भनिने सुनित, सोपाक, प्रकृति आदि र सारीपुत्र, मौद्गल्यायन आदि माथिल्लो जातको भनिनेले भगवान्को शिक्षा लिएर जीवन सार्थक पारे । आत्महत्या गर्न लागेकी रज्जुमाला, छोरा मरेर मानसिक रुपमा विक्षिप्त भएकी कृषा गौतमी अनि परिवार सबैको मरणले पागल भइसकेकी पटाचारा बुद्धको ज्ञान पाएर दुःखबाट मुक्त भए । आलोक, अंगुलिमाल आदि राक्षसी स्वभावकालाई ज्ञानको डोरीले डोऱ्याएर सही र सत्य मार्गमा लगाएर दुःखबाट मुक्त पारे ।

भिक्षु कुमार काश्यपको आमा राजगृहको एक सेंठको छोरी थिइन् । सानै उमेरमा प्रवजित हुने मनशाय रहेतापनि आमाबुबाको अनुमति नभएको हुनाले प्रवजितको अवसर मिलेन । विवाहपछि आफ्नो लोग्नेलाई खुसी पारेर लोग्नेकै सल्लाह अनुसार देवदत्त पक्षका



Downloaded from http://www.dhamma.digital

भिक्षुणी संघमा प्रवजित भइन् । घरमा हुँदा नै दुई जिउ भैसकेकी उनको पेट झन झन बढ्न थालेपछि देवदत्तले आफ्नो बदनामी हुने त्रासले उनीलाई भिक्षुणीसंघबाट निकाले । पछि उनी भगवान्को शरणमा पुगिन् । भगवान्ले उनीलाई उपालीमार्फत प्रसेनजित, विशाखा र अनाथपिण्डिक महाजनलाई जिम्मा लगाए । उनीहरुको बीच छलफल पछि उनीलाई विशाखाले हेरचाह गरिन् । समय पुगेपछि उनको कोखबाट कुमार काश्यपको जन्म भयो । कुमार काश्यपलाई राजा प्रसेनजितले पालनपोषण गरे । ठुलो भएपछि प्रवजित भए । मज्झिमनिकायको वम्मीक सुत्र सुनेर कुमार काश्यप अर्हन्त भए । १२ वर्षपछि आमाछोराको भेट हुँदा आमाले छोरा काश्यपलाई स्नेहको कारणले अँगाल्दा उनको स्तनबाट दुध निस्के । अर्हत भैसकेको कुमार काश्यपले यदि नरम बोलीले बोल्यो भने आमाको कल्याण हुँदैन भनी जानी "के गर्नु भएको ? पुत्र स्नेह एउटा पनि छोड्न सक्नुहुन्न ?" भनेर कडा बोली बोले । पुत्रको कडा बोलीको कारण आमा (भिक्षुणी) पुत्र स्नेहरहित भइन् र त्यही बेला अर्हत भइन् ।

एकदिन धर्मसभामा भिक्षुहरुले यस सम्वन्धमा छलफल गरिरहेका थाहा पाएर तथागतले उपरोक्त गाथा "अत्ता हि अत्तनो ...................... दुल्लभं" आज्ञा भएको थियो । यसको भावार्थ हो आफ्नो मालिक आफै हो, आफ्नो मालिक अरु कोहि छैन । आफूले आफैलाई संयममा राख्न सकेमा ठुलो दुर्लभ लाभ (निर्वाण) प्राप्त हुन्छ ।

अब वम्मीक सुत्र बारे चर्चा गरौं । धेरै पहिले कुमार काश्यपको पूर्वजन्ममा कुमार काश्यपसहित ७ जना उपसम्पदा ग्रहण गरेर एक ठाउँमा ध्यान गर्न गए । सातजना मध्ये एकजना अर्हत भए । अर्कोले अनागामी फल प्राप्त गरे भने कुमार काश्यप र अरु ४ जनाले ज्ञान पाउन सकेन । पछि भगवान् बुद्धको समयमा कुमार काश्यप प्रवजित भई अन्धवनमा बसेको बेला एक देवता सुन्दर रुप धारण गरी एक छेउमा बसे । यो देवता कुमार काश्यपको पहिले अनागामी फल प्राप्त गरेको साथी थियो । छेउमा बसेर उक्त देवताले भिक्षु कुमार काश्यपलाई सुमेध र ब्राह्मणबीच भएको कुराकानी सुनाउँदै भन्यो-"भिक्षु ! धमिराको गोलो (कमिलाको डल्लो घर) बाट राती धुँवा मुस्लो निस्कन्छ, दिनभरि हुरहुर बल्छ ।"

ब्राह्मण- "सुमेध ! ज्याभलले खन"

सुमेध- "खन्दा ढोकाको खापामा रहेको चुकुल देख्यो"

ब्राह्मण- "चुकुल उखेलेर मिल्काउ, ज्याभलले खन्दै जाऊ ।"

सुमेध- "भ्यागुतो छ भन्ते"



Downloaded from http://www.dhamma.digital

ब्राह्मण- "भ्यागुतोलाई मिल्काऊ। ज्याभलले खन्दै जाऊ। "
सुमेध- " दोबाटो छ, भन्ते"
ब्राह्मण- "त्यो बाटो छाडेर खन्दै जाऊ"
सुमेध- "डालो छ, भन्ते"
ब्राह्मण- "डालो मिल्काऊ, खन्दै जाऊ।"
सुमेध- "कछुवा देख्यो, भन्ते"
ब्राह्मण- "कछुवा मिल्काऊ, ज्याभलले खन्दै जाऊ।"
सुमेध- "चुपी र अचानो देख्यो, भन्ते"
ब्राह्मण- "त्यसलाई पनि मिल्काएर खन्दै जाऊ।"
सुमेध- "मासुको डल्लो देख्यो, भन्ते"
ब्राह्मण- "त्यो मासुको डल्लो पनि मिल्काऊ र खन्दै जाऊ।"
सुमेध- " एउटा नाग देख्यो, भन्ते"
ब्राह्मण- "नागलाई केही पनि नगर, उसलाई नमस्कार गर।"

यसपछि भिक्षु कुमार काश्यपको छेउमा बसेको देवताले उनलाई भगवान्‌सित सोध र भगवान्‌ले जस्तो उत्तर दिनु हुनेछ, त्यस्तै धारण गर भन्दै देवता गए। यही कुरा भिक्षु कुमार काश्यपले भगवान्‌लाई सोध्न गए। भिक्षु कुमार काश्यपले भगवान्‌लाई भने कि एउटा देवता आई मलाई भन्न आए- "भिक्षु धमिराको गोलाबाट राती धुँवाको मुस्लो निस्कन्छ, दिनभरि हुरहुर बल्छ आदि भनेर देवता गए।" त्यसैले भन्ते !

१. धमिराको माटोको गोला भनेको के हो?
२. राती धुवाँको मुस्लो निस्कन्छ भनेको के हो ?
३. दिउँसो हुरहुर बल्छ भनेको के हो ?
४. ब्राह्मण भनिने को हो ?
५. सुमेध भनिने को हो ?
६. ज्याभल भनेको के हो ?
७. खन्नु भनेको के हो ?
८. चुकुल भनेको के हो ?
९. भ्यागुतो भनेको के हो ?
१०. दुइटा बाटा भनेको के हुन् ?
११. डालो भनेको के हो ?



Downloaded from http://www.dhamma.digital

१२. कछुवा भनेको के हो ?

१३. चुपी र अचानो भनेको के हुन् ?

१४. मासुको डल्लो भनेको के हो ?

१५. नाग भनेको के हो ?

भिक्षु कुमार काश्यपले तथागत्‌संग राखेका उपरोक्त १५ वटा प्रश्नहरुको उत्तरमा भगवान्‌ले भन्नुभयो -

१. धमिराको माटोको गोलो भनेको आमाबुवाबाट उत्पन्न पृथ्वी, आगो, तेजो र वायुलगायत चतुर्महाभूतले बनेको शरीर हो ।

२. राती धुवाँको मुस्लो भनेको दिउँसो गरेको काम रातीको विचार हो ।

३. दिउँसो हुरहुर बल्छ भनेको राती सोचेर दिउँसो काय, वाक, चित्तले कर्म गर्नु हो ।

४. ब्राह्मण भनेको तथागत सम्यक्‌सम्बुद्ध हो ।

५. सुमेध भनेको शैक्ष्य भिक्षु हो ।

६. ज्याभलको तात्पर्य आर्यप्रज्ञा हो ।

७. खन्नु विर्यारम्भ (उद्योग गर्नु) हो ।

८. चुकुल भनेको अविद्या र मिल्काऊ भनेको नष्ट गर भनेको हो ।

९. भ्यागुतो भनेको क्रोधले दिने दुःख र मिल्काउ भनेको परित्याग गर भनेको हो ।

१०. दोबाटो भनेको विचिकित्सा (शंका उपशंका) र त्यसलाई छाड भनेको हो ।

११. डालो भनेको पञ्चनीवरण हो ।

१२. कछुवा भनेको उपादानस्कन्ध हो ।

१३. चुपी र अचानो भनेको पञ्च कामगुणको संकेत हो ।

१४. मासुको डल्लो भनेको नन्दी/रागलाई भनिएको हो ।

१५. नाग भनेको क्षीणाश्रव भिक्षु हो ।


तथागत सम्यक्‌सम्बुद्धको उत्तरबाट सन्तुष्ट भएको भिक्षु कुमार काश्यपले भगवान्‌को भाषणलाई अभिनन्दन गरेर फर्के ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# शिल्प विद्या आर्जन गर्नु उत्तम मंगल



अनागारिका डा. अनोजा
शुलक्षण कीर्ति विहार
चोभार

**"बाहुसच्चञ्च, सिप्पञ्च, विनयो च, सुसिक्खितो ।
सुभासिता च या वाचा, एत मङ्गलमुत्तमं ।।"**

-मंगलसूत्त

बहुश्रुत हुनु, शिल्प सिक्नु, विनयी हुनु, सुशिक्षित हुनु, मीठो वचन बोल्नु- यी उत्तममङ्गल हुन् भनी तथागतले मंगलसुत्रमा उल्लेख गर्नुभएको छ। यी ५ वटा मंगल बाहेक तथागतको अरु ३३ वटा मंगलका कुराहरु उक्त सुत्रमा उल्लेख भएको पाइन्छ। तर यहाँ शिल्प विद्या आर्जन गर्नु उत्तम मंगल हो भन्ने कुराको मात्र चर्चा गरिन्छ।

मानिसले आफ्नो जीविका चलाउनका लागि कुनै न कुनै काम गर्नु आवश्यक हुन्छ। जस्तोसुकै भौतिक सम्पत्तिले सम्पन्न भएतापनि कुनै कार्य विनाको जीवन व्यर्थ हुन्छ। विद्या जान्नको लागि परिश्रम गर्नु पर्दछ। कुनै काम शिल्प भनेको ठूलो सानो हुँदैन। तर आफ्नो र अरुको भलो नहुने काम गर्नुहुन्न। आफ्नो र अरुको भलो नहुने काम गर्नुहुन्न भन्ने कुरालाई ग्रहण गर्नु नितान्त आवश्यक छ। राम्रो काम गरेर खानु, लाउनु, बस्नुलाई सम्यक् आजीविका भन्निछ। भगवान् बुद्धको शिक्षा अनुसार निम्न ५ प्रकारका काम गर्नु हुँदैन।

१. प्राणीलाई बेच्ने
२. हिंसाको लागि हतियार बेच्ने
३. प्राणी मारेर मासु बेच्ने



Downloaded from http://www.dhamma.digital

४. अम्मल पदार्थ बेच्ने र

५. प्राणी मार्न विष बेच्ने ।

राम्रो कामले मानिसलाई राम्रो बनाउँछ भने नराम्रो कामले नराम्रो हुनु प्रकृतिको स्वभाव हो । त्यसैले सम्यक् आजीविका नै त्यसको आजीविका हो, जसले मानिसलाई वर्तमान र भविष्यमा जीवन सुखमय बनाउँदछ । सर्व/समस्त कुराको ज्ञाता भगवान् बुद्धले मानिसले गरेका अकुशल कर्मको विपाक भोगेका धेरै उदाहरणहरु दिनु भएको छ । यदि हामीले कर्मको विपाक तर्फ ग्रहण, चिन्तन मनन् गरेको खण्डमा हाम्रो सोच कहिले पनि नकारात्मक काममा अग्रसर हुँदैन । मानिससंग ५ वटा विद्या छन् भने त्यो व्यक्ति कहिल्यै पनि गरिब हुँदैन र भोकै बस्नु पर्दैन । ती हुन् -

१. आध्यात्म विद्या

२. शब्द विद्या

३. हेतु विद्या

४. चिकित्सा विद्या र

५. शिल्प विद्या

उग्गसेन एक अकूत धन सम्पत्ति भएको आमाबुबाको एक्लो श्रेष्ठीपुत्र थियो । भौतिक सम्पत्तिमा परिपूर्ण भएको हुनाले आमाबुबाले उनलाई कुनै पनि काममा लगाएको थिएन, शिल्प विद्या सिक्ने सिकाउँने गराएको थिएन । मोजमस्तीमा जीवन बिताइरहेको थियो । एकदिन राजगृहमा ५०० जनाको समूह, जो जीविकाका लागि ठाउँ ठाउँमा गएर आफ्नो कला शिल्प देखाउँथे, आएर कार्यक्रम राखे । यो थाहा पाएर उग्गसेन पनि कार्यक्रम हेर्न पुगे । एउटी केटीले बाँसको टुप्पामा रहेर आफ्ना शिल्प कला देखाईन् । घरी यता घरी उता गई केटीले प्रदर्शन गरेका कला सीप देखेर उपस्थित सबै अचम्मित भए । उग्गसेंठले पनि आश्चर्य माने । छिनछिनमै फरक फरक कला सीप प्रदर्शन गरेको देखेर उग्गसेनको उनीप्रति स्नेह उत्पन्न भयो र विवाह गर्ने सोचमा पुगे । घरमा फर्केर आमाबुबालाई सोही केटीसंग विवाह गर्ने प्रस्ताव राखे । हामी अकूत भौतिक सम्पत्ति भएको परिवारसंग यस्ती केटीसंग विवाह संभव छैन भनी छोरालाई सम्झाए । तर छोराले मानेन । यदि त्यो केटीसंग विवाह भएन भने आत्महत्या गर्छु भनेर छोरोले भनेपछि आमाबुबालाई स्वीकार्न बाध्य भयो ।



Downloaded from http://www.dhamma.digital

उग्गको आमाबुबाले हुन्छ भनी एक हजार रुपैया केटीको आमाबुबालाई दिएर केटीको कुरा छिनेर आउनु भनेर मान्छे पठाए। तर केटीको आमाबुबाले यो कुरालाई स्वीकार गरेन। हाम्रो छोरीसंग विवाह गर्ने हो भने केटो (ज्वाइँ) पनि हामीसंगै रहनु पर्दछ भनेर ससर्त जवाफ पठाए। यसले उग्गको आमाबुबालाई झन अप्ठेरो र असजिलो बनाए। पछि उनीहरुले छोरालाई जे गर्न मन लाग्छ गर भनेपछि केटो उग्गसेन खुसी भएर केटी र केटीको आमाबुबासंग रहन गए। पछि पैसाको लागि उनीहरु जहाँ जहाँ जान्थे, केटो (उग्गसेन) पनि संगसंगै जान्थे। केटोले केही सीप नजानेको हुनाले केटीले जे भनेपनि मानेर बस्न बाध्य भयो। केही समय पछि केटी (श्रीमती) ले केटा (उग्गसेन) लाई गाली गर्न थालिन्। उग्गले आफ्नो श्रीमतीको अभिमान बढ्न थालेको थाहा पाएर म पनि त्यो सीप सिकेर काम गर्छु भनी ससुरोसंग कुरा राखे। ससुरो पनि खुसी भएर ज्वाइँलाई पनि छोरीलाई सिकाएको सीप सिकाए। अल्छी नगरी मेहनत गरेर उग्गले एक वर्षमा सबै शिल्प सिके। ठाउँ ठाउँमा कला सीप पनि देखाए।

एकदिन राजगृहमा उग्गसेनले ३० हात लामो बाँसको टुप्पामा बसेर कला सीप प्रदर्शन गर्ने कार्यको प्रचार प्रसार गरे। उग्गसेनको कला हेर्न धेरै भन्दा धेरै मानिसहरु जम्मा भए। उग्गसेनले आफ्नो कला शिल्प कुशलतापूर्वक प्रदर्शन गरे। तथागतले उग्गसेन बाँसकै टुप्पोमा बसेर अर्हन्त प्राप्त गर्ने व्याकरण थाहा पाएर भगवान् पनि त्यहाँ उपस्थित भए। कार्यक्रममा उपस्थित सबैले भगवान्लाई वन्दना गरे। भगवान्प्रति श्रद्धा राखी भगवान्लाई नै सबैले हेरिरहेको देखेर उग्गसेनको मन खिन्न भयो। भगवान्ले यो कुरा जानी सारीपुत्रलाई बोलाएर उग्गसेनलाई खुसी भएर आफ्नो शिल्प विद्या देखाउनु भन्न लगाए। उग्गसेन सारीपुत्रको कुरा सुनेर अत्यन्त खुसीसाथ कला सीप प्रदर्शन गरे। त्यही बेला भगवान्ले उग्गसेनलाई आज्ञा गर्नु भएको गाथा -

**"मुञ्च परे मुञ्च पच्छतो, मज्झे मुञ्च भवस्स पारगू।**
**सब्बत्थ विमुत्तमानसो, न पुन जातिजरं उपेहिसि ॥"**

-धम्मपद (३४८)

(मुक्त हुनु पहिले, मुक्त हुनु पछि र बीचमा पनि मुक्तभई भव पार गर्नु। सबै ठाउँमा मन विमुक्त हुनेलाई फेरि फेरि जन्मजरा हुँदैन।) स्मरण गरी बाँसको टुप्पोमा बसेर नै उग्गसेनले अर्हत्व प्राप्त गरे। उग्गसेनको श्रीमती यसै



Downloaded from http://www.dhamma.digital

कुराको होसमा रही अर्हत्व प्राप्त गरिन् । यसरी भगवान् बुद्धको सानो उपदेशले दुबै श्रीमान् श्रीमतीले कम समयमा नै अर्हत्व प्राप्त गर्न सक्नुको कारण के हो भने धेरै पहिले उनीहरु दुबै श्रीमान् श्रीमती थिए । काश्यप बुद्धको त्यो समयमा दुबै मिलेर एउटा चैत्य बनाएर अन्यन्त खुसी भई त्यहाँ आउने सबैलाई मिठा मिठा खानेकुरा ख्वाउन ल्याएका थिए । त्यही बेला एक अर्हन्त भिक्षु खाली पात्र लिई भिक्षाटनमा आइरहेको देखी श्रीमतीले श्रीमानसंग भनेर दुबैले मन प्रशन्न राखी मिष्ठान भोजन दान गरे । यो पनि प्रार्थना गरे कि यहाँले अवश्य पनि मार्गफल प्राप्त गर्नु भएको होला । पछि त्यही मार्गफल हामीले पनि प्राप्त गर्न सकौं भनेर । अर्हन्त भिक्षुले उनीहरुको प्रार्थनालाई अनुमोदन गरेर आफ्नो ठाउँमा लागे । यसैको फलस्वरुप उनीहरुले छोटो उपदेश सुनी छोटो समयमा नै मार्गफल प्राप्त गर्न सफल भएको हो ।

गौतम बुद्धको शासनकाल पछि आर्य मैत्री बुद्धको उत्पत्ति हुन्छ । उहाँको छोटो छोटो उपदेशले पनि त्यस बेला मानिसले मार्गफल प्राप्त गर्ने कुरा उल्लेख छ, जस्तो-

**"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्तपरियोदपनं, एतं बुद्धान सासनं ।।"**

- धम्मपद (१८३)

अर्थात कुनै पाप नगर्नु, कुशल कर्मको सम्पादन गर्नु, आफ्नो चित्तलाई शुद्ध गर्नु यही बुद्धहरुको शासन हो ।


अन्तमा देवता र मनुष्यहरुले १२ वर्ष सम्म छलफल गरेर पनि जान्न नसकेको मंगल विधान तथागत सम्यक्सम्बुद्धले सबै लोकको हितको लागि देशना गर्नुभएको हो । शिल्प विद्या आर्जन लगायत ३८ मंगलका कुरा मंगल सुत्रमा उल्लेख छ । समाजमा प्रतिष्ठित अनि सुखमय जीवन यापनको लागि नभई नहुने विद्या हुनाले अरु मंगल जस्तै यसमा पनि सजग, सचेत, सतर्क रहनु आवश्यक छ ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

# मातापितु गुणो अनन्तो



**भिक्षु विमलो स्थविर**
श्री सिद्धिमंगल बुद्ध विहार
सिद्धिपुर

**"मातापितु उपट्ठानं एतं मङ्गलमुत्तमं ।"**

**- मंगलसुत्त**

जसरी एउटा व्यक्तिले आफ्नो टाउको या शरीरमा आगो लाग्दा सो आगो निभाउन सक्दो प्रयत्न, प्रयास अनि परिश्रम गर्दछ, त्यसरी नै आफ्नो काय, वाक र चित्तद्वारा धर्मलाई रक्षा गर्न त्यसमा सजग, सचेत र सतर्क भई मिहिनेत गर्नुपर्दछ। धर्मलाई रक्षा गरेमा धर्मले पनि आफूलाई रक्षा (धम्मो हवे रक्खति धम्मचारी) गर्दछ । हामी उपासकोपासिकाले धर्मलाई रक्षा गर्न ढिलो भएमा धर्मले पनि ढिलै मात्र रक्षा गर्दछ। धर्मको रक्षा गर्नु भनेको धर्मका बिउ राखेर त्यसलाई उमार्न आवश्यक मलजल राखेर स्याहारसुसार गर्नु हो। जसरी एउटा प्राण दिने वस्तु अन्न, फलफूल तरकारी आदि राम्रो सित उब्जाउन केही परिश्रम गर्नुपर्दछ, त्यसरी नै धर्मलाई रक्षा गर्न संकल्प/अधिष्ठानको जरुरत पर्दछ। एउटा धान बालीमा धान फलाउन हामीले धानको बिउ रोप्दछौं, तर त्यो धानबालीमा धानको बोटभन्दा घाँस धेरै पलाएर आउँदछ। यदि घाँसलाई उखेलेर फालेन भने घाँसले धानबालीलाई खाईदिन्छ । त्यसरी नै मानिसको मनमा धर्मभन्दा अधर्मले धेरै स्थान बनाउँदछ। मनलाई होसमा राखेन, सजग र सचेत भएन भने १ सेकेण्डमा करिव १५०० वटा क्लेश उब्जिन्छन्। त्यसैले भगवान् बुद्धले आफ्नो महापरिनिर्वाणको केही समय अगाडि भिक्षुहरुलाई 'अप्पमादेन सम्पादेथ' अर्थात हरेक समयमा अप्रमादी/सतर्क हुनु भनेर उपदेश गर्नुभएको हो। अप्रमादी हुन धर्म श्रवणले ठुलो सहयोग प्रदान गर्दछ। किनभने एकाग्र भई श्रवण गरेको धर्म उपदेशले त्यस समय भित्र मात्र भएतापनि क्लेशले घर बनाउन पाउँदैन । त्यसैले पालीमा उल्लेख गरिएको छ- 'सुनाथ धारेथ चराथ धम्मे' अर्थात धर्मको कुरा सुन्नुपर्दछ, सुनेका कुरा स्मरण गर्नुपर्दछ



Downloaded from http://www.dhamma.digital

अनि स्मरण गरेको कुरा/उपदेशलाई अभ्यास गर्नुपर्दछ। यथार्थमा यो नै धर्मको बिउ हो, यो नै धर्म हो अनि यसरी मात्र धर्मको रक्षा हुन्छ।

एउटा अन्नको बिउमा धेरै अन्नहरु फल्दछ। एउटा फलको बिउमा धेरै फलहरु फलेजस्तै परहितको लागि या अरु कसैको सुखको लागि कुनै एउटा कुराको त्याग गर्न सकेमा त्यसबाट त्यस व्यक्तिलाई अल्याख सुख/पुण्य प्राप्त हुन्छ। कसैलाई दिएको एउटा दुःखले उसले धेरै दुःख भोग्नु पर्ने हुन्छ। यो कर्म र कर्म विपाकको सुत्र हो। यो कर्म र कर्म विपाकको मात्र सुत्र नभई धर्मलाई रक्षा गर्ने सुत्र पनि हो।

हाम्रो समाजमा प्रायः मानिस धर्मको लागि मन्दिर, पहाड, रुख, अग्निशाला/होत्र आदिको शरणमा गएर पूजापाठ गर्दछन्। पाप नाश गर्न, पखाल्न नदी कुण्डमा गएर बारम्बार डुबुल्किने गर्दछन्। के यो धर्म हो ? के यसले धर्मको रक्षा हुन्छ ? भन्ने यथार्थ सत्यको चिन्तन मनन् गर्ने व्यक्ति कम मात्र पाइन्छ। आफ्नै घरमा रहने जिउँदो देवतालाई बेवास्ता गरी बाहिर ढुङ्गाको मूर्तिलाई पूजा गर्न तम्तयारी भई जान्छन्। वास्तविक कुरा धर्मको बिउ घरबाट सुरु गर्नुपर्दछ। धर्मको रक्षा घरबाटै हुन्छ। किनभने आमाबुबा जिउँदो देउता हुन्। आमाबुबा ब्रह्मा हुन्। मैत्री, करुणा, मुदिता र उपेक्षा आमाबुबामा हुने ४ अमूल्य गुणहरु हुन्। सदैव आफ्ना छोराछोरीको राम्रो होस, भलो होस्, जय होस् आदि कामना गर्ने आमाबुबाको गुणलाई मैत्री भनिन्छ। आफ्ना सन्तानलाई कुनै समस्या परेमा चाँडो, शिघ्र समाधान होस, स्वास्थ्य समस्या छिटो समाधान होस् भनी गरिने प्रार्थनालाई करुणा भनिन्छ। छोराछोरीको उन्नति/प्रगतिमा खुसी हुने स्वभाव मुदिता हो। आमाबुबाबाट जतिसुकै टाढा रहेतापनि आमाबुबालाई निर्वाह गर्नुपर्ने जिम्मेवारीबाट पन्छिएर बसेतापनि छोराछोरी माथि उपेक्षा भावना राखी रहेका हुन्छन्। छोराछोरीमा कहिल्यै पनि नकारात्मक सोचमा रहेका हुँदैन।

यसबाहेक आमाबुबा सबैभन्दा पहिलो गुरु (पुब्बाचरिय) हो। सानैमा अनेकन कुराहरु आमाबुबाले सिकाउने गर्दछ। त्यसैले घरलाई पहिलो पाठशाला पनि भनिन्छ। छोराछोरीलाई सबैभन्दा पहिले उपकार गर्ने भएको हुनाले आमाबुबालाई पूर्व दिशा पनि भनिन्छ। बुद्ध गुण, धर्म गुण, संघ गुण र



Downloaded from http://www.dhamma.digital

आचार्य गुण अनन्त भएजस्तै आमाबुबाको गुण पनि अनन्त छ । छोराछोरी यही अनन्त गुणका ऋणी हुन् । कसैबाट ऋण लिएको छ भने त्यसको साँवा र व्याज फर्काउने गर्नाले ऋण चुक्ता हुन्छ । तर आमाबुबाको ऋण कहिल्यै पनि, जे गरे पनि चुक्ता हुँदैन । यदि आमाबुबामाथि गर्नुपर्ने कर्तव्यबाट छोराछोरी विमुख भयो भने अहिले वर्तमान अनि कुनै लोकमा जन्मन जाँदा भविष्यमा पनि आनन्द र सुखकासाथ रहन पाउँदैन । तथागत सम्यक्सम्बुद्धले "जसले आमाबुबाको सेवा गरेको हुन्छ त्यसले मेरो सेवा गरेको समान हो" भनेर भन्नु आमाबुबाप्रति छोराछोरीले पुऱ्याउनु पर्ने जिम्मेवारीलाई अत्याधिक महत्व/जोड दिनु हो । यसैले छोराछोरीहरुले आमाबुबासंग लिएको ऋण तिर्नु पर्दछ । कर्तव्य निर्वाह गर्नुपर्दछ । आफूलाई सानो छँदा पुऱ्याउनु भएको स्याहार सुसारलाई मध्यनजर राखी आमाबुबालाई सेवा गर्नुपर्दछ । निम्न ५ प्रकारले आमाबुबाको ऋण तिर्न प्रयत्न, प्रयास अनि परिश्रम गर्नुपर्दछ ।

१. आमाबुबाले आफ्ना छोराछोरीलाई निस्वार्थ रुपले सेवा गरेको हुन्छ । राम्रो काम गरेमा स्यावासी दिएर अझ उत्साह बढाउँछ भने नराम्रो काममा पृथक् रहन आवश्यक सल्लाह दिने कार्य आमाबुबाले गर्दछन् । ढुङ्गाको मूर्ति, जसले केही गरेको हुँदैन, लाई हात जोडेर पूजा गर्दछन् मानिसहरु । तर घरमा नै विराजमान देउता आमाबुबालाई वृद्धाश्रममा राख्ने गरेका उदाहरण नभएको होइन । वृद्धाश्रममा रहेर पनि आमाबुबाले आफ्ना छोराछोरीको उन्नति, प्रगति, निरोगीको कामना गरिरहेका हुन्छन् । आफूले राम्रो खान, लाउन नपाए पनि छोराछोरीको इच्छा पुरा गर्न हरदम तम्तयार हुन्छन् । खाना पाक्ने वितिकै छोराछोरी सम्झने, भोक लाग्यो भनेमा घरमा जे छ बनाएर छोराछोरीको अगाडि राखेर दिने, खाने समयमा निदाएर रहेतापनि उठाएर ख्वाउने, यो खानेकुरा पकायो भने छोराछोरीले खान्छ आदि विचार गरी बिसन्चो अनि रिसाएको अवस्थामा पनि रोएर भएपनि आफ्ना सन्तानलाई ख्वाउन लगाउने गर्दछन् । त्यसैले आमाबुबाले गर्ने गुणलाई छोराछोरीले अन्तस्करणदेखि सोचेर आमाबुबा भनेको जिउँदो देवता हो भन्ने कुरालाई आत्मसात् गरेर आफूले गर्नु पर्ने सेवा पुऱ्याउनु पर्दछ ।

२. आमाबुबालाई राम्रो ख्वाउने र लगाउन दिनु छोराछोरीको कर्तव्य हो ।



Downloaded from http://www.dhamma.digital

छोरा छोरी ठूलो भएपछि उनीहरुको साथीभाईहरु घरमा आउने कुरालाई मध्यनजर गरी आफ्नो कोठामा भएका राम्रा वस्तुहरु आफ्ना छोराछोरीको कोठामा राख्न लगाई छोराछोरीलाई सकेसम्म खुसी र प्रशन्न बनाउने काम आमाबुबाले गरेको हुन्छ । छोराछोरीले आफूलाई पहिले राम्रो लगाउने र ख्वाउन दिए जस्तै आमाबुबालाई पनि समय र ऋतु अनुसार आफूले पनि सेवा पुऱ्याउनु छोराछोरीको जिम्मेवारी हो ।

३. छोराछोरीले आफ्ना आमाबुबालाई सेवा सत्कार गर्नु अर्को कर्तव्य हो । जसरी गर्भमा बस्न आएदेखि आमाले मेरो सन्तान भनी सबै कुराको ख्याल राख्दछ, अनि जसरी जन्मपछि दिनरात नभनी सन्तान हुर्काउन आफ्नो प्राणको वास्ता र मतलब नराखी स्याहारसुसार गरेको हुन्छ, त्यसरी नै आमाबुबालाई छोराछोरीले स्याहारसुसार गर्नुका अलावा मान, सम्मान र सत्कार दिनुपर्दछ, गर्नुपर्दछ ।

४. छोराछोरीले आफ्ना आमाबुबालाई सुख शान्ति दिनु अर्को जिम्मेवारी हो । आमाबुबाले आफ्ना छोराछोरीको लागि १०० वटा सुख शान्ति त्याग गर्न पनि तत्पर हुन्छ । जे गरेर आफ्ना सन्तानमा सुख शान्ति हुन्छ, त्यसका लागि आमाबाबुबाले प्रयत्न, प्रयास अनि परिश्रम गर्दछ । त्यसैले छोराछोरीले पनि बुबाआमालाई सुख शान्तिको सौगात दिने कार्यबाट पन्छिनु हुँदैन । बुबाआमाको अगाडि उन्नति प्रगति गरेर देखाउनु उहाँहरुमा सुख शान्तिको कोसेली प्रदान गर्नु हो । अनावश्यक कुरा व्यवहारबाट पन्छिएर जे गर्दा आमाबुबामा सुख शान्ति हुन्छ, त्यसलाई नजरमा राखी कर्म गर्नु छोराछोरीको दायित्व हो ।

५. उपरोक्त ४ प्रकारका जिम्मेवारी/कर्तव्य आमाबुबा जीवित अवस्थामा छोराछोरीले गर्नुपर्ने कर्महरु हुन् । कथम् कदाचित् आमाबुबाको देहावसान भएमा छोराछोरीले आमाबुबाको लागि आध्यात्मिक रुपमा पनि ऋण तिर्नु आवश्यक छ । जहाँ जुनसुकै ठाउँ या लोकमा जन्म लिन गएतापनि आमाबुबालाई सुख शान्ति मिलोस्, मंगल स्वस्ति होस्, पुण्यको आवश्यक भएमा पुण्य प्राप्त होस् र एवम् रितले सुगतिगामी भई निर्वाण प्राप्त होस् भनी दान पुण्य गर्नु छोराछोरीको अर्को उत्तरदायित्व/अभिभारा हो । बौद्ध



Downloaded from http://www.dhamma.digital

परम्परा अनुसार पुण्यानुमोदन गर्नु यसको उदाहरण हो ।

भनिन्छ, दर्जनौ छोराछोरी आमाबुबाका लागि बोझ हुँदैन, तर दर्जनौ छोरा बुहारीले आमाबुबालाई बोझको रुपमा लिने गर्दछ । एउटी महिलाले जसरी आफू सजिसजाउ सुसज्जित हुन गरगहना लगाउँने गर्दछिन्, त्यसै गरी तथागत सम्यक्सम्बुद्धको धर्मरुपी गहना लाउनु हामी सबैको जिम्मेदारी हो । भगवान्को धर्मरुपी गहनाले मात्र मानिसलाई सुख शान्ति मिल्छ अनि सही मार्गमा डोऱ्याउँदछ । त्यसैले आमाबुबाको सेवा पनि एक धर्मरुपी गरगहना हो, जसको अनुकरण, अनुसरण अनि आत्मसात् गर्नु सबै छोराछोरी बुहारीहरुको कर्तव्य हो ।


भवतु सब्ब मंगलं ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धानुस्सति भावना



भिक्षु तिस्स स्थविर
नगरमण्डप श्रीकीर्ति विहार
कीर्तिपुर

**'सचे तुम्हाकं भिक्खवे अरञ्ञ गतानं वा रूक्ख मूल गतानं वा सुञ्ञागार गतानं  वा उपज्जेय्य भयं वा छम्भितत्तं वा लोमहंसो वा ममेव तस्मि समये अनुस्सरेय्याथ इतिपि सो भगवा अरहं, सम्मासम्बुद्धो विज्जाचरण सम्पन्नो, सुगतो, लोकविदु, अनुत्तरो पुरिसदम्मसारथि, सत्था देव मनुस्सानं, बुद्धो भगवाति । ममं हि वो भिक्खवे ! अनुस्सरतं यं भविस्सति भयं वा छम्भितत्तं वा, लोमहंसो वा सो पहीयिस्सति ।'**

-धजग्गसुत्त

धर्म उपदेश सुन्न आउने उपासक उपासिकाहरु तीन प्रकारका हुन्छन् :

१. 'अवकुज्जपञ्ञपुग्गलो' अर्थात कोहि बिहारमा धर्म उपदेश सुन्नको लागि आउँछन्, तर आएर पनि राम्रो संग सुन्दैन, मनमा राख्दैन र आफ्नो जीवनमा केहि फरक ल्याउँदैन । जस्तै प्वाल परेको गाग्रीमा पानी भरे जस्तै हो ।

२. 'उच्छंगपञ्ञपुग्गलो' अर्थात कोही राम्रो संग धर्म सुन्छ, तर विहारबाट जानासाथ केही सम्झना आउँदैन । उनीहरु पोल्टामा केही चिज राखी बिर्सिकन उठ्दा सामानहरु भुईंमा खसेसम्मान हुन्छ ।

३. 'पुथुपञ्ञपुग्गलो' अर्थात कोहि बिहारमा आउने केही नयाँ धर्मउपदेश सुन्ने, मनमा राख्ने र धर्म अनुसार आफ्नो जीवन सफल पार्न मेहेनत गर्छन् । राम्रो नचुहिएको गाग्रीमा पानी हाल्दा भरीदै जाने जस्तै हुन्छ ।

भगवान् बुद्धको पालामा एकजना उपासक दिनदिनै जेतवन बिहारमा धर्मदेशना सुन्न आइरहन्थ्यो । उनलाई भगवान बुद्धसंग प्रश्न एउटा सोध्न मन



Downloaded from http://www.dhamma.digital

लागि रहेको थियो। एकदिन भगवान् शास्ता एक्लै बस्नु भएको बेलामा वहाँको नजिक गएर अभिवादन गरी एकातिर बसेर प्रश्न सोधे। भगवान् शास्ता ! कोहि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरु तपाईले देशना गर्नु भएको धर्म उपदेश सुनेर मनमा राखेर अनि त्यो अनुसार आफ्नो व्यवहारमा ल्याउनेहरु देखें। त्यति मात्र होइन कोही शील, समाधि र प्रज्ञामा प्रगति गरेर जाति, जरा, मरणबाट मुक्त हुने निर्वाण सम्म प्राप्त गरेको देखें। तर कोही पहिला जस्तो हो, त्यस्तै छन्। त्यसको कारण के हो ? भगवान बुद्धले प्रतिप्रश्न गरेर त्यो उपासकसंग सोध्नु भयो- उपासक तिमी कहाँ बस्ने ?

उपासक - श्रावस्तिमा।

बुद्ध- तिम्रो स्वभाव देखेर तिमी यहाँको होइन जस्तो लाग्छ।

उपासक- भगवान बुद्ध, मेरो जन्मस्थान रजगहानुवर (राजगृह) हो। तर श्रावस्तीमा बस्न आएको पन्ध्र बर्ष जति भयो।

बुद्ध- यहाँ बस्न आएपछि रजगहानुवर जानु पर्दैन त ?

उपासक- भगवान्, मेरो परिवार मात्र यहाँ बस्न आएको तर रजगहानुवरमा मेरो पुर्ख्यौली घर छ, नातिबन्धुहरु छन्। त्यसैले बेला बखतमा आफ्नो जन्मस्थानमा जान्छु।

बुद्ध- त्यसो भए तिमीलाई श्रावस्ति देखि रजगहानुवर जाने बाटो राम्रो संग थाहा छ होला होइन त उपासक ?

उपासक- मेरो जन्मस्थान रजगहानुवर भएकोले अनि बारम्बार जाने भएकोले मलाई राम्रोसंग बाटो थाहा छ, भगवान शास्ता।

बुद्ध- तिमीसंग कसैले श्रावस्तीबाट रजगहानुवर जाने बाटो सोध्यो भने तिमीले राम्रो संग भनि दिने कि नदिने, उपासक ?

उपासक- कसैले मलाई राजगृह जाने बाटो सोध्यो भने म राम्रोसंग भनिदिन्छु। केहि पनि नलुकाएर राम्रोसंग जाने बाटो भनिदिन्छु।

बुद्ध - तिमीसंग बाटो सोधेका सबै जना रजगहानुवर पुगेको छन् त उपासक ?



Downloaded from http://www.dhamma.digital

उपासक- भगवान्, मैले त जाने बाटो मात्र देखाएका हो । यदि मैले भने अनुसार गयो भने राम्रोसंग पुग्छ र भने अनुसार गएन भने पुग्दैन । बाटो देखाउने मेरो काम हो जाने नजाने उनीहरुको काम हो ।

बुद्ध- उपासक, मेरो काम पनि बाटो देखाउनु हो । यदि मेरो धर्म उपदेश अनुसार वा मैले देखाएको बाटोमा गयो र आफ्नो आचरण राम्रो गरेर गए दुःखबाट मुक्त हुन्छन् । त्यो अनुसार गएन र आफ्नो आचरण पनि राम्रो गरेन भने दुःखबाट मुक्त हुँदैन । त्यसैले "तुम्हेहि किच्चं आतप्पं, अक्खातारो तथागता" अर्थात काम तिमीहरु आफैले गर्नुपर्दछ, तथागत त मार्ग प्रदर्शक मात्र हो ।

आज मैले धर्म उपदेशको लागि "बुद्धानुस्सति ध्यान" विषयलाई लिएको छु । बुद्धं अनुस्सति मिलेर 'बुद्धानुस्सति' शब्द बनेको हो । 'बुद्ध' भनेको बुद्धका गुणहरु 'अनुस्सति' स्मरण गर्नु या होसमा राख्नुलाई बुद्धानुस्सति ध्यान भनिन्छ। "अनुस्सति ध्यान दश वटा छन् बुद्धानुस्सति, धम्मानुस्सति, संघानुस्सति, शीलानुस्सति, चागानुस्सति, देवतानुस्सति, उपसमानुस्सति, मरणानुस्सति, असुभानुस्सति र आनापानास्सति" भगवान् बुद्धका गुणहरु अनन्त र अप्रमाण छन् । त्यसमध्ये हामी सधैं वन्दना गर्दाखेरी सम्झनु पर्ने ९ वटा गुणहरुमा सजग, सचेत र सतर्क रहनुलाई बुद्धानुस्सति ध्यान भनिन्छ । भगवान् बुद्धका विशेष गुण र अर्थ यस प्रकार छन् ।

१. **अरहं** :- अरहं को शाब्दिक अर्थ गर्ने हो भने 'अ' र 'रहं' भनेको गुप्त एकान्त स्थानमा पनि कुनै पाप, अकुशल, नचिताउने, कुनै कसै कोहीसंग पनि तुलना गर्न नहुने, अतुलनीय शील, समाधि र प्रज्ञा अनन्तो अनन्त हुने सत्व बुझ्नु पर्छ । क्लेश, लोभ, मोह, द्वेष, रागरुपि शत्रुहरुलाई 'हन्त' अर्थात अन्त्य गरिसकेको हुनालो 'अर्हत' पनि भनिन्छ । उहाँ आमिसपूजा र प्रतिपत्तिपूजा गर्न योग्य हुनुहुन्छ ।

२. **सम्मासम्बुद्धो** :- 'सम्मासम्बुद्ध' भनेको सम्यक्सम्बुद्ध हो । अर्हत हुने क्षमता राखेर पनि अन्य प्राणीप्रति करुणा राखी उनीहरुको कल्याणार्थ 'बोधिसत्व' मार्गतिर लाग्ने र प्रत्येक जन्म अरुका लागि समर्पित हुनु बोधिसत्व मार्ग हो । धर्मलाई स्वयं बुझेको । कोहि आचार्य विना बुद्धत्व प्राप्त गर्नु भएको ।



Downloaded from http://www.dhamma.digital

३. **विज्जाचरणसम्पन्नो** :- विद्या र अचरणले सम्पन्न । अर्थात तीन विद्या, आठ विद्या, पन्ध्र प्रकारका आचरणले परिपूर्ण हुनु हो । तीन विद्या भन्नाले पूर्वजन्महरु देख्न सक्ने ज्ञान 'पुब्बेनिवासनुस्सति', टाढा नजिक तथा अति शुक्ष्म र छोपिएको कुरालाई पनि देख्न सक्ने ज्ञान 'दिब्बचक्खु' र 'आश्रवक्षयु' ज्ञान भन्नाले काम, भव, दृष्टि तथा अविद्यासम्बन्धी आश्रव भनेर बुझ्नुपर्छ।

यसरी नै आठ विद्या भन्नाले पुब्बेनिवासनुस्सति, दिब्बेचक्खु, आसक्खया, दिब्बसोत ऋद्धिविद, चेतोपरिय, मनोमायेद्धि र विपस्सना हो । यस अनुसार दिब्यस्रोत भन्नाले टाढा नजिक भएका सबै प्राणीको भाषालाई आफ्नो कानले सुन्न सक्ने ज्ञान हो भने ऋद्धिविद् ज्ञान भनेको साधारणतया अचम्म लाग्ने, अलौकिक प्रतीत हुने शक्ति हो, जसलाई ऋद्धि प्रतिहार्य पनि भनिन्छ। चेतोपरिय ज्ञान भनेको अरुको चित्त विचार मनलाई जान्न सक्ने ज्ञान हो । यसरि नै मनोमयिद्धि ज्ञान भनेको मनको ऋद्धि, सिद्धि शक्तिले आफ्नो इच्छा अनुसार चिताएको परिपूर्ण गर्न सक्ने ज्ञान सम्बन्धी विद्या हो । विपस्सना ज्ञान भनेको प्रज्ञप्तिलाई हटाएर परमार्थ स्वभाव धर्म (नाम, रुप अर्थात पंचस्कन्धको स्वभाव धर्म) लाई जान्न देख्न सक्ने विद्या । यस अन्तर्गत दुःख, अनित्य र अनात्म देख्ने विद्या पनि पर्दछ ।

आचरणका सम्बन्धमा पन्ध्र प्रकारका आचारणको सम्पन्न भनिएको छ। यस अनुसार शीलसंवर (शील सदाचारलाई राम्रोसंग सुरक्षा गर्ने), इन्द्रियसंवर (चक्षु, श्रोत, घ्राण, जिहवा, काय, मन इन्द्रियहरुलाई सम्यक ढंगले सुरक्षा गर्ने, भोजनेमञ्ञुता (आहार भोजनमा संयम गर्ने अर्थात भोजनको मात्र थाहा हुने), जागरीयानयोग (अति जागरिलोपन हुने), श्रद्धा (त्रिरत्न, कर्म र कमको फलमा दरिलो विश्वास राख्ने), सति (स्मृति र सद्धर्ममा सधैं सजक भई होस् पुऱ्याई रहने स्मृतिवान), बहुसच्च (बहुश्रुत), वीर्य (उत्साह, जोशका साथ कुशल कर्महरु प्रति अल्छी नमानी प्रयत्नशील हुने), प्रज्ञा ज्ञान (देख्नु, सुन्नु, बोल्नु, जान्नु पर्ने शीप विद्यामा पारंगत हुनु) हिरी (अकुशल कर्म गर्नमा लजाउने), ओतप्प (नराम्रो कर्म गर्नमा भय मान्ने, डराउने), प्रथम ध्यान (प्रथम ध्यान अनुसार आचारण गर्ने), द्वितीय ध्यान (द्वितीय ध्यानअनुसार आचरण गर्ने), तृतीय ध्यान (तृतीय ध्यान अनुसार आचारण गर्ने) र चतुर्थ ध्यान (चतुर्थ ध्यान अनुसार आचरण गर्ने) गरी पन्ध्र प्रकारका आचारणले सम्पन्न भनिएको हो ।



Downloaded from http://www.dhamma.digital

४. **सुगतो** :- सही, सत्य र हित कल्याणका कुरा मात्र व्याख्या गरी आफू स्वयं निर्वाणतर्फ लागि सकेका हुनाले सुगतो भनिएको हो ।

५. **लोकविदू** :- तीनै वटा लोकलाई जानिसकेको हुनाले उनलाई लोकका ज्ञाता भनिएको हो । तीन लोक भन्नाले पहिलोमा 'ओकाशलोक' सत्व प्राणीहरु बस्ने ठाउँ । दोश्रो 'सत्वलोक' जहाँ प्राणीहरु बस्ने ठाउँ । तेश्रो 'संस्कारलोक' भौतिक बस्तु र मन हो । यस प्रकार गौतम बुद्ध लोकका बारेमा सम्पूर्ण कुराका ज्ञाता हुन् ।

६. **अनुत्तरो पुरिसदम्मसारथि** :- दमनीय पुरुष, सत्व र यक्षहरुको निम्ति अनुत्तर सारथि हो । कुमार्गमा लाग्ने असभ्य अज्ञानि व्यक्तिलाई मैत्री र करुणाले दमन गर्ने र दमन गर्नसक्ने उत्तम सारथि भनिएको हो ।

७. **सत्था देव मनुस्सानं** :- गौतम बुद्ध देवता र मुनष्यलाई सत्मार्ग देखाई लौकिक र लौकोत्तर सुखका साथै निर्वाणको ढोका उघारिदिने भएका कारण देवता र मनुष्य सबैका शास्ता (मार्ग निर्देशक) हुन् ।

८. **बुद्धो** :- गौतम बुद्ध व्यक्तिको नाम नभएर बुद्धत्व प्राप्त गर्ने बुद्ध हुन् । दु:ख अरियो सच्च (दु:ख), दु:ख समुदय अरिय सच्च (दु:खको कारण), दु:ख निरोध अरिय सच्च (दु:खको अन्त) र दु:ख निरोधगामिनी पतिपदा अरिय सच्च (दु:ख अन्त गर्ने मार्ग वा आर्य अष्टाङ्गिक मार्ग) यी चतुआर्य सत्यलाई अवबोध गरेर आफू पनि दु:खबाट मुक्त भइसकेको अनि अरुलाई पनि यो चतुआर्य सत्य सिकाएर दु:खबाट मुक्त गरेको ।

९. **भगवा** :- लौकिक र लोकोत्तर धर्मलाई राम्रो संग देशना गर्नु भएकोले । अनि ६ प्रकारको भाग्य भएकोले भगवा भन्न सकिन्छ । ऐश्वर्य (आफ्नो चित्तलाई बसमा राख्न सक्ने तथा अनन्त ऋद्धिसिद्धिले सम्पन्न भई काम गर्न सक्ने), धर्म (नौ लोकोत्तर धम्म), यश (मनुष्यलोक, देवलोक, ब्रह्मलोक, जलचर, थलचर, आशाचर जहाँ पनि किर्ति फैलिरहेन), सिरि (श्रीशोभाले अत्यन्त सुवर्णमय रुप, हृष्टपुष्ट अनि कोमल, सुन्दर रमणीय बतीस लक्षण र अस्सी व्यञ्जन सुलक्षणले परिपूर्ण हुने भाग्य), मनोकामना (इच्छानुसार कामं गर्न सक्ने आफ्नो र अरुको उपकार गरिदिन सक्ने भाग्य) र प्रयत्न भाग्य (बुद्धत्व प्राप्त नहुँदासम्म दृढ भइरहन सक्ने साहसी र प्रयत्नशील



Downloaded from http://www.dhamma.digital

भईरहनसक्ने भाग्य) आदि ।

निरन्तर रुपमा बुद्धानुस्सति ध्यान बस्दा हुने फाईदाहरु :-

- सचे तुम्हाकं ............ मनं हि वो भिक्खवे ! अनुस्सरतं यं भविस्सति भयं वा छम्भितत्तं, लोमहंसो वा सो पहीयिस्सति । जंगलमा बसेका, रुखमुनि बसेका, शुन्य ठाउँमा बसेका तिमीहरुलाई यदि डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो ठाडा हुने भय उत्पन्न भयो भने त्यसबेला म तथागतको गुण अनुस्मरण गर्नु । तथागतको गुणलाई अनुस्मरण गर्ने तिमीहरुलाई जुन डरलाग्ने, शरीर कम्प हुने वा रौं ठाडो ठाडो हुने, भय हुने हो, त्यो भय हटेर जान्छ ।
- बुद्धानुस्सति ध्यानको निरन्तर अभ्यास गर्दा बुद्ध, धर्म र संघप्रति अटल श्रद्धा र विश्वास बढ्दै जान्छ । शुद्ध मनले उहाँको गुणहरु स्मरण गर्दा हामीलाई धेरै पुण्य प्राप्त हुन्छ ।
- बाँदरको जस्तो चंचल हाम्रो मन निरन्तर बुद्धानुस्सति ध्यान बस्यो भने हाम्रो मन (चित्त) एकाग्र हुन्छ ।
- ध्यान बस्ने अरुलाई देखाउन र लाभसत्कारको लागि होइन । केवल चित्त शुद्ध गर्न (सचित्तपरियोदपनं) को लागि हो ।
- धेरै मान्छेहरु स्वभाव अरुको गल्ति मात्र देख्छ । कमैले मात्र आफ्नो गल्ति देख्छ । ध्यान बस्यो भने आफूलाई चिन्न सकिन्छ र गल्ति महसुस हुन्छ ।
- निरन्तर रुपमा अभ्यास गर्यो भने सहनशीलता वृद्धि हुँदै जान्छ । जुन काम गर्दा पनि राम्रोसंग गर्न सक्छ । बिहानदेखि रातिसम्म काम गर्दा पनि थाकेको महसुस हुँदैन । जहिले पनि मन स्वच्छ हुन्छ ।
- निस्वार्थी हुँदै समाजको लागि काम गर्न सक्छ । अनि त्याग भावना उत्पन्न हुन्छ । रीस आउँदा पनि होस्मा राखेर त्यसलाई पनि दमन गर्न सहज हुन्छ ।
- मट्ठकुण्डलिले पनि मर्नु अगाडि भगवान् बुद्धको दर्शन गरेर र वहाँको गुण सम्झेर परलोक गएपछि देवता भएर जन्मलिन पायो । त्यसैले हामीले पनि निरन्तर रुपमा बुद्धानुस्सतिको ध्यान गरेर मृत्यु भएमा सुगति प्राप्त हुन्छ ।



Downloaded from http://www.dhamma.digital

➢ मन शुद्ध भएपछि सधैं राम्रो र उज्यालो अनुहार हुन्छ।

यदि हामीले बुद्धानुस्सतिको निरन्तर रुपमा अभ्यास गर्न सक्यो भने माथि उल्लेख गरेको मात्र होईन अरु पनि धेरै आनिशंस (लाभ) प्राप्त हुन्छ।

भवतु सब्ब मंगलं।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## धर्मदेशनाको लागि धर्मपूजा राख्ने महानुभावहरू

| श्रावण १७ गते | श्रद्धेय अनागारिका मिना | नगरमण्डप विहार |
|---|---|---|
| १८ गते | विनमशोभा महर्जन | नयाँबजार |
| १९ गते | हिरादेवी नगामी | नयाँबजार |
| २० गते | हरिमाया महर्जन | पुखुसी |
| २१ गत | अष्ट महर्जन<br>विमला बज्राचार्य | नयाँबजार<br>वाफल |
| २२ गते | जगतमाया महर्जन<br>शान्ति महर्जन | पाँगा<br>गौतम बुद्ध विहार |
| २३ गते | प्रेममाया महर्जन<br>गुणकेश्वरी शाक्य<br>कृष्ण श्रेष्ठ | लोकतान्त्रिक चोक<br>नयाँबजार<br>नयाँबजार |
| २४ गते | त्रिरत्न श्रीकीर्ति विहार | गुतपौ |
| २५ गते | प्रेमकुमारी महर्जन<br>मैया डंगोल | नयाँबजार<br>सोह्रखुट्टे |
| २६ गते | रामदेवी महर्जन<br>पद्मशोभा श्रेष्ठ | पाँगा<br>पाँगा |
| २७ गते | रत्नदेवी नर्कमी<br>जगतलक्ष्मी महर्जन<br>सुमित्रा नापित | इटागोल<br>कीर्तिपुर<br>कीर्तिपुर |
| २८ गते | नानी महर्जन<br>मयजु महर्जन<br>मोहनकेशरी श्रेष्ठ | नयाँबजार<br>बाहिरी गाँउ<br>बाहिरी गाँउ |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| २९ गते | हिरादेवी महर्जन<br>नकलि महर्जन<br>चिरिनानी श्रेष्ठ | निखासी<br>नयाँबजार<br>कीर्तिपुर |
| ३० गते | विमला बज्राचार्य<br>कान्छा महर्जन<br>अर्जुन महर्जन<br>मुतिमाया महर्जन | वाफल<br>कीर्तिपुर<br>कीर्तिपुर<br>नयाँबजार |
| ३१ गते | प्रेमबहादुर श्रेष्ठ<br>तुलसिमाया महर्जन | नयाँबजार<br>कीर्तिपुर |
| ३२ गते | कपिला महर्जन | क्वाचो |
| भाद्र<br>१ गते | पूर्णमान महर्जन<br>विलावति महर्जन | सम्यक्टोल<br>नयाँबजार |
| २ गते | बुलकुमारी महर्जन<br>धौमै महर्जन<br>सुर्ज महर्जन | नयाँबजार<br>नयाँबजार<br>नयाँबजार |
| ३ गते | छोरी महर्जन | मातँछे |
| ४ गते | बसला दर्शनधारी<br>मंगलशोभा बज्राचार्य<br>गंगा महर्जन<br>सविता डंगोल<br>नानीशोभा महर्जन<br>विष्णुदेवी तण्डुकार | कीर्तिपुर<br>नयाँबजार<br>नयाँबजार<br>नयाँबजार<br>नयाँबजार<br>पुतलीसडक |
| ५ गते | गुणमाया मालि<br>प्रमिला महर्जन<br>सानु महर्जन<br>राजु अमात्य<br>तुयुसिली माली | नयाँबजार<br>बाकुनानी<br>नयाँबजार<br>नयाँबजार<br>नगाउँ |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ६ गते | सुष्मा सिंह<br>चिरीनानी महर्जन<br>छल्कु महर्जन<br>नक्कली महर्जन<br>हिरादेवी महर्जन<br>तुयुसिली माली | नयाँबजार<br>नयाँबजार<br>नयाँबजार<br>देवढोका<br>नयाँबजार<br>नयाँबजार |
| ७ गते | सिलमाया महर्जन<br>पार्वती महर्जन<br>निर्मला महर्जन<br>गुणकेशरी महर्जन | नयाँबजार<br>नयाँबजार<br>नमख्या<br>नयाँबजार |
| ८ गते | निरज महर्जन<br>राजमाया महर्जन | नयाँबजार<br>कीर्तिपुर |
| ९ गते | रामेश्वर महर्जन<br>ज्ञानबहादुर देउला<br>पवित्र कुटि विहार<br>किरण महर्जन | कुसीचा<br>नयाँबजार<br>पाँगा<br>कीर्तिपुर |
| १० गते | जुलुम शाक्य<br>सानु महर्जन<br>चक्रलाल देउला<br>चिरिमै महर्जन<br>देवलक्ष्मी महर्जन | कीर्तिपुर<br>अमेरिका<br>नयाँबजार<br>देवढोका<br>भाजंगल |
| ११ गते | उमा श्रेष्ठ<br>विरमाया महर्जन<br>सावित्री प्रधान<br>चण्डेश्वरी तुलाधर<br>श्रद्धेय सोना गुरुमा | ग:सी<br>नयाँबजार<br>भक्तपुर<br>बल्खु<br>नगरमण्डप विहार |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| १२ गते | पूर्णमान महर्जन<br>रामकृष्ण तण्डुकार<br>सिता महर्जन<br>कृष्ण कुमारी | सम्यक्टोल<br>पुतलीसडक<br>बाहिरीगाउँ<br>समल |
| १३ गते | विरेन्द्र अनोमा श्रेष्ठ<br>बाबुराम महर्जन<br>देवलक्ष्मी महर्जन<br>मंगल महर्जन<br>बाबुकाजी महर्जन<br>विमला वज्राचार्य<br>मगंलादेवी महर्जन<br>ज्ञानी महर्जन<br>यमुना श्रेष्ठ | त:ग:वपि<br>नगाउँ<br>नयाँबजार<br>ग:सी<br>बलम्बु<br>वाफल<br>नयाँबजार<br>नयाँबजार<br>नयाँबजार |
| १४ गते | मुना महर्जन<br>हिरादेवी महर्जन<br>राममाया महर्जन<br>शोभालक्ष्मी महर्जन<br>जगदिश महर्जन<br>पञ्चमाया डंगोल<br>हिरादेवी नगामी<br>नानी महर्जन<br>गणेशलाल तण्डुकार | नगाउँ<br>निखासी<br>सम्यक्टोल<br>गुतपौ<br>नयाँबजार<br>पाँगा<br>नयाँबजार<br>खासी<br>कुतुभ्कोल |



Downloaded from http://www.dhamma.digital

# गुँला धर्मदेशना सँगालोको लागि सहयोग गर्ने महानुभावहरु

| | | |
|---|---|---|
| श्रद्धेय भिक्षु तिस्स स्थविर | नगरमण्डप विहार | १२००/- |
| श्रद्धेय भिक्षु सोरत | बौद्ध शान्ति विहार | ५५० /- |
| श्रद्धेय डा.अनोजा गुरुमाँ | चोभार | १०००/- |
| श्रद्धेय अग्गञ्ञाणी गुरुमाँ | अन्तर्राष्ट्रिय बौ.भा.के. | १०००/- |
| श्रद्धेय मिना गुरुमाँ | नगरमण्डप विहार | १२००/- |
| सुवर्ण वज्राचार्य | वाफल | १००००/- |
| गंगा/रति महर्जन | नयाँबजार | ५०००/- |
| उमा श्रेष्ठ | ग:सी | ३०००/- |
| स्व. मंगलदास महर्जन | बागडोल ल.पु | २५००/- |
| सुभाषित ज्ञानमाला | गणमहा विहार | २५००/- |
| प्रेमकुमारी मर्हजन | लायकु | २५००/- |
| लक्ष्मी महर्जन | कीर्तिपुर | २०००/- |
| तुयुसिली मालि | नगाउँ | २०००/- |
| माइली नानी | समल | २०००/- |
| करुणा श्रेष्ठ | सिनामंगल | २०००/- |
| महन्त मर्हजन | नयाँबजार | १५००/- |
| चण्डेश्वरी तुलाधर | बल्खु | ११००/- |
| दानमाया मर्हजन | त:ननि | १०२५/- |
| प्रमिला महर्जन | बाकुनानी | १०२०/- |
| विन्दुलाल परिवार | नयाँबजार | १०१०/- |
| एलिसा वज्राचार्य | छ्वाहाल ल.पु. | १००५/- |
| रामकृष्ण तण्डुकार | पुतलीसडक | १००५/- |
| निरज मर्हजन | नयाँबजार | १०००/- |
| शान्तिलक्ष्मी मर्हजन | टेकुसी | १०००/- |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| मंगलदास नापित | सागल | १०००/- |
| सावित्री प्रधान | भक्तपुर | १०००/- |
| हरिबहादुर महर्जन | कीर्तिपुर | १०००/- |
| भिमलाल महर्जन | पाँगा | १०००/- |
| शान्तबहादुर महर्जन | पाँगा | १०००/- |
| मोहनमाया महर्जन | नयाँबजार | १०००/- |
| मुना महर्जन | नगाउँ | १०००/- |
| जगतलक्ष्मी महर्जन | कीर्तिपुर | १०००/- |
| स्व. बुद्ध महर्जन | नयाँबजार | १०००/- |
| शिवराम महर्जन | नयाँबजार | १०००/- |
| दुर्गा महर्जन | पागाँ लाछि | १०००/- |
| पूर्णमान महर्जन | सम्यक्टोल | १०००/- |
| हेमराज शाक्य | पद्मावती महाविहार | १०००/- |
| विरेन्द्रअनोमा श्रेष्ठ | त:ग:वपि | ८००/- |
| देवलक्ष्मी महर्जन | नयाँबजार | ७००/- |
| मिना स्टोर | नयाँबजार | ६२०/- |
| हिरादेवी नगामी | नयाँबजार | ६१५/- |
| मनकेश्वरी श्रेष्ठ | बाहिरीगाँउ | ६००/- |
| शान्ति श्रेष्ठ | नयाँबजार | ६००/- |
| धौमै मर्हजन | जिफागल | ६००/- |
| सुर्ज महर्जन | नयाँबजार | ५५५/- |
| भरतबहादुर महर्जन | नयाँबजार | ५५५/- |
| अर्जुन मर्हजन | पाँगा | ५५५/- |
| स्व. बाबुलाल मर्हजन | पाटन | ५५०/- |
| हेरालाल मर्हजन | नगाउँ | ५५०/- |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| धनकुमारी मर्हजन | खासी | ५५०/- |
| लक्ष्मी महर्जन | पाँगा | ५५०/- |
| जुलुम शाक्य | कीर्तिपुर | ५५०/- |
| मंगलदेवी मर्हजन | नयाँबजार | ५५०/- |
| सुष्मा सिंह | नयाँबजार | ५५०/- |
| भाइराम/मैया महर्जन | टेकु | ५५०/- |
| गुणकेशरी शाक्य | नयाँबजार | ५५०/- |
| ज्ञानबहादुर देउला | नयाँबजार | ५५०/- |
| कृष्णकुमारी स्यापित | कलंकी | ५५०/- |
| पार्वती श्रेष्ठ | नयाँबजार | ५३०/- |
| अर्जुन मर्हजन | कुतुभ्होल | ५२५/- |
| पद्मशोभा श्रेष्ठ | पाँगा | ५२५/- |
| पार्वती महर्जन | पाँगा | ५२५/- |
| देवकुमारी महर्जन | टाउन प्लान | ५२५/- |
| दुर्गा महर्जन | नगाउँ | ५२५/- |
| कल्पना हलवाइ | कंलकी | ५००/- |
| हरिमाया महर्जन | भऱ्यापुखुसी | ५०५/- |
| धनकुमारी महर्जन | कुटुभ्होल | ५००/- |
| हेरानानी | थतुभ्हो | ५००/- |
| मोहनलाल महर्जन | नयाँबजार | ५०५/- |
| विकम महर्जन | नयाँबजार | ५०५/- |
| विरोन्स महर्जन | नयाँबजार | ५०५/- |
| प्रेममाया महर्जन | लोकतान्त्रिक चोक | ५००/- |
| श्रीकृष्ण महर्जन | नयाँबजार | ५००/- |
| मिनबहादुर श्रेष्ठ | नयाँबजार | ५००/- |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| शाननानी शाक्य | नयाँबजार | ५००/- |
| कृष्णा श्रेष्ठ | नयाँबजार | ५००/- |
| पानविर महर्जन | नयाँबजार | ५००/- |
| नन्दकुमारी महर्जन | नयाँबजार | ५००/- |
| राम महर्जन | तुफो | ५०५/- |
| विलावती महर्जन | नयाँबजार | ५०५/- |
| बुलकुमारी महर्जन | नयाँबजार | ५००/- |
| कपिला महर्जन | नयाँबजार | ५००/- |
| सुमित्रा नापित | कीर्तिपुर | ५००/- |
| गुणमाया माली | नयाँबजार | ५००/- |
| पुर्ण्येश्वरी महर्जन | सम्यक्टोल | ५००/- |
| रत्नेश्वरी महर्जन | अमेरिका | ५००/- |
| गंगेश्वरी महर्जन | सम्यक्टोल | ५००/- |
| भुवन महर्जन | सम्यक्टोल | ५००/- |
| श्रद्धा महर्जन | न्यूजिल्याण्ड | ५००/- |
| प्रवेश महर्जन | सम्यक्टोल | ५००/- |
| इन्द्रमाया महर्जन | बागडोल | ५००/- |
| तुलसिमाया महर्जन | कीर्तिपुर | ५००/- |
| हिरादेवी महर्जन | निखासी | ५००/- |
| स्व. गणेश महर्जन | नयाँबजार | ५००/- |
| स्व. लक्ष्मी महर्जन | नयाँबजार | ५००/- |
| स्व. कमला महर्जन | पाँगा | ५००/- |
| शोभालक्ष्मी महर्जन | कीर्तिपुर | ५००/- |
| विनमशोभा मर्हजन | नयाँबजार | ५००/- |
| कान्छी श्रेष्ठ | नयाँबजार | ५००/- |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| प्रेमबहादुर श्रेष्ठ | नयाँबजार | ५००/- |
| सकल गुरुमा | नगरमण्डप विहार | ५००/- |
| जगतमाया महर्जन | पाँगा | ५०५/- |
| कान्छा महर्जन | कुलाँछे | ५००/- |
| तारेमाम महर्जन | नयाँबजार | ५००/- |
| शकुन्तला महर्जन | नगाउँ | ५००/- |
| नानी महर्जन | पाँगा | ५००/- |
| राजमाया महर्जन | भऱ्यापुखुसी | ५००/- |
| लोकलाल महर्जन | नयाँबजार | ५००/- |
| चन्द्र महर्जन | पाँगा | ५००/- |
| किरणकुमार महर्जन | कीर्तिपुर | ५००/- |
| दानमाया महर्जन | कीर्तिपुर | ५००/- |
| रामदेवी महर्जन | पाँगा | ५००/- |
| जन्कुमाया महर्जन | कीर्तिपुर | ५००/- |
| सुभद्रा श्रेष्ठ | पाँगा | ५००/- |
| कृष्णसिहं प्रधान | नुवाकोट | ५००/- |
| यमुना क्षेत्री | ढल्पा | ५००/- |
| सिलमाया महर्जन | नयाँबजार | ५०५/- |
| चकलाल देउला | नयाँबजार | ५०५/- |
| लक्ष्मी महर्जन | नगाँउ | ५२५/- |
| गुणकेश्वरी | नयाँबजार | ५००/- |
| हेरादेवी महर्जन | पाँगा | ५००/- |
| कान्छा महर्जन | देवढोका | ५०५/- |
| नकली महर्जन | देवढोका | ५०५/- |
| सुरेश महर्जन | छाउनी | ५००/- |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| मदनमाया महर्जन | पुर्णचण्डी ल.पु | ५००/- |
| त्रिरत्न कीर्ति विहार | गुतपौ | ५१०/- |
| चन्द्रमान नकर्मी | नयाँबजार | ५०५/- |
| देव महर्जन | कीर्तिपुर | ५०५/- |
| विद्या महर्जन | पाँगा | ५१०/- |
| हेराशोभा महर्जन | किपुल्वा | ५०५/- |
| बुद्धलक्ष्मी महर्जन | नगाउँ | ५००/- |
| स्व. भक्तलाल महर्जन | नयाँबजार | ५१०/- |
| विरमाया महर्जन | नयाँबजार | ५०५/- |
| देवलक्ष्मी महर्जन | भाजंगल | ५०५/- |
| शेष बहादुर महर्जन | चिखु | ५००/- |
| बसला दर्सनधारी | कीर्तिपुर | ५१०/- |
| जुजुभाइ श्रेष्ठ | नयाँबजार | ५११/- |
| रत्नदेवी नकर्मी | इटागोल | ५१०/- |
| चिरिनानी महर्जन | नयाँबजार | ५००/- |
| आशामाया श्रेष्ठ | नयाँबजार | ५००/- |
| नानीमाया महर्जन | पाँगा | ५००/- |
| विनोद महर्जन | पाँगा | ५००/- |
| सानु महर्जन | नयाँबजार | ५१०/- |
| रति महर्जन | नयाँबजार | ५०५/- |
| भाइलाल महर्जन | नयाँबजार | ५१०/- |
| ज्ञानमाया महर्जन | पाँगा | ५००/- |
| विष्णु महर्जन | गुतपौ | ५१०/- |
| छल्कुनानी महर्जन | कलंकी | ५०५/- |
| राधेश्याम महर्जन | ग:छेँ | ५०१/- |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| पुर्णलाल महर्जन | नगाउँ | ५००/- |
| मोक्षबहादुर महर्जन | नगाउँ | ५००/- |
| यमना श्रेष्ठ | नयाँबजार | ५००/- |
| ज्ञानी महर्जन | नयाँबजार | ५००/- |
| हीरा डंगोल | नगाउँ | ५००/- |
| जमुना बज्राचार्य | ट्याङ्गला | ५००/- |
| सानु श्रेष्ठ | ढल्पा | ५००/- |
| जमुना महर्जन | नयाँबजार | ५०५/- |
| विरमाया महर्जन | ढल्पा | ५००/- |
| मदन श्रेष्ठ | त:ग:वपि | ५००/- |
| अष्टमाया महर्जन | नयाँबजार | ५००/- |
| नानि महर्जन | नयाँबजार | ५००/- |
| विजय मानन्धर | बालाजु | ५००/- |
| चिनिमाया बज्राचार्य | सामाखुसी | ५००/- |
| रत्नमाया महर्जन | थानकोट | ५००/- |
| मोहनमाया महर्जन | पाँगा | ५००/- |
| सुनकेशरी महर्जन | बलम्बु | ५००/- |

# भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

## धम्मानुशासक परिचय



नाम : भिक्षु तिस्स स्थविर

नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुर

माता : सुनकेसरी महर्जन

पिता : बाबुकाजि महर्जन

गृहस्थीनाम : देव महर्जन

जन्म : सन् १३ फेब्रुअरी १९८३, बलम्बु, नेपाल

श्रामणेर प्रवज्या : सन् २२ फेब्रुअरी १९९७, श्रावस्ती, भारत

उपसम्पदा दीक्षा : सन २७ जुन २००४ (मलवतु राजकीय विहार सीमागह, क्याण्डि, श्रीलंका)

उपाध्याय गुरु : भिक्षु दिम्बुल्कुम्बुरे श्री सरणंकर विमलधम्म नायक थेरो

अभिभावक गुरु : भिक्षु गलयाये पियदस्सि नायक थेरो, किंसवरि बौद्ध विहार, लण्डन, यु.के.

भिक्षु अकुरटिये नन्द नायक थेरो,

विद्योदय पिरिवेण, श्रीलंका

शिक्षा : विद्योदय परिवेण, श्रीलंका

डिप्लोमा इन इङ्गलीस, अक्वाइनस कलेज, श्रीलंका

पाली भाषामा बि.ए.(इस्पेशल), बौद्ध र पाली विश्वविद्यालय, श्रीलंका

इङ्गलीस कोर्स, हायरो कलेज, लण्डन, यु.के.

भ्रमण : भारत, श्रीलंका, यु.के., थाइल्याण्ड, फ्रान्स, स्वीजरल्याण्ड, इटाली, जर्मनी, नेडरल्याण्ड, वेल्जीयम र स्कट्ल्याण्ड

Downloaded from http://www.dhamma.digital